Nepali


तपाईंको आस्था



तपाईंको पवित्रता




तपाईंको सलाह



तपाईंको व्रत



तपाईंको दान



तपाईंको हज्ज



तपाईंको आर्थिक कारोबार



तपाईंको खानपिन




तपाईंको पोशाक




तपाईंको घरपरिवार



इस्लाममा तपाईंको आचरण



तपाईंको नयाँ जीवन





9 660000 040188
ISBN. 978-603-01-2565-4


## नयाँ मुस्लिम निर्देशिका

यो सचित्र निर्देशिका जुन तपाईं (नयाँ मुस्लिम) को सेवामा प्रस्तुत गर्ने जमर्को गरेका छौं, यो इस्लामलाई सिक्ने पहिलो खुड्किलो र बलियो आधार हो। यसले तपाईंको जीवनको पाईला-पाईलामा मार्गदर्शकको भूमिका निर्वाह गर्नेछ, तपाईंको प्रश्नको जवाफ दिनेछ, समसामयिक तथा ज्वलन्त घटनाहरूमा कुरआन र सही हदीसबाट प्रमाणित भरपर्दो जानकारीद्वारा सहज रुपमा सहयोग पुर्याउनेछ।

जसरी यो पुस्तक अध्ययनको लागि विस्तृत निर्देशिका र चाखलाग्दो छ, त्यसैगरी कुनै समस्या आएमा वा कुनै कुराको इस्लामी नियम जान्न चासो भएमा तपाईंको लागि एउटा असल र भरपर्दो श्रोत पनि हो।

www.newmuslimguide.com

MODERN GUIDE

NEW MUSLIM GUIDE

सचित्र निर्देशिका

नयाँ मुस्लिम निर्देशिका

फहद बिन सालिम बाहमाम

सचित्र निर्देशिका

# नयाँ मुस्लिम निर्देशिका

नयाँ मुस्लिमहरूको जीवनसँग सम्बन्धित सरल विधि-विधान तथा महत्वपूर्ण इस्लामी स्पष्टीकरण



फहद बिन सालिम बाहमाम

NEW MUSLIM GUIDE

# नयाँ मुस्लिम निर्देशिका

## नयाँ मुस्लिमहरूको जीवनसँग सम्बन्धित सरल विधि-विधान तथा महत्वपूर्ण इस्लामी स्पष्टीकरण

फहद बिन सालिम बाहमाम

ح فهد سالم عمر باهمام ، ١٤٣٤هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*
باهمام ، فهد سالم عمر
دليل المسلم الجديد بالغة النيبالية / فهد سالم عمر باهمام ،
محمد مشتاق أحمد - الرياض ١٤٣٤هـ
٢٨٨ص ، ١٦,٧ × ٢٣,٧ سم
ردمك: ٤-٢٥٦٥-٠١-٦٠٣-٩٧٨

١- الإسلام - تعليم أ. أحمد ، محمد مشتاق (مترجم) ب. العنوان
ديوي ٢١٠,٧ ١٤٣٤/٦٤٢٨

رقم الإيداع : ١٤٣٤/٦٤٢٨
ردمك: ٤-٢٥٦٥-٠١-٦٠٣-٩٧٨

प्रथम संस्करण

२०१५/१४३६

छपाई, अनुवाद तथा विद्युतीय प्रकाशनको सर्वाधिकार सुरक्षित छ।

प्रकाशक तथा वितरक

मोडर्न गाइड

रियाद, साउदी अरब

फोन : +९६६-१४४८६०००

फ्याक्स : +९६६-१४४८२१८१

بسم الله الرحمن الرحيم

## मुल्याङ्कन तथा संशोधन


प्रो॰ डा॰ अली मुहियुद्दीन अल-करह दागी
महासचिव, मुस्लिम विद्वान अन्तर्राष्ट्रिय संघ।

प्रो॰ डा॰ अब्दुल-फत्ताह महमुद इदरिस
प्रमुख, तुलनात्मक न्याय शास्त्र र कानून, अजहर विश्वविद्यालय, मिश्र।

प्रो॰ डा॰ मुहम्मद जब्र अल-अल्फी
विशेषज्ञ, इस्लामिक अन्तर्राष्ट्रिय मंच, इस्लामिक सम्मेलन संगठन।

डा॰ यूसुफ बिन अब्दुल्लाह अश्-शबिली
प्राध्यापक, तुलनात्मक अध्ययन, उच्च न्याय शास्त्र, इमाम मुहम्मद बिन सऊद इस्लामिक विश्वविद्यालय, साउदी अरब।



| लेख | फहद बिन सालिम बाहमाम |
|---|---|
| परियोजना निर्देशक | खालिद बिन अहमद अल-अहमदी |
| अनुवाद | मुश्ताक मदनी |
| भाषा संपादन | इरफान पोखरेल |
| तस्वीर | DPI STUDIO<br>अन्तर्राष्ट्रिय डी पी आई वेब र स्टुडियो |
| डिजाइन र व्यवस्थापन | सूचना तथा प्राविधि मोडर्न गाइड |
| प्रकाशक तथा वितरक | समाउल-कुतुब, प्रकाशन तथा वितरण हाउस |
| विद्युतिय प्रकाशन | सूचना तथा प्राविधि मोडर्न गाइड |

# प्रकाशकीय

सम्पूर्ण तथ्यांक अनुसार विश्वमा सबै भन्दा तीव्र गतिले फैलिरहेको धर्म इस्लाम हो। इस्लाम ग्रहण गर्नेहरूको संख्या दिन प्रतिदिन बढिरहेको छ। इस्लामले नयाँ मुस्लिमहरूको जीवनमा ठूलो प्रभाव र परिवर्तन ल्याएको छ।

किनभने इस्लाम अल्लाहद्वारा अवतरित साँचो धर्म हो। यो नै बुद्धि, विवेक एवम् प्रकृतिसित शत प्रतिशत मेल खान्छ।

त्यसैगरी इस्लामतिर आह्वानमा संलग्न इस्लामी संघ-संस्था र धर्मविद्हरुको ठूलो योगदान रहेको छ। यिनीहरू आफ्ना रगत पसिना बगाएर, विभिन्न प्रकारका नयाँ-नयाँ प्रविधि प्रयोग गरेर विश्वभरी इस्लामको ज्योति छरिरहेका छन्।

तर यी अथक परिश्रम, त्याग र बलिदान मानिसलाई इस्लामको निमन्त्रणा दिनु, स्वच्छ र सत्य धर्मलाई अवलम्वन गराउनमा क्रियाशील रहेको देखिएको छ। इस्लाम ग्रहण गरिसकेपछि नयाँ र सुनौलो जीवनको सुरुवात कसरी गर्नुपर्छ ? नैतिक, बौद्धिक, धार्मिक एवम् सामाजिक स्तरमा आ-आफ्नो जीवनलाई कसरी माथि उठाउनु पर्छ ? इस्लामको आधारभूत कुराहरूको जानकारी कसरी प्राप्त गर्न सकिन्छ ? लगायत जीवनको पाईला-पाईलामा साथ दिने अनि मार्गदर्शन गर्ने पुस्तकको खडेरी परेको महसुस हुन्छ।

प्रकाशक दार समाउल-कुतुबले ‘ नयाँ मुस्लिम निर्देशिका ‘ तपाईंहरू समक्ष पुर्याउन पाउँदा आफूलाई निकै भाग्यमानी ठानेको छ। यो पुस्तक विश्वकै सम्पूर्ण नयाँ मुस्लिम दाजुभाइ तथा दिदीबहिनीहरूका लागि एउटा ज्ञानबर्धक आधार र प्रथम कोसेली हो, जसलाई चलन-चल्तीमा रहेका सबै भाषाहरूमा प्रस्तुत गर्ने जमर्को गरिएको छ।



प्रिय पाठकवृन्द ! हामीले तपाईंहरूको सेवामा जुन किताब प्रस्तुत गर्ने जमर्को गरेका छौं, यो एउटा असल आधार र निर्देशिका हो। यस किताबमा इन्टरनेटका साईटहरू, सामाजिक नेटवर्क, शैक्षिक भिडियोहरू, स्मार्ट मोबाईल फोनद्वारा संचालित कार्यक्रमहरू पनि समावेश गरिएका छन्। विश्वभरिकै नयाँ मुस्लिमहरूलाई सेवा पुर्याउने हाम्रो प्रमुख उद्देश्य रहेको छ।

अल्लाहले हामी सबैलाई शुद्ध मन र निस्वार्थ भावनाले धर्मको सेवा गर्ने साहस प्रदान गरुन् (आमीन)।

प्रकाशक

# विषयसूची

## भूमिकाहरु




| विषय | पृष्ठ |
|---|---|
| संसारको अमूल्य वरदान | 26 |
| यस वरदानको कृतज्ञता कसरी व्यक्त गर्न सकिन्छ ? | 27 |
| हाम्रो जन्मको उद्देश्य | 28 |
| इस्लाम विश्वव्यापी धर्म हो | 29 |
| इस्लामले हरेक समुदायको संस्कार र परम्परालाई सम्मान गर्दछ | 29 |
| हरेक ठाउँमा अल्लाहको उपासना गर्न सकिन्छ | 29 |
| इस्लाममा भक्त र उसको प्रभु (अल्लाह) बीच कुनै माध्यम चाहिंदैन | 30 |
| इस्लामले मानवलाई मान मर्यादा र सम्मान दिएको छ | 30 |
| इस्लामले मुस्लिमको सोच-विचारलाई स्वतन्त्र गरेको छ | 31 |
| इस्लाम जीवनमार्ग हो | 31 |
| भूमि निर्माण कार्य गर्नु | 31 |
| मिलेर बस्नु | 31 |
| ज्ञानको धर्म | 32 |
| इस्लामका नियमहरु सिक्नुहोस् | 33 |
| इस्लामका विधि-विधानहरु | 33 |

| विषय | पृष्ठ |
|---|---|
| वाजिब, हराम, सुन्नत, मुस्तहब, मकरूह र मोबाह | 33 |
| इस्लामका पाँच आधारहरु | 34 |
| म इस्लामका विधि-विधानहरु कसरी सिकुँ ? | 36 |
| इस्लामको सत्य-तथ्य बताउने भरपर्दो वेबसाइटहरु | 36 |
| इस्लाम मध्यम धर्म हो | 37 |
| मध्यम धर्म ग्रहण गर्न अल्लाहको आदेश | 37 |
| इस्लामले जीवनका सम्पूर्ण पक्षहरुलाई समेटेको छ | 38 |
| इस्लाम सम्पूर्ण जीवन व्यवस्था हो | 38 |
| केही मुस्लिमको कर्तुतलाई होइन, इस्लामको वास्तविकतालाई बुझ्नुपर्छ | 39 |
| पाँच आवश्यक कुराहरु | 40 |
| धर्मको सुरक्षा | 41 |
| शरीरको सुरक्षा | 41 |
| बुद्धिको सुरक्षा | 42 |
| बंशको सुरक्षा | 42 |
| धनको सुरक्षा | 43 |

## १ तपाईको आस्था




| विषय | पृष्ठ |
|---|---|
| कलिमा (दुवै गवाहीहरु) को अर्थ र अभिलाषा | 46 |
| ला इलाह इल्लल्लाहको गवाही दिनु | 46 |
| ला इलाह इल्लल्लाह नै किन ? | 46 |
| ला इलाह इल्लल्लाहको अर्थ | 46 |
| ला इलाह इल्लल्लाहका स्तम्भहरु | 47 |
| मुहम्मद अल्लाहका रसूल हुन् भन्ने कुराको गवाही दिनु | 48 |
| रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को परिचय | 48 |
| उहाँको शुभ जन्म | 48 |
| उहाँको बाल्यकाल | 48 |
| ईश्दूतत्व ग्रहण गरेको दिन | 49 |
| प्रचार-प्रसारको प्रारम्भ | 49 |
| उहाँको हिजरत (प्रवास) | 50 |
| इस्लामको विस्तार | 50 |
| उहाँको निधन | 51 |
| मुहम्मद अल्लाहका रसूल हुन् भन्ने कुराको गवाही दिनुको अर्थ | 52 |
| उहाँले जानकारी गराउनु भएका सम्पूर्ण कुराहरुको पुष्टि गर्नु | 52 |
| उहाँको आदेशको पालना गर्नु र अवज्ञा नगर्नु | 52 |

| विषय | पृष्ठ |
|---|---|
| उहाँको तरिका अनुसार नै अल्लाहको उपासना गर्नु | 53 |
| धर्ममा नयाँ कुराको आविष्कार अवैध छ | 54 |
| ईमानका ६ वटा आधारहरु | 55 |
| अल्लाहमाथि आस्थाको अर्थ | 55 |
| अल्लाहको अस्तित्वमाथि आस्था राख्नु | 55 |
| अल्लाहको प्रकृति | 55 |
| अल्लाहको अस्तित्वका प्रमाणहरु प्रष्ट र अगन्य छन् | 56 |
| अल्लाहको रुबूबीयत (प्रभुत्व) माथि आस्था राख्नु | 56 |
| रसूलको युगमा अरबका मुश्रिकहरु अल्लाहको प्रभुत्वमाथि विश्वास गर्दथे | 56 |
| अल्लाहमाथिको चोखो आस्थाले तनमनलाई शान्ति प्राप्त हुन्छ | 58 |
| अल्लाहको उलूहीयत (उपासना) माथि आस्था राख्नु | 59 |
| अल्लाहको उलूहियत (उपासना) माथि आस्थाको महत्व | 60 |
| ईबादत (उपासना) भनेको के हो ? | 61 |
| ईबादतले जीवनका सम्पूर्ण पक्षहरूलाई समेटेको छ | 61 |
| ईबादत नै सृष्टिको उद्देश्य हो | 61 |
| ईबादतका स्तम्भहरु | 62 |

| विषय | पृष्ठ |
|---|---|
| ईबादतका शर्तहरु | 62 |
| इख्लास (कसैलाई साझेदार नगरिकन अल्लाहको लागि मात्र उपासना गर्नु) | 62 |
| इत्तिबा (रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को सुन्नत अनुकूल उपासना गर्नु) | 62 |
| शिर्क (बहुदेववाद) | 64 |
| ठूलो शिर्क | 64 |
| सानो शिर्क | 65 |
| के मानिससित माग्नु वा केही कुरा चाहनु शिर्क हो ? | 65 |
| अल्लाहका नाम र विशेषताहरुमाथि आस्था राख्नु | 67 |
| अल्लाहका नाम र विशेषताहरुमाथि आस्थाको अर्थ | 67 |
| अल्लाहका केही नामहरु | 67 |
| अल्लाहका नाम र विशेषताहरुमाथि आस्थाका केही फाइदाहरु | 68 |
| ईमानका उच्च श्रेणीहरु | 68 |
| अल्लाहमाथि आस्थाका केही फाइदाहरु | 69 |
| फरिश्ता (देवदूत) हरुमाथि आस्था राख्नु | 70 |
| फरिश्ताहरुमाथि आस्थाको अर्थ | 70 |
| फरिश्ताहरुमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ? | 70 |
| फरिश्ताहरुका विशेषताहरु | 71 |
| फरिश्ताहरुमाथि आस्थाका केही फाइदाहरु | 72 |

| विषय | पृष्ठ |
|---|---|
| किताबहरुमाथि आस्था राख्नु | 73 |
| किताबहरुमाथि आस्थाको अर्थ | 73 |
| किताबहरुमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ? | 73 |
| कुरआनका विशिष्ट गुण र विशेषताहरु | 74 |
| कुरआनप्रति हाम्रो दायित्व के हो त ? | 75 |
| अघिल्ला ग्रन्थहरुको बारेमा हाम्रो धारणा के हो त ? | 76 |
| किताबहरुमाथि आस्थाका केही फाइदाहरु | 78 |
| रसूल (सन्देष्टा) हरुमाथि आस्था राख्नु | 79 |
| मानिसहरुलाई धार्मिक सन्देशको आवश्यकता | 79 |
| आस्थाको एउटा आधार | 79 |
| रसूलहरुमाथि आस्थाको अर्थ | 80 |
| रसूलहरुमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ? | 80 |
| उनीहरु अल्लाहका सच्चा सन्देष्टा हुन् | 80 |
| सम्पूर्ण सन्देष्टा (नबी-रसूल) हरुमाथि आस्था राख्नु | 80 |
| कुरआन र हदीसद्वारा प्रमाणित रसूलका चमत्कार र खबरहरूलाई सत्य मान्नु | 80 |
| रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को विधि-विधान अनुसार धर्म-कर्म गर्नु | 80 |
| रसूलहरुका केही विशेषताहरु | 81 |
| रसूलहरुका निशानी तथा चमत्कारहरु | 82 |

| विषय | पृष्ठ |
|---|---|
| ईसा (अलैहिस्सलाम) प्रति मुस्लिमहरुको आस्था | 82 |
| महान रसूलहरुमध्ये उहाँ पनि एउटा रसूल हुन् | 82 |
| ईसा (अलैहिस्सलाम) आदमका सन्तानमध्ये एक जना मानिस हुन् | 82 |
| उहाँकी आमा मर्यम भद्र, सत्य, ईश्वरकी भक्तिनी र पवित्र थिइन् | 82 |
| उहाँ र रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को बीचमा कुनै अर्को रसूल छैन | 83 |
| अल्लाहले जुन चमत्कारहरु उहाँको हातबाट देखाउनु भयो ती सबैमाथि आस्था राख्नु | 83 |
| ईसा (अलैहिस्सलाम) माथि पूर्ण आस्था नराखुन्जेलसम्म कुनै पनि मानिस मुस्लिम बन्न सक्दैन | 83 |
| उहाँको न त हत्या भएको थियो, न शूलीमाथि झुण्डियाइएको थियो | 84 |
| मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) अल्लाहका नबी र रसूल हुन् भन्ने कुरामाथि आस्था राख्नु | 84 |
| मुहम्मदको विधान (शरिअत) का विशेषताहरु | 85 |
| उहाँको विधान (शरिअत) ले अघिल्ला सम्पूर्ण विधानहरुलाई समाप्त पारेको छ | 85 |
| उहाँको विधान (शरिअत) ले अघिल्ला सम्पूर्ण विधानहरुलाई रद्द गरेको छ | 85 |
| उहाँको विधान (शरिअत) मानिस र जिन्न लगायत सिङ्गै संसारको लागि हो | 86 |

| विषय | पृष्ठ |
|---|---|
| रसूलहरुमाथि आस्थाका केही फाइदाहरु | 87 |
| महाप्रलयको दिनमाथि आस्था राख्नु | 88 |
| महाप्रलयको दिनमाथि आस्थाको अर्थ | 88 |
| किन कुरआनले महाप्रलयको दिनमाथि आस्था राख्ने जोड दिएको छ ? | 88 |
| महाप्रलयको दिनमाथि आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ? | 89 |
| पुनर्जीवन र महाप्रलयको दिन भेला हुनुमाथि आस्था राख्नु | 89 |
| हिसाब किताब र तराजुमाथि आस्था राख्नु | 90 |
| स्वर्ग र नरकमाथि आस्था राख्नु | 91 |
| चिहानको यातना र सुख | 91 |
| महाप्रलयको दिनमाथि आस्थाका केही फाइदाहरु | 93 |
| भाग्यमाथि आस्था राख्नु | 94 |
| भाग्यमाथि आस्थाको अर्थ | 94 |
| भाग्यमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ? | 94 |
| मानिसको आफ्नो अख्तियार, शक्ति र मनसाय हुन्छ | 95 |
| भाग्यलाई दोष दिनु | 96 |
| भाग्यमाथि आस्थाका केही फाइदाहरु | 96 |

## २ तपाईंको पवित्रता




| विषय | पृष्ठ |
| --- | --- |
| पवित्रताको अर्थ | 100 |
| सलाह (नमाज) पढ्नको लागि चाहिने पवित्रता के हो ? | 100 |
| पवित्रता प्राप्त गर्नु | 101 |
| हरेक कुराको असल आधार जायज र पवित्र हुन्छ | 101 |
| फोहोर वस्तुहरु | 101 |
| पवित्रता प्राप्त गर्ने तरिका | 101 |
| दिसा-पिसाब गर्ने तरिका | 102 |

| विषय | पृष्ठ |
| --- | --- |
| अपवित्रता | 103 |
| सानो अपवित्रता र वजू | 103 |
| म कसरी वजू गरूँ ? | 104 |
| ठूलो अपवित्रता र स्नान | 106 |
| स्नान गर्नुपर्ने कारणहरु | 106 |
| सम्भोग वा ठूलो अपवित्रतापछि कसरी पवित्रता प्राप्त गर्नुपर्छ ? | 107 |
| पानीको प्रयोगबाट असमर्थ हुनु | 107 |
| मोजामाथि मसह गर्नु (घस्नु) | 107 |


## ३ तपाईंको सलाह




| विषय | पृष्ठ |
| --- | --- |
| सलाहको स्थान र विशेषता | 110 |
| सलाहको अर्थ | 110 |
| सलाहको स्थान | 110 |
| सलाहका विशेषताहरु | 111 |
| कुन व्यक्तिमाथि सलाह अनिवार्य छ ? | 112 |
| सलाहका लागि चाहिने शर्तहरु के के हुन् ? | 113 |

| विषय | पृष्ठ |
| --- | --- |
| अपवित्रता तथा फोहोरबाट पवित्र हुनु | 113 |
| पर्दा गर्नु (अङ्गहरुलाई छोप्नु) | 113 |
| महिला, बच्चा र पुरुषको पर्दा | 113 |
| किब्लातिर मुख गर्नु | 114 |
| सलाहको समय हुनु | 114 |
| पाँच फर्ज सलाह र त्यसका समयहरु | 114 |
| सलाह पढ्ने ठाउँ | 116 |

| विषय | पृष्ठ |
|---|---|
| सलाह पढ्ने तरिका | 119 |
| नीयत (संकल्प) गर्नु | 119 |
| तक्बीर (अल्लाहु अकबर) र कियाम | 119 |
| इस्तिफ्ताहको दुआ पढ्नु | 119 |
| सूरह फातिहा पढ्नु | 120 |
| जसलाई सूरह फातिहा र अन्य दुआहरु याद छैन भने उसले के गर्नुपर्छ ? | 120 |
| सूरह फातिहाको अर्थ | 121 |
| रुकू र रुकूपछि सिधा उभिनु | 122 |
| सज्दा र दुवै सज्दाहरुको बीचमा बस्नु | 124 |
| तशह्हुद र सलाम | 125 |
| सलामपछिका महत्वपूर्ण दुआहरु | 125 |
| म कसरी सलाह पढुँ ? | 126 |
| सलाहका अर्कान तथा वाजिब कुराहरु | 130 |
| सलाहका सुन्नतहरु | 130 |
| सज्दा सहु | 131 |
| सलाह (नमाज) भङ्ग गर्ने कुराहरु | 132 |
| सलाहलाई मकरुह (खराब) गर्ने कुराहरु | 132 |
| सुन्नत सलाहहरु के के हुन् ? | 133 |
| सुन्नत सलाहका निषेधित समयहरु | 134 |
| जमातको सलाह | 135 |
| अनुसरणको अर्थ | 135 |
| इमामतका हकदार ? | 135 |

| विषय | पृष्ठ |
|---|---|
| इमाम र मुक्तदी कहाँ उभिने छन् ? | 136 |
| इमामसँग सलाह पढ्दा छुटेका रकातहरु कसरी पूरा गर्ने ? | 136 |
| कुन अवस्थामा रकात पाइन्छ ? | 136 |
| अजान | 137 |
| अजान र इकामतको तरिका | 137 |
| अजानको उत्तर दिनु | 138 |
| सलाहमा एकाग्रता | 139 |
| एकाग्रता (खुशुअ) को महत्व | 139 |
| सलाहमा एकाग्रता प्राप्त गर्ने तत्वहरु | 139 |
| जुमाको सलाह | 141 |
| जुमाको सलाह भनेको के हो ? | 141 |
| जुमाको दिनको महत्व | 141 |
| कुन व्यक्तिहरुमाथि जुमाको सलाह अनिवार्य छ ? | 141 |
| जुमाको सलाह पढ्ने तरिका र विधि-विधानहरु | 142 |
| यी व्यक्तिहरुका लागि जुमाको सलाह माफ गरिएको छ | 142 |
| के जागिर र व्यवसाय जुमाबाट अनुपस्थित हुने कारण बन्न सक्छ ? | 143 |
| जुमाबाट अनुपस्थित हुने उचित कारणहरु | 144 |
| बिरामीको सलाह | 144 |
| यात्रीको सलाह | 145 |

# ४ तपाईंको ब्रत




| विषय | पृष्ठ |
| --- | --- |
| रमजानको ब्रत | 148 |
| ब्रतको अर्थ | 148 |
| रमजानको महिना | 148 |
| रमजानको महिना भनेको के हो ? | 148 |
| रमजान महिनाका विशेषताहरु | 148 |
| ब्रतको उद्देश्य | 149 |
| ब्रतको विशेषता | 151 |
| ब्रत भङ्ग गर्ने कुराहरु | 152 |
| खानपिन गर्नु | 152 |
| ग्लुकोज चढाउनु वा तागतको सूई लगाउनु | 152 |
| सम्भोग वा वीर्य स्खलन गर्नु | 152 |
| जानेर वान्ता गर्नु | 152 |
| महिनावारी वा सुत्केरीको रगत निस्कनु | 152 |
| अल्लाहले कसको लागि ब्रत छुट गर्नु भएको छ ? | 153 |
| बिरामी | 153 |


| विषय | पृष्ठ |
| --- | --- |
| अशक्त | 153 |
| यात्री | 153 |
| महिनावारी वा सुत्केरी भएकी महिला | 153 |
| गर्भवती र स्तनपान गराउने महिला | 153 |
| रमजानमा ब्रत भङ्ग गर्ने व्यक्तिको लागि के हुकुम छ ? | 154 |
| नफ्ली (ऐच्छिक) ब्रत | 154 |
| आशूराको ब्रत | 154 |
| अर्फाको ब्रत | 154 |
| शौवाल महिनामा ६ दिनको ब्रत | 155 |
| ईदुल्-फित्र | 155 |
| ईदुल्-फित्रको दिन के गर्नुपर्छ ? | 157 |
| ईदको सलाह पढ्नु | 157 |
| जकातुल्-फित्र (दान) दिनु | 157 |
| खुशी बाँड्नु | 158 |
| तक्बीर पढ्नु | 158 |

## ५ तपाईको दान




| विषय | पृष्ठ |
|---|---|
| दानका उद्देश्यहरु | 162 |
| कुन धन-सम्पत्तिमा दान अनिवार्य छ ? | 163 |
| सुन र चाँदी (लुगामा र गहनाको रुपमा प्रयोग नगरिएका) | 163 |
| धन-सम्पत्ति र नगदी जिन्सी | 163 |
| व्यवसायिक वस्तुहरु | 164 |
| भूमिबाट उत्पादित अन्न तथा फलफूलहरु | 164 |
| पशु धन | 164 |
| दान कसलाई दिने ? | 165 |
| दानका हकदार व्यक्तिहरु | 165 |


## ६ तपाईको हज्ज




| विषय | पृष्ठ |
|---|---|
| मक्का र मस्जिद-हरामका विशेषताहरु | 168 |
| हज्जको अर्थ | 170 |
| हज्जको समय | 170 |
| कसले अनिवार्य रुपमा हज्ज गर्नुपर्छ ? | 170 |
| हज्जको लागि क्षमताका अवस्थाहरु | 171 |
| महिलाको हज्जको लागि महरम हुनु | 172 |
| हज्जका विशेषताहरु | 172 |
| हज्जका उद्देश्यहरु | 173 |
| उमरा | 175 |
| ईदुल-अद्हा | 176 |
| ईदुल-अद्हाका विशेषताहरु | 176 |
| ईदुल-अद्हा कसरी मनाउनु पर्छ ? | 176 |
| कुर्बानी | 176 |
| कुर्बानीका जनावरमा हुनुपर्ने शर्तहरु | 177 |
| कुर्बानीको मासुलाई के गर्नुपर्छ ? | 177 |
| मदीनाको जियारत (दर्शन) | 178 |
| मदीना भनेको के हो ? | 178 |
| मदीनामा कुन कुन ठाउँको जियारत (दर्शन) गर्नु पर्दछ ? | 178 |

# ७ तपाईंको आर्थिक कारोबार




| विषय | पृष्ठ |
|---|---|
| अल्लाहले मेहनत र मजदुरी गर्ने आदेश दिनु भएको छ | 182 |
| कारोबारको असल आधार वैध हो | 182 |
| स्वत: अवैध वस्तुहरू | 183 |
| स्वत: अवैध वस्तुका उदाहरणहरु | 183 |
| अवैध कारोबारहरू | 183 |
| ब्याज | 183 |
| सापट बापत ब्याज | 184 |
| ऋण बापत ब्याज | 184 |
| ब्याजको हुकुम | 184 |
| ब्याजको परिणाम | 184 |
| व्यक्ति र समाजमाथि पर्न गएका ब्याजका नकारात्मक प्रभावहरु | 185 |
| मालको विभाजनमा छिन्न-भिन्न र धनी गरीब बीच ठूलो खाडल | 185 |
| अत्याधिक फजुल खर्च र बचत न्यून | 186 |
| ब्याजले गर्दा धनवानहरु मुलुकका नाफामुलक कार्यमा लगानी गर्दैनन् | 186 |
| ब्याजले धन-सम्पत्तिको अभिवृद्धिलाई समाप्त र अर्थतन्त्रलाई ध्वस्त पार्छ | 186 |
| यदि कोहि इस्लाम पूर्वदेखि नै ब्याजमा फसेको छ भने उसले के गर्नुपर्छ ? | 186 |
| धोका र अज्ञानता | 187 |
| धोका र अज्ञानताको अभिप्राय | 187 |
| धोका र अज्ञानताका उदाहरणहरु | 187 |
| अज्ञानताले कुन अवस्थामा प्रभाव पार्छ ? | 187 |
| अन्याय र गलत तरिकाले अर्काको माल खानु | 188 |
| बाध्य तुल्याउनु | 188 |
| धोका र विश्वासघात | 188 |
| कानूनसँग खेलवाड गर्नु | 189 |
| घूस लिनु-दिनु | 189 |
| इस्लाम पूर्व कसैको माल हडपेको छ भने उसले के गर्नुपर्छ ? | 190 |
| जुवा-तास | 190 |
| जुवा-तास भनेको के हो ? | 190 |
| यसको हुकुम | 190 |
| व्यक्ति र समाजमाथि पर्न गएका जुवा-तासका नराम्रा परिणामहरु | 191 |
| जुवा-तासले मानिसहरुबीच शत्रुता र इर्ष्या उत्पन्न गर्छ | 191 |
| जुवाले मानिसको धन-सम्पत्तिलाई नष्ट पार्छ र ठूलो छति पुर्याउँछ | 191 |
| जुवाले मानिसलाई कुलतमा फसाई दिन्छ | 191 |
| जुवाका किसिमहरु | 192 |
| इस्लामले आर्थिक कारोबारमा उच्च आचरण अपनाउने प्रेरणा दिन्छ | 193 |
| इमान्दारीता | 193 |
| सत्यता | 194 |
| दक्षता र कामको कुशलता | 195 |

## ८ तपाईंको खानपिन




| विषय | पृष्ठ |
|---|---|
| खानपिनको असल आधार वैध हो | 198 |
| बोटबिरुवा र फलफूलहरु | 198 |
| मदिरा र नशालु पदार्थहरु | 199 |
| मदिराको अर्थ | 199 |
| बुद्धिको सुरक्षा | 199 |
| मदिराको हुकुम | 199 |
| लागूपदार्थहरु | 200 |
| समुद्री खानेकुराहरु | 201 |

| विषय | पृष्ठ |
|---|---|
| थलचर जनावरहरु | 201 |
| अवैध जनावरहरु निम्न प्रकारका छन् | 201 |
| वैध जनावरका प्रकारहरु | 203 |
| वैधानिक तरिकाले जबह गर्नु (रेट्नु) | 204 |
| होटल र पसलहरुमा पाइने मासुको आदेश | 204 |
| वैधानिक शिकार | 205 |
| शिकारका शर्तहरु | 205 |
| खानपिनका तरिकाहरु | 206 |


## ९ इस्लाममा पोशाक




| विषय | पृष्ठ |
|---|---|
| इस्लाममा पोशाक | 210 |
| पोशाकले निम्न आवश्यकताहरु पूरा गर्दछ | 210 |
| पोशाक र सृङ्गारको असल आधार वैध हो | 211 |
| अवैध पोशाकहरु | 212 |
| पारदर्शी पोशाक | 212 |
| पर्दाको सिमा | 212 |

| विषय | पृष्ठ |
|---|---|
| विपरित लिङ्गीसँग मिल्दा-जुल्दा पोशाकहरु | 213 |
| काफिरसित मिल्दा-जुल्दा पोशाकहरु | 214 |
| घमण्ड र अहमले ओतप्रोत पोशाकहरु | 214 |
| पुरुषको लागि शुद्ध रेशम वा सुनको पोशाक | 215 |
| अनावश्यक र फजुलखर्च गरिएको पोशाक | 215 |

# १० तपाईको घरपरिवार




| विषय | पृष्ठ |
| --- | --- |
| इस्लाममा घरपरिवारको स्थान | 218 |
| इस्लामले विवाह गर्न र सुन्दर संसार बसाउन हौसला प्रदान गरेको छ | 218 |
| इस्लामले घरपरिवारका प्रत्येक सदस्यलाई आत्मसम्मान प्रदान गरेको छ | 218 |
| इस्लामले आमा-बुवालाई सम्मान र उनीहरुको आज्ञापालन गर्ने आदेश | 219 |
| छोरा-छोरीको हक अधिकारलाई सुरक्षित राख्ने र उनीहरुमा न्याय-निसाफ गर्ने आदेश | 220 |
| साइनोलाई बलियो र गाढा बनाउनु अनिवार्य छ | 220 |
| इस्लाममा नारीको स्थान | 220 |
| इस्लामले नारीलाई छुट्टै पहिचान र अधिकार दिएका केही उदाहरणहरु | 220 |
| इस्लामले यी महिलाहरुको हेरचाहमाथि जोड दिएको छ | 221 |
| आमा | 221 |
| छोरी | 221 |
| श्रीमती | 221 |
| दुवै लिङ्गमा कुनै प्रतिस्पर्धा छैन | 222 |
| पुरुषको लागि महिलाका किसिमहरु | 222 |
| श्रीमती | 222 |
| महरम (जोसँग विवाह गर्न सकिन्न) | 223 |
| महरमहरु यस प्रकार छन् | 223 |
| महरमबाहेकका महिलाहरु | 225 |
| महरमबाहेकका महिला र पुरुष बीच सम्बन्धका सिद्धान्तहरु | 225 |
| दृष्टिलाई तल गर्नु | 225 |
| सद-व्यवहार गर्नु | 226 |
| एकान्तमा भेट्नु अवैध छ | 227 |
| पर्दा | 228 |
| पर्दाको सीमा | 228 |
| पर्दाका केही नियमहरु | 228 |
| इस्लाममा विवाहको महत्व | 229 |
| श्रीमतीमा हुने शर्तहरु | 229 |
| श्रीमानमा हुने शर्तहरु | 230 |
| श्रीमान-श्रीमतीका हक अधिकारहरू | 231 |
| श्रीमतीका हक अधिकारहरू | 231 |
| निर्वाह-खर्च र बस्ने घर | 231 |
| सुखमय दाम्पत्य जीवन | 232 |

| विषय | पृष्ठ |
|---|---|
| शिष्टाचार तथा सहनशीलता | 233 |
| रात बिताउनु | 233 |
| श्रीमतीको रक्षा गर्नु | 234 |
| पति-पत्नी बीचको सम्बन्धलाई भन्डाफोर नगर्नु | 234 |
| महिलामाथि अन्याय र अत्याचार नगर्नु | 234 |
| शिक्षा र उपदेश दिनु | 234 |
| श्रीमतीका शर्तहरूलाई पूरा गर्नु | 234 |
| श्रीमानका हक अधिकारहरु | 235 |
| जायज कुरामा श्रीमानको अनुसरण गर्नु | 235 |
| श्रीमानलाई सर्वस्व सुम्पिनु | 235 |
| श्रीमानले मन नपराएको व्यक्तिलाई घर भित्र आउन नदिनु | 235 |
| श्रीमानको अनुमति बिना घरबाहिर ननिस्कनु | 235 |
| श्रीमानको सेवा गर्नु | 235 |
| बहु विवाह | 236 |
| बहु विवाह गर्ने शर्तहरु | 236 |
| न्याय | 236 |
| पत्नीहरूलाई निर्वाह-खर्च दिने क्षमता | 237 |
| चार भन्दा बढी नहोस् | 237 |
| केही महिलाहरुलाई एकसाथ विवाह बन्धनमा राख्न अवैध छ | 237 |

| विषय | पृष्ठ |
|---|---|
| तलाक (पारपाचुके) | 238 |
| इस्लामले दाम्पत्य जीवनलाई निरन्तरता दिने प्रेरणा दिन्छ | 238 |
| नाजुक अवस्थाबाट निस्कन तलाकलाई वैध गरेको छ | 238 |
| तलाकका केही नियमहरु | 239 |
| आमा-बुवाका हक अधिकारहरु | 239 |
| आमा-बुवाको सेवा र हेरचाह सर्वोत्कृष्ट पुण्य हो | 239 |
| आमा-बुवाको अवज्ञा र अपमानको परिणाम | 240 |
| अल्लाहको अवज्ञामा उनीहरुको आज्ञापालन नगर्नु | 240 |
| उनीहरुसित भद्र व्यवहार गर्नु, विशेष गरी बुढेसकालमा | 240 |
| गैर-मुस्लिम माता-पिता | 240 |
| सन्तानका हक अधिकारहरु | 241 |
| सुशील श्रीमती रोज्नु | 241 |
| सुन्दर नाम राख्नु | 241 |
| गतिलो संस्कार र आधारभूत कुराहरुको शिक्षा दिनु | 241 |
| उनीहरुको खर्च बेहोर्नु | 242 |
| सम्पूर्ण सन्तानहरुमा न्याय गर्नु | 243 |

# ११ इस्लाममा तपाईंको आचरण




| विषय | पृष्ठ |
|---|---|
| इस्लाममा आचरणको स्थान | 246 |
| आचरणको निर्माणकै लागि मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई पठाईएको थियो | 246 |
| आचरण, आस्था र विश्वासको अभिन्न अङ्ग हो | 246 |
| आचरण, सम्पूर्ण उपासनासँग गाँसिएको छ | 247 |
| अल्लाहले असल आचरणको लागि अत्याधिक प्रतिफल तयार पार्नु भएको छ | 247 |
| इस्लाममा आचरणका विशेषताहरु | 248 |
| असल आचरण कुनै विशेष व्यक्तिमा सीमित छैन | 248 |
| गैर-मुस्लिमसितको व्यवहार | 249 |
| असल आचरण मानिससित मात्र सीमित छैन | 249 |
| जनावरसितको व्यवहार | 249 |
| पर्यावरणलाई सुरक्षित राख्नमा आचरणको भूमिका | 250 |

| विषय | पृष्ठ |
|---|---|
| जीवनका सम्पूर्ण क्षेत्रहरुमा असल आचरण | 250 |
| घरपरिवार | 250 |
| व्यापार | 251 |
| व्यवसाय | 252 |
| असल आचरण सम्पूर्ण अवस्थाहरुमा | 252 |
| रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को आदर्श जीवन र आचरणका केही झलकहरु | 253 |
| कुरआन नै उहाँको आचरण हो | 253 |
| नम्रता | 253 |
| दया | 254 |
| बाल-बालिकाहरुसँगको माया | 254 |
| महिलाहरुसँगको माया | 256 |
| दीनदुःखीहरुसँगको माया | 256 |
| जनावरहरुसितको माया | 257 |
| न्याय-निसाफ | 257 |
| परोपकार र दया | 258 |

# १२ तपाईको नयाँ जीवन




| विषय | पृष्ठ |
|---|---|
| इस्लाममा कसरी प्रवेश गर्न सकिन्छ ? | 262 |
| कलिमा (दुवै गवाहीहरु) भनेर इस्लममा प्रवेश गर्न सक्छ | 262 |
| नयाँ मुस्लिमको स्नान | 262 |
| तौबा (प्रायश्चित) | 263 |
| तौबाको अर्थ | 263 |
| प्रभावकारी तौबाका शर्तहरु | 263 |
| पापलाई पूर्णरुपमा छोड्नु | 263 |
| पुरानो पापमाथि पछुतो गर्नु | 263 |
| आइन्दा नगर्ने दृढ संकल्प गर्नु | 263 |
| दृढ संकल्पलाई साकार पार्ने पाइलाहरु | 263 |
| तौबापछि के गर्नुपर्छ ? | 264 |
| ईमानको मिठास | 265 |
| तौबा र पथप्रदर्शनको कृतज्ञता | 265 |

| विषय | पृष्ठ |
|---|---|
| इस्लाममाथि कायम रहनु र यसमा आउने कष्टहरुमाथि धैर्य गर्नु | 265 |
| बुद्धि र प्रभावकारी उपदेशद्वारा इस्लामतिर आह्वान गर्नु | 266 |
| इस्लामतिर आह्वान | 266 |
| आह्वानको महत्व | 266 |
| अल्लाहको मार्गतिर आह्वान गर्नु लोक र परलोक दुवै जीवनको सफलताको बाटो हो | 266 |
| मार्गदर्शकको कुरा सबैभन्दा उत्तम र प्रिय हुन्छ | 266 |
| अल्लाहको मार्गतिर आह्वान गर्नु उहाँको आदेशको अनुसरण हो | 267 |
| यो समस्त सन्देष्टाहरुको कर्तव्य थियो | 267 |
| यो कहिल्यै समाप्त नहुने पुण्यको सागर हो | 267 |
| मार्गदर्शकको पुण्य अल्लाहले स्वयम् दिनु हुनेछ | 267 |
| प्रभावकारी आह्वानका गुणहरु | 268 |
| विवेक र परिज्ञान | 268 |
| बुद्धि र प्रभावकारी उपदेश | 269 |

| विषय | पृष्ठ |
|---|---|
| घरपरिवारलाई आह्वान | 269 |
| बाल-बालिकाहरुको इस्लाम | 272 |
| सम्पूर्ण मानिसहरुको सृष्टि प्रकृति र इस्लाममाथि हुन्छ | 272 |
| कुन बेला काफिरका बाल-बालिकाहरुलाई मुस्लिम भन्न सकिन्छ ? | 272 |
| के इस्लामपछि नाम परिवर्तन गर्नुपर्छ ? | 274 |
| यी अवस्थाहरुमा नाम परिवर्तन गर्नुपर्छ | 274 |
| प्राकृतिक तरिकाहरु | 276 |

| विषय | पृष्ठ |
|---|---|
| खतना गर्नु | 276 |
| गुप्ताङ्गको रौं खौरनु | 277 |
| जुँगा सानो पार्नु | 277 |
| दाह्री पाल्नु | 277 |
| नङ्ग काट्नु | 277 |
| काखीको रौं उखेल्नु | 277 |

# भूमिका

अल्लाहको आशीर्वाद र कृपाले अन्धकारको दलदलबाट निस्केर उज्यालोतिर आउनु र महान धर्म इस्लामलाई ग्रहण गर्नुभएकोमा तपाईंलाई हार्दिक बधाई दिन चाहन्छौं।

सत्य धर्मको खोजिमा देखाउनु भएको बहादुरी र स्वच्छ विचारले इस्लामलाई ग्रहण गरेर आफ्नो जीवनको सबैभन्दा ठूलो निर्णय लिनु भएकोमा तपाईंलाई शुभकामना।

जब कसैले कुनै सामान किन्छ वा कुनै संघ-संस्थासँग आवद्ध हुन्छ तब उसले परिस्थिति अनुसार के गर्नुपर्छ र के गर्नु हुँदैन भन्ने कुराहरू जान्नको लागि त्यसको विधि-विधान अध्ययन गर्न आतुर हुन्छ।

अल्लाहले जुन व्यक्तिलाई अन्ध्यारोबाट निस्केर उज्यालोमा आउने र अन्धविश्वासको भुमरीबाट उम्केर इस्लाम धर्मलाई ग्रहण गर्ने मौका प्रदान गर्नुभएको छ, ऊ इस्लामको विधि-विधान जान्न कति इच्छुक होला ! एउटा साँचो धर्मको ऐन, कानून जानेर त्यस बमोजिम जीवन निर्वाह गर्न मनमा कति कौतुहलता होला ! ताकि आफ्नो जीवनको हरेक अवस्थाहरूमा महान इस्लामी विधि-विधान अनुसार अल्लाहको उपासना गर्न सकोस्।

तपाईंहरूका लागि एउटा शुभसमाचार छ। तपाईंहरूले जुन ज्ञान सिक्न गईरहनु भएको छ यो ईश्दूतहरूद्वारा प्रदत्त धन हो। किनभने ईश्दूतहरू मरणोपरान्त धन-सम्पत्ति छाडेर जानु हुन्न, प्रशस्त ज्ञान  मात्र छाडेर जानु हुन्छ। त्यसैले जसले धर्मको ज्ञान प्राप्त गर्छ, उसलाई नै दूतत्वको प्रशस्त ज्ञान प्राप्त हुन्छ। (अबु-दाऊद : ८८)


यो सचित्र निर्देशिका जुन तपाई (नयाँ मुस्लिम) को सेवामा प्रस्तुत गर्ने जमर्को गरेका छौं, यो इस्लामलाई सिक्ने पहिलो खुड्किलो र बलियो आधार हो। यसले तपाईंको जीवनको पाईला-पाईलामा मार्गदर्शकको भूमिका निर्वाह गर्नेछ, तपाईंको प्रश्नको जवाफ दिनेछ,  समसामयिक तथा ज्वलन्त घटनाहरूमा कुरआन र सही हदीसबाट  प्रमाणित  भरपर्दो जानकारीद्वारा सहज रुपमा सहयोग पुर्याउनेछ।

जसरी यो पुस्तक अध्ययनको लागि विस्तृत निर्देशिका र चाखलाग्दो छ, त्यसैगरी कुनै समस्या आएमा वा कुनै कुराको इस्लामी नियम जान्न चासो भएमा तपाईंको लागि एउटा असल र भरपर्दो श्रोत पनि हो ।


अल्लाहसँग अझ सौभाग्य र सीधा मार्गदर्शनको बिन्ति गर्दछौं । अल्लाहले तपाईंलाई भक्ति गर्ने साहस दिउन्, धर्ममाथि कायम राखुन्, तपाईं जुनसुकै ठाउँमा भए पनि तपाईंको जीवनलाई मङ्गलमय र सुखी राखुन् तथा सफलताको शिखरलाई चुम्ने मौका प्रदान गरुन् भन्ने हाम्रो प्रार्थना छ । त्यसैगरी हामी सबैलाई सन्देष्टा र सत्यवानहरूका साथ स्वर्गको उच्च स्थान प्रदान गरुन् (आमीन) ।

लेखक





# भूमिकाहरू



भूमिकाहरूका सूची


संसारको अमूल्य वरदान

हाम्रो जन्मको उद्देश्य

इस्लाम विश्वव्यापी धर्म हो

इस्लाममा भक्त र उसको प्रभु (अल्लाह) बीच कुनै माध्यम चाहिंदैन

इस्लाम जीवनमार्ग हो

इस्लामका नियमहरू सिक्नुहोस्

इस्लामका विधि-विधानहरू

म इस्लामका विधि-विधानहरू कसरी सिकुँ ?

इस्लाम मध्यम धर्म हो

इस्लामले जीवनका सम्पूर्ण पक्षहरूलाई समेटेको छ

केही मुस्लिमको कर्तुतलाई होइन, इस्लामको वास्तविकतालाई बुझ्नुपर्छ

पाँच आवश्यक कुराहरू

# > संसारको अमूल्य वरदान

अल्लाहले मानवमाथि अनगिन्ती उपकारहरू गर्नुभएको छ । हामी सबै उहाँकै कृपामा रमाईरहेका छौं । यी हेर्ने आँखाहरू र सुन्ने कानहरू पनि उहाँकै अमूल्य वरदानहरू हुन्, जसबाट धेरैजसो मानिसहरू बन्चित छन् । उहाँले नै हामीलाई बुद्धि, विवेक, सुस्वास्थ्य, धन-सम्पत्ति, घरपरिवारको सुख र शान्ति वरदान स्वरूप दिनुभएको छ। यहाँसम्म कि यो विशाल धरती, आकाश, सूर्य, चन्द्रमालगायत सम्पूर्ण संसारलाई नै हाम्रो सेवामा लगाई दिनुभएको छ। अल्लाहले भन्नुभएको छ– “यदि तिमीहरूले अल्लाहका वरदानहरूलाई गणना गर्न चाहे पनि कदापि गर्न सक्दैनौ।” (कुरआन : १६/१८)

यी सम्पूर्ण वरदानहरू हाम्रो छोटो जीवन समाप्त हुने बित्तिकै समाप्त हुने छन्, तर एउटा यस्तो वरदान छ, जसले यो जीवनमा सुख र शान्ति प्रदान गर्दछ र त्यसको राम्रो प्रतिफल मृत्यु पश्चातको जीवनमा स्वर्गको रुपमा प्राप्त हुनेछ। त्यो अमूल्य वरदान इस्लाम हो।

त्यसैले अल्लाहले अनेकौं वरदानहरूमध्ये मात्र इस्लामलाई आफ्नो वरदानको संज्ञा दिनुभएको छ । अल्लाहले भन्नुभएको छ– “आज मैले तिमीहरूकै निम्ति तिमीहरूको धर्म, आफ्नो वरदानलाई पूर्ण गरेँ र तिमीहरूका लागि इस्लाम धर्मलाई रोजि सकें।” (कुरआन : ५/३)



> संसारको अमूल्य वरदान इस्लाम नै हो।

एउटा मानिसको लागि यो भन्दा ठूलो वरदान अरु के हुन सक्छ कि अल्लाहले उसलाई अन्धकारको दलदलबाट निकालेर उज्यालोमा ल्याउनु भयो ! आफैंले रोज्नु भएको धर्मलाई स्वीकार गर्ने मौका प्रदान गर्नुभयो, ताकि ऊ आफ्नो जन्मको असल उद्देश्य; मात्र एक अल्लाहको उपासना गर्नमा सफल हुन सकोस् र सांसारिक सुख र शान्ति तथा मृत्यु पश्चातको जीवनमा सर्वोत्कृष्ट प्रतिदान पाउन सकोस्।

यो भन्दा ठूलो उपहार अरु के हुन सक्छ कि अल्लाहले हामीलाई सर्वश्रेष्ठ समूहको रुपमा रोज्नु भएको छ, ताकि हामी 'ला इलाहा इल्लल्लाह' (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) को आह्वानलाई संसारभरि फैलाउन सकौं । जसको आह्वानको लागि अल्लाहले सम्पूर्ण सन्देष्टाहरू (उहाँहरूमाथि अल्लाहको शान्ति होस्) लाई पठाउनु भएको थियो ।

जब केही अज्ञानीहरूले इस्लाम स्वीकार गरेर रसूल (सल्लल्लाहु अलैहि व सल्लम) माथि उपकार देखाउन थाले, तब उहाँले सम्झाउनु भयो– हेर साथीहरू, इस्लाम स्वीकार गरेर तिमीहरूले कुनै उपकार गरेका छैनौ, बरु अल्लाहले तिमीहरूमाथि ठूलो उपकार गर्नुभएको छ । अल्लाहले भन्नुभएको छ– "यिनीहरू मुस्लिम भएर तिमीमाथि उपकार देखाउँछन्, भनिदेऊ, मुस्लिम भएकोमा ममाथि उपकार नदेखाऊ, अल्लाहले तिमीहरूलाई इस्लामको मार्गदर्शन गरेर ठूलो उपकार गर्नुभएको छ ।" (कुरआन : ४९/१७)

हुन त अल्लाहका अनेकौं वरदानहरू छन्, तर अल्लाहले तीमध्ये इस्लाम, एकेश्वरवाद र उहाँको ईबादतलाई सबैभन्दा ठूलो वरदान भनेर उल्लेख गर्नुभएको छ ।

यस वरदानमा स्थिरता र अडिग रहनको लागि हामीले उहाँको कृतज्ञता व्यक्त गर्नुपर्दछ । अल्लाहले भन्नुभएको छ– "यदि तिमीहरूले कृतज्ञता व्यक्त गर्यौ भने म तिमीहरूलाई अझ बढी कृपापात्र बनाउने छु ।" (कुरआन : १४/७)

यस वरदानको कृतज्ञता कसरी व्यक्त गर्न सकिन्छ ?

निम्न दुई तरिकाले कृतज्ञता व्यक्त गर्न सकिन्छ–

१. इस्लाममाथि कायम रहनु र यसमा आउने कष्टहरूमाथि धैर्य गर्नु । (पृष्ठ न०: २६५ हेर्नुहोस्)

२. बुद्धि र प्रभावकारी उपदेशद्वारा इस्लामतिर आह्वान गर्नु । (पृष्ठ न०: २६६ हेर्नुहोस्)

## > हाम्रो जन्मको उद्देश्य

हाम्रो जीवनसँग सम्बन्धित महत्वपूर्ण प्रश्नहरूको उत्तर दिन धेरैजसो विश्व ख्याति प्राप्त विद्वान तथा साधारण व्यक्तिहरू असमर्थ छन्–

हामी यो संसारमा किन छौं ?

हाम्रो जीवनको उद्देश्य के हो ?

हाम्रो जीवनको असल उद्देश्य र लक्ष्य के हो भन्ने प्रश्नको जवाफमा कुरआनले एकदम सही र स्पष्ट उत्तर दिएको छ । अल्लाहले भन्नुभएको छ– "मैले जिन्न (आगोबाट सृष्टि गरिएको एक प्रकारको अदृश्य प्राणी) र मानवलाई केवल आफ्नो ईबादत (उपासना) गर्नको लागि सृष्टि गरेको हुँ।" (कुरआन : ५१/५६)

त्यसैले अल्लाहको उपासना गर्नु नै हाम्रो जीवनको असल उद्देश्य हो। यो बाहेक जे जति कार्यहरू छन्, ती सबै जीवन निर्वाह गर्ने साधन र यसका परिपूरक मात्र हुन्।

तर यसको अर्थ यो पनि होइन कि अल्लाहको उपासना गर्नको लागि जागिर त्यागेर, घरपरिवारको माया मारेर वन जङ्गल वा मठ मन्दिरमा साधू बनेर बस्नु पर्छ, इस्लामले कहिल्यै पनि भौतिक सुख र नैतिक आनन्दबाट बन्चित गर्दैन। सलाह पढ्नु, ब्रत बस्नु, दीनदु:खी तथा गरीबहरूलाई दान दिनु लगायत मानिसको हरेक क्रियाकलाप, उसको कर्म, कुराकानी, आविष्कार तथा अरुसँगको नैतिक सम्बन्ध, यहाँसम्म कि श्रीमतीसँग गरिने चोखो माया र सम्भोग पनि उपासना हो । त्यसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सम्भोग पनि सदका (दान) हो।" (मुस्लिम : १००६)

यसरी एउटा मुस्लिमले प्रत्येक क्रियाकलापबाट प्रतिफल र पुण्य पाउँछ, यहाँसम्म कि श्रीमतीसँग राखिने शारीरिक सम्बन्ध पनि उपासना हो।

यस प्रकार उपासना हाम्रो जीवनको उद्देश्य हुन जान्छ । मुस्लिमको दैनिकी विभिन्न प्रकारको उपासनामा बित्ने गर्दछ । अल्लाहले भन्नुभएको छ– "भनिदेऊ, मेरो सलाह (नमाज), कुर्बानी, भक्तिहरू तथा जीवन र मरण सबै सम्पूर्ण संसारका पालनकर्ता अल्लाहकै लागि हुन्।" (कुरआन : ६/१६२)

## > इस्लाम विश्वव्यापी धर्म हो

इस्लाम हरेक जात, वर्ग, लिङ्ग, गोरो, कालो, विभिन्न संस्कार, परम्परा बोकेका समुदाय र देश विदेशको लागि दया, माया, करुणा र मार्गदर्शन बनेर आएको छ । अल्लाहले भन्नुभएको छ– “हे सन्देष्टा, हामीले तिमीलाई सम्पूर्ण संसारबासीका लागि दया र करुणा बनाएर पठाएका छौं ।” (कुरआन : २१/१०७)


इस्लामले हरेक समुदायको संस्कार र परम्परालाई सम्मान गर्दछ । नयाँ मुस्लिमले मानिरहेका संस्कार यदि इस्लामको विपरीत छैन भने त्यसलाई त्याग्न वा परिवर्तन गर्न आवश्यक छैन । तर जुन बेला यो संस्कार इस्लामी नीति नियमसँग बाझिन्छ, त्यस बेला परिवर्तन गर्नु अनिवार्य छ, किनकि इस्लामका सम्पूर्ण नीति नियमहरू सर्वज्ञाता अल्लाहद्वारा नै पारित गरिएका हुन् । उहाँको पूर्ण अनुसरण तथा आज्ञापालन नै उहाँमाथि आस्थाको अभिलाषा हो ।

स्मरण रहोस् ! इस्लामसित सम्बन्धित नरहेका कुनै पनि मुस्लिमको संस्कार, परम्परा र बानीलाई अर्को मुस्लिमले अनुसरण गर्नु आवश्यक छैन, किनकि यो एउटा वैध परम्परा र संस्कार हो ।

हरेक ठाउँमा अल्लाहको उपासना गर्न सकिन्छ–

इस्लामले सम्पूर्ण भूमिलाई बस्न र अल्लाहको उपासना गर्न योग्य ठान्दछ । बसोबासको लागि कुनै देश र ठाउँको हदबन्दी गरिएको छैन, यदि स्वतन्त्रताका साथ अल्लाहको उपासना गर्न पाइन्छ भने विश्वको जुनसुकै ठाउँमा बसोबास गर्न सकिन्छ ।

कुनै पनि नयाँ मुस्लिमले बसाई सराई वा कतै हिजरत (प्रवास) गर्नु पर्दैन जबसम्म उसलाई अल्लाहको ईबादत गर्नमा प्रतिबन्ध नलगाइयोस् । अल्लाहले भन्नुभएको छ– “हे मेरा आस्थावान भक्तहरू हो, मेरो धरती धेरै फराकिलो र विशाल छ, केवल मेरो उपासना गर ।” (कुरआन : २९/५६)




## > इस्लाममा भक्त र उसको प्रभु (अल्लाह) बीच कुनै माध्यम चाहिंदैन

धेरैजसो धर्महरूमा विशेष व्यक्ति (पन्डित, पूजारी, पादरी र धर्मगुरुहरू) लाई यस्ता धार्मिक विशेषता एवम् अधिकारहरू दिइएका छन्, जुन एउटा साधारण व्यक्तिलाई प्राप्त छैन। यहाँसम्म कि आस्था तथा उपासनालाई पनि यिनीहरूको प्रसन्नता र स्वीकृतिसँग गाँसिएको छ। ती धर्महरूका अनुसार यिनीहरूलाई माध्यम नबनाइकन ईश्वरको उपासना समेत गर्न पाइदैन। यिनीहरूले नै क्षमादान गर्दछन्। यिनीहरू भूत, वर्तमान र भविष्य सबै कुराहरू जान्दछन्। यिनीहरूको कुरा मानिएन भने ठूलो क्षति हुन सक्छ भन्ने झूठो दाबी गरिन्छ।

तर इस्लामले मानवलाई मान-मर्यादा र सम्मान दिएको छ। मानवको सुख शान्ति, उसको पश्चाताप र उपासनामा कुनै व्यक्ति विशेषको आवश्यकता पर्दैन भन्ने कुराको घोषणा गरेर भक्त र उसको उपास्यको बीचमा रहेका माध्यमहरूलाई रद्द गरेको छ। यद्यपि उनीहरू महान तथा सज्जन किन नहोउन्।

एउटा मुस्लिमको उपासना ऊ र उसको उपास्यको बीच रहन्छ, त्यसमा अरु मानिसको कुनै सरोकार छैन, किनभने अल्लाह आफ्नो भक्तदेखि एकदम नजिक हुनुहुन्छ। भक्तको गुहारलाई सुन्नुहुन्छ र पूरा गर्नुहुन्छ। उसको सलाह र सम्पूर्ण उपासनालाई राम्ररी देख्नुहुन्छ अनि प्रतिफल दिनुहुन्छ। कुनै पनि विशेष व्यक्ति वा धर्म गुरुलाई क्षमा प्रदान गर्ने अधिकार छैन। जुनसुकै व्यक्तिले स्वच्छ मनले तौबा (प्रायश्चित) गर्छ भने अल्लाहले तत्कालै क्षमा प्रदान गर्नुहुन्छ। यस ब्रह्माण्डमा कसैलाई पनि दैवी शक्ति तथा पकड प्रदान गरिएको छैन। अतः सारा मामिला एक अल्लाहको हातमा नै छ।



इस्लामले मुस्लिमको सोच-विचारलाई स्वतन्त्र गरेको छ । झगडा वा मतभेदको समयमा कुरआन र सही हदीसको निर्णयलाई मात्र स्वीकार्ने आह्वान गरेको छ ।

याद राख्नुहोस् ! रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बाहेक संसारमा कुनै पनि यस्तो व्यक्ति छैन; जसको हरेक कुरा हामीले मान्नै पर्छ, किनकि उहाँले आफ्नो इच्छाले केही पनि भन्नुभएको छैन । उहाँले जे भन्नु भयो, अल्लाहको तर्फबाट नै भन्नु भयो । अल्लाहले भन्नुभएको छ– "उहाँ आफ्नो इच्छाले केही भन्नु हुन्न । यो त एउटा वही (प्रकाशना) हो जुन उहाँमाथि अवतरण गरिन्छ ।" (कुरआन : ५३/३-४)

अल्लाहले इस्लामको मार्गदर्शन गरेर हामीमाथि ठूलो उपकार गर्नुभएको छ, किनकि यो नै प्राकृतिक धर्म हो । यसले नै मानिसलाई प्रतिष्ठा र सम्मान दिन्छ । विशेष गरी गरीब र निमुखाहरूलाई सामन्ती र राक्षसहरूको दासता र बन्धनबाट मुक्ति प्रदान गर्दछ ।

## > इस्लाम जीवनमार्ग हो

इस्लामले लोक-परलोक दुवै जीवनलाई सन्तुलन कायम गर्दछ । यो दुनियाँ एउटा खेती हो जसमा मुस्लिमले जीवनका सबै भागहरूमा पुण्यको बाली लगाउँछ र यसको प्रतिफल लोक-परलोक दुवै जीवनमा प्राप्त हुनेछ । यसको लागि दृढ संकल्प तथा साहसले भरिएको एउटा उत्साहपूर्वक जीवन चाहिन्छ । जुन निम्न कुराहरूबाट प्राप्त हुन सक्छ–

### भूमि निर्माण कार्य गर्नु–

अल्लाहले भन्नुभएको छ– "उहाँले नै तिमीहरूलाई माटोबाट सृष्टि गर्नुभयो र यसैमा तिमीहरूलाई बसोबास गर्ने मौका प्रदान गर्नुभयो ।" (कुरआन : ११/६१)

अल्लाहले हामीलाई माटोबाट सृष्टि गर्नुभयो र मानव समाजलाई फाइदा पुग्ने भूमि निर्माण एवम् विकास कार्य, बोट बिरुवा रोपण र उच्च सभ्यता निर्माण गर्ने आदेश दिनुभएको छ । यी कार्यहरू इस्लामको सिद्धान्त विपरीत छैनन् । त्यसैले कठिन परिस्थितिमा पनि इस्लामले अरुलाई फाइदा पुग्ने कार्यहरू गर्ने प्रेरणा दिएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "एउटा मुस्लिमले यदि वृक्ष रोपण गर्ने निधो गरिसकेको छ र कयामत (महाप्रलय) आइदियो भने त्यसलाई कार्यान्वयन गर्न हतारिनु पर्दछ, ताकि यो उसको लागि दान साबित होस् ।" (अहमद : २७१२)

### मिलेर बस्नु–

आस्था र संस्कृति फरक भए पनि इस्लामले सभ्यता निर्माण कार्य, सुधार प्रबर्द्धन् तथा सम्पूर्ण गतिविधिहरूमा भाग लिन, एक अर्कासँग मिलेर बस्न, उच्च विचार, स्वच्छ आचरण र भद्र व्यवहारको प्रदर्शन गर्न प्रेरित गर्दछ । समाजबाट अलग भएर एक्लै टाढा बस्नु र साथी भाइको वास्ता नगर्नु धर्मोपदेशक र पथप्रदर्शकको तरिका होइन भन्ने कुरामा इस्लामले हामीलाई

सचेत गर्दछ । त्यसैले जो समुदायमा मिलेर बस्छ, उनीहरूको गल्ती, दुःख र पीडा सहेर बस्छ, ऊ एक्लै बस्ने व्यक्ति भन्दा उत्तम हो भनेर रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले घोषणा गर्नुभएको छ। (इब्ने माजा : ४०३२)

## ज्ञानको धर्म–

कुरआनको प्रथम शब्द ‹इक्रा› (पढ्नु) आकस्मिक र बिना उद्देश्य अवतरण भएको छैन। यसले मानव समाजलाई फाइदा पुर्याउने हरेक प्रकारको ज्ञान-विज्ञानको महत्व दर्शाएको छ । जुन व्यक्ति इस्लामी ज्ञान सिक्न बाहिर निस्कन्छ, ऊ स्वर्गको बाटोमा हिडिरहेको हुन्छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जो कोही इस्लामको ज्ञान हासिल गर्न निस्कन्छ, अल्लाहले उसको लागि स्वर्गको बाटोलाई सजिलो बनाई दिनुहुन्छ ।" (इब्ने हिब्बान : ८४)

अरु धर्म जस्तै इस्लाम र विज्ञान बीच कुनै युद्ध छैन। बरु इस्लाम नै ज्ञान-विज्ञानको प्रथम खुड्किलो हो र यसले मानव समाजलाई फाइदा पुर्याउने सबै खाले शिक्षाको लागि प्रेरित गर्दछ।

इस्लामले आलिम (धर्मगुरु) को स्थानलाई सगरमाथाको चुचुरो भन्दामाथि पुर्याएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सम्पूर्ण सृष्टिहरू धर्म गुरुहरूका लागि दुआ (प्रार्थना) गर्दछन् ।" (तिर्मिजी : २६८५)



> अरु धर्म जस्तै इस्लाममा धर्म र विज्ञान बीच कुनै युद्ध छैन।

## > इस्लामका नियमहरू सिक्नुहोस्

एउटा मुस्लिमले जीवनसँग सम्बन्धित इस्लामको विधि-विधान, उपासनाको तरिका, व्यवहारिक तथा सामाजिक कुराहरू सिक्नु अति आवश्यक छ। ताकि ऊ पूर्ण आत्मविश्वासका साथ र ज्ञानको प्रकाशमा उपासना गर्न सकोस्। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाह जसको भलो चाहनुहुन्छ, उसलाई धर्मको ज्ञान प्रदान गर्नुहुन्छ।" (बुखारी : ७१, मुस्लिम : १०३७)

तसर्थ इस्लामका अनिवार्य नियमहरू सिक्नु आवश्यक छ, जस्तै– सलाह पढ्ने र पवित्रता प्राप्त गर्ने तरिका, वैध-अवैध, खान हुने र नहुने कुराहरू इत्यादि। त्यसैगरी इस्लामले गर्न प्रेरणा दिएका जायज कुराहरूका नियम सिक्नु।

## > इस्लामका विधि–विधानहरू

मानिसका सम्पूर्ण भनाई, गराई र क्रियाकलापहरू इस्लामका पाँच अवस्थाहरू भन्दा बाहिर हुन सक्दैनन्–

| | |
|---|---|
| वाजिब | अल्लाहले जुन काम गर्ने आदेश दिनुभएको छ, त्यसलाई 'वाजिब' (अनिवार्य) भनिन्छ। जसलाई पालन गर्दा पुण्य प्राप्त हुन्छ र नगर्दा पाप लाग्छ, जस्तै– पाँच समयका सलाहहरू, रमजान महिनाको ब्रत इत्यादि। |
| हराम | अल्लाहले जुन काम नगर्ने आदेश दिनुभएको छ, त्यसलाई 'हराम' (अवैध) भनिन्छ। जसलाई नगर्दा पुण्य प्राप्त हुन्छ र गर्दा पाप लाग्छ, जस्तै– बलात्कार गर्नु, रक्सी खानु इत्यादि। |
| सुन्नत (मुस्तहब) | जसलाई गर्न इस्लामले प्रेरणा दिएको छ। गर्दा पुण्य मिल्छ, नगर्दा पाप लाग्दैन, जस्तै– हँसिलो अनुहारले कुराकानी गर्नु, अघि बढेर सलाम गर्नु, बाटोघाटोमा रहेको फोहोर तथा काँडा हटाई दिनु इत्यादि। |
| मकरूह | जसलाई नगर्न इस्लामले प्रेरणा दिएको छ। नगर्दा पुण्य हुन्छ, गर्दा पाप लाग्दैन, जस्तै– सलाहमा औंलाहरूसँग खेल्दै टोलिनु इत्यादि। |
| मोबाह | गर्दा वा नगर्दा केही फरक नपर्ने कुरालाई 'मोबाह' भनिन्छ, जस्तै– खानपिन गर्नु, कुराकानी गर्नु इत्यादि। |

## > इस्लामका पाँच आधारहरू

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ– "इस्लाम पाँच कुराहरूमाथि आधारित छ : अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् भन्ने कुराको गवाही दिनु, सलाह पढ्नु, जकात (दान) दिनु, रमजानको ब्रत बस्नु र हज्ज गर्नु ।" (बुखारी : ८, मुस्लिम : १६)

यी पाँच कुराहरू नै इस्लाम धर्मका आधारहरू हुन् । आउँदो अध्यायहरूमा यसको व्याख्या र यसका नियमहरूलाई विस्तारपूर्वक प्रस्तुत गर्नेछौं ।

प्रथम अध्याय आस्था र एकेश्वरवादको सन्दर्भमा रहेको छ, जसको शीर्षक 'तपाईंको आस्था' रहेको छ ।

त्यसपछि सर्वोत्कृष्ट उपासना सलाह (नमाज) को बारेमा वर्णन गर्नेछौं । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सलाह इस्लामको जग हो ।" (तिर्मिजी : २७४९) अर्थात सलाह इस्लामको अत्यन्त महत्वपूर्ण आधार हो । सलाह बिना इस्लामको कुनै अर्थ नै छैन ।

तर सलाह पढ्नको लागि पवित्र हुनु अनिवार्य छ । त्यसैले तपाईंको आस्थापछि तपाईंको पवित्रता र तपाईंको सलाहका अध्यायहरू प्रस्तुत गर्नेछौं ।



| इस्लामका आधारहरू– | |
|---|---|
| १ | अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् भन्ने कुराको गवाही दिनु। |
| २ | सलाह (नमाज) पढ्नु। |
| ३ | जकात (दान) दिनु। |
| ४ | रमजानको ब्रत (रोजा) बस्नु। |
| ५ | हज्ज (तीर्थ यात्रा) गर्नु। |

१



अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् भन्ने कुराको गवाही दिनु।

२



सलाह (नमाज) पढ्नु।

३



जकात (दान) दिनु।

४



रमजानको ब्रत (रोजा) बस्नु।

५



हज्ज (तीर्थ यात्रा) गर्नु।

# > म इस्लामका विधि-विधानहरू कसरी सिकुँ ?

एउटा बिरामी उपचारको लागि दक्ष र योग्य चिकित्सकको खोजीमा कहाँ-कहाँ भौतारिन्छ ! डाक्टरले दिएको ओखती नबिराइकन खाएर जसरी भए पनि आफ्नो ज्यानलाई जोगाउने प्रयत्नरत हुन्छ, किनकि उसको ज्यान उसको लागि बहुमूल्य र प्यारो हुन्छ।

मानिसको धर्म उसको लागि अमूल्य वरदान हो । त्यसैले आफूले नजानेका कुराहरूलाई विज्ञ, जानकार र दक्ष धर्मविद्हरूसँग सिक्न सक्दो प्रयास गर्नुपर्दछ।

यो किताबको अध्ययन तपाईंको लागि असल ज्ञान सिक्ने पहिलो खुड्किलो हुनेछ । अल्लाहले भन्नुभएको छ– "आफूले नजानेका कुराहरू धर्मविद्हरूसँग सोध ।" (कुरआन : १६/४३)

त्यस्तै कुनै समस्या आइपरेमा नजिकका इस्लामी संघ-संस्था तथा मस्जिदहरूमा गएर इस्लामको ज्ञान प्राप्त गर्न सक्नु हुन्छ । निम्नलिखित वेबसाइटबाट त्यसको ठेगाना र फोन नम्बर प्राप्त गर्न सकिन्छ।

www.islamicfinder.org

त्यस्तै इस्लामको सत्य-तथ्य बताउने भरपर्दो वेबसाइटहरू लग इन् गर्न सकिन्छ, जस्तै–

www.newmuslim-guide.com

www.guide-muslim.com



> नयाँ मुस्लिम साथीले नजिकको इस्लामी संघ-संस्थासित सम्पर्क गर्नु, किताबको अध्ययन गर्नु र भरपर्दो वेबसाइटहरूबाट जानकारी प्राप्त गर्नु आवश्यक छ।

## > इस्लाम मध्यम धर्म हो

इस्लाम नै स्वर्ण तथा मध्यम धर्म हो । यसमा कमी कमजोरी, अतिवाद वा अतिशयोक्ति केही पनि छैन । इस्लामका यी विशेषताहरू यसका हरेक किसिमका उपासना तथा विधि-विधानहरूमा देखा पर्छन् ।

अल्लाहले आफ्नो रसूल (सल्लल्लाहु अलैहि व सल्लम), उहाँका साथी र सम्पूर्ण आस्थावानहरूलाई मध्यवर्ती धर्म ग्रहण गर्ने निर्देशन दिनुभएको छ । जुन निम्न दुई कुराहरूबाट पूरा हुन सक्छ :

१. इस्लाममाथि दृढतापूर्वक अडिग रहनु र अल्लाहका निशानीहरूलाई हृदयदेखि आदर गर्नु ।

२. अतिवाद, अतिशयोक्ति र सीमा उल्लंघन नगर्नु ।


अल्लाहले भन्नुभएको छ– “तिमी र प्रायश्चित गरेका तिम्रा साथीहरू आदेश अनुसार सत्य मार्गमा सुदृढ रहने गर र सीमा उल्लंघन नगर । निश्चय नै उहाँले तिमीहरूका सम्पूर्ण क्रियाकलापहरूलाई देखिरहनु भएको छ ।” (कुरआन : ११/११२)

अर्थात फेरबदल, सीमा उल्लंघन एवम् हद पार नगरिकन दृढतापूर्वक सत्य मार्गमाथि कायम रह ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले आफ्ना साथीहरूलाई हज्जको तालिम दिदै अतिवादबाट सचेत गर्नुभयो र अघिका समुदायको बर्बादीको कारण औंल्याउदै भन्नुभएको छ– “हेर, धर्ममा कदापि अतिशयोक्ति गर्नु हुँदैन, किनभने यसले नै तिमीहरू भन्दा अघिका समुदायहरूलाई सर्वनाश गरेको थियो ।” (इब्ने माजा : ३०२९)

त्यसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले “गर्न सक्ने जति मात्र धर्मकर्म गर्ने आदेश दिनुभयो ।” (बुखारी : ११००)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले दूतत्वको वास्तविकतालाई प्रष्ट पार्दै भन्नुभएको छ– इस्लामले मानिसलाई उसको शक्ति भन्दा बढी बोझ होइन, बरु शिक्षा, बुद्धि र सहजता प्रदान गर्दछ । उहाँले भन्नु भयो– “अल्लाहले मलाई क्रुर र कठोर हृदयी बनाउनु भएको छैन, मलाई त असल शिक्षक तथा सहजकर्ता बनाएर पठाउनु भएको छ ।” (मुस्लिम : १४७८)



## > इस्लामले जीवनका सम्पूर्ण पक्षहरूलाई समेटेको छ

इस्लाम केवल आध्यात्मिक आवश्यकता होइन, जसलाई मुस्लिमहरू मस्जिदमा सलाह पढेर र दुआ गरेर प्राप्त गर्दछन् ।

न त मात्र विचारधारा र आस्था हो, जसलाई मुस्लिमहरू अनुसरण गर्दछन् ।

त्यस्तै न त पूर्ण आर्थिक व्यवस्था हो ।

सामाजिक ऐन तथा सिद्धान्त बनाउने केही कायदा मात्र होइन ।

त्यस्तै न त व्यवहारमा ल्याउने कुनै नैतिकता र आदर्शको कुरा हो ।

बरु यो एउटा सम्पूर्ण जीवन व्यवस्था हो, जसले जीवनसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण र विश्वव्यापी पक्षहरूलाई समेटेको छ ।

अल्लाहले मुस्लिमहरूका लागि यो वरदानलाई पूर्ण गरेर ठूलो गुण लगाउनु भएको छ । अल्लाहले भन्नुभएको छ– "आज मैले तिमीहरूकै निम्ति तिमीहरूको धर्म र आफ्नो वरदानलाई पूर्ण गरेँ र तिमीहरूका लागि इस्लाम धर्मलाई रोजि सकें ।" (कुरआन : ५/३)

जब एउटा मुशरिक (बहुदेववादी) ले इस्लामको अपमान गर्दै र खिल्ली उडाउँदै वरिष्ठ सहाबी 'सलमान फारसी' लाई सोध्यो– "के तिम्रो साथीले तिमीहरूलाई सबै कुरा सिकाउनु हुन्छ ? यहाँसम्म कि दिसा-पिसाबको तरिका पनि ? जवाफमा उहाँले भन्नु भयो– "हो, उहाँले दिसा-पिसाबको तरिकासम्म पनि हामीलाई सिकाउनु हुन्छ । त्यसपछि उहाँले उक्त व्यक्तिलाई शौचालय सम्बन्धी इस्लामको सिद्धान्त बताउनु भयो ।" (मुस्लिम : २६२)



> इस्लाम एउटा सम्पूर्ण जीवन व्यवस्था हो । यसले जीवनका सम्पूर्ण पक्षहरूलाई समेटेको छ ।

## > केही मुस्लिमको कर्तुतलाई होइन, इस्लामको वास्तविकतालाई बुझ्नुपर्छ

यदि तपाईंले कुनै चिकित्सकलाई स्वास्थ्य विपरीत कार्यमा संलग्न रहेको वा कुनै शिक्षकलाई क्रुर व्यवहार गर्दै गरेको पाउनु हुन्छ, जो तपाईंको विचारमा उनीहरूको ज्ञान र जानकारी विपारीत छ, तै पनि तपाईंले मानवको लागि औषधी उपचार वा असल समाजको लागि शिक्षाको महत्वबारे आफ्नो रायलाई कहिल्यै पनि परिवर्तन गर्नु हुन्न।

उक्त चिकित्सक वा शिक्षक आ-आफ्नो दक्षता र पेशाको लागि एउटा खराब नमुना मात्र हुन्।

त्यसैगरी यदि केही तथाकथित मुस्लिमद्वारा इस्लाम विपरीत कुनै नराम्रो काम गरेको पाइन्छ भने त्यसलाई इस्लामको असल वास्तविकता भन्न सकिन्न। बरु यो उसको आफ्नो ब्यक्तिगत कमजोरी, असभ्यता र नराम्रो बानी हो जसको इस्लामसँग कुनै सम्बन्ध छैन।



## > पाँच आवश्यक कुराहरू



> अल्लाहले ज्यानलाई सुरक्षा गर्ने आदेश दिनुभएको छ चाहे त्यो वर्जित तरिकाले किन नहोस् ।

मानिसको सुखमय जीवनको लागि यी पाँचवटा कुराहरू अत्यन्तै महत्वपूर्ण छन् । सम्पूर्ण शास्त्रहरूले ती कुराहरूको सुरक्षा गर्न र त्यसको विपरीत क्रियाकलापहरूलाई रोक्न आदेश दिएका छन् ।

इस्लामले यी महत्वपूर्ण कुराहरूलाई पूर्ण रुपमा सुरक्षित गरेको छ । ताकि एउटा मुस्लिमले सुख र शान्तिले सास फेर्न सकोस्, लोक-परलोकको लागि कर्म गर्न सकोस् ।

मुस्लिम समुदाय एउटा बलियो पर्खाल झैं एक आपसमा मिलेर जीविका निर्वाह गर्दछन् । जसरी कुनै अङ्गमा काँडा बिज्छ भने पूरै शरीर नै ज्वरो र पीडाले ग्रस्त हुन्छ, त्यसरी नै यिनीहरू बीच नङ्ग र मासुको सम्बन्ध हुन्छ । निम्न दुई तरिकाले यसको सुरक्षा गर्न सकिन्छ–

१. स्थापित र राम्रो हेरचाह गरेर ।

२. कमीकमजोरी र गडबडीबाट बचाएर ।

## ① धर्मको सुरक्षा–

धर्म नै हाम्रो जीवनको असल उद्देश्य हो । यसैको लागि अल्लाहले हामीहरूलाई सृष्टि गर्नुभएको छ । यसैको प्रचार-प्रसार र सुरक्षाको लागि रसूलहरू (सन्देष्टाहरू) लाई पठाउनु भएको छ । अल्लाहले भन्नुभएको छ– "हामीले प्रत्येक समुदायमा रसूल पठायौं । केवल अल्लाहको उपासना गर र उहाँ बाहेक सम्पूर्ण मिथ्या उपास्यको उपासनादेखि टाढा रहने गर ।" (कुरआन : १६/३६)

इस्लामको स्वच्छ सन्देशलाई सुरक्षित राख्नको लागि बहुदेववाद, अन्धविश्वास, पाप र अवैध कुराहरूदेखि सचेत रहने आदेश दिएको छ ।

## ② शरीरको सुरक्षा–

अल्लाहले मानव जातिलाई आफ्नो ज्यानको सुरक्षा गर्ने आदेश दिनुभएको छ, यद्यपि त्यो वर्जित तरिकाले किन नहोस्, किनकि कठिन परिस्थितिमा वर्जित कार्यलाई पनि माफी दिएको छ । अल्लाहले भन्नुभएको छ– "तर जो परिबन्धमा परेको छ, ऊ अवज्ञाको मनसाय नराखी र सीमा उल्लंघन नगरिकन अवैध खाने कुरालाई पनि सेवन गर्छ भने उसलाई कुनै पाप लाग्दैन । वास्तवमा अल्लाह नै अति क्षमाशील र परम दयालु हुन् ।" (कुरआन : २/१७३)


अल्लाहले ज्यान मार्ने र मानवलाई क्षति पुर्‍याउने हरेक क्रियाकलापलाई अवैध गर्नुभएको छ । अल्लाहले भन्नुभएको छ– "आफ्नो खुट्टामा आफैंले बन्चरो न हान ।" (कुरआन : २/१९५)

जुनसुकै धर्म मान्ने व्यक्तिहरूमाथि बिना आधार अत्याचार गर्नेहरूका लागि अल्लाहले कानून, सजाय र मृत्यु-दण्डलाई अनिवार्य गर्नुभएको छ । अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो ! तिमीहरूमाथि हत्याको मामिलामा मृत्यु-दण्ड (किसास) अनिवार्य गरिएको छ ।" (कुरआन : २/१७८)

### ३ बुद्धिको सुरक्षा–

इस्लामले बुद्धि र सोचविचारलाई नष्ट पार्ने सम्पूर्ण कुराहरूलाई अवैध गरेको छ, किनकि बुद्धि अल्लाहको एउटा अमूल्य वरदान हो । त्यसैले नै हामीले सर्वश्रेष्ठ प्राणीको उपाधि पाएका छौं । लोक-परलोकमा हिसाब-किताब पनि यसैमाथि निर्भर छ ।

तसर्थ अल्लाहले सम्पूर्ण मादक पदार्थहरूलाई अवैध मात्र होइन, बरु अपवित्र एवम् शैतानी कार्यसमेत घोषित गर्नुभएको छ । अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो ! मदिरा सेवन गर्नु, जुवा खेल्नु, थान (अल्लाह बाहेकको नाममा बलि दिनु) तथा तीर (हानेर भाग्य पत्ता लगाउनु) अपवित्र र शैतानी कार्यहरू हुन् । त्यसैले यी कुराहरूबाट टाढा बस, यसरी तिमीहरू सफल हुनेछौ ।" (कुरआन : ५/९०)




### ४ बंशको सुरक्षा–

इस्लामले बंशको सुरक्षा, परिवारको निर्माण र उच्च संस्कारको शिक्षाको लागि अतुलनीय भूमिका निर्वाह गरेको छ । तीमध्ये केही निम्नलिखित छन्–

- इस्लामले कम खर्चमा विवाह गर्न, गराउन र अनावश्यक खर्च नगर्न प्रेरणा दिन्छ । अल्लाहले भन्नुभएको छ– "अविवाहितहरूलाई विवाह गराइ देऊ ।" (कुरआन : २४/३२)
- बंशको सुरक्षाकै लागि इस्लामले हरेक प्रकारको अनैतिक सम्बन्धलाई अवैध गरेको छ र यसका सम्पूर्ण श्रोत र साधनहरूमाथि प्रतिबन्ध लगाएको छ । अल्लाहले भन्नुभएको छ– "जिना (व्यभिचार) को नजिक पनि नजाऊ, किनभने त्यो अति निर्लज्ज कार्य र कुमार्ग हो ।" (कुरआन : १७/३२)
- इस्लामले कसैको बंश र इज्जतमाथि आरोप लगाउन मनाही गरिएको छ । यसलाई महापाप घोषित गर्दै संलग्न व्यक्तिहरूका लागि दुनियाँमा यातनापूर्ण सजाय तोकेको छ र परलोकमा कठोर यातनाले उसको स्वागत हुनेछ । (पृष्ठ न०: २१८ हेर्नुहोस्)

- इस्लामले पुरुष र महिलाको मान-मर्यादालाई जोगाउन आदेश दिएको छ। यदि कोही आफ्नो र परिवारको इज्जतको सुरक्षा गर्दा गर्दै हताहत हुन्छ भने उसलाई शहीदको दर्जा दिएको छ। (पृष्ठ न०: १८६ हेर्नुहोस्)


## ५ धनको सुरक्षा–

इस्लामले धन-सम्पत्तिको सुरक्षा र रोजगारको लागि भागदौडलाई अनिवार्य गरेको छ। विभिन्न कारोबार, मुद्रा विनिमय र व्यवसायलाई वैध गरेको छ।


इस्लामले धन-सम्पत्तिकै सुरक्षाको लागि ब्याज, चोरी, डकैती, लूटपाट, धोका, छलकपट र विश्वासघातलाई अवैध गरेको छ। यस्तो कार्य गर्ने व्यक्तिहरूलाई कुरआनले ठूलो यातनाको धम्की दिएको छ। (पृष्ठ न०: १८२ हेर्नुहोस्)



> इज्जत र बंशको सुरक्षा गर्नु इस्लामको महत्वपूर्ण उद्देश्य हो।



# तपाईको आस्था



# १

सम्पूर्ण सन्देष्टा (नबी-रसूल) हरूले आ-आफ्ना समुदायलाई एउटै ईश्वर 'अल्लाह' को उपासना गर्ने, उहाँको उपासनामा अरु कसैलाई साझेदार नबनाउने र उहाँ बाहेक सम्पूर्ण उपास्यहरूलाई अस्वीकार गर्ने आह्वान गर्नु भएका छन् । यही नै 'ला ईलाहा इलल्लाह मुहम्मदुर-रसूलुल्लाह' को वास्तविकता र इस्लामको प्रवेशद्वार हो ।

अध्याय सूची


कलिमा (दुवै गवाहीहरू) को अर्थ र अभिलाषा
- ला इलाहा इल्लल्लाह नै किन ?
- ला इलाहा इल्लल्लाहको अर्थ
- ला इलाहा इल्लल्लाहका स्तम्भहरू

मुहम्मद अल्लाहका रसूल हुन् भन्ने कुराको गवाही दिनु
- रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को परिचय
- मुहम्मद अल्लाहका रसूल हुन् भन्ने कुराको अर्थ

ईमानका ६ वटा आधारहरू

ईबादत (उपासना) को अर्थ

शिर्क (बहुदेववाद)

अल्लाहका नाम र विशेषताहरूमाथि आस्था राख्नु

फरिश्ताहरूमाथि आस्था राख्नु

किताबहरूमाथि आस्था राख्नु

रसूलहरूमाथि आस्था राख्नु

महाप्रलयको दिनमाथि आस्था राख्नु

भाग्यमाथि आस्था राख्नु

# > कलिमा (दुवै गवाहीहरू) को अर्थ र अभिलाषा

*म गवाही दिन्छु, अल्लाह बाहेक अरु कोही सत्य उपास्य छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् ।*



> अल्लाहको उपासनाले नै तन-मनलाई सुख र शान्ति प्राप्त हुन्छ ।

## ला इलाहा इल्लल्लाह नै किन ?

- किनभने यो नै मुस्लिमको पहिलो कर्तव्य हो । यदि कोही व्यक्ति इस्लाम ग्रहण गर्न चाहन्छ भने उसले सर्वप्रथम यसै कुरालाई तन-मन र वचनले स्वीकार गर्नुपर्दछ ।
- जसले अल्लाहलाई राजी पार्नको लागि विश्वासका साथ यसको गवाही दिन्छ, उसको लागि यो गवाही नरकबाट मुक्ति पाउने माध्यम बन्छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “अल्लाहको खुशीको लागि साँचो र स्वच्छ मनले ला इलाहा इल्लल्लाहको गवाही दिने व्यक्तिमाथि अल्लाहले नरकलाई अवैध गर्नुभएको छ ।” (बुखारी : ४१५)
- जसको मृत्यु उक्त गवाहीमाथि आस्था राखेको अवस्थामा हुन्छ, ऊ अवश्य नै स्वर्गमा जानेछ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “अल्लाह बाहेक अरु कोही सत्य ईश्वर छैन” माथि आस्था राखेको अवस्थामा कसैको मृत्यु भयो भने ऊ अवश्य नै स्वर्गमा जानेछ ।” (अहमद : ४६४)
- तसर्थ ला इलाहा इल्लल्लाहको बारेमा जानकारी प्राप्त गर्नु अनिवार्य र अति महत्वपूर्ण छ ।

## ला इलाहा इल्लल्लाहको अर्थ–

अल्लाह बाहेक अरु कोही सत्य ईश्वर छैन । यसमा दुईवटा विषयहरू छन्– अल्लाह बाहेकका सम्पूर्ण उपास्यहरूलाई असत्य मान्नु र मात्र अल्लाहलाई सत्य उपास्य स्वीकार गर्नु, जसको कोही साझेदार छैन ।

ईश्वर र पूज्य लाई अरबी भाषामा ‘इलाह’ भनिन्छ । त्यसैले जुनसुकै चीजबीज र सृष्टिलाई पूजा गर्नु, उसको लागि झुक्नु, ढोग गर्नु भनेको उसलाई ईश्वर मान्नु हो । त्यसैले साँचो ईश्वर अल्लाह बाहेक अन्य कसैको उपासना गर्नु ठूलो पाप हो ।

उपासना योग्य मात्र अल्लाह नै हुन् । मुटुभरी उहाँ कै लागि माया र आदर छ, दुआ गर्नु छ भने उहाँसित नै गरौं, मद्दत माग्नु छ भने उहाँसित नै मागौं, भरोसा गर्नु छ भने उहाँमाथि नै गरौं, सलाह पढ्नु छ भने उहाँको लागि नै पढौं, वलिदान दिनु छ भने उहाँको खुशीको लागि नै दिउँ । अत: नि:स्वार्थ भावनाले मात्र अल्लाहको लागि उपासना गरौं ।

अल्लाहले भन्नुभएको छ– "उनीहरूलाई एकाग्र भएर मात्र अल्लाहको उपासना गर्ने आदेश दिइएको छ ।" (कुरआन : ९८/५)

स्मरण रहोस् ! जसले ला इलाहा इल्लल्लाहको अर्थलाई सम्झेर स्वच्छ मनले अल्लाहको उपासना गर्छ, उसले सुख, शान्ति र सहज जीवन पाउनेछ । किनभने एउटै अल्लाहको उपसनाले नै तन-मनलाई वास्तविक शान्ति मिल्दछ ।

अल्लाहले भन्नुभएको छ– "आस्थावान पुरुष वा महिलामध्ये जसले सत्कर्म गर्छ, उसलाई सुखमय जीवन प्रदान गर्नेछौं ।" (कुरआन :१६/९७)

## ला इलाहा इल्लल्लाहका स्तम्भहरू–

यसमा दुईवटा स्तम्भहरू छन् । यसको अर्थ र अभिलाषालाई प्रष्ट पार्न यसको ज्ञान अति आवश्यक छ, यी दुई स्तम्भहरू निम्न छन्–

१

'ला इलाहा' अल्लाह बाहेक जे जति मानिस, जनावर, देवी-देवता, मूर्ति, प्रतिमा, सूर्य-चन्द्रमा, नक्षत्र इत्यादि पुजिन्छन् ती सबैलाई अस्वीकार गर्नु ।

२

'इल्लल्लाह' उपासनाका सम्पूर्ण प्रकारहरूलाई अल्लाहको लागि मात्र खास गर्नु, जस्तै– सलाह (नमाज) पढ्नु, दुआ गर्नु, भरोसा गर्नु इत्यादि ।

उपासनाका सम्पूर्ण प्रकारहरूलाई अल्लाहकै लागि खास गर्नु । यदि कसैले उहाँको उपासनामा अरु कसैलाई साझेदार बनाउँछ भने ऊ काफिर (अवज्ञाकारी) हुन्छ ।

अल्लाहले भन्नुभएको छ– "जसले बिना प्रमाण अल्लाहको उपासनामा अरुलाई साझेदार बनाउँछ उसको लेखाजोखा अल्लाहले गर्नु हुनेछ । वास्तवमा काफिर (अवज्ञाकारी) हरूले कहिल्यै पनि सफलता प्राप्त गर्न सक्दैनन् ।" (कुरआन : २३/११७)


ला इलाहा इल्लल्लाहको अर्थ तथा स्तम्भहरूलाई प्रष्ट पार्दै अल्लाहले भन्नुभएको छ– "जसले अल्लाह बाहेकका उपास्यलाई अस्वीकार गर्यो र अल्लाहमाथि ईमान ल्यायो त्यसले कहिल्यै नटुट्ने बलियो सहारा थाम्यो ।" (कुरआन : २/२५६)

अल्लाहको भनाई– "जसले अल्लाह बाहेकका उपास्यलाई अस्वीकार गर्यो" मा पहिलो स्तम्भको र "अल्लाहमाथि ईमान ल्यायो" मा दोस्रो स्तम्भको अर्थ हो ।

# > मुहम्मद अल्लाहका रसूल हुन् भन्ने कुराको गवाही दिनु

*रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को परिचय*

## १ उहाँको शुभ जन्म–



सन् ५७० ई० मा साउदी अरबको प्रसिद्ध र पवित्र ठाउँ 'मक्का' मा टुहुरो भएर जन्मिनु भयो। उहाँलाई असाध्यै माया गर्ने आमाले चाँडै नै छोडेर जानु भयो । त्यसपछि हजुरबा 'अब्दुल-मुत्तलिब' को पालनपोषणमा हुर्कनु भयो तर केही समयपछि उहाँको पनि मृत्यु भयो । त्यसपछि काका 'अबु-तालिब' को पालनपोषणमा हुर्कनु भयो।

## २ उहाँको बाल्यकाल–



सन्देष्टा (रसूल) बन्नु भन्दा अघि आफ्नो जीवनको चालिस वर्ष (५७०-६१० ई०) आफू जन्मेको स्थान र गोत्र 'कुरैश' मा बिताउनु भयो। उहाँको जीवन सबैको लागि एउटा अतुलनीय उदाहरण थियो । उहाँ आफ्नो समुदायमा अमीन र सादिक (इमान्दार र सत्यवान) को उपनामले प्रसिद्ध हुनुहुन्थ्यो । दुई छाक टार्नको लागि उहाँले मक्काको चर्को घाममा भेंडा-बाख्रा चराउने काम समेत गर्नुभयो र बिस्तारै-बिस्तारै व्यवसायतिर पाईला टेक्नु भयो।

इस्लाम अघि उहाँ एकाग्र भएर हाम्रा पुर्खा इब्राहीम (अलै-हिस्सलाम) को तरिका अनुसार अल्लाहको ईबादत गर्नु हुन्थ्यो। मूर्ति पूजा तथा बहुदेववादी प्रथालाई असाध्यै घृणा गर्नु हुन्थ्यो। उहाँले जीवनमा कहिल्यै पनि मूर्ति पूजा गर्नु भएन।

**हाम्रो नबीको नाम–**

मुहम्मद बिन अब्दुल्लाह बिन अब्दुल-मुत्तलिब बिन हाशिम अल्-कुरशी।
अरबको सबैभन्दा गौरबमय बंश उहाँको नै थियो।

**विश्वव्यापी रसूल–**

अल्लाहले हाम्रो नबी मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई समस्त संसारबासी गोरो-कालो, अरबी, गैर-अरबी तथा सम्पूर्ण जात वर्गको लागि विश्वव्यापी रसूल बनाएर पठाउनु भएको थियो। उहाँको अनुसरण सबैमाथि अनिवार्य छ। अल्लाहले भन्नुभएको छ– "भनिदेऊ, हे मानव हो, म तिमीहरू सबैका लागि अल्लाहको सन्देष्टा (रसूल) बनाएर पठाइएको हुँ।" (कुरआन : ७/१५८)

## ३ ईश्दूतत्व ग्रहण गरेको दिन–



यसरी उहाँले आफ्नो उमेरको चालिस वर्ष पूरा गर्नुभयो। उहाँ मक्का नजिक 'नूर पर्वत' मा अवस्थित 'हेरा गुफा' मा गएर सोचविचार र अल्लाहको उपासना गर्नु हुन्थ्यो। निर्मित मूर्ति तथा प्रतिमाको पूजाबाट मानिसहरूलाई कसरी बचाउन सकिन्छ भन्ने कुरामाथि मनन् गर्नु हुन्थ्यो। एक दिन त्यसै गुफामा उपासना गरिरहेको बेला अल्लाहले आफ्नो वरिष्ठ तथा विशेष स्वर्गदूत 'जिब्रिल' लाई पठाएर उहाँलाई अन्तिम रसूल छनौट गर्नुभयो। सर्वप्रथम कुरआनका यी आयत (श्लोक) हरू अवतरण भएका थिए। यसको पहिलो शब्द "ईक्रा विस्मि रब्बिकल्लजी खलक" (पढ त्यस ईश्वरको नामबाट जसले सृष्टि गर्यो) ले नै ज्ञान-विज्ञान तथा सुमार्गदर्शनको महत्वलाई दर्शाईरहेको छ। यसरी २३ वर्षको अवधिमा पूरा कुरआन अवतरण भयो।

## ४ प्रचार-प्रसारको प्रारम्भ–

रसूलको ताजबाट सम्मानित भइसकेपछि उहाँ इस्लामको प्रचार-प्रसारमा सक्रिय हुनु भयो। दु:ख-पीडा र आफ्नो ज्यानको परवाह नगरिकन तीन वर्षसम्म लुकिछिपी इस्लामतिर आह्वान गर्नुभयो। त्यसपछि दश वर्षसम्म खुल्लमखुल्ला इस्लामतिर आह्वान गर्नुभयो। प्रचार-प्रसारको क्रममा आफ्नै घरपरिवार र समाजबाट सहन नसक्ने नानाथरीका मानसिक तथा शारीरिक यातना भोग्न बाध्य हुनु भयो। हज्जमा आउने भक्तजनहरूलाई इस्लामतिर आह्वान गर्नु हुन्थ्यो। तिनीहरूमध्ये मदीनाबासीले उहाँको निमन्त्रणालाई स्वीकार गरे अनि सकेसम्म सहयोगको वाचा पनि गरे। त्यसपछि मक्काबासीले दिएको दु:ख-पीडा खप्न नसकेर मुस्लिमहरू विस्तारै-विस्तारै मदीना तर्फ हिजरत (प्रवास) गर्न थाले।

**उहाँमाथि कुरआन अवतरण भयो–**

अल्लाहले हाम्रो नबी मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) माथि महान र पवित्र ग्रन्थ कुरआन अवतरण गर्नुभयो। जसमा अगाडि-पछाडि, दाँया-बाँया कतैबाट मिथ्या कुरा कदापि मिसिएको छैन र मिसाउन पनि सकिदैन।

**सम्पूर्ण नबी र रसूलहरूका समापक–**

अल्लाहले मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई दूतत्वलाई समाप्त गर्ने अन्तिम रसूलको रूपमा छनौट गरेर पठाउनु भएको थियो। उहाँपछि कुनै अर्को रसूल आउनु हुने छैन। अल्लाहले भन्नुभएको छ– "उनी अल्लाहका अन्तिम रसूल र सम्पूर्ण सन्देष्टाहरूका समापक हुन्।" (कुरआन : ३३/४०)

## ५ उहाँको हिजरत (प्रवास)–

मक्काबासीको दु:ख-पीडा सहेर भए पनि १३ वर्षसम्म उहाँले तिनीहरूलाई इस्लामतिर आह्वान गर्नुभयो । तिनीहरूले सामुहिक रूपमा उहाँको हत्या गर्न दुष्प्रयास गरे । इस्लामको दियो ननिभोस् भनेर उहाँले सन् ६२२ ई० मा मदीनातिर हिजरत (प्रवास) गर्नुभयो । त्यतिबेला मदीनाको नाम 'यस्रिब' थियो र उहाँ ५३ वर्षको हुनुहुन्थ्यो । आफ्नो जीवनको अन्तिम दश वर्ष मदीनामा नै बिताउनु भयो । सलाह, जकातलगायत इस्लामका सम्पूर्ण विधि-विधानहरूलाई पूर्ण रुपमा व्याख्या गर्नुभयो र हामीलाई जीवनको गोरेटोमा खाँचो पर्ने हरेक कुराहरूको जानकारी दिनुभयो ।




## ६ इस्लामको विस्तार–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मदीनाको प्रवासपछि सन् ६२२-६३२ ई० सम्मको अवधिमा इस्लामी संस्कार र सभ्यताको बीऊ छर्नु भयो । एउटा असल मुस्लिम समाजमा हुनुपर्ने गुणहरूलाई औंल्याउनु भयो । गोत्रको पक्षपात गर्ने प्रवृत्तिलाई निर्मुल पार्नुभयो । जताततै ज्ञानको ज्योति छर्नु भयो । न्याय, निसाफ, स्थिरता, भाइचारा, आपसी सहयोग र राज्य व्यवस्थालाई कायम गर्नुभयो । केही गोत्रहरूले इस्लामलाई निर्मुल पार्न खोज्दा विभिन्न युद्ध तथा घटनाहरू घटे, जसमा अल्लाहले आफ्नो धर्म र रसूललाई विजय गर्नुभयो । त्यसपछि इस्लाम ग्रहण गर्नेहरूको ओइरो नै लाग्यो । मक्कालगायत अरब खाडीमा रहेका अधिकांश शहर तथा गोत्रहरू राजी खुशी इस्लामको छत्रछायाँमा आउन थाले ।





## ७ उहाँको निधन–

उहाँले दूतत्व र सुम्पिएको जिम्मेवारीलाई हामी माझ पुर्याउनु भयो । इस्लामलाई पूर्ण गरेर अल्लाहले आफ्नो वरदानलाई पूरा गर्नुभयो। इस्लामी पात्रो अनुसार हिज्री सम्वत ११ को 'सफर' को महिनामा उहाँलाई ज्वरो आयो र अवस्था नाजुक हुँदै गयो यहाँसम्म कि 'रबिउल-औवल' महिनामा सोमवारको दिन तदानुसार ८/६/६३२ ई० ६३ वर्षको उमेरमा उहाँको निधन भयो। मस्जिद नब्वीको छेउमा रहेको श्रीमती आईशा (रजियल्लाहु अन्हा) को घरमा उहाँलाई 'दफन' गरियो।


## मुहम्मद अल्लाहका रसूल हुन् भन्ने कुराको गवाही दिनुको अर्थ–

उहाँले दिनु भएका समाचारहरूको पुष्टि गर्नु, उहाँका आदेशहरूको पालना गर्नु, उहाँले मनाही गर्नु भएका कुराहरूबाट जोगिनु र उहाँको तरिका (सुन्नत) अनुसार नै अल्लाहको ईबादत गर्नु ।

## उहाँमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ?

**१** उहाँले जानकारी गराउनु भएका सम्पूर्ण कुराहरूको पुष्टि गर्नु, जस्तै–

- अदृश्य र कयामतका कुराहरू, स्वर्ग र त्यसका वरदानहरू, नरक र त्यसका यातनाहरू बारे ।
- कयामतका निशानीहरू, कहाली लाग्दा घटनाहरू र अन्तिम युगमा घटिने घटनाहरू बारे ।
- आदिकालमा भएका कुराहरू, सन्देष्टा र तिनीहरूको समुदाय बीच भएका संवादहरू बारे ।



> एउटा मुस्लिमले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बाट प्रमाणित सम्पूर्ण कुराहरूलाई अनिवार्य रुपमा विश्वास गर्नुपर्छ ।

**२** उहाँको आदेशको पालना गर्नु र अवज्ञा नगर्नु, यसले निम्न कुराहरूलाई समेटेको छ–

- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को पूर्ण अनुसरण गर्नुपर्छ, किनकि हामीलाई यो कुरामा विश्वास छ कि उहाँले आफ्नो इच्छाले केही पनि बोल्नु भएन, जे बोल्नु भयो अल्लाहको आदेश अनुसार नै बोल्नु भयो । अल्लाहले भन्नुभएको छ– "जसले रसूलको अनुसरण गर्यो, वास्तवमा उसले अल्लाहको अनुसरण गर्यो ।" (कुरआन : ४/८०)
- उहाँले मनाही गर्नु भएका अवैध कुराहरू जस्तै– नराम्रो आचरण, दुर्व्यवहार इत्यादिबाट जोगिनु । हामीलाई यो कुरामा विश्वास छ कि मनाही गरिएका कुराहरूमा अल्लाहको कुनै न कुनै रहस्य छ र हाम्रो हितको लागि उपयुक्त छैन, यद्यपि त्यसको कारण हामीलाई थाहा नहोस् ।
- उहाँका सम्पूर्ण आदेशहरूको पालना गरियो भने हामीलाई लोक-परलोकमा सुख, शान्ति तथा आनन्द प्राप्त हुनेछ । अल्लाहले भन्नुभएको छ– "अल्लाह र रसूलको आज्ञापालन गर, ताकि तिमीहरूमाथि दया गरियोस् ।" (कुरआन : ३/१३२)

- विश्वास राख्नु कि उहाँको अवज्ञाले नराम्रो परिणाम र कष्टकर सजाय हुनेछ। अल्लाहले भन्नुभएको छ– "उहाँको आदेश उल्लंघन गर्नेहरू सावधान रहुन्, कतै उनीहरूलाई कुनै संकटले नघेरोस् वा कुनै दु:खदायी प्रकोपले नसमातोस्।" (कुरआन : २४/६३)

### ३ उहाँको तरिका अनुसार नै अल्लाहको ईबादत गर्नु, यसले निम्न कुराहरूलाई समेटेको छ–

- **उहाँको पूर्ण अनुसरण–** रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को जीवन हाम्रो निम्ति आदर्श र ज्योति हो। एउटा साँचो मुस्लिमले जीवनको हरेक पाईला-पाईलामा उहाँको भनाई, गराई र आदेशको पूर्ण अनुसरण गर्नुपर्छ। हामी जति उहाँको अनुसरण गर्छौं त्यत्तिकै अल्लाहसँग नजिक हुनेछौं। उहाँको मायालु बन्न सक्छौं अनि स्वर्गमा उच्च स्थान प्राप्त गर्न सक्छौं। अल्लाहले भन्नुभएको छ– "भनिदेऊ, यदि तिमीहरू अल्लाहसँग प्रेम गर्छौ भने मेरो अनुसरण गर। अल्लाहले तिमीहरूसँग प्रेम गर्नु हुनेछ र तिम्रा पापहरूलाई पखालि दिनु हुनेछ। अल्लाह अत्यन्त क्षमाशील तथा परम दयालु हुनुहुन्छ।" (कुरआन :३/३१)



- **इस्लामी विधि-विधान परिपूर्ण छ–** रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले इस्लाम र यसका सम्पूर्ण विधि-विधानहरूलाई बिना कुनै कमिबेशी पूर्ण रुपमा हामी समक्ष पुर्याउनु भएको छ। त्यसैले कसैलाई यसमा रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बाट अप्रमाणित कुनै नयाँ कुराहरूको आविष्कार गर्ने वा थप्ने कुनै अधिकार छैन।
- **अल्लाहको विधान प्रत्येक समय र स्थानको लागि अनुकूल छ–** कुरआन र हदीसबाट प्रमाणित विधि-विधान र ऐन कानूनहरू प्रत्येक समय र ठाउँका लागि एकदम उचित र अनुकूल छन्। मानिसको हकहितको बारेमा अल्लाह भन्दा बढी ज्ञान अरु कसलाई हुन सक्छ ? जसले मानिसलाई सृष्टि गर्नुभएको छ।

- **सुन्नतको अनुसरण–** कुनै पनि ईबादत स्वीकार हुनको लागि 'इख्लास' (कसैलाई साझेदार नगरिकन मात्र अल्लाहको उपासना गर्नु) र 'इत्तिबा' (रसूल सल्लल्लाहु अलैहि व सल्लमको तरिका अनुसार गर्नु) एकदम जरुरी छ। अल्लाहले भन्नुभएको छ– "जो कोही आफ्नो प्रभुसित भेट्न इच्छुक छ, उसले सत्कर्म गर्नुपर्दछ र आफ्नो मालिकको उपासनामा कसैलाई साझेदार बनाउनु हुँदैन।" (कुरआन : १८/११०)
- **धर्ममा नयाँ कुराको आविष्कार अवैध छ–** यदि कसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बाट अप्रमाणित उपासना वा त्यसका अनौठा तरिकाहरू आविष्कार गर्छ भने त्यो कदापि स्वीकार हुँदैन। यो सुन्नतसँग खुल्लमखुल्ला खेलवाड र घृणित कार्य हो, जसको सजाय उसले अवश्य पाउने छ। अल्लाहले भन्नुभएको छ– "उहाँको आदेश उल्लंघन गर्नेहरू सावधान रहुन्, कतै उनीहरूलाई कुनै संकटले नघेरोस् वा कुनै दु:खदायी प्रकोपले नसमातोस्।" (कुरआन : २४/६३)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जो कोही हाम्रो यस धर्ममा कुनै नयाँ कुराहरूलाई समावेश गर्छ, जुन यसमा छैन भने त्यो रद्द छ।" (बुखारी : २५५०, मुस्लिम : १७१८)




इस्लामले उपासनामा नयाँ कुराहरूको आविष्कार, घटबढ र परिवर्तनलाई निषेध गरेर धर्मलाई सबै प्रकारको केरमेट, फेरबदल र मान्छेको व्यक्तिगत नीति नियमबाट सुरक्षित गरेको छ। तर यसको विपरीत इस्लामले मानवलाई फाइदा पुर्याउने हरेक प्रकारको नयाँ नौंलो कुराको आविष्कार, पृथ्वीमा लुकेको गोप्य कुराको खोजतलास तथा आफ्नो वर्तमान र भविष्यलाई विकास उन्मुख गराउन प्रेरित गर्दछ।

## > ईमानका ६ वटा आधारहरू

## अल्लाहमाथि आस्थाको अर्थ–

अल्लाहको अस्तित्वमाथि दृढतापूर्वक आस्था राख्नु, उहाँ नै हाम्रा प्रभु र पूज्य हुन् भन्ने कुरामाथि विश्वास गर्नु तथा उहाँका नाम र विशेषताहरूलाई स्वीकार्नु।

यी चारै कुराहरूको बारेमा विस्तृतरुपमा तल वर्णन गर्नेछौं–

### १ अल्लाहको अस्तित्वमाथि आस्था राख्नु–

#### प्रकृति–

अल्लाहको अस्तित्वमाथि विश्वास गर्नु स्वभाविक कुरा हो । जसको लागि कुनै तर्कको आवश्यकता छैन, किनभने जन्मजात नै मानिसको अन्तरात्मामा उहाँमाथिको विश्वास पलाएको हुन्छ । त्यसैले विभिन्न धर्मका अधिकांश मानिसहरू अल्लाहको अस्तित्वलाई स्वीकार गर्दछन्।

हामी मुटुको गहिराईदेखि उहाँको अस्तित्वलाई महसुस गर्दछौं। आपत-बिपतमा उहाँलाई नै गुहार्ने गर्दछौं, किनकि यो नै प्राकृतिक र धार्मिक प्रेरणा हो जुन हरेक व्यक्तिको प्राणमा अडेको हुन्छ। उहाँको अस्तित्वलाई मेटाउने र खत्तम गर्ने प्रयास नगरिएको पनि होइन, तै पनि तिनीहरू सदैव असफल नै रहे।

शोषित र ब्याकुलको पुकार सुनिएको, माग्नेको माग पूरा भएको तथा पिडितको पीडा हरण भएका कुराहरू हामी देख्छौं र सुन्छौं। के यो उहाँको अस्तित्वको ठूलो प्रमाण होइन र ?



अल्लाहका निशानीहरूमा मनन गर्नेहरूका लागि मानिसको सर्वश्रेष्ठ सृष्टि, सुव्यस्थित तरिका र पूर्णता नै उहाँको अस्तित्वको ठूलो प्रमाण हो। अल्लाहले भन्नुभएको छ– “विश्वास गर्ने मानिसहरूका लागि धरती र स्वम् आफैंमा धेरै निशानीहरू छन्। के तिमीहरू देख्दैनौ ?”

## अल्लाहको अस्तित्वका प्रमाणहरू प्रष्ट र अगन्य छन्। तीमध्ये केही यस प्रकार रहेका छन्–

- हावा नचलिकन पात हल्लिँदैन भन्ने कुरा सबैलाई थाहा नै छ । अनगिन्ति प्राणी र जीवजन्तुहरूले खचाखच रहेको यो संसारलाई पक्कै पनि कुनै ईश्वरले नै सृष्टि गरेको हुनुपर्छ। उहाँ नै अल्लाह हुन्, किनकि आजसम्म निर्माण नगरिकन निर्माण भएको, सृष्टि नगरिकन सृष्टि भएको वा प्राणीले आफैं आफूलाई सृष्टि गरेको कुरा न सुनिएको छ, न देखिएको नै । अल्लाहले भन्नुभएको छ– "के यिनीहरूको सृष्टि बिना आधार नै भएको हो ? वा यिनीहरू स्वयम् सृष्टिकर्ता हुन् ?" (कुरआन : ५२/३५)

अर्थात बिना सृष्टिकर्ता न यिनीहरूको सृष्टि भएको छ, न यिनीहरू आफैंले आफूलाई सृष्टि गरेका छन्। अत: अल्लाह नै सृष्टिकर्ता हुन् भन्ने कुरा छर्लङ्ग हुन्छ।

- यो निलो आकाश, विशाल धरती, वायुमण्डल, नक्षत्र, जुनतारा, विभिन्न प्रकारका बोटबिरुवा र संसारको सुव्यवस्थित कानून चिच्याएर भनिरहेका छन्– यो संसारको ईश्वर एउटै हो, जसलाई हामी अल्लाह भनेर चिन्दछौं । अल्लाहले भन्नुभएको छ– "यो अल्लाहको सृष्टि हो, जसले प्रत्येक चीजलाई सुदृढ तुल्याउनु भएको छ।" (कुरआन : २७/८८)

यी नक्षत्र र ताराहरू सुव्यवस्थित नियमबद्धरुपमा आ-आफ्नो परिधिभित्र अन्तरिक्षमा गतिशील छन्। न कोही कसैलाई पछ्याउँछ न एक अर्का भन्दा अगाडि जान्छ।

अल्लाहले भन्नुभएको छ– "न सूर्यले चन्द्रमालाई समात्न सक्छ न रातले दिनलाई उछिन्न सक्छ । तिनीहरू सबै अन्तरिक्षमा निरन्तर गतिशील छन्।" (कुरआन : ३६/४०)

## २ अल्लाहको रुबूबीयत (प्रभुत्व) माथि आस्था राख्नु–

### अल्लाहको रुबूबीयत (प्रभुत्व) माथि आस्थाको अर्थ–

सिङ्गो संसारकै मालिक, सृष्टिकर्ता र अन्नदाता अल्लाह नै हुन् । जीवन-मरण र नाफा-नोक्सान उहाँकै हातमा छ। सर्वाधिकार उहाँकै हो र हरेक कार्यमाथि उहाँ नै सामर्थ्य हुनुहुन्छ । यी सम्पूर्ण विशेषताहरूमा कोही उहाँको साझेदार छैनन् भन्ने कुरालाई दृढतापूर्वक स्वीकार गर्नुपर्छ।

अल्लाहलाई आफ्नो कार्यमा एक्लो ठानेर निम्नलिखित कुराहरूमाथि आस्था राख्नु पर्छ–

अल्लाह नै यो सिङ्गो संसार र यसमा भएभरका सम्पूर्ण चीजबीजहरूका सृष्टिकर्ता हुन् र उहाँ बाहेक अरु कोही सृष्टिकर्ता छैन । अल्लाहले भन्नुभएको छ– "अल्लाह नै सम्पूर्ण चीजहरूका सृष्टिकर्ता हुन् ।" (कुरआन : ३९/६२)

मानिसको कार्य भनेको कुनै कुरालाई रुपान्तर गर्नु वा यताउताबाट बटुलेर एकत्रित गर्नु र मिलाउनु मात्र हो । नजन्मेकालाई जन्म दिनु र मरेकालाई पुनः जीवित पार्नु वा सृष्टि गर्नु पक्कै पनि होइन ।

उहाँ नै सम्पूर्ण प्राणीहरूका अन्नदाता हुन् । उहाँ बाहेक अरु कोही अन्नदाता छैन । अल्लाहले भन्नुभएको छ– "धरतीमा घस्रेर हिंड्ने र फुर्र-फुर्र उड्ने सबै प्राणीको आहार अल्लाहकै जिम्मामा छ ।" (कुरआन : ११/६)

उहाँ नै सम्पूर्ण चीजहरूका असल मालिक हुन् । उहाँ बाहेक असल मालिक कोही छैन । अल्लाहले भन्नुभएको छ– "आकाशहरू, पृथ्वी र त्यसमा रहेका सम्पूर्ण चीजहरूका मालिक अल्लाह नै हुन् ।" (कुरआन : ५/१२०)

उहाँ नै सम्पूर्ण कुराहरूका प्रबन्धक हुन् । उहाँ बाहेक अरु कोही प्रबन्धक छैन । अल्लाहले भन्नुभएको छ– "आकाशदेखि धरतीसम्मका प्रबन्ध उहाँ नै मिलाउनु हुन्छ ।" (कुरआन : ३२/५)

मानिसले मिलाउने प्रबन्ध र जीविकाको चाँजोपाँजो एकदमै सीमित छ । ऊ आफ्नो शक्ति भन्दा बढी केही पनि गर्न सक्दैन । उसको प्रबन्ध कहिले सफल हुन्छ त कहिले असफल । तर अल्लाहको प्रबन्धमा सम्पूर्ण संसार समावेश भएको छ । त्यो कहिल्यै पनि असफल हुनै सक्दैन । कार्यान्वयन योग्य छ, न कुनै कुराले त्यसलाई छेक्छ न बाधा अड्चन आउँछ ।

अल्लाहले भन्नुभएको छ– "सावधान ! सृष्टि गर्ने हैसियत र आदेश जारी गर्ने सर्वाधिकार उहाँकै लागि हो । अल्लाह मंगलमय, सर्वश्रेष्ठ र सम्पूर्ण जगतका मालिक हुन् ।" (कुरआन : ७/५४)



"धरतीमा घस्रेर हिंड्ने र फुर्र-फुर्र उड्ने सबै प्राणीको आहार अल्लाहकै जिम्मामा छ ।" (कुरआन : ११/६)

## रसूलको युगमा अरबका मुशरिक (बहुदेववादी) हरू अल्लाहको प्रभुत्वमाथि विश्वास गर्दथे–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को जमानामा अरबका मुशरिक (बहुदेववादी) हरू अल्लाह नै सृष्टिकर्ता, मालिक तथा प्रबन्धक हुन् भन्ने कुरालाई स्वीकार गर्दथे तर यसले उनीहरूलाई इस्लाममा प्रवेश गराउन सकेनन् ।

अल्लाहले भन्नुभएको छ– “यदि तिनीहररूलाई आकाशहरू र धरतीका सृष्टिकर्ता को हुन् ? सोध्नु हुन्छ भने तिनीहरूले अवश्य जवाफ दिनेछन्, अल्लाह नै हुनुहुन्छ ।” (कुरआन : ३१/२५)

जब सारा संसारको सृष्टि गर्ने, पालनपोषण गर्ने, संहार गर्ने सबै अधिकार एउटै ईश्वर अल्लाहको हातमा छ भने उपासना पनि बिना कुनै साझेदार उहाँको नै हुनुपर्छ होइन र ?

यो कसरी सम्भव छ कि मानिसले अल्लाहलाई सृष्टिकर्ता, मालिक, प्रबन्धक, मार्ने र जीवित पार्ने स्वीकार्छ, तै पनि उपासनाका केही अंशहरू अल्लाह बाहेक अरुको लागि गर्दछ ? यो त सरासर अन्याय र महापाप हो । त्यसैले लुक्मानले आफ्नो छोरालाई सम्झाउदै भन्नुभएको थियो– “हे छोरा, अल्लाहसँग कसैलाई साझेदार नबनाऊ है, किनभने साझेदारी (शिर्क) गर्नु महापाप हो ।” (कुरआन : ३१/१३)

जुन बेला रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सोधियो– अल्लाहको दृष्टिमा महापाप के हो ? उहाँले जवाफ दिनुभयो– “अल्लाहले तिमीलाई सृष्टि गर्नुभएको छ, तै पनि तिमी उहाँको लागि प्रतिद्वन्दी ठहर गर्छौ ।” (बुखारी : ४२०७, मुस्लिम : ८६)

## अल्लाहमाथिको चोखो आस्थाले तन-मनलाई शान्ति प्राप्त हुन्छ–

भाग्य विधाताले हाम्रो भाग्यमा जे कोर्नु भएको छ, त्यसलाई कसैले पनि मेटाउन सक्दैन, किनभने भाग्यको साँचो उहाँकै हातमा छ, उहाँ जे चाहनुहुन्छ फेरबदल गर्नुहुन्छ, उहाँ नै सृष्टिकर्ता हुन् र उहाँ बाहेक सबै असहाय र सृष्टि हुन् । सबै सर्वाधिकार उहाँकै हातमा छ । उहाँ बाहेक अरु कोही सृष्टिकर्ता, पालनकर्ता र प्रबन्धक छैनन् । उहाँको आज्ञा बिना कुनै पनि कण आफ्नो ठाउँबाट यताउता सर्दैन न नै स्थिर



> अल्लाहमाथिको चोखो आस्थाले तन-मनलाई शान्ति प्राप्त हुन्छ ।

रहन्छ, भन्ने पूर्ण आस्थाले मानिसको मुटुमा अल्लाहमाथिको निश्चल आस्था पलाउँछ । जीवनको पाईला-पाईलामा उहाँमाथि भरोसा र हरेक प्रकारको परिवर्तनसँग संघर्ष गर्ने आँट हुन्छ। आफूले गर्न सक्ने सम्पूर्ण प्रयास, संघर्ष, दुआ गरेर पनि आफूले मन पराएको, चाहेको वा खोजेको कुरा प्राप्त हुन सकेन भने पनि ऊ दु:खी हुँदैन। अरुले पाएको खण्डमा इर्ष्या र डाह पनि गर्दैन, किनकि हरेक कुराको सर्वाधिकार अल्लाहकै हातमा छ । उहाँ जे चाहनुहुन्छ गर्नुहुन्छ।



> अल्लाहमाथिको चोखो आस्था र उपासना नै 'ला इलाहा इल्लल्लाह' को सार्थकता हो।

## ३ अल्लाहको उलूहीयत (उपासना) माथि आस्था राख्नु

अल्लाहको उलूहीयत (उपासना) माथि आस्थाको अर्थ–

अल्लाह नै हरेक प्रकारका दृश्य र अदृश्य ईबादतका हकदार हुन् भन्ने कुरामाथि दृढताका साथ आस्था राख्नु, त्यसैले हामीले सबै प्रकारका उपासना जस्तै– दुआ (प्रार्थना), भय, भरोसा, सहयोग, सलाह, दान, ब्रत इत्यादि उहाँकै लागि खास गर्नुपर्छ। किनभने अल्लाह बाहेक अरु कोही सत्य ईश्वर छैन।

अल्लाहले भन्नुभएको छ– "तिमीहरूको ईश्वर एक मात्र (अल्लाह) हुन्, उहाँ बाहेक अरु कोही उपास्य छैन, उहाँ अत्यन्त करुणामय र परम दयालु हुन्।" (कुरआन : २/१६३)

अल्लाहले घोषणा गर्नुभएको छ कि सत्य ईश्वर एक अल्लाह नै हुन्, त्यसैले उहाँ बाहेक अरु कसैलाई पूज्य ठान्नु र उपासना गर्नु वैध छैन।

## अल्लाहको उलूहीयत (उपासना) माथि आस्थाको महत्व–

अल्लाह नै पूज्य हुन् भन्ने कुरामाथिको आस्थाको महत्व विभिन्न क्षेत्रहरूमा देखा पर्छ–


१ मानिस र जिन्नको सृष्टिको उद्देश्य नै यही हो। अल्लाहले हामीहरूलाई मात्र आफ्नो उपासनाको लागि सृष्टि गर्नुभएको छ। अल्लाहले भन्नुभएको छ– “मैले जिन्न (आगोबाट सृष्टि गरिएको एक प्रकारको अदृश्य प्राणी) र मानवलाई केवल आफ्नो ईबादत (उपासना) गर्नको लागि सृष्टि गरेको हुँ।” (कुरआन : ५१/५६)

२ सन्देष्टा र आकाशीय ग्रन्थहरूको अवतरणको उद्देश्य पनि यही हो। त्यसैले सत्य ईश्वर अल्लाह नै हुन् र उहाँ बाहेक जे जति पुजिन्छन् ती सबै मिथ्या हुन् भन्ने कुरामा विश्वस्त हुनु।

अल्लाहले भन्नुभएको छ– “हामीले प्रत्येक समुदायमा रसूल पठायौं। केवल अल्लाहको उपासना गर र उहाँ बाहेक सम्पूर्ण मिथ्या उपास्यको उपासनादेखि टाढा रहने गर।” (कुरआन : १६/३६)

३ मानिसको पहिलो कर्तव्य यही हो। जबल पुत्र मुआजलाई यमनतिर पठाउने बेला रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले यही उपदेश दिँदै भन्नुभएको थियो– “तिमी अहले-किताब (यहूदी र ईसाइ) को समुदायमा जाँदैछौ, त्यसैले उनीहरूलाई सर्वप्रथम तौहीद (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) तिर आह्वान गर्नु।” (बुखारी : १३८९, मुस्लिम : १९)

अर्थात– मात्र अल्लाहकै उपासना गर्नुपर्छ भन्ने कुरातिर आह्वान गर्नु।



४ अल्लाहमाथि आस्था नै ‘ला इलाहा इल्लल्लाह’ को वास्तविक अर्थ हो। अरबीमा उपास्यलाई ‘इलाह’ भनिन्छ। त्यसैले सम्पूर्ण प्रकारका उपासना अल्लाहकै लागि खास गर्नुपर्छ।

५ अल्लाह नै सिङ्गो संसारको सृष्टिकर्ता, जीवनदाता र स्वामी हुन् भने उपासना पनि उहाँको नै गर्नुपर्छ।

# > ईबादत (उपासना) भनेको के हो ?

ईबादत– मानिसका सम्पूर्ण भनाई, गराई र क्रियाकलाप, जसलाई अल्लाहले मन पराउनु हुन्छ र गर्न आदेश दिनुभएको छ ती सम्पूर्ण सत्कर्महरूलाई ईबादत भनिन्छ। चाहे त्यो वाह्य सत्कर्म होस् जस्तै– सलाह पढ्नु, दान दिनु, हज्ज गर्नु वा आन्तरिक जस्तै– अल्लाह र रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई माया गर्नु, अल्लाहसँग डराउनु, उहाँमाथि नै भरोसा गर्नु र उहाँसित मद्दत माग्नु इत्यादि।



> शुद्ध र स्वच्छ मनले गरिएका मानिसका सबै क्रियाकलापहरू उपासना हुन् र त्यस वापत पुण्य प्राप्त हुन्छ।

## ईबादतले जीवनका सम्पूर्ण पक्षहरूलाई समेटेको छ–

उपासना भनेको सलाह पढ्नु र ब्रत बस्नु मात्र होइन, यसले जीवनका सम्पूर्ण पक्षहरूलाई समेटेको छ। स्वच्छ मनले गरिएका आस्थावानहरूका सम्पूर्ण उपयोगी कार्य, सही निधो र क्रियाकलापहरू उपासना हुन् र त्यस वापत पुण्य प्राप्त हुन्छ। शक्ति प्राप्त गर्ने नीयतले खानपिन गर्नु उपासना हो। अनैतिक सम्बन्धबाट बच्नको लागि विवाह गर्नु उपासना हो। त्यस्तै वैध तरिकाले आय आर्जन गर्नको लागि व्यवसाय गर्नु वा जागिर खानु उपासना हो। त्यसैगरी ज्ञान सिक्नु, लेख लेख्नु, ज्ञान विज्ञानको दुनियाँमा नयाँ-नयाँ कुराहरूको आविष्कार गर्नु, यी सबै उपासना हो। महिलाको लागि पुरुष, बालबच्चा र घरबारको हेरचाह गर्नु उपासना हो। त्यसैले जीवनका सम्पूर्ण क्रियाकलाप तथा लाभदायक कार्यहरूमा शुद्ध र स्वच्छ नीयत सामेल छ भने मुस्लिमको दैनिकी र जीवन नै उपासना हो।

## ईबादत नै सृष्टिको उद्देश्य हो–

अल्लाहले भन्नुभएको छ– “मैले जिन्न र मानवलाई केवल आफ्नो ईबादत

(उपासना) गर्नको लागि सृष्टि गरेको हुँ । म तिनीहरूबाट न त जीविका चाहन्छु न भोजन नै । अवश्य नै अल्लाह अन्नदाता र अति शक्तिशाली हुन् ।" (कुरआन : ५१/५६-५८)

अल्लाहले जिन्न र मानिसको सृष्टिको रहस्य उनीहरूले अल्लाहको उपासना गरुन् भनेर अवगत गराउनु भएको छ । स्मरण रहोस् ! अल्लाहलाई उनीहरूको उपासनाको कुनै आवश्यकता छैन तर उनीहरू उहाँको कृपा बिना एक पल पनि बाँच्न सक्दैनन् ।

जब मानिस आफ्नो उद्देश्यलाई बेवास्ता गर्छ र सांसारिक मोजमस्तीमा चुर्लुम्म डुब्छ, त्यस बखत मानिस र जनावरमा केही फरक हुँदैन । किनभने जनावरहरू पनि खान्छन् र मौज-मस्ती गर्छन् ।

अल्लाहले भन्नुभएको छ– "जुन व्यक्तिहरूले अवज्ञा गरे तिनीहरू क्षणिक मस्तीमा रमाईरहेका छन् र जनावर जस्तै खाइरहेका छन् । उनीहरूको बासस्थान नरक हो ।" (कुरआन : ४७/१२)

त्यसैले उनीहरू आफ्नो क्रियाकलाप र लक्ष्य प्राप्तिमा जनावर सरह हुन् । तर मानिससँग बुद्धि हुन्छ, जनावरसँग हुँदैन, त्यसैले उनीहरूले मृत्यु पश्चात त्यसको प्रतिफल अवश्य नै पाउनेछन् ।

## ईबादतका स्तम्भहरू–

ईबादतका दुईवटा महत्वपूर्ण स्तम्भहरू छन्–

- **पहिलो**– हीनता र भय ।
- **दोस्रो**– अल्लाहको लागि अपार प्रेम ।

अल्लाहले आफ्ना भक्तहरूमाथि जुन उपासनालाई अनिवार्य गर्नुभएको छ त्यसमा उहाँको लागि आदर, अपार प्रेम, हीनता र भयको साथमा आशा मिसिएको हुनुपर्छ ।

त्यसैले जुन मायाको साथमा हीनता र भय हुँदैन, जस्तै– खाना र धन-सम्पत्तिको माया, त्यो उपासना होइन । यस्तै बिना मायाको भय, जस्तै– कुनै जङ्गली जनावर र सामन्ती हाकिमको भय, त्यो उपासना होइन । जुन कार्यमा भय र माया दुवैको मिश्रित हुन्छ त्यो उपासना हुन्छ र उपासना मात्र अल्लाहको लागि नै हुनुपर्छ ।

## ईबादतका शर्तहरू–

कुनै पनि ईबादत (उपासना) स्वीकार हुनको लागि निम्नलिखित दुई शर्त हुन जरुरी छ–

१. इख्लास (कसैलाई साझेदार नगरिकन मात्र अल्लाहको उपासना गर्नु) ।

२. इत्तिबा (रसूल सल्लल्लाहु अलैहि व सल्लमको सुन्नत अनुकूल उपासना गर्नु) ।

अल्लाहले भन्नुभएको छ– "हो, जसले आफूलाई अल्लाहको लागि समर्पित गर्यो र ऊ परोपकारी छ भने उसको लागि प्रभु कहाँ प्रतिफल हुनेछ । उसको लागि न कुनै भय हुनेछ न कुनै चिन्ता नै ।" (कुरआन : २/११२)

'अल्लाहको लागि समर्पित' को अर्थ : एकेश्वरवादलाई पूर्णता दिनु र मात्र अल्लाहको लागि ईबादत गर्नु।

'परोपकारी' को अर्थ : रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को पूर्ण अनुसरण र उहाँको सुन्नत अनुकूल उपासना गर्नु हो।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को सुन्नत अनुकूल हुनु भनेको उपासनाहरूमा मात्र हुन्, जस्तै– सलाह पढ्नु, ब्रत बस्नु, अल्लाहको जिक्र (प्रशंसा) गर्नु। तर जुन कुराहरू उपासना अन्तर्गत पर्दैनन् जस्तै– अल्लाहको उपासना गर्नमा बल पुग्नको लागि व्यायाम गर्नु, घरपरिवारको खर्च जुटाउन व्यवसाय गर्नु इत्यादिमा उहाँको अनुसरण चाहिंदैन। इस्लामी विधि-विधानको विपरीत नहुनु र अवैध तरिकाले नगर्नु नै पर्याप्त हुन्छ।



> ईबादत स्वीकार हुनको लागि 'इख्लास' (कसैलाई साझेदार नगरिकन मात्र अल्लाहको उपासना गर्नु) र 'इत्तिबा' (रसूल सल्लल्लाहु अलैहि व सल्लम को तरिका अनुसार गर्नु) एकदम जरुरी छ।

## > शिर्क (बहुदेववाद)

- तौहीद (एकेश्वरवाद) को विपरीत शिर्क (बहुदेववाद) हो । जसरी अल्लाहमाथिको आस्था र उहाँको मात्र उपासना गर्नु उत्कृष्ट पुण्य हो त्यसरी नै शिर्क सबैभन्दा घृणित र महापाप हो । तौबा (प्रायश्चित) नगरुन्जेल यो क्षमा योग्य छैन । अल्लाहले भन्नुभएको छ– "अल्लाहले शिर्कलाई कदापि क्षमा गर्नु हुन्न तर यसबाहेकका अन्य पापलाई क्षमादान दिन सक्नु हुन्छ ।" (कुरआन : ४/४८)

जुन बेला रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सोधियो– अल्लाहको दृष्टिमा महापाप के हो ? उहाँले जवाफ दिनुभयो– "अल्लाहले तिमीलाई सृष्टि गर्नुभएको छ, तै पनि तिमी उहाँको लागि प्रतिद्वन्दी ठहर गर्छौ ।" (बुखारी : ४२०७, मुस्लिम : ८६)

- शिर्कले सम्पूर्ण उपासनाहरूलाई व्यर्थ र निराधार बनाई दिन्छ । अल्लाहले भन्नुभएको छ– "यदि सन्देष्टाहरूले शिर्क गरेका भए यिनीहरूका सबै सत्कर्महरू खेर जाने थिए ।" (कुरआन : ६/८८)

बहुदेववादहरूका बास सदाको लागि नरक नै हुनेछ । अल्लाहले भन्नुभएको छ– "जो कोही अल्लाहको साथमा कसैलाई साझेदार बनाउँछ, अल्लाहले उसको लागि स्वर्ग निषेध गर्नुभएको छ र उसको बासस्थान नरक हुनेछ ।" (कुरआन : ५/७२)

### शिर्क दुई प्रकारका छन्–

१ **ठूलो शिर्क–** अल्लाह बाहेक अरु कसैको पूजा उपासना गर्नुलाई ठूलो शिर्क भनिन्छ । तन-मन र वचनले अल्लाहको उपासना गरियो भने यही तौहीद र ईमान हो र अन्य कसैको लागि गरियो भने यही शिर्क (बहुदेववाद) र कुफ्र (अवज्ञा) हो ।

ठूलो शिर्कको उदाहरण– अल्लाह बाहेक अरु कसैसँग रोग निको हुन वा रोजीमा सम्वृद्धि हुनको लागि दुआ गर्नु, अरुमाथि आश्रित हुनु वा ढोग गर्नु इत्यादि ।

अल्लाहले भन्नुभएको छ– "तिम्रा पालनकर्ताले भन्नुभएको छ– मलाई नै पुकार, म तिमीहरूको पुकार सुन्दछु ।" (कुरआन : ४०/६०)

अल्लाहले भन्नुभएको छ– "यदि तिमीहरू आस्थावान हौ भने अल्लाहमाथि नै भरोसा गर ।" (कुरआन : ५/२३)

अल्लाहले भन्नुभएको छ– "अल्लाहकै लागि सज्दा र उहाँकै भक्ति गर ।" (कुरआन : ५३/६२)

जसले अल्लाह बाहेक अरु कसैको उपासना गर्यो, उसले शिर्क र कुफ्र गर्यो ।

२ **सानो शिर्क**– ठूलो शिर्कसम्म पुर्याउने प्रत्येक वचन वा क्रियाकलापलाई सानो शिर्क भनिन्छ।

सानो शिर्कको उदाहरण– देखावटीको लागि सलाह पढ्नु, आफूतिर आकर्षण गर्न मिठो स्वरमा कुरआनको पाठ गर्नु, प्रशंसा बटुल्नको निम्ति ठूलो स्वरमा अल्लाहको नाम लिनु इत्यादि। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "तिमीहरूका लागि जुन कुरादेखि म अत्यन्तै भयभित छु त्यो सानो शिर्क हो। उहाँका साथीहरूले सोधे, ए हजुर, सानो शिर्क भनेको के हो ? उहाँले जवाफमा भन्नु भयो– रिया अर्थात देखावटीको लागि पुण्य गर्नु।" (अहमद : २३६३०)

मानिसले के भन्लान भन्ने डरले सलाह पढ्नु र त्यहाँ कोही छैन भने नपढ्नु मुनाफिक (कपटी) को पहिचान हो। यो ठूलो शिर्क हो र यसले मानिसलाई इस्लामबाट नै बाहिर गरि दिन्छ।

## के मानिससित माग्नु वा केही कुरा चाहनु शिर्क हो ?

इस्लामले मानिसको बुद्धिलाई अनावश्यक कार्य, धोका र अल्लाह बाहेक अन्य मानिसको लागि ढोग गर्नु र लिप्त हुनबाट स्वतन्त्र गरेको छ।



> जीवित उपस्थित व्यक्तिसित उसले गर्न सक्ने सहयोग माग्नु जायज र मानिसहरूको आपसी दैनिक क्रियाकलाप हो।

त्यसैले मृत वा निर्मित वस्तुसँग माग्नु, वा उसको अगाडि ढोग गर्नु निराधार र महापाप हो।

तर जीवित उपस्थित व्यक्तिलाई उसले गर्न सक्ने सहयोग माग्नु जायज छ, जस्तै– डुब्न लागेकोले बचाउन सहयोग वा मेरो लागि अल्लाहसित प्रार्थना गर्नुहोस् भन्न सकिन्छ।

के मृत मानिस वा निर्मित वस्तुसित माग्नु शिर्क हो ?

हो

यो शिर्क र इस्लाम विपरीत कुरा हो, किनभने मरेका मानिसहरू वा ठोस वस्तुहरू न त हाम्रो गुहारलाई सुन्न सक्छन् न त पूरा नै गर्न सक्छन् । प्रार्थना गर्नु एक प्रकारको उपासना हो, त्यसैले अल्लाह बाहेक अरु कसैलाई पुकार्नु शिर्क हो । अरबका बहुदेववादीहरू मरेका मानिस र निर्मित वस्तुहरूलाई पुकार्ने गर्दथे ।

होइन

यस्तो जीवित व्यक्ति जो तपाईंको कुरा सुन्न र पूरा गर्न सक्षम छ, के उसलाई गुहार्न सकिन्छ ?

हो

यो गुहार एकदम जायज छ, किनभने यो मानिसहरूको आपसी दैनिक क्रियाकलाप र सहयोग हो ।

होइन

जीवित व्यक्तिसित गर्न नसक्ने कुरा माग्नु, जस्तै कुनै बाँझ महिलाको पुकार– ए बाबा, मलाई राम्रो र गतिलो सन्तान देऊ, यो ठूलो शिर्क हो किनभने अल्लाह बाहेक अरु कसैलाई पुकार्नु वा गर्न नसक्ने कुरा माग्नु शिर्क हो ।

## > अल्लाहका नाम र विशेषताहरूमाथि आस्था राख्नु

अल्लाहले आफ्नो लागि जुन नाम र विशेषताहरू कुरआन वा हदीसमा प्रमाणित गर्नुभएको छ, ती कुराहरूमाथि जस्ताको तस्तै आस्था राख्नु ।

अल्लाहकै लागि राम्रा नाम र परिपूर्ण विशेषताहरू छन् । उहाँ जस्तो नाम र विशेषता अरु कसैको हुनै सक्दैन । अल्लाहले भन्नुभएको छ– "उहाँ जस्तो अरु कोही छैन, उहाँ सर्वश्रोता र सर्वद्रष्टा हुन् ।" (कुरआन : ४२/११) अल्लाह आफ्नो नाम र विशेषताहरूमा सम्पूर्ण सृष्टिको समानता र साझेदारीबाट पवित्र र महान हुन् ।

### अल्लाहका केही नामहरू–

अल्लाहले भन्नुभएको छ– "उहाँ अत्यन्त करुणामय र परम दयालु हुन् ।" (कुरआन : १/३)

अल्लाहले भन्नुभएको छ– "उहाँ सर्वश्रोता र सर्वद्रष्टा हुन् ।" (कुरआन : ४२/११)

अल्लाहले भन्नुभएको छ– "उहाँ प्रभुत्वशाली र तत्वदर्शी हुन् ।" (कुरआन : ३१/९)

अल्लाहले भन्नुभएको छ– "अल्लाह बाहेक कोही सत्य ईश्वर छैन अनि उहाँ जीवित र आत्मनिर्भर हुन् ।" (कुरआन : २/२५५)

अल्लाहले भन्नुभएको छ– "सम्पूर्ण प्रकारका प्रशंसाहरू अल्लाहकै निम्ति छन् जो सम्पूर्ण जगतका पालनकर्ता हुन् ।" (कुरआन : १/२)



## अल्लाहका नाम र विशेषताहरूमाथि आस्थाका केही फाइदाहरू–

१ अल्लाहको ज्ञान, जसले अल्लाहका नाम र विशेषताहरूमाथि जति विश्वास गर्छ, अल्लाहको बारेमा उसको ज्ञानमा त्यत्ति नै वृद्धि हुन्छ, ईमान र आस्था बलियो हुन्छ, मुटुभरि उहाँकै लागि माया र आदर हुन्छ।

२ अल्लाहका नाम र विशेषताद्वारा उहाँको प्रशंसा गर्नु, उहाँको प्रशंसा गर्ने सबैभन्दा उत्तम तरिका यही हो। अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो ! अल्लाहलाई अत्यधिक स्मरण (प्रशंसा) गर।" (कुरआन : ३३/ ४१)

३ अल्लाहका नाम र विशेषताहरूद्वारा प्रार्थना गर्नु, अल्लाहले भन्नुभएको छ– "अल्लाहका राम्रा नामहरू छन् र उहाँलाई उहाँकै नामबाट पुकार्ने गर।" (कुरआन : ७/१८०) जस्तै– हे अन्नदाता, हामीलाई रोजी देऊ, हे प्रायश्चित स्वीकार्नेवाला, मेरो प्रायश्चितलाई स्वीकार गरि देऊ, हे करुणामय, ममाथि कृपा गरि देऊ आदि।

## ईमानका उच्च श्रेणीहरू–

ईमानका केही श्रेणीहरू छन्। मुस्लिमको ईमान सुस्ती र पाप अनुसार कम हुन्छ र अल्लाहको ईबादत, भय र पुण्य अनुसार बढ्दछ।

ईमानको सर्वोच्च श्रेणीलाई एहसान (परोपकार) भनिन्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले यसको परिभाषा यसरी दिनुभएको छ– "अल्लाहको उपासना यसरी गर कि तिमी अल्लाहलाई देखिरहेका छौ, यदि तिमीले देखिरहेका छैनौ भने अल्लाहले तिमीलाई देखिरहनु भएको छ।" (बुखारी : ५०, मुस्लिम : ८)

याद राख ! अल्लाहले तिम्रो उभिनु, बस्नु, कुरा गर्नु, ख्याल ठट्टा गर्नु आदि सम्पूर्ण क्रियाकलापहरूलाई राम्ररी देखिरहनु भएको छ। त्यसैले उहाँको अवज्ञा गर्ने प्रयास नगर। डर, त्रास तथा निराशको दलदलमा जीविका निर्वाह नगर, किनकि उहाँको माया र कृपा तिम्रो साथमा छ। आफूलाई एक्लो कहिल्यै नठान, किनकि उहाँ तिमीदेखि एकदम नजिक हुनुहुन्छ। उहाँले तिम्रो प्रत्यक्ष अप्रत्यक्ष सबै क्रियाकलापहरूलाई देखिरहनु भएको छ, जान्दा जान्दै पाप गर्नु बुद्धिमानी होला ! यदि तिमी बाटो बिराउछौ वा अन्जानमा गल्ती गर्छौ भने आफ्नो पापको प्रायश्चित गर, उहाँले तिमीलाई क्षमादान दिनु हुनेछ।





## अल्लाहमाथि आस्थाका केही फाइदाहरू–

१ अल्लाहले आफ्ना भक्तहरूलाई प्रत्येक नराम्रा कुराहरूबाट जोगाउनु हुन्छ, उनीहरूलाई कष्टबाट मुक्त गर्नुहुन्छ र शत्रुहरूको षड्यन्त्रबाट सुरक्षित राख्नुहुन्छ। अल्लाहले भन्नुभएको छ– "अल्लाह नै आस्थावान भक्तहरूका रक्षक हुन्।" (कुरआन : २२/३८)

२ ईमानले नै सुखमय जीवन प्राप्त हुन्छ, अल्लाहले भन्नुभएको छ– "आस्थावान पुरुष र महिलामध्ये जसले सत्कर्म गर्छ, हामी उसलाई सुखमय जीवन यापन गराउने छौं।" (कुरआन : १६/९७)

३ ईमानले आत्मालाई अन्धविश्वास र अनावश्यक कुराहरूबाट पवित्र पार्छ, जो व्यक्ति वास्तवमा अल्लाहमाथि आस्था राख्दछ, उसका सम्पूर्ण मामिला अल्लाहसँग आवद्ध हुन्छ, किनभने उहाँ नै सम्पूर्ण संसारका सृष्टिकर्ता र सत्य ईश्वर हुन्। यसले आस्थावानको मनोबललाई बलियो पार्छ, ऊ सृष्टिबाट भयभित हुँदैन, अन्धविश्वास र अनावश्यक कुराहरूबाट मुक्त हुन्छ।

४ ईमानको ठूलो प्रतिफल, अल्लाहको प्यारो भक्त बन्नु, स्वर्गमा आफ्नो स्थान सुरक्षित पार्नु, सधैं रहने वरदान र पूर्ण माया प्राप्त गर्नु हो।

# > फरिश्ता (देवदूत) हरूमाथि आस्था राख्नु

## फरिश्ताहरूमाथि आस्थाको अर्थ–

फरिश्ताहरूको अस्तित्वमाथि दृढतापूर्वक आस्था राख्नु, उनीहरू मानव तथा जिन्न बाहेक अदृश्य संसारका प्राणी हुन्। उनीहरू पवित्र एवम् प्रतिष्ठित भक्त हुन्, निरन्तर अल्लाहको भक्ति गरिरहेका छन्, अल्लाहका आदेशहरूलाई कार्यान्वयन गर्न सतर्क हुन्छन् र कहिल्यै पनि उहाँको अवज्ञा गर्दैनन्।

अल्लाहले भन्नुभएको छ– "उनीहरू अल्लाहका पवित्र एवम् प्रतिष्ठित भक्त हुन्, अल्लाहको आदेश अगाडि केही पनि भन्दैनन् र उहाँकै आदेशले मात्र कार्य गर्छन्।" (कुरआन : २१/२६-२७)

फरिश्ताहरूमाथि आस्था राख्नु ईमानका ६ वटा आधारहरूमध्ये एउटा आधार हो। अल्लाहले भन्नुभएको छ– "रसूल र आस्थावानहरूले आफ्ना पालनकर्ताको तर्फबाट अवतरित चीजमाथि ईमान ल्याएका छन्। यिनीहरू सबै अल्लाह, उहाँका फरिश्ताहरू, ग्रन्थहरू र उहाँका रसूलहरूमाथि आस्थावान भए।" (कुरआन : २/२८५)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले ईमानको बारेमा भन्नुभएको छ– "तिमी अल्लाह, उहाँका फरिश्ताहरू, किताबहरू, रसूलहरू, कयामत (महाप्रलय) को दिन र राम्रो-नराम्रो भाग्यमाथि आस्था राख।" (मुस्लिम : ८)

## फरिश्ताहरूमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ?

१ उनीहरूको अस्तित्वमाथि आस्था राख्नु, उनीहरू अल्लाहका सृष्टि हुन् भन्ने कुरामाथि विश्वास गर्नु, उनीहरू अवस्थित छन्, अल्लाहले उनीहरूलाई प्रकाशबाट सृष्टि गर्नुभएको छ। अल्लाहको भक्ति र आज्ञापालन गर्न प्रवृत्ति बनाई दिएका छन्।

२ उनीहरूमध्ये जसको नाम थाहा छ, जस्तै– जिब्रील, त्यसमाथि पूर्ण रुपमा ईमान ल्याउनु र जसको नाम थाहा छैन उनीहरूमाथि संक्षेपमा ईमान ल्याउनु।

३ उनीहरूका विशेषताहरूमध्ये जे जति थाहा छ त्यति विश्वास गर्नु, जस्तै–

- उनीहरू अदृश्य संसारका प्राणी हुन्। अल्लाहको उपासना गर्ने सृष्टि हुन्, अल्लाहमा पाइने गुण र शक्ति उनीहरूमा पाइदैनन् र उनीहरू अल्लाहको उपासनामा लिप्त छन्। अल्लाहले भन्नुभएको छ– "अल्लाहको हुकुमको अवज्ञा गर्दैनन् र जे आदेश दिइन्छ त्यसको पालना गर्दछन्।" (कुरआन : ६६/६)

- उनीहरू प्रकाशबाट सृष्टि गरिएका हुन् । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "फरिश्ताहरू प्रकाशबाट सृष्टि गरिएका हुन् ।" (मुस्लिम : २९९६)


- उनीहरूका पखेटा छन् । अल्लाहले भन्नुभएको छ– "सम्पूर्ण प्रकारका प्रशंसाहरू अल्लाहकै लागि हुन्, जसले आकाशहरू र धरतीलाई सृष्टि गर्नुभएको छ, दुई-दुई, तीन-तीन र चार-चार पखेटा भएका फरिश्ताहरूलाई सन्देश पुर्याउन नियुक्त गर्नुभएको छ । उहाँ आफ्नो सृष्टिमा जे चाहनुहुन्छ वृद्धि गर्नुहुन्छ । वास्तवमा अल्लाह हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ ।" (कुरआन : ३५/१)

४ अल्लाहको हुकुमले उनीहरू जे काम गर्छन् र जसको बारेमा हामीलाई जानकारी छ, त्यसमाथि विश्वास गर्नु, जस्तै–

- अल्लाहको सन्देश (वही) पुर्याउने जिम्मेवारी 'जिब्रील' (अलैहिस्सलाम) लाई सुम्पिएको छ ।

- ज्यान लिने कार्यभार 'मलकुल्-मौत' र उसका सहयोगीहरूलाई सुम्पिएको छ ।

- भक्तहरूका राम्रा-नराम्रा क्रियाकलाप लेख्ने र सुरक्षित राख्ने जिम्मेवारी 'किरामन कातेबीन' लाई सुम्पिएको छ ।



> रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "आकाश निकै बोझिलो भइसकेको छ, किनभने कुनै एक बित्ता ठाउँ खाली छैन जसमा कुनै फरिश्ता उभिएको, निहुरिएको र ढोग गरेको नहोस् ।"

## फरिश्ताहरूमाथि आस्थाका केही फाइदाहरू–

फरिश्ताहरूमाथिको आस्थाले आस्थावानहरूको जीवनमा ठूलो प्रभाव पर्दछ । तीमध्ये केही निम्न छन्–

१ अल्लाहको महानता, अपार शक्ति र उहाँको पूर्ण अधिकारको ज्ञान हुन्छ । सृष्टिको श्रेष्ठताले सृष्टिकर्ताको महानता प्रकट हुन्छ, यसरी आस्थावानहरूको मनमा अल्लाहप्रतिको आदरमा वृद्धि हुन्छ, किनभने उहाँले पखेटा भएका फरिश्ताहरूलाई प्रकाशबाट सृष्टि गर्नुभएको छ ।

२ अल्लाहको उपासनामा अडिग रहने टेवा पुर्याउँछ । जसले फरिश्ताहरू उसका सबै क्रियाकलाप लेखिरहेका छन् भन्ने कुरामाथि आस्था राख्दछ, उसले खुल्लमखुल्ला वा लुकेर अल्लाहको अवज्ञा गर्दैन ।

३ अल्लाहको उपासना गर्नको लागि धैर्य प्राप्त हुन्छ, आत्मा शान्ति र आफ्नोपनको आभास हुन्छ, किनकि यो विशाल दुनियाँमा करोडौं फरिश्ताहरू अल्लाहको उपासनामा तन-मन र वचनले सक्रिय छन् ।

४ मानवमाथि भएको कृपामाथि अल्लाहको कृतज्ञता व्यक्त गर्नु, किनभने केही फरिश्ताहरूलाई मानवको सुरक्षामा तैनाथ गरिएका छन् ।



# > किताबहरूमाथि आस्था राख्नु

## किताबहरूमाथि आस्थाको अर्थ–

अल्लाहले भक्तहरूका लागि आफ्ना रसूल (सन्देष्टा) हरूमाथि किताबहरू अवतरण गर्नुभएको छ भन्ने कुरामाथि दृढतापूर्वक आस्था राख्नु । यी ग्रन्थहरू उहाँका वाणी र वचन हुन् । यसमा ज्ञानको ज्योति, सत्य कुरा, लोक-परलोकमा प्राप्त हुने सफलताका रहस्यहरू छन् ।

किताबहरूमाथि आस्था राख्नु ईमानको एउटा आधार हो । अल्लाहले भन्नुभएको छ– "हे ईमानवालाहरू हो ! अल्लाह, उहाँका रसूल र उहाँको रसूल (मुहम्मद) माथि अवतरित किताब र जुन ग्रन्थहरू यो भन्दा पूर्व अवतरित भए ती सबैमाथि आस्था राख ।" (कुरआन : ४/१३६)



> कुरआनको लेखन कार्य पूर्ण दक्षताका साथ गरिन्छ ।

अल्लाहले आफू, आफ्नो रसूल (मुहम्मद), उहाँमाथि अवतरित किताब; कुरआन र यस भन्दा पूर्व अवतरित सम्पूर्ण ग्रन्थहरूमाथि ईमान ल्याउने आदेश दिनुभएको छ ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले ईमानको बारेमा भन्नुभएको छ– "तिमी अल्लाह, उहाँका फरिश्ताहरू, किताबहरू, रसूलहरू, कयामत (महाप्रलय) को दिन र राम्रो वा नराम्रो भाग्यमाथि आस्था राख ।" (मुस्लिम : ८)

### किताबहरूमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ?

१ अल्लाहद्वारा अवतरित हो भन्ने आस्था राख्नु ।

२ अल्लाहको वाणी हो भन्ने आस्था राख्नु ।

३ अल्लाहले अन्तिम सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) माथि कुरआन, मूसा (अलैहिस्सलाम) माथि 'तौरात' र ईसा (अलैहिस्सलाम) माथि 'इन्जील' अवतरण गर्नुभयो भन्ने कुरामाथि आस्था राख्नु ।

४ त्यसका प्रमाणित कुराहरूलाई सत्य मान्नु ।

## कुरआनका विशिष्ट गुण र विशेषताहरू–

कुरआन हाम्रो सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) माथि अवतरित अल्लाहको वाणी हो। आस्थावानहरू उक्त ग्रन्थलाई धैरै सम्मान गर्दछन्, त्यसैको निर्देशन अनुसार जीवन यापन गर्दछन्, दिनरात त्यसैको पाठ र मनन् गर्नमा सक्रिय रहन्छन्।

यो कुरआन हाम्रो पथप्रदर्शक र मृत्युपछिको जीवनमा सफलता प्राप्तिको साधन हो।

## कुरआनका छुट्टै पहिचान, गुण र अनेक विशेषताहरू छन्, जसले गर्दा यो अघिल्ला ग्रन्थहरू भन्दा भिन्न छ, जस्तै–

१ कुरआन ईश्वरीय ग्रन्थहरूको सार हो। यसले अघिल्ला ग्रन्थहरूमा रहेका इकेश्वरवादलाई समर्थन र पुष्टि गर्दछ।

अल्लाहले भन्नुभएको छ– "हामीले सत्यका साथ यस किताबलाई तिमीमाथि अवतरण गर्यौं जसले अघिका ग्रन्थहरूको पुष्टि र संरक्षण गर्दछ।" (कुरआन : ५/४८)

अघिल्ला ग्रन्थहरूको पुष्टिको अर्थ–अघिल्ला ग्रन्थहरूमा रहेका आस्था र सूचनाहरूको समर्थन गर्नु हो। त्यसको संरक्षणको अभिप्राय– अघिल्ला ग्रन्थहरूको रक्षक र गवाह हुनु हो।

२ विभिन्न भाषा-भाषीमा विभाजित भएका सम्पूर्ण समुदायहरूले कुरआनलाई स्वीकार गर्नुपर्छ र यसको अभिलाषा अनुसार कर्म पनि गर्नुपर्छ। किनभने कुरआन विश्वव्यापी ग्रन्थ हो र संसार बाँचुन्जेलसम्म सबै जात वर्गको लागि हो। यसको विपरीत अघिल्ला ग्रन्थहरू केही सम्प्रदाय, खास भाषा तथा सीमित अवधिको लागि मात्र थिए।

अल्लाहले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई निर्देशन गर्दै भन्नुभएको छ– "ममाथि यो कुरआन वही (प्रकाशना) गरिएको छ, मलाई तिमीहरू र जो जसकहाँ पुग्छ सबैलाई सचेत गर्ने आदेश दिइएको छ।" (कुरआन : ६/१९)




३ अल्लाहले स्वयम् यसको सुरक्षाको जिम्मा लिनु भएको छ। त्यसैले यसमा अहिलेसम्म फेरबदल भएको छैन र हुने पनि छैन। अल्लाहले भन्नुभएको छ– "हामीले कुरआन अवतरण गर्यौं र हामी नै त्यसको सुरक्षा गर्नेछौं।" (कुरआन : १५/९) त्यसैले यसमा रहेका सम्पूर्ण कुराहरू सत्य छन् र यसको पुष्टि गर्नु अनिवार्य छ।

## कुरआनप्रति हाम्रो दायित्व के हो त ?


- हामीले कुरआनलाई माया र आदर गर्नुपर्छ, किनभने अल्लाहको वाणी भएकोले यो भन्दा राम्रो, सत्य र उच्च कोटिको अरु कुनै किताब छैन।
- हामीले ध्यानपूर्वक यसको तिलावत (पाठ) र अध्ययन गर्नुपर्दछ। कुरआनका उपदेशहरू, सूचना र कथाहरूमा मनन् गर्नुपर्दछ। आफ्नो जीवनलाई कुरआन अनुकूल ढाल्नु पर्दछ।
- हामीले यसका आदेशहरूलाई अनिवार्य रुपमा मान्नु पर्छ, यसका नीति र नियमहरूलाई आफ्नो जीवनको आदर्श बनाउनु पर्छ।

आईशा (रजियल्लाहु अन्हा) सित रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को आचरणको बारेमा सोध्दा उहाँले जवाफ दिनुभयो– "कुरआन नै उहाँको आचरण (अख्लाक) हो।" (अहमद : २४६०१, मुस्लिम : ७४६)

हदीसको तात्पर्य– उहाँको जीवन र क्रियाकलाप कुरआन र इस्लामी विधानहरूको पूर्ण व्यवहारिक प्रमाण थियो। किनभने उहाँले पूर्ण रुपमा कुरआनको अनुसरण गरेर देखाउनु भयो। त्यसैले अल्लाहले उहाँको जीवनलाई हामी सबैका लागि एउटा उत्तम आदर्श र जीवित नमुना घोषित गर्नुभएको छ।



अल्लाहले भन्नुभएको छ– "जो कोही अल्लाहसँगको साक्षात्कार, अन्तिम दिनको आशा र अल्लाहको बढी सम्झना गर्दछ, उसको लागि निश्चय नै रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को जीवन उत्तम आदर्श हो।" (कुरआन : ३३/२१)




> 'तौरात' र 'इन्जील' अल्लाहद्वारा नै अवतरित ग्रन्थहरू हुन्, तर यसमा निकै फेरबदल र परिवर्तन भएकोले जुन कुरा कुरआन र हदीसद्वारा प्रमाणित हुन्छ त्यसलाई मात्र सत्य मान्ने मुस्लिमको आस्था रहेको छ।

## अघिल्ला ग्रन्थहरूको बारेमा हाम्रो धारणा के हो त ?

मूसा (अलैहिस्सलाम) माथि अवतरित ग्रन्थ 'तौरात' र ईसा (अलैहिस्सलाम) माथि अवतरित ग्रन्थ 'इन्जील' को बारेमा मुस्लिमको आस्था के छ भने यी ग्रन्थहरू पनि अल्लाहद्वारा नै अवतरित हुन्, यी दुवै ग्रन्थहरूमा पनि अल्लाहको आदेश, सोझो मार्गमा डोर्याउने अर्ति-उपदेश, जीवन यापन गर्ने तरिका र ज्ञानका ज्योति छन्।

तर अल्लाहले हामीलाई कुरआनमा सूचित गर्नुभएको छ कि अहले-किताब (यहूदी र ईसाइ) हरूले आ-आफ्ना किताबमा फेरबदल र थप-घट गरेका छन्, त्यसैले ती ग्रन्थहरू अल्लाहले अवतरण गरे अनुसार यथावत रुपमा सुरक्षित छैनन्।

वर्तमान 'तौरात' त्यो 'तौरात' होइन जुन मूसा (अलैहिस्सलाम) माथि अवतरित भएको थियो। किनभने यहूदीहरूले त्यसमा फेरबदल, थप-घट र धेरैजसो विधानहरूका साथ खेलवाड गरेका छन्। अल्लाहले भन्नुभएको छ– "कतिपय यहूदीहरूले शब्दहरूलाई तिनका वास्तविक स्थानबाट फेरबदल गर्ने गर्दछन्।" (कुरआन : ४/४६)

त्यसैगरी वर्तमान बाइबल त्यो 'इन्जील' होइन जुन ईसा (अलैहिस्सलाम) माथि अवतरित भएको थियो। किनभने ईसाइहरूले त्यसमा फेरबदल र धेरैजसो विधानहरूलाई परिवर्तन गरेका छन्।

अल्लाहले भन्नुभएको छ– "तिनीहरूमध्ये एउटा दल यस्तो पनि छ, जो किताब पढ्दा आफ्नो जिब्रोलाई बाङ्गो पार्दछन् ताकि तिमीहरूले त्यसलाई ग्रन्थको अंश ठान, जबकि त्यो ग्रन्थको अंश होइन र तिनीहरू यो अल्लाहको तर्फबाट हो भन्छन् जबकि त्यो अल्लाहको तर्फबाट होइन र यसरी नै तिनीहरू जानी-जानी अल्लाहले भनेको भनेर अल्लाहमाथि झूठो आरोप लगाई रहेका छन्।" (कुरआन : ३/७८)

"उनीहरूमध्ये जसले भन्यो, हामी ईसाइ हौं" उनीहरूसित हामीले वाचा लियौं, तिनीहरूले पनि ती शिक्षाहरूको अधिकांश भाग बिर्सिदिए जसको पाठ तिनीहरूलाई दिइएको थियो । अन्तमा हामीले उनीहरू बीच कयामत (महाप्रलय) सम्मको लागि शत्रुता र इर्ष्याको आगो सल्काई दियौं । तिनीहरू जे जति गर्दछन् त्यसबारे चाँडै नै अल्लाहले तिनीहरूलाई अवगत गराउनु हुनेछ ।" (कुरआन : ५/१४)

त्यसैले हाल अहले-किताबको हातमा रहेको बाइबलमा धेरैजसो गलत आस्था, असत्य कुरा र मिथ्या कथाहरू पाइन्छन् । त्यसैले हामीले ती कुराहरूको मात्र पुष्टि गर्दछौं जसको पुष्टि कुरआन र सही हदीसले गरेका छन् र ती सबै कुराहरूलाई असत्य ठान्दछौं जसलाई कुरआन र सही हदीसले झूठा ठहर गरेका छन् । त्यस बाहेक बाँकी कुराहरूको न पुष्टि गर्नेछौं न नै झूठा ठहर गर्नेछौं बरु त्यसको बारेमा मौन रहनेछौं ।

तै पनि मुस्लिमले ती ग्रन्थहरूलाई आदर गर्दछन्, त्यसको अवज्ञा गर्दैनन्, किनभने त्यसमा फेरबदल नगरिएका केही अल्लाहका सत्य कुराहरू अझै पनि पाइन्छन् ।





## किताबहरूमाथि आस्थाका केही फाइदाहरू–

किताबहरूमाथि आस्थाका केही फाइदाहरू निम्न छन्–

१ अल्लाहले आफ्ना भक्तहरूलाई कति रेखदेख र माया गर्नुहुन्छ भन्ने कुराको ज्ञात हुन्छ। त्यसैले त उहाँले प्रत्येक समुदायको मार्गदर्शन तथा लोक-परलोकको सफलताको लागि ग्रन्थहरू पठाउनु भयो।

२ अल्लाहको अपार ज्ञानको ज्ञात हुन्छ, किनकि प्रत्येक समुदायको लागि उनीहरूको अवस्था, स्थान र पिढीलाई मध्यनजर गरि नीति, नियम र विधान पारित गर्नुभयो। अल्लाहले भन्नुभएको छ– "हामीले तिमीहरूमध्ये हरेकका लागि एउटा विधान र कार्यप्रणाली बनायौं।" (कुरआन : ५/४८)

३ यी किताबहरू अवतरण गरे बापत अल्लाहको कृतज्ञता व्यक्त गर्नु, किनभने यी किताबहरूमा लोक-परलोकको सफलताका रहस्यहरू छन्। त्यसैले अल्लाहको अमूल्य वरदानको कृतज्ञता व्यक्त गर्नुपर्दछ।

# > रसूल (सन्देष्टा) हरूमाथि आस्था राख्नु

## मानिसहरूलाई धार्मिक सन्देशको आवश्यकता–



के हावा र पानी बिना सास फेर्न सकिन्छ ? सास बिनाको धड्कन चल्न सक्छ ? त्यसरी नै रसूल बिनाको जीवनको कल्पना पनि गर्न सकिदैन, किनकि उनीहरू नै संसारको लागि प्रकाश र जीवन हुन् । यदि आत्मा, जीवन र प्रकाश छैन भने दुनियाँको के अर्थ ?

त्यसैले अल्लाहद्वारा प्रदत्त सन्देशलाई ज्यान भनिएको छ । ज्यान हुँदैन भने जीवनको अन्त हुनेछ । अल्लाहले भन्नुभएको छ– "यसरी नै हामीले तिमीतर्फ आफ्नो आदेशबाट 'आत्मा' (कुरआन) अवतरण गर्यौं । ईमान र किताब के हो तिमीलाई केही पनि थाहा थिएन । तर हामीले त्यसलाई ज्योति बनायौं, हाम्रा भक्तहरूमध्ये जसलाई चाहन्छौं त्यसद्वारा मार्गदर्शन गर्छौं ।" (कुरआन : ४२/५२)

बुद्धिले केही राम्रा र नराम्रा कुराहरूलाई छुट्याउन सकिन्छ, तर त्यसको विस्तृत जानकारी, ईबादतका पूर्ण तरिका तथा कैफियतहरू बिना वही र सन्देश जान्नु असम्भव छ ।

लोक-परलोकका सफलता बिना रसूल प्राप्त गर्न सकिन्न । राम्रा र नराम्रा कुराहरूको राम्ररी पहिचान उनीहरूको मार्गदर्शन बिना सम्भव छैन ।

याद राख्नुहोस् ! जसले दूत र दूतत्वबाट विमुख हुन्छ, उसले विमुखता अनुसार व्याकुल्ता, चिन्ता र कठोरता भोग्नु पर्छ ।

## आस्थाको एउटा आधार–

रसूलहरूमाथि आस्था राख्नु ईमानका ६ वटा आधारहरूमध्ये एउटा आधार हो । अल्लाहले भन्नुभएको छ– रसूल र आस्थावानहरूले आफ्ना पालनकर्ताको तर्फबाट अवतरित कुराहरूमाथि ईमान ल्याएका छन् । सबै अल्लाह, उहाँका फरिश्ताहरू, ग्रन्थहरू र उहाँका रसूलहरूमाथि आस्थावान भए ।" (कुरआन : २/२८५)

तसर्थ एउटा मुस्लिमले सम्पूर्ण रसूलहरूमाथि बिना कुनै विभाजन आस्था राख्नु पर्छ भन्ने कुरा छर्लङ्ग हुन्छ। हामीले यहूदी र ईसाइ झैं एउटा रसूललाई मान्नु र अर्कोलाई नमान्नु कदापि गर्नु हुँदैन।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले ईमानको बारेमा भन्नुभएको छ– "तिमी अल्लाह, उहाँका फरिश्ताहरू, किताबहरू, रसूलहरू, कयामत (महाप्रलय) को दिन र राम्रो वा नराम्रो भाग्यमाथि आस्था राख।" (मुस्लिम : ८)

## रसूलहरूमाथि आस्थाको अर्थ–

अल्लाहले प्रत्येक समुदायमा तिनीहरूमध्येबाट एउटा सन्देष्टा (रसूल) पठाउनु भयो, उनीहरूले बिना साझेदारी एक मात्र अल्लाहको उपासना गर्ने आह्वान गरे भनेर दृढतापूर्वक आस्था राख्नु। उनीहरू सबै सत्य र सत्यलाई पुष्टि गर्ने, सत्यवान र इमान्दार थिए। उनीहरूले अल्लाहको सन्देशलाई नलुकाई, त्यसमा आफ्नो तर्फबाट केही फेरबदल नगरी पूर्ण रुपमा पुर्याए; न त केही कमी गरे न बढी नै।

अल्लाहले भन्नुभएको छ– "रसूलको काम स्पष्टरुपमा सन्देश पुर्याउनु बाहेक अरु केही छैन।" (कुरआन : १६/३५)

## रसूलहरूमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ?

१ उनीहरू अल्लाहका सच्चा सन्देष्टा हुन्, उनीहरू सबैले अल्लाहको मात्र उपासना गर्ने र उहाँको उपासनामा अरु कसैलाई साझेदारी न गर्ने आह्वान गरेका थिए भन्ने कुरामाथि आस्था राख्नु। अल्लाहले भन्नुभएको छ– "हामीले प्रत्येक समुदायमा रसूल पठायौं। केवल अल्लाहको उपासना गर र उहाँ बाहेक सम्पूर्ण मिथ्या उपास्यको उपासनादेखि टाढा रहने गर।" (कुरआन : १६/३६)

उनीहरूका वैधानिक उप-नियमहरू जुन त्यस समुदायको लागि उचित थियो, त्यसमा मात्र भिन्नता पाइन्छ। अल्लाहले भन्नुभएको छ– "हामीले तिमीहरूका लागि एउटा धर्म-विधान र कार्यप्रणाली बनाएका छौं।" (कुरआन : ५/४८)

२ सम्पूर्ण सन्देष्टा (नबी-रसूल) हरूमाथि आस्था राख्नु। उनीहरूमध्ये जसको नाम थाहा छ जस्तै– मुहम्मद, इब्राहीम, मूसा, ईसा र नूह (अलैहिमुस्सलाम) लाई नामका साथ र जसको नाम थाहा छैन उनीहरूमाथि संक्षिप्तमा आस्था राख्नुपर्दछ। कसैले उनीहरूमध्ये एकलाई अस्वीकार गर्यो भने उसले सबैलाई अस्वीकार गर्यो।

३ कुरआन र हदीसद्वारा प्रमाणित रसूलका चमत्कार र खबरहरूलाई सत्य मान्नु, जस्तै– मूसा (अलैहिस्सलाम) को लागि समुद्रमा बाटो बन्नु।

४ अन्तिम र सर्वश्रेष्ठ रसूल मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को विधि-विधान र तरिका बमोजिम धर्म-कर्म गर्नु।

## रसूलहरूका केही विशेषताहरू–

१

उनीहरू मानिस थिए, तर अल्लाहले उनीहरूलाई आफ्नो (वही) प्रकाशना र सन्देश पुर्याउन रसूल चयन गर्नुभयो, यो नै उनीहरू र अन्य व्यक्तिमा फरक छ। अल्लाहले भन्नुभएको छ– "तिमी भन्दा पहिले पुरुषलाई नै रसूल बनाएर पठायौं र उनीहरूमाथि वही अवतरण गर्यौं।" (कुरआन : २१/७)

उनीहरू शारीरिक बनावट, रुप र आचरणमा उच्च स्थानमा पुग्नु भएका थिए, बंशमा सबभन्दा उच्च र भद्र हुनहुन्थ्यो, बुद्धि र प्रष्ट भाषा भएकोले दूतत्वको भार उठाउन सक्नुका साथ जिम्मेवारी वहन गर्न योग्य हुनहुन्थ्यो, तर अल्लाहमा पाइने विशेषताहरू जस्तै सृष्टि गर्नु वा उपास्य हुनुमध्ये कुनै विशेषता उनीहरूलाई प्राप्त थिएन।

एउटा सर्वसाधारण व्यक्तिले पनि सरलताको साथ रसूललाई अनुसरण गर्न सकोस् भनेर अल्लाहले मानिसलाई नै रसूल बनाउनु भएको छ र उहाँको जीवनलाई सबैको लागि आदर्श घोषित गर्नुभएको छ।

२

अल्लाहले उनीहरूलाई अरु मानिसको दाँजोमा रसूल बनाएर ठूलो गुण लगाउनु भएको छ। अल्लाहले भन्नुभएको छ– "भनिदेऊ, म तिमीहरू जस्तै एउटा मानिस हुँ। ममाथि वही (प्रकाशना) गरिएको छ कि अल्लाह बाहेक अरु कोही तिम्रो पूज्य छैन।" (कुरआन : १८/११०)

दूतत्व कुनै आध्यात्मिक तपस्या, विवेक र बौद्धिक तर्कद्वारा प्राप्त गर्ने पद होइन। यो ईश्वरीय छनौट हो। अल्लाहले समस्त मानिसहरूमध्ये जसलाई चाहनुहुन्छ आफ्नो रसूल बनाउनु हुन्छ। अल्लाहले भन्नुभएको छ– "आफ्नो दूतत्वको कार्यभार कसलाई सुम्पिने भन्ने कुराको अल्लाहलाई नै बढी ज्ञान छ।" (कुरआन : ६/१२४)

३

उनीहरू अल्लाहको सन्देशलाई पुर्याउनमा हरेक प्रकारको त्रुटीबाट पवित्र छन्, त्यसैले अल्लाहका आदेशहरू पुर्याउन र सुम्पिएको जिम्मेवारीलाई निर्वाह गर्नमा कुनै गल्ती गर्दैनन्।

४

सम्पूर्ण रसूलहरू आफ्नो भनाइ र गराईमा सत्य छन्। अल्लाहले भन्नुभएको छ– "यो त त्यही हो, जसको वाचा करुणामय अल्लाहले गर्नुभएको थियो र रसूलहरूले पनि सत्य नै भनेका थिए।" (कुरआन : ३६/५२)

५

उनीहरूले इस्लामको निमन्त्रणा र अल्लाहको वाणीलाई सर्वत्र फैलाउनमा धेरै दुःख र पीडा सहनु पर्यो, अनेकौं बाधाहरू खेप्नु पर्यो तै पनि तिनीहरूले हार नमानी इस्लामको झण्डालाई सगरमाथाको चुचुरोमा पुर्याएर नै छाडे। अल्लाहले भन्नुभएको छ– "हे सन्देष्टा, धैर्य गर, जसरी अघिका सर्वश्रेष्ठ रसूलहरूले धैर्य गरे।" (कुरआन : ४६/३६)

## रसूलहरूका निशानी तथा चमत्कारहरू–

अल्लाहले आफ्ना रसूलहरूलाई उनीहरूको सत्यता र दूतत्वलाई प्रमाणित गर्नको लागि विभिन्न किसिमका निशानी, अदभुत घटना, तर्क-वितर्क तथा चमत्कारहरू प्रदान गर्नुभएको छ । ती चमत्कारहरूले प्रमाणित गर्दछन् कि उनीहरू अल्लाहका सच्चा रसूल हुन्, किनकि त्यस्तो चमत्कार साधारण व्यक्तिले प्रस्तुत गर्न सक्दैनन् ।

**चमत्कारको अर्थ :** आम मानिसले आँट गर्न नसक्ने आश्चर्यजनक र अदभुत घटनालाई चमत्कार भनिन्छ, जुन अल्लाहको कृपाले रसूलहरूलाई मात्र प्राप्त हुन्छ ।

**केही चमत्कारहरू यस प्रकार रहेका छन्–**

- मूसा (अलैहिस्सलाम) को लठ्ठी (लौरो) जिउँदो सर्पमा परिणत हुनु ।
- ईसा (अलैहिस्सलाम) ले आफ्नो समुदायलाई तिनीहरूले के खाइरहेका छन् र के थन्काएर राखेका छन् भन्ने कुराहरूको सूचना दिनु ।
- अन्तिम रसूल मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को लागि चन्द्रमा दुई टुक्रा हुनु ।

## ईसा (अलैहिस्सलाम) प्रति मुस्लिमहरूको आस्था–

१ उनी महान रसूलहरूमध्ये एउटा रसूल हुन् । सर्वश्रेष्ठ रसूलहरू यस प्रकार रहेका छन्– मुहम्मद, इब्राहीम, मूसा, ईसा र नूह (अलैहिमुस्सलाम) । अल्लाहले भन्नुभएको छ– "याद गर त्यो प्रतिज्ञालाई जो हामीले सबै नबीहरूसित, तिमीसित, नूह, इब्राहीम, मूसा र मर्यम-पुत्र ईसासित लिएका थियौं ।" (कुरआन : ३३/ ७)

२ ईसा (अलैहिस्सलाम) आदमका सन्तानमध्ये एकजना मानिस हुन् । अल्लाहले उहाँलाई इस्राइल समुदायको निम्ति रसूल बनाएर पठाउनु भयो । उहाँको हातबाट धेरै चमत्कारहरू सम्पन्न भए, तर अल्लाहमा पाइने गुण जस्तै सृष्टि गर्नु वा उपास्य हुनुमध्ये कुनै विशेषता उहाँलाई प्राप्त थिएन । अल्लाहले भन्नुभएको छ– "त्यो एउटा भक्त मात्र थियो जसमाथि हामीले उपकार गर्यौं र इस्राइल समुदायको निम्ति एउटा उदाहरण बनायौं ।" (कुरआन : ४३/५९)

'अल्लाह बाहेक मलाई र मेरी आमालाई उपासना गर' भनेर उहाँले आफ्नो समुदायलाई कहिल्यै पनि भन्नु भएन । बरु उहाँले त्यही भन्नु भयो जसको हुकुम अल्लाहले दिनुभएको थियो– "केवल एक अल्लाहको उपासना गर जो मेरो र तिमीहरू सबैका ईश्वर हुन् ।" (कुरआन : ५/११७)

३ उहाँ मर्यम-पुत्र ईसा हुन् । उहाँकी आमा मर्यम एउटी भद्र, सत्य, सन्तुष्ट, ईश्वरकी भक्तिनी, सति सावित्री र पवित्र थिइन् । अल्लाहको शक्तिले उहाँ बिना पति गर्भवती हुनु भयो र ईसाको सृष्टि सधैंभरीको लागि एउटा चमत्कार भयो । जसरी अल्लाहले आदम (अलैहिस्सलाम) लाई बिना

आमा-बुवाको माटोबाट सृष्टि गर्नुभएको थियो । अल्लाहले भन्नुभएको छ– “ईसाको उदाहरण अल्लाहकहाँ आदम झैं छ। अल्लाहले उहाँलाई माटोबाट बनाएर भन्नु भयो– ‘भई हाल’ अनि भई हाल्यो।” (कुरआन : ३/५९)

४ उहाँको र रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को बीचमा कुनै अर्को रसूल छैन । उहाँले मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को आगमनको शुभ समाचार दिनुभयो। अल्लाहले भन्नुभएको छ– “याद गर जब मर्यम-पुत्र ईसा (अलैहिस्सलाम) ले भने– हे इस्राइलका सन्तानहरू हो ! अल्लाहले मलाई तिमीहरूका लागि रसूल बनाएर पठाउनु भएको छ। म भन्दा अघि पठाइएको तौरत ग्रन्थको पुष्टि गर्दछु र मेरोपछि अहमद नामको रसूल आउनु हुनेछ भन्ने कुराको शुभ सूचना दिदैछु ।” (कुरआन : ६१/६)


५ अल्लाहले जुन चमत्कारहरू उहाँको हातबाट देखाउनु भयो ती सबैमाथि आस्था राख्नुपर्दछ, जस्तै– दुबे र अन्धोको उपचार, मृतलाई जीवित पार्नु, मानिसले खाएको र घरमा जम्मा गरेको कुराको बारेमा अवगत गराउनु । यी सबै कार्यहरू अल्लाहको हुकुमद्वारा नै हुन्थ्यो । उहाँ अल्लाहको साँचो रसूल हुन् भन्ने प्रमाणित गर्नको लागि यी चमत्कारहरू प्रदान गरिएका थिए।

६ निम्नलिखित कुराहरूलाई नमानुन्जेल कोही पनि मुस्लिम बन्न सक्दैन, ईसा (अलैहिस्सलाम) अल्लाहको असल भक्त र रसूल हुन्। यहुदीहरूद्वारा उहाँमाथि लगाइएको आरोप गलत हो र उहाँ हिमाल झैं पवित्र हुन्। त्यसैगरी ईसाइहरूका गलत आस्था, जस्तै– ईसा र उहाँकी आमा ईश्वर हुन् वा उहाँ ईश्वरका पुत्र हुन् वा उहाँ तीन ईश्वरमध्ये तेस्रा हुन्, यी सबैलाई गलत र मिथ्या ठान्नु पर्छ । अल्लाह यी सम्पूर्ण गलत आरोपहरूबाट पवित्र हुनुहुन्छ।



> ईसा (अलैहिस्सलाम) अल्लाहका उत्कृष्ट रसूलहरूमध्ये एउटा रसूल हुन्, तर उनी ईश्वर होइनन्। उहाँको न त हत्या भयो, न त शूलीमाथि चढाइयो।

❼ उहाँको न त हत्या भएको थियो, न शूलीमाथि झुण्डियाइएको थियो । जब यहुदीहरूले उहाँलाई हत्या गर्ने दुष्प्रयास गरे तब अल्लाहले उहाँलाई जीवित नै आकाशमा उठाउनु भयो र अर्को व्यक्तिको अनुहार उहाँसित मिल्दो-जुल्दो बनाई दिनुभयो, जसलेगर्दा उनीहरूले झुक्किएर त्यस व्यक्तिको हत्या गरी शूलीमाथि झुण्डियाई दिए। अल्लाहले भन्नुभएको छ– “उनीहरूको यो भनाई, हामीले अल्लाहका रसूल मर्यम-पुत्र ईसाको हत्या गरि दियौं । उनीहरूले न त हत्या गरेका हुन् न त शूलीमाथि झुण्ड्याएका हुन् । बरु तिनीहरूलाई भ्रममा पारियो । यस विषयमा मतभेद गर्नेहरू अवश्य नै सन्देहमा छन् । यसबारेमा अनुमान बाहेक तिनीहरूसँग कुनै विकल्प छैन। तिनीहरूले ईसा मसीहको हत्या कदापि गरेका छैनन्, तर अल्लाहले उनलाई आफूतर्फ उठाउनु भयो, किनभने अल्लाह प्रभुत्वशाली एवं तत्त्वदर्शी छन्। अनि अहले-किताब (यहूदी र ईसाइ) हरूमध्ये कोही यस्तो हुने छैन जसले उनको मृत्यु पूर्व उनीमाथि विश्वास नगरोस् र कयामतको दिन उनी तिनीहरूको साक्षी बस्ने छन् ।” (कुरआन : ४/१५७-१५९)



## मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) अल्लाहका नबी र रसूल हुन् भन्ने कुरामाथि आस्था राख्नु–

- ममुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) अल्लाहका सच्चा भक्त र रसूल हुन्, अघि बितिसकेको र पछि आउने सबैका सरदार हुन्, उहाँ नै अन्तिम रसूल हुन् । उहाँपछि कुनै अर्को रसूल आउनु हुने छैन, उहाँले अल्लाहको सन्देशलाई हामीसम्म पूर्ण रुपमा पुर्याउनु भयो र उहाँको काँधमा सुम्पिएको जिम्मेवारीलाई राम्ररी निर्वाह गर्नुभयो भनेर हामी आस्था राख्छौं ।
- उहाँले दिनुभएको सूचनाको पुष्टि गर्छौं, उहाँको आदेशको पालना गर्छौं, उहाँले हराम (निषेध) गर्नुभएको कुराबाट टाढा बस्छौं, उहाँको तरिका अनुसार अल्लाहको उपासना गर्छौं र जीवनको पाईला-पाईलामा उहाँको जीवनलाई आफ्नो लागि आदर्श मान्छौं ।

अल्लाहले भन्नुभएको छ– “निश्चय नै रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को जीवन तिमीहरूका लागि उच्च आदर्श हो । जो कोही अल्लाहसितको साक्षात्कार, अन्तिम दिनको आशा राख्दछ र अल्लाहलाई धैरै स्मरण गर्दछ ।” (कुरआन : ३३/ २१)

- हामीले आफ्ना आमा-बुवा, छोरा-छोरी तथा सम्पूर्ण मानिसहरू भन्दा बढी माया उहाँलाई गर्नुपर्छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “जबसम्म तिमीहरू आफ्ना आमा-बुवा, छोरा-छोरी तथा समस्त मानिसहरू भन्दा बढी माया मलाई गर्दैनौ तबसम्म तिमीहरू आस्थावान बन्न सक्दैनौ ।” (बुखारी : १५, मुस्लिम : ४४)

उहाँसँगको साँचो माया भनेको उहाँको अनुसरण गर्नु हो । साँच्चिकै, उहाँको पूर्ण अनुसरण नगरुन्जेल न त उहाँको साँचो माया पाउन सकिन्छ न त मार्गदर्शन नै । अल्लाहले भन्नुभएको छ– “यदि तिमीहरूले उहाँको आज्ञापालन गर्यौ भने अवश्य नै सत्य मार्ग पाउने छौ । सुन, रसूलको कर्तब्य सन्देश पुर्याउनु मात्र हो ।” (कुरआन : २४/५४)

- हामीले उहाँका सम्पूर्ण सुन्नत (तरिका) हरूलाई आदरपूर्वक स्वीकार गर्नुपर्छ । अल्लाहले भन्नुभएको छ– “होइन, तिम्रा पालनकर्ताको कसम ! जबसम्म यिनीहरूले आपसी सम्पूर्ण झैं-झगडामा तपाईंलाई न्यायाधीश मान्दैनन् र तपाईंले गरेको फैसलाप्रति बिना कुनै दुविधा प्रसन्नता पूर्वक स्वीकार गर्दैनन् भने तबसम्म आस्थावान बन्न सक्दैनन् ।” (कुरआन : ४/६५)

- हामीले उहाँको अवज्ञाबाट सधैं सतर्क हुनु अनिवार्य छ । किनभने उहाँको अवज्ञाले दु:खदायी पीडा र नराम्रो परिणाम भोग्नु पर्छ । अल्लाहले भन्नुभएको छ– “उहाँको आदेश उल्लंघन गर्नेहरू सावधान रहुन्, कतै उनीहरूलाई कुनै संकटले नघेरोस् वा कुनै दु:खदायी प्रकोपले नसमातोस् ।” (कुरआन : २४/६३)

## मुहम्मदको विधान (शरिअत) का विशेषताहरू–

मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को विधान (शरिअत) ले अघिल्ला विधानहरू भन्दा धैरे महत्वपूर्ण विशेषताहरू बोकेको छ, जस्तै–

- उहाँको विधान (शरिअत) ले अघिल्ला सम्पूर्ण विधानहरूलाई समाप्त पारेको छ । अल्लाहले भन्नुभएको छ– “मुहम्मद तिमीहरूमध्ये कुनै व्यक्तिका पिता होइनन्, तर उनी अल्लाहका रसूल र सम्पूर्ण रसूलहरूका समापक (अन्तिम रसूल) हुन् ।” (कुरआन : ३३/४०)
- उहाँको विधान (शरिअत) ले अघिल्ला सम्पूर्ण विधानहरूलाई रद्द गरेको छ । इस्लाम हुँदाहुँदै अघिल्लो धर्म र नीति, नियमको अब कुनै अर्थ रहेन, किनभने मुहम्मदको अनुसरण नगरुन्जेल कुनै पनि धर्म अल्लाहको दरबारमा स्वीकृत हुन सक्दैन । अल्लाहले आफूसम्म आउने सम्पूर्ण बाटोहरूलाई बन्द गरेर मात्र इस्लामको बाटोलाई खुला गर्नुभएको छ ।

वास्तवमा उहाँ सर्वश्रेष्ठ रसूल हुन्, उहाँका अनुयायीहरू सर्वश्रेष्ठ हुन् र उहाँको विधि-विधान परिपूर्ण छ । अल्लाहले भन्नुभएको छ– “जसले इस्लाम बाहेक अन्य कुनै धर्म ग्रहण गर्न खोज्छ उसको धर्म कदापि स्वीकार हुने छैन र ऊ परलोकमा क्षतिग्रस्त हुनेछ ।” (कुरआन : ३/८५)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “अल्लाहको कसम; जसको हातमा मेरो ज्यान अडेको छ यहूदी, ईसाइ या जो सुकै मेरो बारेमा थाहा पाइसकेपछि ममाथि आस्था राख्दैन भने ऊ नरकमा जानेछ ।” (मुस्लिम : १५३, अहमद : ८६०९)

- उहाँको विधान (शरिअत) मानिस र जिन्न लगायत सिङ्गै संसारको लागि हो । अल्लाहले जिन्नको कथनलाई यसरी वर्णन गर्नुभएको छ– “हे हाम्रा बन्धुहरू हो ! अल्लाहतर्फ आह्वान गर्ने व्यक्तिको कुरा मान ।” (कुरआन : ४६/३१) अल्लाहले भन्नुभएको छ– “(हे मुहम्मद) हामीले तिमीलाई सम्पूर्ण मानवजातिका लागि शुभ-सन्देशवाहक र सचेतक बनाएर पठाएका छौं ।” (कुरआन : ३४/२८)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “अल्लाहले मलाई ६ विशेष कुराहरूले सम्मानित गर्नुभएको छ जुन कुराहरू अरु रसूलहरूलाई प्राप्त भएनन्– जवामिउल-कलिम (कम शब्दमा बढी कुरा गर्ने शक्ति), रुवाफद्वारा मद्दत, युद्धको मैदानबाट प्राप्त धन-सम्पत्ति वैध गरिएको छ, मेरो लागि सम्पूर्ण धरतीलाई पवित्र तथा मस्जिद बनाइएको छ, मलाई सिङ्गो संसारकै लागि अन्तिम रसूल बनाएर पठाइएको छ र ममाथि दूतत्व समाप्त गरिएको छ ।” (बुखारी : २८१५, मुस्लिम : ५२३)



> मुस्लिमले मस्जिद अक्सालाई निकै माया गर्दछ, किनभने यो धरतीमा बनेका मस्जिदहरूमध्ये मस्जिद हराम (खाना काबा) पछिको दोस्रो मस्जिद हो । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लगायत अन्य रसूलहरूले पनि यसमा सलाह पढेका छन् ।

## रसूलहरूमाथि आस्थाका केही फाइदाहरू–

रसूलहरूमाथि आस्थाका निकै फाइदाहरू छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

१ भक्तहरूमाथि रहेका अल्लाहको दया र कृपाको ज्ञात हुन्छ। उनीहरूको मार्गदर्शनको लागि रसूलको व्यवस्था गर्नुभयो, किनभने मानिसको बुद्धि जतिसुकै ठूलो भए पनि ईबादतका सही तरिकाहरू रसूलद्वारा नै प्राप्त गर्नुपर्दछ। अल्लाहले मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को बारेमा भन्नुभएको छ– "हामीले तिमीलाई सम्पूर्ण संसारबासीहरूका लागि दयावान बनाएर पठाएका छौं।" (कुरआन : २१/१०७)

२ अल्लाहले प्रदान गर्नुभएको ठूलो वरदानप्रति कृतज्ञता व्यक्त गर्नु।

३ सम्पूर्ण रसूलहरूसँग हृदयदेखि माया गर्नु, उनीहरूलाई सम्मान गर्नु र उनीहरूको स्थान अनुसार सुहाउने प्रशंसा गर्नु, किनभने उनीहरूले अल्लाहको उपासना गरे, उहाँका सन्देशहरूलाई पुर्याए र अल्लाहका भक्तहरूलाई उपदेश दिए।

४ सम्पूर्ण रसूलहरूले दिनु भएका एकेश्वरवादको सन्देशलाई तन-मन र वचनले मान्नु र त्यस बमोजिम कर्म गर्नु, किनभने यसैमा लोक-परलोकका सफलता, असल सुख र शान्ति निहित छ।

अल्लाहले भन्नुभएको छ– "जो मेरो मार्गदर्शन अनुसार जीवन यापन गर्छ ऊ न पथभ्रष्ट हुनेछ, न अभागी नै र जो मेरो प्रशंसाबाट विमुख रहन्छ उसको जीवन संकीर्ण र कष्टपूर्ण हुनेछ।" (कुरआन : २०/१२३-१२४)

# > महाप्रलयको दिनमाथि आस्था राख्नु

## महाप्रलयको दिनमाथि आस्थाको अर्थ–

अल्लाहले मृत्यु पश्चात सम्पूर्ण व्यक्तिहरूलाई चिहानबाट जीवित पारेर उठाउनु हुनेछ, त्यसपछि हिसाब-किताब लिएर कर्म अनुसार प्रतिफल दिनु हुनेछ र स्वर्गबासी स्वर्गका महलहरूमा र नरकबासी नरकका खाल्डोमा बसोबास गर्नेछन् भन्ने कुरामाथि दृढतापूर्वक आस्था राख्नु ।

महाप्रलयको दिनमाथि आस्था राख्नु ईमानको एउटा आधार हो । यो नभईकन ईमान नै पूर्ण हुँदैन । अल्लाहले भन्नुभएको छ– "तर भलाई उसको लागि छ, जो अल्लाह र महाप्रलयको दिनमाथि आस्थावान हुन्छ ।" (कुरआन : २/१७७)

## किन कुरआनले महाप्रलयको दिनमाथि आस्था राख्न जोड दिएको छ ?

कुरआनले महाप्रलयको दिनमाथि आस्था राख्ने जोड दिएको छ र बारम्बार यसको सम्झना गराएको छ । एक दिन अवश्य नै महाप्रलयको घटना घटिने छ भन्ने कुरालाई विभिन्न शैलीद्वारा प्रमाणित गरेको छ र आधिकांश ठाउँमा यसलाई अल्लाहमाथिको आस्थासँग जोडेको छ ।

किनभने महाप्रलयको दिनमाथि आस्थाको अनिवार्य परिणाम अल्लाह र उहाँको न्यायमाथि आस्था राख्नु हो । यसको वर्णन यस प्रकार रहेको छ–

अल्लाह अपराध र अत्याचारलाई कदापि मन पराउनु हुन्न । अपराधीले सजाय भोग्नु पर्छ, पिडितले न्याय पाउनु पर्छ, परोपकारी र सत्कर्मीले राम्रो प्रतिफल पाउनु पर्छ र सामन्तीले नराम्रो परिणाम भोग्नु पर्छ भन्ने इस्लामको धारणा रहेको छ । तर आज हामी आफ्नै आँखाले देखिरहेका छौं कि कतिपय अपराधीहरू सजाय नभोगीकन र कतिपय पिडितहरू निसाफ नपाईकन मर्छन् । त्यसो भए न्याय खोई त ? के अल्लाहले अन्यायलाई मन पराउनु हुन्छ र ? त्यसैले मृत्युपछि अर्को जीवन हुनुपर्छ, जसमा परोपकारीले उपकार पाउन्, पापीले सजाय पाउन्, पीडितले न्याय पाउन् र प्रत्येक व्यक्तिले आ-आफ्नो कर्मको फल पाउन्, नत्र ईश्वरमाथिको आस्था नै धरापमा पर्छ ।



> नरकबाट जोगिनको लागि इस्लामले हामीलाई दीन दु:खीहरूसित परोपकार गर्ने उपदेश दिन्छ, यद्यपि आधा खजुर दान गरेर किन नहोस् ।

## महाप्रलयमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ?

महाप्रलयमाथिको आस्थाले निम्न कुराहरूलाई समेटेको छ–

१ पुनर्जीवन र महाप्रलयको दिन भेला हुनु माथि आस्था राख्नु– मृतकलाई चिहानबाट जीवित पारेर उठाउनु, सबैको आत्मालाई पुनः शरीरमा फर्काउनु, मानिसहरू आफ्नो ईश्वर अगाडि उभिनु र फेरि आमाको कोखबाट जन्मेको दिन झैं निर्वस्त्र एउटा ठाउँमा भेला हुनु ।

पुनर्जीवन र भेला हुनु माथि आस्था भनेको कुरआन, हदीस, बुद्धि र प्रकृतिद्वारा प्रमाणित छ । अल्लाहले सम्पूर्ण मृतकहरूलाई चिहानबाट जीवित पारेर उठाउनु हुनेछ, उनीहरूको आत्मालाई उनीहरूको शरीरमा फर्काउनु हुनेछ र सबै मानिसहरू अल्लाहको अगाडि उभिने छन् भन्ने कुरामाथि हामी हृदयदेखि विश्वास गर्दछौं ।

अल्लाहले भन्नुभएको छ– “त्यसपछि तिमीहरू मर्ने छौ र पुनः कयामत (महाप्रलय) को दिन उठाइने छौ ।” (कुरआन : २३/१५-१६)

सम्पूर्ण आकाशीय ग्रन्थहरूले पुनर्जीवन र भेला हुने आस्थाको पुष्टि गर्दछन् र यो नै अल्लाहको तत्वदर्शीको अभिलाषा पनि हो । किनभने अल्लाहले रसूलहरूद्वारा सुम्पिएको जिम्मेवारीबारे सोधपूछ र प्रतिफल दिनको लागि एक दिन बनाउनु पर्ने हो । अल्लाहले भन्नुभएको छ– “के हामीले तिमीहरूलाई व्यर्थ सृष्टि गरेका छौं र तिमीहरू हामीतर्फ फर्केर आउने छैनौ भन्ने ठानेका छौ ?” (कुरआन : २३/११५)

## पुनर्जीवन बारे कुरआनबाट केही प्रमाणहरू–

- अल्लाहले नै मानव सृष्टिको आरम्भ गर्नुभएको छ र जो सृष्टिको आरम्भ गर्न सक्छ, उसको लागि पुनः सृष्टि गर्नु कुनै कठिन कार्य होइन । अल्लाहले भन्नुभएको छ– “उहाँले नै सृष्टिको आरम्भ गर्नुभएको छ र उहाँले नै त्यसलाई फेरि दोहोर्याउनु हुनेछ ।” (कुरआन : ३०/२७) सडेको हाड र माटोमा मिसी सकेपछि मानिसलाई पुनः जीवित गर्न सकिदैन कुराको खण्डन गर्दै अल्लाहले भन्नुभएको छ– “भनिदेऊ, “उहाँले नै त्यसलाई जीवित पार्नु हुनेछ, जसले पहिलो पटक सृष्टि गर्नुभएको थियो । उहाँ त प्रत्येक सृष्टिका ज्ञाता हुन् ।” (कुरआन : ३६/७९)

- धरती मरेर सुकेको हुन्छ, जसमा कुनै हरियो रुख बिरुवा केही पनि हुँदैन, बर्षा हुन्छ र बर्षाको पानीले जमीन जीवित हुन्छ, लहलह हुन थाल्छ र चारैतिर हरियाली नै हरियाली हुन्छ । जसले मृत खेतीलाई जीवित पार्न सक्छ उसले मृत व्यक्तिलाई पनि जीवित पार्न सक्नु हुन्छ ।

अल्लाहले भन्नुभएको छ– "हामीले आकाशबाट पवित्र पानी बर्सायौं अनि त्यसद्वारा बगैंचाहरू र काटिने अन्न र बालीहरू उमार्यौं, भक्तको जीविकाको लागि खजूरका अग्ला-अग्ला वृक्षहरू जसमा एकमाथि अर्को झुण्डिएका फलका झुप्पाहरू छन् अनि पानीले मुर्दा नगरलाई जीवित पार्यौं । हो यसरी नै चिहानबाट जीवित परी उठाइने छ ।" (कुरआन : ५०/९-११)

- बुद्धिजिविहरूलाई थाहा नै छ, जसले ठूल-ठूला कार्यहरू गर्न सक्छ, उसले सानोतिनो काम सजिलैसँग गर्न सक्छ । अल्लाहले विशाल आकाश र अदभूत पृथ्वीको आविष्कार बिना कुनै संकोच गर्नुभएको छ भने उहाँ सडेको हाडलाई पुनः जीवित पार्न सक्नुहुन्न र ? अल्लाहले भन्नुभएको छ– "जसले आकाशहरू तथा धरती सृष्टि गर्यो, के ऊ त्यसलाई पुन: सृष्टि गर्न सक्षम छैनन् ? किन छैनन् ? उहाँ त महान सृष्टिकर्ता र सर्वज्ञाता हुन् ।" (कुरआन : ३६/८१)



२ **हसिाब-किताब र तराजुमाथि आस्था राख्नु–** अल्लाहले आफ्ना सृष्टिहरूको हिसाब-किताब उनीहरूको कर्मको आधारमा गर्नु हुनेछ । साँचो भक्त र असल मुस्लिमको हिसाब-किताब सरल हुनेछ र मुशरिक (बहुदेववादी), काफिर र कपटीको हिसाब धेरै गाह्रो हुनेछ ।

ठूलो काँटाद्वारा कर्मको लेखाजोखा हुनेछ । एकातिर पुण्य र अर्कोतिर पाप राखिनेछ । जसको पुण्यको पल्ला भारी हुनेछ, त्यो स्वर्गबासीमध्ये हुनेछ र जसको पापको पल्ला भारी हुनेछ, त्यो नरकबासीमध्ये हुनेछ । स्मरण रहोस् ! अल्लाहले कसैमाथि अन्याय गर्ने छैनन् ।

अल्लाहले भन्नुभएको छ– "महाप्रलयको दिन हामीले शतप्रतिशत जोख्ने तराजु राख्नेछौं, कसैमाथि अलिकति पनि अन्याय हुने छैन, एउटा रायोको दाना बराबर कर्म छ भने हामीले त्यसलाई पनि ल्याउनेछौं र हिसाब-किताबको लागि हामी सक्षम छौं ।" (कुरआन : २१/४७)

३ **स्वर्ग र नरक–** स्वर्ग– सदा सुख र आनन्दको बास हो, जुन आस्थावान, अल्लाहदेखि भय राख्ने, अल्लाह र रसूलको आज्ञापालन गर्ने सच्चा भक्तहरूका लागि तयार पारिएको छ । त्यसमा सबै किसिमका मन पराउने कुराहरू सदा-सर्वदाका लागि हुने छन्, जसलाई देखेर आँखा शितल हुनेछ ।

अल्लाहले आफ्ना भक्तहरूलाई आज्ञापालनमा प्रतिस्पर्धा गर्न प्रेरित गर्दै भन्नुभएको छ– "अग्रसर हौऊ, आफ्ना पालनकर्ताको क्षमादान एवम् त्यस स्वर्गको निम्ति जसको चौडाइ आकाश र धरती झैं छ जुन अल्लाहका असल भक्तहरूका लागि तयार पारिएको छ ।" (कुरआन : ३/१३३)

नरक– सदा कष्ट र पीडाको बास हो, जुन काफिर, मुशरिक र कपटीहरूका लागि तयार पारिएको छ । त्यहाँ मानिसले कल्पना गर्न नसक्ने नानाथरीका कष्ट, पीडा र यातना हुनेछ ।

अल्लाहले नरकबाट सचेत गर्दै भन्नुभएको छ– "नरकबाट डराऊ, जसको इन्धन मनुष्य र ढुङ्गा हुने छन् । यो काफिरहरूका लागि तयार पारिएको छ ।" (कुरआन : २/२४)

हे अल्लाह, हामी स्वर्ग र स्वर्गमा प्रवेश गराउने कार्यको प्रार्थना गर्दछौं । नरक र नरकमा पुर्‍याउने कार्यबाट तिम्रो शरण चाहन्छौं ।

४ **चिहानको यातना र सुख–** मृत्यु अकाट्य छ, न त रोकेर रोकिन्छ न त छेकेर छेकिन्छ । अल्लाहले भन्नुभएको छ– "भनिदेऊ, तिमीहरूको प्राण लिनको लागि मलकुल्-मौत नियुक्त गरिएको छ, जसले तिमीहरूलाई मृत्यु दिनेछ र त्यसपछि तिमीहरू आफ्ना पालनकर्तातर्फ फर्काइनेछौ ।" (कुरआन : ३२/११)

जो कोही मर्छ वा जसको हत्या हुन्छ अथवा मृत्युको कारण जे सुकै होस् उसको आयुमा केही कमी हुँदैन भन्ने कुरा सर्वविदित हो र यसमा कुनै शंका छैन । अल्लाहले भन्नुभएको छ– "जुन बेला उसको समय पूरा हुन्छ न त क्षण भर ढिलो हुन्छ, न त्यस भन्दा अगावै ।" (कुरआन : ७/३४)

- जसको मृत्यु भयो, उसको महाप्रलय शुरु भयो र परलोकतर्फ प्रस्थान गर्‍यो ।
- चिहानमा आस्थावान र सत्यवानका लागि सुख, चैन र आनन्दका कुराहरू छन् भने गैर-मुस्लिम र काफिर (अवज्ञाकारी) का लागि दु:ख र यातना हुने छन् भन्ने कुरा धेरैजसो हदीसबाट प्रमाणित छन् । ती कुराहरूमाथि आस्था राख्छौं तर त्यसको स्थितिबारे चासो लिदैनौं किनभने हाम्रो विवेकले त्यसलाई पत्ता लगाउन सकिन्न । त्यस्तै स्वर्ग र नर्क अदृश्यका कुराहरू हुन् जसको वास्तविकता अल्लाह बाहेक अरु कोही पनि जान्दैनन् ।

- त्यसैगरी चिहानमा हुने क्रियाकलापहरू पनि अदृश्यका कुराहरू हुन्, जसलाई विवेकले पत्ता लगाउन सकिन्न । यदि विवेकद्वारा चिहानको यातना र सुखको वास्तविकता थाहा पाउन सकिन्छ भने फेरि आस्था र कर्मको के अर्थ ? फेरि डरले कोही पनि आफ्नो मुर्दालाई चिहानमा गाडदैनन् ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "चिहानको चित्कार सुनेपछि तिमीहरू आफ्ना मुर्दा चिहानमा हाल्दैनौ भन्ने डर नभई दिएको भए, म अल्लाहसँग प्रार्थना गर्ने थिएँ, मैले सुनिरहेको कुरा तिमीहरूलाई पनि सुनाई दिउन् ।" (मुस्लिम : २८६८, निसाई : २०५८)

जनावरहरूमा कुनै जिम्मेवारी नभएकोले तिनीहरूलाइ चिहानको चित्कार सुन्ने क्षमता दिइएको छ ।



## महाप्रलयको दिनमाथि आस्थाका केही फाइदाहरू–

१ महाप्रलयमाथिको आस्थाले मानिसको मनमा ईश्-भय पलाउँछ, सत्कर्म गर्ने प्रेरणा मिल्छ, अहम् र देखावटीलाई त्याग्ने अवसर प्राप्त हुन्छ।

त्यसैले धेरैजसो श्लोकहरूमा महाप्रलयको आस्थालाई अल्लाहमाथिको आस्थासँग जोडिएको छ। अल्लाहले भन्नुभएको छ– "जो अल्लाह र महाप्रलयको दिनमाथि आस्था राख्छ, उसले नै मस्जिदलाई आबाद गर्छ।" (कुरआन : ९/१८) अल्लाहले अर्को ठाउँमा भन्नुभएको छ– "जो महाप्रलयको दिनमाथि आस्था राख्दछन् उनीहरू यस ग्रन्थमाथि आस्था राख्दछन् र आफ्नो सलाहको रक्षा गर्छन्।" (कुरआन : ६/९२)

२ धर्म र कर्मलाई वास्ता नगरी भौतिक सुख र दुनियाँको पछाडि भौंतारिरहेका व्यक्तिहरूका लागि सुध्रिने र अल्लाहको आज्ञापालनमा प्रतिस्पर्धा गर्ने सुवर्ण अवसर हो, किनभने यो त क्षणिक जीवन मात्र हो असल जीवन त स्वर्ग नै हो।

महाप्रलयको सम्झना गर्ने भक्तहरूको अल्लाहले प्रशंसा गर्नुभएको छ। अल्लाहले भन्नुभएको छ– "हामीले उनीहरूलाई परलोकको स्मरण गराउनको लागि चयन गरेका थियौं।" (कुरआन : ३८/४६)

अत: परलोकको स्मरणले नै उनीहरू उत्कृष्ट भएका हुन्। उक्त विशिष्ट कर्मले गर्दा नै अल्लाहले उनीहरूलाई चयन गर्नुभएको थियो।

जब केही मुस्लिमले अल्लाह र रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को अनुसरणमा सुस्ती गर्न थाले, तब अल्लाहले उनीहरूलाई यसरी सचेत गर्दै भन्नु भयो– "परलोकको साटो तिमीहरू दुनियाँदेखि प्रसन्न छौ ? यो भौतिक सुख स्वर्गको तुलनामा अति नै मूल्यहीन छ।" (कुरआन : ९/३८)

महाप्रलयको आस्थाले यो दुनियाँ मूल्यहीन देखिन्छ। स्वर्गका सुख र आनन्दहरूलाई यो सांसारिक आनन्दसँग कहिल्यै पनि तुलना गर्न सकिदैन। नरकको एक डुब्कीले दुनियाँका सबै सुखलाई र स्वर्गको एक दर्शनले दुनियाँमा भोगेका सम्पूर्ण दु:ख र पीडालाई बिर्साइ दिन्छ।

३ उक्त आस्थाले मानिसलाई सन्तुष्टि प्राप्त हुन्छ। आफूले चाहेको, रोजेको, खोजेको र मन पराएको कुरा प्राप्त हुँदैन भने आत्महत्या गर्दैनन् वा निराश हुँदैनन् बरु बढी मेहनत गर्छ, किनभने अल्लाहले परोपकारीको सत्कर्मलाई कदापि खेर जान दिदैनन्। यदि कसैलाई धोका दिएर वा जबर्जस्ती गरेर कणबराबर पनि कुनै सामान लुटिएको छ भने पिडितले महाप्रलयको दिन अवश्य नै त्यसलाई पाउनेछ, जुन बेला उसलाई त्यसको बढी खाँचो हुनेछ। के सिङ्गो संसारको विधाता र मालिक; अल्लाहसित पनि कोही निराश हुन सक्छ र ? त्यसैले साँचो भक्त कहिल्यै पनि हिम्मत हार्दैन र सकेसम्म सत्कर्म गर्ने प्रयास गर्दछ।

## > भाग्यमाथि आस्था राख्नु

### भाग्यमाथि आस्थाको अर्थ–

राम्रो र नराम्रो हरेक कुरा भाग्य विधाताको चाहना र फैसलाले नै हुन्छ, उहाँ जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ, उहाँको आदेश बिना रुखको एउटा पात पनि हल्लिन सक्दैन, उहाँले जसको भाग्यमा जे कोर्नु भएको छ, त्यो भन्दा बाहिर केही हुन सक्दैन भन्ने दृढतापूर्वक आस्था राख्नु । तर उहाँले आफ्नो भक्तलाई उसको शक्ति र मनसाय अनुसार स्वतन्त्रता दिनुभएको छ । स्वतन्त्र भन्नाले मानिस विवश र बाध्य छैन, बरु ऊ आफ्नो इच्छा अनुसार राम्रो र नराम्रो कर्म गर्न सक्छ । तर अल्लाह उसको र उसको इच्छाका सृष्टिकर्ता हुन् । जसलाई चाहनुहुन्छ आफ्नो कृपाले इस्लामलाई आत्मसात गर्ने मौका प्रदान गर्नुहुन्छ र जसलाई चाहनुहुन्छ आफ्नो बुद्धिले पथभ्रष्ट पार्नु हुन्छ । उहाँलाई कोही सोधपूछ गर्ने छैन र हामीहरूसित सोधपूछ हुनेछ ।

> भाग्यमाथि आस्था राख्नु ईमानको एउटा आधार हो । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले जिब्रील (अलैहिस्सलाम) को प्रश्नको जवाफमा ईमानको परिभाषा दिदै भन्नुभएको छ– “तिमी एक अल्लाह, उहाँका फरिश्ताहरू, किताबहरू, रसूलहरू, महाप्रलयको दिन र राम्रो-नराम्रो भाग्यमाथि आस्था राख ।” (मुस्लिम : ८)

### भाग्यमाथिको आस्थाले कुन विषय वस्तुलाई समेटेको छ ?

भाग्यमाथिको आस्थाले चार कुराहरूलाई समेटेको छ–

- अल्लाहको ज्ञानमाथि आस्था राख्नु– अल्लाहलाई सम्पूर्ण कुराहरूको विस्तृत र संक्षिप्त दुवै ज्ञान छ भन्ने कुरामाथि दृढतापूर्वक आस्था राख्नु । सिङ्गो संसारको सृष्टि गर्नु भन्दा पूर्वदेखि नै अल्लाहलाई हरेक कुराहरूको पूर्ण ज्ञान छ । तिनीहरूको आहार, उमेर, कुराकानी, कर्म, क्रियाकलाप, प्रत्यक्ष अप्रत्यक्ष कुराहरू, को स्वर्गमा जानेछ र को नरकमा सबै जानकारी रहेको छ । अल्लाहले भन्नुभएको छ– “अल्लाह बाहेक अरु कोही सत्य उपास्य छैन । उहाँ दृश्य र अदृश्य सबै कुराहरूलाई राम्ररी जान्नु हुन्छ ।” (कुरआन : ५९/२२)
- भाग्य लेख्नुमाथि आस्था राख्नु– उहाँले आफ्नो आग्रिम ज्ञान अनुसार हरेक कुराहरूलाई हुनु भन्दा पूर्व नै सुरक्षित पेटिका (लोह-महफुज) मा लेख्नु भएको छ । अल्लाहले भन्नुभएको छ– “पृथ्वी र स्वयम् तिमीहरूको जीवनमा जे संकट आउँछ, त्यो हुनु भन्दा अघि नै विशेष किताबमा अङ्कित गरिएको छ ।” (कुरआन : ५७/२२)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाहले आकाश र पृथ्वीको सृष्टि गर्नु भन्दा पचास हजार वर्ष पूर्व नै सम्पूर्ण सृष्टिहरूको भाग्यलाई लेखिसक्नु भएको छ।" (मुस्लिम : २६५३)

- अल्लाहको चाहनामाथि आस्था राख्नु– उहाँको चाहना र आदेशमा कोही पनि बाधा पुर्‍याउन सक्दैनन्। हरेक किसिमका घटनाहरू उहाँकै चाहनाले हुन्छ, उहाँले जे गर्न चाहनु भयो त्यो भयो, जे गर्न चाहनु भएन त्यो हुन सकेन। अल्लाहले भन्नुभएको छ– "तिम्रो चाहनाले केही हुने छैन तर अल्लाहले जे चाहनुहुन्छ त्यही नै हुन्छ।" (कुरआन : ८१/२९)
- उहाँ नै वास्तविक सृष्टिकर्ता हुन् भन्ने आस्था राख्नु– उहाँ नै सबै कुराहरूका सृष्टिकर्ता हुन्, उहाँ बाहेक जे जति छन् सबै उहाँकै सृष्टि हुन् र उहाँ हरेक कुरामाथि सामर्थ्य हुन्। अल्लाहले भन्नुभएको छ– "उहाँले प्रत्येक चीजलाई सृष्टि गर्नुभयो र हरेक चीजलाई राम्रोसँग उचित ठाउँमा राख्नु भयो।" (कुरआन : २५/२)

## मानिसको आफ्नो अख्तियार, शक्ति र मनसाय हुन्छ–

भाग्यमाथि आस्थाको यो अर्थ होइन कि मानिस विवश छ। बरु हरेक व्यक्तिको आफ्नो अख्तियार र मनसाय हुन्छ अनि त्यसलाई पूरा गर्ने शक्ति पनि। इस्लामी विधान र प्रकृति दुवैले यसलाई प्रमाणित गर्दछ।

कुरआनबाट मानिसको मनसायको प्रमाण– अल्लाहले भन्नुभएको छ– "त्यो सत्य दिन (महाप्रलय) अवश्य हुनेछ, जसले चाहन्छ आफ्नो बासस्थान ईश्वरकहाँ बनाओस्।" (कुरआन : ७८/३९)

कुरआनबाट मानिसको शक्तिको प्रमाण– अल्लाहले भन्नुभएको छ– "अल्लाह कुनै पनि व्यक्तिमाथि उसको शक्ति भन्दा अधिक जिम्मेवारी दिनु हुन्न। उसले गरेको पुण्य उसैको लागि हो र उसले गरेको पाप पनि उसैले भोग्नु पर्नेछ।" (कुरआन : २/१८३)




> हामीले मानिसलाई पथप्रदर्शन गर्यौं, अब ऊ कृतज्ञ बनोस् वा कृतघ्न। (कुरआन : ७६/३)

प्रकृतिको प्रमाण– आज हामी आफ्नै आँखाले देखिरहेका छौं कि मानिस आफ्नो इच्छा अनुसार जे मन पर्छ गर्छ र जे मन पर्दैन गर्दैन, यसले मानिसको इच्छा र शक्तिलाई प्रमाणित गर्दछ । उसको मनसायले जुन काम हुन्छ जस्तै– हिंड्नु र जुन काम उसको मनसायले हुँदैन जस्तै– रिसाउनु र अचानक चिप्लेर लड्नु, दुवैमा फरक छुट्याउन सकिन्छ । तर मानिसको मनसाय र शक्ति अल्लाहको मनसाय र शक्ति भन्दा माथि हुन सक्दैन ।

अल्लाहले भन्नुभएको छ– "तिमीहरूमध्ये जो कोही पनि सीधा मार्ग आत्मसात गर्न सक्छ, तिमीहरू जे चाहन्छौ त्यो हुँदैन, अल्लाहले जे चाहनुहुन्छ त्यही हुन्छ ।" (कुरआन : ८१/२८-२९)

## भाग्यलाई दोष दिनु–

मानिसको अधिकार र अख्तियारले गर्दा नै उसलाई कार्यभार, गर्ने र नगर्ने जिम्मेवारी सुम्पिएको हो । त्यसैले सत्कर्मीले सोझो मार्ग अपनाए बापत पुण्य पाउनेछ भने दुष्कर्मीले कुमार्ग अपनाए बापत दण्ड पाउनेछ ।

स्मरण रहोस् ! अल्लाहले हामीलाई शक्ति भन्दा अधिक कुराको आदेश दिनुभएको छैन, त्यसैले भाग्यलाई दोष दिएर उपासना नगर्नु बुद्धिमानी होइन ।

पाप गर्नु भन्दा पूर्व मानिसलाई थाहा हुँदैन कि उसको भाग्यमा के लेखिएको छ ? अल्लाहले मानिसलाई क्षमता र अधिकारका साथ सही र गलत बाटो छुट्याउने बुद्धि दिनुभएको छ, त्यसैले मानिस आफ्नो इच्छाले राम्रो वा नराम्रो काम गर्न सक्छ । यदि कसैले अपराध गर्यो भने उसले त्यसको सजाय भोग्नु पर्नेछ, तर भाग्यलाई दोष दिनु हुँदैन ।

> यदि कसैले तपाईंमाथि आक्रमण गरेर धन-सम्पत्ति लुट्यो र तर्क दियो– 'के गर्नु दाई ! तपाईंको भाग्यमा नै लुटिनु र पिटिनु लेखिएको रहेछ' के तपाईं उसको वाहियात तर्कलाई मान्नु हुन्छ ? अहँ कदापि मान्नु हुन्न । किनभने उसले आफ्नो इच्छा र चाहनाले गरेको छ ।



## भाग्यमाथि आस्थाका केही फाइदाहरू–

भाग्यमाथिको आस्थाले मुस्लिमको जीवनमा ठूलो असर पार्दछ, जस्तै–

१ भाग्यमाथिको आस्थाले व्यक्तिलाई क्रियाशील भएर सत्कर्म गर्ने र अल्लाहलाई खुशी पार्ने प्रेरणा दिन्छ।

आस्थावानहरूलाई अल्लाहमाथि विश्वस्त भई साधन प्रयोग गर्ने आदेश दिइएको छ। अल्लाहको आदेश बिना साधनले पनि केही फाइदा हुने छैन, किनभने साधन र नतिजालाई पनि उहाँले नै सृष्टि गर्नुभएको छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "तिमीहरू लाभदायक काममाथि ध्यान देऊ, अल्लाहसित मद्दत माग र सुस्ती नगर। यदि असफल भयौ भने 'यदि मैले यसो गरेको भए यस्तो हुने थिएन' जस्ता शब्दहरू नभन, बरु यो भन– "अल्लाहले जे चाहनु भयो, त्यही भयो, किनभने 'यदि' शब्दले शैतानी कार्यको ढोका खोल्छ।" (मुस्लिम : २६६४)

२ भाग्यमाथिको आस्थाले मानिसलाई आफ्नो औकात चिन्ने अवसर पाउँछ र न त घमण्ड गर्छ न त मात्तिन्छ, किनभने ऊ आफ्नो भाग्यमा लेखिएको वर्तमान र भविष्यको कुरालाई जान्न असमर्थ छ। मानिस आफ्नो कमजोरीले गर्दा नै अल्लाहको सहारामा बाँचेको हुन्छ।

सुखमा रमाउने र दु:खमा आँसु झार्ने मानिसको बानी हो। भाग्यमाथिको साँचो आस्थाले नै यसबाट हामीलाई जोगाउन सक्छ, किनभने आस्थावान सुखमा घमण्ड नगरिकन अल्लाहको कृतज्ञता व्यक्त गर्छ भने दु:खमा धैर्य गर्छ र त्यसलाई अल्लाहप्रति सुम्पि दिन्छ। सायद, मेरो भाग्य विधातालाई यही मन्जुर थियो होला भनेर आफ्नो चित्त बुझाउँछ।

३ भाग्यमाथिको आस्थाले इर्ष्या जस्तो खतरनाक रोगबाट मुक्ति दिन्छ। यदि कोही म भन्दा राम्रो र सम्पन्न छ भने यो अल्लाहको कृपा हो। उहाँले नै उसको लागि राम्रो अवसरको ढोका खोल्नु भएको छ, किनभने उसको खुशीमा इर्ष्या गर्नु अल्लाहको निर्णय र फैसलामाथि औंला उठाउनु हो।

४ भाग्यमाथिको आस्थाले आइपरेका कठिनाईसँग लड्ने आँट पलाउँछ। मुटु बलियो हुन्छ, किनभने मानिसको आयु र रोजी सबै पहिलेदेखि नै भाग्यमा लेखिएको हुन्छ र भाग्य विपरीत केही पनि हुन सक्दैन।

५ भाग्यमाथिको आस्थाले आस्थावानको आस्थामा झन उर्जा प्रदान गर्दछ। अल्लाहसित निकटता प्राप्त गर्ने अवसर प्राप्त हुन्छ। दुनियाँमा उपलब्ध साधन जुटाएर अल्लाहमाथि पूर्ण विश्वास गर्छ। जीवनको हरेक पाईला-पाईलामा उहाँसित नै सफलता र त्यसमाथि कायम रहन बिन्ती गर्छ।

६ भाग्यमाथिको आस्थाले मनमा शान्ति पलाउँछ, किनभने आस्थावानहरूलाई यो कुरामा विश्वास छ कि अल्लाहले हाम्रो भाग्यमा जे लेख्नु भएको छ, त्यो अवश्य नै हुन्छ, तर जे लेखिएकै छैन, त्यो कदापि हुन सक्दैन।



# तपाईको पवित्रता



# २

अल्लाहले भित्रि आत्मा र हृदयलाई शिर्क, इर्ष्या, घमण्ड जस्ता हृदय रोगबाट तथा शरीरको बाहिरी भागलाई फोहोर र मैलाबाट पवित्र पार्ने आदेश दिनुभएको छ। यसो गर्दा अल्लाहको प्रिय र असल भक्त बन्न सकिन्छ । अल्लाहले भन्नुभएको छ– “अल्लाहले धेरै तौबा (प्रायश्चित) गर्ने र सफा-सुग्घर रहने व्यक्तिहरूलाई मन पराउनु हुन्छ।” (कुरआन : २/२२२)

अध्याय सूची


पवित्रताको अर्थ

पवित्रता प्राप्त गर्नु

- पवित्रता प्राप्त गर्ने तरिका
- दिसा-पिसाब गर्ने तरिका

अपवित्रता

- सानो अपवित्रता र वजू

म वजू कसरी गरुँ ?

- सानो अपवित्रता दूर गर्नु
- ठूलो अपवित्रता र स्नान
- सम्भोग वा ठूलो अपवित्रतापछि कसरी पवित्रता प्राप्त गर्नुपर्छ ?
- पानीको प्रयोगबाट असमर्थ हुनु

## > पवित्रताको अर्थ

पवित्रताको वास्तविक अर्थ : सरसफाई, शुद्धता र स्वच्छता हो।

अल्लाहले मुस्लिमलाई भित्रि आत्मा र बाहिरी भाग दुवैलाई पवित्र पार्न आदेश दिनुभएको छ । शरीरको बाहिरी भागलाई प्रत्यक्ष अवैध चीजबीज र दिसा-पिसाबबाट सफा-सुग्घर राख्नुपर्दछ भने भित्रि आत्मालाई शिर्क, इर्ष्या, डाह, घमण्ड, धोखा जस्ता हृदय रोगबाट शुद्ध पार्नु पर्दछ । यसो गरियो भने अल्लाहको मायाको हकदार बन्न सकिन्छ।

अल्लाहले भन्नुभएको छ– “अल्लाहले धेरै तौबा (प्रायश्चित) गर्ने तथा सफा-सुग्घर रहने व्यक्तिहरूलाई मन पराउनु हुन्छ।” (कुरआन : २/२२२)

अल्लाहले सलाह (नमाज) पढ्नको लागि पवित्रतालाई अनिवार्य गर्नुभएको छ, किनभने यसले अल्लाहको निकटता तथा उहाँसँग कुराकानी गर्ने सौभाग्य प्राप्त हुन्छ। मानौं, कुनै देशको राजा वा राष्ट्रपतिसँग भेट गर्ने अवसर पाउनु भयो भने तपाईं कस्तो खालको पोशाक लगाउन मन पराउनु हुन्छ ? मेरो बिचारमा तपाईं सबैभन्दा राम्रो वस्त्र धारण गरी चिटिक्क परेर जान रुचाउनु हुन्छ। त्यसो भए सिङ्गो संसारको एक्लो मालिकसँग भेट्न जाँदा कस्तो हुनुपर्छ त ?

### सलाह (नमाज) पढ्नको लागि चाहिने पवित्रता के हो ?

अल्लाहले मुस्लिमलाई सलाह (नमाज) पढ्न, कुरआनलाई छुन वा काबाको तवाफ (परिक्रमा) गर्न विधिपुर्वक अनिवार्य रुपमा पवित्रता प्राप्त गर्ने आदेश दिनुभएको छ, तर कुरआनलाई नछोइकन पाठ गर्न, दुआ गर्न र सुत्नको लागि पवित्रता प्राप्त गर्नु बेस भनिएको छ।

सलाह पढ्नको लागि निम्न दुई कुराहरूबाट पवित्र हुनुपर्छ–

१. वाह्य अपवित्रता
२. आन्तरिक अपवित्रता



> अल्लाहले मुस्लिमलाई भित्रि आत्मालाई शिर्क तथा हृदय रोगबाट र शरीरको बाहिरी भागलाई अवैध र फोहोरबाट पवित्र गर्ने आदेश दिनुभएको छ।

# > पवित्रता प्राप्त गर्नु

- **फोहोर–** महसुस गर्न सक्ने प्रत्यक्ष अपवित्रतालाई इस्लामी विधानले फोहर मैला भनेको छ । उपासनाको लागि यसबाट पूर्ण रुपमा पवित्र हुनुपर्छ ।
- **असल आधार पवित्रता हो ।** अपवित्रता भनेको पछि उत्पन्न हुने वा लाग्ने कुरा हो । त्यसैले कुनै लुगामा फोहोर लागेको शंका हुन्छ, तर फोहोर देखिदैन भने त्यो पवित्र हो, किनभने हरेक कुरामा पवित्रता नै असल हो ।
- सलाह (नमाज) पढ्नको लागि शरीर, लुगा र नमाज पढिने स्थान सबैलाई सम्पूर्ण किसिमका अपवित्रताबाट अनिवार्य रुपमा पवित्र पार्नु पर्दछ ।



> फोहोरलाई पानी वा कुनै पनि वस्तुले सफा गर्नु पर्याप्त छ ।

## फोहोर वस्तुहरू–

| | |
|---|---|
| १ | मानिसको दिसा-पिसाब । |
| २ | रगत, तर थोरै मात्रामा छ भने फरक पर्दैन । |
| ३ | मासु खान अवैध गरिएका जनावरहरूको मल-मुत्र । (पृष्ठ न०: २०२ हेर्नुहोस्) |
| ४ | कुकुर र सुँगुर । |
| ५ | मृत जनावरहरू (मासु खान वैध गरिएका जनावरहरू यस अन्तर्गत पर्दैन) । स्मरण रहोस् ! मृत मानिस, मृत माछा र किरा फट्यांग्राहरूको शरीर पवित्र छ । (पृष्ठ न०: २०4 हेर्नुहोस्) |

## पवित्र हुनु–

शरीर, कपडा र ठाउँमा फोहोर-मैला लागेको छ भने पानीले धोएर वा कुनै तरिकाले सफा गर्यो भने त्यो पर्याप्त हुनेछ । किनभने इस्लामी विधानले त्यसलाई सफा गर्ने आदेश दिएको छ । कुकुरको फोहोर (राल, पिसाब र दिसा) लागेको छ भने त्यसलाई ७ चोटि; १ चोटि माटोले र ६ चोटि पानीले धुन भनिएको छ । यस बाहेक अन्य फोहोरको सफाईपछि त्यसको असर वा दाग गएन भने केही फरक पर्दैन ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले एउटी महिलाको महिनावारीको बारेमा प्रश्नको जवाफमा भन्नुभएको छ– "रगतलाई सफा गर्नु नै पर्याप्त हुन्छ । त्यसको असर वा दागले केही फरक पर्दैन ।" (अबुदाऊद : ३६५)

## दिसा-पिसाब गर्ने तरिका–

- शौचालय पस्दा पहिले देब्रे खुट्टा भित्र राख्नु बेस हुन्छ ।

पस्ने बेला यो दुआ पढ्नु : 'बिस्मिल्लाह, अल्लाहुम्म इन्नी आउजुबिक मिनल-खुबुसि वल्-खबाइस्' । अर्थात हे अल्लाह, बदमास पुरुष र महिला शैतानको उपद्रवबाट तिम्रो शरणमा आउँछु ।

- निस्कने बेला पहिले दायाँ खुट्टा बाहिर निकालेर निम्न दुआ पढ्नु : 'गुफ्रानक' अर्थात हे अल्लाह, क्षमा गर ।
- दिसा-पिसाबको बेला मानिसहरूको नजरबाट गुप्ताङ्गहरूलाई छोप्नु पर्दछ ।
- सार्वजनिक ठाउँमा कहिल्यै पनि दिसा-पिसाब गर्नु हुँदैन ।
- खुल्ला ठाउँमा, दुलोमा दिसा-पिसाब गर्नु अवैध छ, किनभने त्यस भित्र रहेको विषालु किराले टोक्न सक्छ ।
- खुल्ला ठाउँमा दिसा-पिसाब गर्दा किब्ला (मक्का) तिर अनुहार तथा पिठ्यूँ फर्काउनु हुँदैन । तर घर भित्र रहेका शौचालयहरूमा त्यसो गर्दा केही फरक पर्दैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "दिसा-पिसाब गर्दा किब्लातिर अनुहार र पिठ्यूँ नफर्काऊ ।" (बुखारी : ३८६, मुस्लिम : २६४)
- दिसा-पिसाबको छिंटाबाट लुगा र शरीरलाई जोगाउनु पर्दछ, तै पनि कतै लागेको छ भने त्यसलाई धुनु पर्छ ।
- मलमुत्रलाई सफा गर्दा देब्रे हातलाई प्रयोग गर्नु उत्तम हो ।

दिसा-पिसाब गरिसकेपछि दुईमध्ये एउटा कुरामाथि ध्यान दिनु पर्छ–

| | |
|---|---|
| मलमुत्रलाई पानीले सफा गर्नु पर्छ ।<br>यसलाई ‹इस्तिन्जा› भनिन्छ । | तीन वा तीन भन्दा बढी ढुङ्गा, माटो, टिशु वा अन्य वस्तुले मलमुत्रलाई सफा-सुग्घर गर्नुपर्दछ।<br>यसलाई ‹इस्तिज्मार› भनिन्छ । |

## > अपवित्रता

- अपवित्रता– आन्तरिक अपवित्रता, यसलाई दूर नगरुन्जेल सलाह पढ्नु मिल्दैन, तर यो फोहोर जस्तै महसुस गरिने वस्तु होइन।
- पवित्र पानीले वजू वा स्नान गरेर उक्त आन्तरिक अपवित्रताबाट पवित्र हुन सकिन्छ।

**पवित्र पानी**– जसमा फोहोर मिसिएको छैन र पानीको रङ्ग, स्वाद र गन्ध परिवर्तन भएको छैन भने त्यो पवित्र पानी हो। वजू गरिसकेपछि जबसम्म वजू भंग हुँदैन, तबसम्म सलाहहरू पढ्न सकिन्छ।

**अपवित्रता दुई किसिमका छन्–**

- सानो अपवित्रता– यस्तो अवस्थामा वजू गर्नुपर्छ।
- ठूलो अपवित्रता– यस्तो अवस्थामा पूरै शरीरमाथि पानी खन्याएर नुहाउनु पर्छ।

## सानो अपवित्रता र वजू–

एउटा मुस्लिमको पवित्रता निम्न कुराहरूले भङ्ग हुन्छ र सलाहको लागि वजू गर्नुपर्छ–

१ **दिसा-पिसाब गर्नु वा हावा खुस्किनु,** अल्लाहले वजू भङ्ग गर्ने कुराहरूको वर्णन गर्दै भन्नुभएको छ– "वा तिमीहरूमध्ये कोही दिसा-पिसाब गरेर आएको होस्।" (कुरआन : ४/४३)

जसलाई सलाह पढिरहेको बेला हावा खुस्कियो कि भन्ने शंका लाग्छ उसको लागि रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जबसम्म हावा खुस्केको आवाज आउँदैन वा गन्ध महसुस हुँदैन तबसम्म सलाहलाई छोड्नु हुँदैन।" (बुखारी : १७५, मुस्लिम : ३६१)

२ **बिना बाधक उत्तेजनापूर्वक गुप्ताङ्गलाई छुनु,** रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसले आफ्नो गुप्ताङ्गलाई छुन्छ, उसले वजू गर्नुपर्छ।" (अबु-दाऊद : १८१)

३ **ऊँटको मासु खानु,** रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सोधियो– ऊँटको मासु खाएपछि वजू गर्नुपर्छ ? उहाँले भन्नु भयो– "हो।" (मुस्लिम : ३६०)

४ **निन्द्रा,** बौलापन वा बेहोशीले चेतना गुमाउनु।

## > म कसरी वजू गरुँ ?

**वजूको महत्व**– वजू अथवा पवित्रता प्राप्त गर्नु उत्कृष्ट तथा महत्वपूर्ण सत्कर्म हो। यदि कोही स्वच्छ र शुद्ध मनले वजू गर्छ भने अल्लाहले उसका सम्पूर्ण पाप तथा गल्तीहरूलाई पखालि दिन्छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जुन बेला एउटा मुस्लिमले वजू गर्छ, जब अनुहार धुन्छ भने उसको अनुहारमा रहेका सम्पूर्ण पापहरू जसलाई उसले आँखाले देखेको हुन्छ, पानीको थोपाको साथमा झरेर जान्छ, जब हात धुन्छ भने हातले गरेका सम्पूर्ण पाप पानीको थोपाको साथमा झरेर जान्छ, जब खुट्टा धुन्छ तब खुट्टाले गरेका सम्पूर्ण पाप पानीको थोपाको साथमा झरेर जान्छ। यहाँसम्म कि ऊ पूर्ण निश्चल र पवित्र हुन्छ।" (मुस्लिम : २४४)

## म कसरी वजू गरुँ र सानो अपवित्रालाई कसरी हटाउँ ?



जुन बेला एउटा मुस्लिमले वजू गर्न चाहन्छ उसले सर्वप्रथम वजूको लागि नीयत (संकल्प) गर्नुपर्दछ। अर्थात म आफ्नो अपवित्रालाई हटाउन गइरहेको छु भन्ने मनसाय हुनुपर्छ। किनकि नीयत नगरुन्जेल कुनै पनि सत्कर्म स्वीकृत हुँदैन।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सम्पूर्ण कर्महरू नीयतमा आश्रित छन्।" (बुखारी : १, मुस्लिम : १९०७)

त्यसपछि निम्न तरिका अनुसार क्रमशः एकपछि अर्को अङ्गलाई लगातार पानीले धुनु पर्दछ–

१

'बिस्मिल्लाह' भनेर शुरु गर्नु।



२

दुवै हातहरूलाई नाडीसम्म धुनु, एक चोटि अनिवार्य हो र तीन चोटि धुनु उत्तम हो।




३

मुखमा पानी हालेर राम्रोसँग कुल्ला गर्नु, एक चोटि अनिवार्य हो र तीन चोटि गर्नु उत्तम हो।



४

नाकमा पानी हालेर माथि तान्नु र जोडले सफा गर्नु, नाकमा कुनै समस्या छैन भने हावाद्वारा पानी भित्र तान्नु मुस्तहब हो र नाकलाई पूर्ण रुपमा सफा गर्नुपर्दछ। एक चोटि अनिवार्य हो र तीन चोटि गर्नु उत्तम हो।



५

अनुहार धुनु, निधारमा कपालदेखि चिउँडोसम्म, एक कानदेखि अर्को कानसम्म, तर कान अनुहारमा पर्दैन। एक चोटि धुनु अनिवार्य हो र तीन चोटि धुनु उत्तम हो।



६

दुबै हात औंलादेखि कुहिनासम्म धुनु, पहिले दायाँ अनि बायाँ धुनुपर्छ। कुहिनाहरू वजूमा सामेल छ। एक चोटि धुनु अनिवार्य हो र तीन चोटि धुनु उत्तम हो।



७

टाउकोलाई मसह गर्नु (घस्नु), दुवै हातका औंलाहरूलाई पानीमा भिजाएर निधारबाट शुरु गरेर पछाडि गर्धनसम्म लैजानु, फेरि पछाडिदेखि निधारसम्म फिर्ता ल्याउनु। टाउको र कानको मसह एक पटक मात्र गर्नुपर्दछ। माथि उल्लेख गरे झैं तीन पटक गर्नु पर्दैन।



८

दुवै कानलाई मसह गर्नु (घस्नु), दुवै चोर औंलाहरूले दुवै कानको भित्रपट्टि र बूढी औंलाले कानको बाहिर पट्टि घस्नु पर्छ।



९

दुवै खुट्टालाई गोलीगाँठो सम्म धुनु, पहिले दायाँ अनि बायाँ खुट्टा धुनुपर्छ। एक चोटि धुनु अनिवार्य हो र तीन चोटि धुनु उत्तम हो।



वजू गरेर मोजा लगाएको छ भने स्थानीयले २४ घन्टा र यात्रीले ७२ घन्टा सम्म मसह गरी पवित्रता प्राप्त गर्नु जायज छ। (पृष्ठ न०: १०७ हेर्नुहोस्)

# ठूलो अपवित्रता र स्नान–

## स्नान गर्नु पर्ने कारणहरू–

यदि कुनै मुस्लिमले निम्नलिखित कुराहरूमध्ये केही गर्छ भने उसले अनिवार्य रुपमा नुहाउनु पर्छ । नुहाउनु भन्दा अगाडिको अवस्थालाई ठूलो अपवित्रता भनिन्छ ।

यी कुराहरू यस प्रकार रहेका छन्–

१ **मज्जाले वीर्य स्खलन हुनु–** सपना वा बिपनामा जुनसुकै अवस्थामा वीर्य स्खलन भएमा ।

वीर्य– कामानन्दको चरम विन्दुमा पुग्दै पुरुषको लिङ्गबाट झट्काका साथै तीव्र वेगले एक किसिमको लम्सादार सेतो तरलपदार्थ स्खलन हुन्छ । त्यस तरल पदार्थलाई वीर्य भनिन्छ ।

२ **सम्भोग गर्नु–** स्त्रीको योनीमा लिङ्ग पसाएपछि अनिवार्य रुपमा नुहाउनु पर्छ, चाहे वीर्य स्खलन होस् वा नहोस् । अल्लाहले भन्नुभएको छ– "यदि तिमी 'जुनुबी' (वीर्य स्खलन भएको अवस्थामा) छौ भने पवित्रता प्राप्त गर ।" (अल्-माइदा : ५/६)

३ **महिनावारी वा सुत्केरीको रगत निस्कनु–**

- महिनावारी– महिलाको पाठेघरबाट प्रत्येक महिना नियमित निस्कने रगतलाई महिनावारी (हैज) भनिन्छ । सात दिन वा महिलाको स्वभाव अनुसार कमिबेशी हुन सक्छ ।



> अनिवार्य स्नान गर्दा पूरै शरीरलाई पानीले भिजाउनु नै पर्याप्त हुन्छ ।

- सुत्केरी– बच्चा भएको बेलामा महिलाको पाठेघरबाट केही दिनसम्म रगत निस्कन्छ ।

महिनावारी तथा सुत्केरी भएको बेलामा महिलाहरूका लागि सलाह पढ्न र ब्रत बस्न दुवै माफ गरिएको छ । पवित्र भएपछि राख्न नसकिएको ब्रतलाई कजा (पूरा) गर्नुपर्दछ, तर पढ्न नपाएको सलाहलाई कजा (पूरा) गर्नु पर्दैन । यो अवधिमा पुरुषले स्त्रीसँग यौनसम्बन्ध बाहेक सबै कुराहरू जस्तै– सँगै खान, बस्न र सुत्न जायज छ । रगत समाप्त भएपछि अनिवार्य रुपमा नुहाउनु पर्छ ।

अल्लाहले भन्नुभएको छ– "रजस्वलाको अवस्थामा स्त्रीहरूबाट अलग बस र पवित्र नहुन्जेलसम्म उनीहरूको नजिक नजाऊ । पवित्र भएपछि अल्लाहको आदेश अनुसार जाऊ ।" (कुरआन : २/२२२) पवित्र हुनुको अभिप्राय नुहाउनु हो ।

## सम्भोग वा ठूलो अपवित्रतापछि कसरी पवित्रता प्राप्त गर्नुपर्छ ?

पवित्रताको नीयतले पूरै शरीरलाई पानीले भिजाउनु नै पर्याप्त हुन्छ।

- तर पूर्ण तरिका के छ भने, पहिले फोहोरलाई सफा गर्नु, त्यसपछि सलाहको लागि झैं वजू गर्नु अनि बल्ल पूरै शरीरमा पानी हालेर राम्रोसँग नुहाउनुपर्छ। यसो गर्दा रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को सुन्नतको अनुसरण हुन्छ र बढी पुण्य पनि प्राप्त हुन्छ।
- यदि नुहाएर ठूलो पवित्रता प्राप्त गर्छ भने यो उसको वजूको लागि पनि पर्याप्त हुनेछ, स्नानको साथमा वजू गर्नु अनिवार्य छैन। तर विधिपूर्वक नुहाउनु नै रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को तरिका हो।

## मोजामाथि मसह गर्नु (घस्नु)–



एउटा मुस्लिमले खुट्टा धुनुको साटो मोजा वा पूरै खुट्टालाई छोप्ने गरी लगाएको जुत्तामाथि मसह गर्न वैध छ, तर केही शर्तमा– वजू गरेर मोजा लगाएको हुनुपर्दछ र स्थानीयले २४ घन्टा र यात्रीले ७२ घन्टा सम्म मात्र मोजामाथि मसह गर्न सकिन्छ।


**मसह गर्ने तरिका**– हातलाई पानीमा भिजाएर खुट्टामाथि मात्र एक चोटि घस्नु।

ठूलो अपवित्रतापछि नुहाउदा जसरी भएपनि (मोजा फुकालेर) दुवै खुट्टालाई पानीले धुनु पर्छ।


### पानीको प्रयोगबाट असमर्थ हुनु–

यदि एउटा मुस्लिम बिरामी हुने वा रोग बढ्ने डरले पानीको प्रयोगबाट असमर्थ छ वा पानी नभएको वा थोरै पानी जो खानपिनको लागि मात्र पर्याप्त छ भने यस्तो अवस्थामा माटोबाट तयम्मुम (पवित्रता प्राप्त) गर्नु जायज छ।

**तयम्मुमको तरिका**– (बिस्मिल्लाह पढेर) दुबै हातलाई पवित्र माटोमाथि घस्नुहोस् अनि अनुहार तथा दुवै हातमा नाडीसम्म मल्नुहोस्। वजू र स्नान दुवैको लागि एउटै तरिका हो।



# तपाईंको सलाह



# ३

सलाह इस्लामको आधार हो, भक्त र उसको सृष्टिकर्ता बीच सम्बन्ध कायम गर्ने बलियो माध्यम हो । त्यसैले यसलाई ठूलो र महत्वपूर्ण उपासनाको संज्ञा दिएको छ। अल्लाहले स्थायी, यात्रा, बिरामी र सकुशल हरेक अवस्थामा सलाह पढ्न आदेश दिनुभएको छ।

## अध्याय सूची


सलाहको स्थान र विशेषता

सलाहका विशेषताहरू

पाँच फर्ज सलाह र त्यसका समयहरू

सलाह पढ्ने ठाउँ

सलाह पढ्ने तरिका

म सलाह कसरी पढुँ ?

सलाहका आधार र अनिवार्य कुराहरू

- सलाहलाई भङ्ग गर्ने कुराहरू
- सलाहलाई मकरुह (खराब) गर्ने कुराहरू

सुन्नत सलाह भनेको के हो ?

जमातको सलाह

अजान

सलाहमा एकाग्रता


जुमाको सलाह

यात्रीको सलाह

बिरामीको सलाह

# सलाह (नमाज)

**सलाहको वास्तविक अर्थ :** प्रार्थना गर्नु हो। भक्त र उसको सृष्टिकर्ता बीच सम्बन्ध कायम गर्ने आधार हो। यसले अल्लाहको उपासना, बिन्ती र गुहारको उच्च भाव र अर्थहरूलाई समेटेको छ। भक्त उहाँलाई गुहार्छ, उहाँसँग कानेखुसी गर्छ, यो थोत्रो संसार र आफ्नो असल वास्तविकतालाई सम्झिन्छ। आफ्नो ईश्वरको महिमाको बोध गर्छ र सलाहमा तल्लीन हुन्छ। सलाहले इस्लाममाथि हिड्ने धैर्यता प्रदान गर्छ र अत्याचार, दुर्व्यवहार, अश्लील र अवज्ञाबाट टाढा राख्छ।



अल्लाहले भन्नुभएको छ– "निश्चय नै सलाहले अश्लील कार्य तथा नराम्रो कुराहरूबाट जोगाउँछ।" (कुरआन : २९/४५)

## > सलाहको स्थान र विशेषता

सलाह, शारीरिक उपासनाहरूमध्ये एउटा महत्वपूर्ण उपासना हो। यसमा हृदय, मस्तिष्क र जिब्रो सबै समावेश रहेको हुन्छ। यसको महत्व धेरैजसो कुराहरूमा देखा पर्छ, तीमध्ये केही यस प्रकार रहेका छन्–

### सलाहको स्थान–

१ **यो इस्लामको दोस्रो ठूलो आधार हो,** रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "इस्लाम पाँच कुराहरूमाथि आधारित छ– अल्लाह बाहेक अरु कोही सत्य उपास्य छैन र मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) अल्लाहका रसूल (सन्देष्टा) हुन् भन्ने कुराको गवाही दिनु र सलाह कायम गर्नु ।" (बुखारी : ८, मुस्लिम : १६)

स्मरण रहोस् ! यो इस्लामको बलियो जग हो र जग बलियो छैन भने घर कदापि बलियो हुन सक्दैन।

२ **सलाहले एउटा मुस्लिम र काफिरमा फरक पारेको छ,** रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "मानिस, शिर्क र कुफ्र (अवज्ञा) बीच फरक पार्ने कुरा सलाह छोड्नु हो।" (मुस्लिम : ८२)

उहाँले भन्नु भयो– "हामी र उनीहरू बीच जुन सन्धि हो त्यो सलाह हो, तसर्थ जसले यसलाई छोड्यो उसले अवज्ञा गर्यो।" (तिर्मिजी : २६२१, निसाई : ४६३)

३ **अल्लाहले यात्रामा, घरपरिवारमा, युद्धको मैदानमा, बिरामी भएको र सकुशल रहेको सम्पूर्ण अवस्थाहरूमा अनिवार्य रुपमा सलाह पढ्ने आदेश दिनुभएको छ।** अल्लाहले भन्नुभएको छ– "सलाहहरूको सुरक्षा गर।" (कुरआन : २/२३८)

अल्लाहले आफ्ना आस्थावानहरूको विशेषताको वर्णन गर्दै भन्नुभएको छ– "उनीहरू आ-आफ्ना सलाहलाई सुरक्षित राख्दछन्।" (कुरआन : २३/९)

## सलाहका विशेषताहरू–

सलाहको विशेषताको बारेमा कुरआन र हदीसमा धेरै प्रमाणहरू छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

१ **यसले पापहरूलाई पखालि दिन्छ,** रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "पाँच फर्ज सलाहहरू र जुमादेखि अर्को जुमासम्म ठूलो पाप गरेको छैन भने यसले सम्पूर्ण पापहरूलाई पखालि दिन्छ।" (मुस्लिम : २३३, तिर्मिजी : २१४)


२ **यसले मुस्लिमको जीवनलाई प्रकाशमय बनाउँछ,** सत्कर्मको प्रेरणा दिन्छ र कुकर्मबाट जोगाउँछ, अल्लाहले भन्नुभएको छ– "निश्चय नै सलाहले अश्लील कार्य तथा नराम्रो कुराहरूबाट जोगाउँछ।" (कुरआन : २९/४५) रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सलाह प्रकाश हो।" (मुस्लिम : २२३)

३ **कयामत (महाप्रलय) को दिन भक्तसँग सर्वप्रथम सलाहको बारेमा सोधिनेछ,** यदि यसमा सफल भइयो भने बाँकी खुड्किलाहरूमा सफलता प्राप्त हुनेछ र यसमा नै असफल भइयो भने अन्य सत्कर्महरू बेकार हुने छन्।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "कयामत (महाप्रलय) को दिन भक्तसँग सर्वप्रथम सलाहको बारेमा प्रश्न हुनेछ। यदि यसमा सफल भइयो भने बाँकीमा सफलता प्राप्त हुनेछ र यसमा नै असफल भइयो भने बाँकीमा पनि असफल भइनेछ।" (अलमोअजमुल-औसत लित्तब्रानी : १८५९)

## कुन व्यक्तिमाथि सलाह अनिवार्य छ ?

सलाह हरेक मुस्लिम, बुद्धिमान, बालिग पुरुष र महिलामाथि अनिवार्य छ । महिलाहरूले मासिकधर्म तथा सुत्केरी भएको बेला सलाह पढ्नु हुँदैन र पवित्र भएपछि पनि कजा (पूरा) गर्नु पर्दैन । (पृष्ठ न०: १०६ हेर्नुहोस्)



सलाह एउटा मुस्लिमको लागि आनन्दमय क्षण हो । सलाह पढ्दा जब आफ्नो अल्लाहसित दुखेसो पोख्दछ र कानेखुसी गर्दछ, त्यतिखेर उसले मनको सन्तुष्टि र अल्लाहको प्रेम पाउँछ ।

सलाहले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई बढी आनन्दित बनाउथ्यो । उहाँले भन्नुभएको छ– “मेरो आँखाको शान्ति र खुशी सलाहमा राखिएको छ ।” (निसाई : ३९४०)

उहाँ आफ्नो मोअज्जिन (अजान दिने व्यक्ति) बिलाल (रजियल्लाहु अन्हु) लाई भन्नु हुन्थ्यो– “ए बिलाल ! सलाहद्वारा मलाई शान्ति देऊ ।” (अबु-दाऊद : ४९८५)

जुन बेला रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई कुनै ठूलो समस्या आई पर्थ्यो त्यस बेला उहाँ सलाहको लागि हतारिनु हुन्थ्यो । (अबु-दाऊद : १३१९)

## वयस्क हुनुका पहिचानहरू–

| |
|---|
| १५ वर्ष पुगेको हुनु । |
| गुप्ताङ्गहरूमा खस्रो रौं निस्कनु । |
| सपना वा बिपनामा वीर्य स्खलन हुनु । |
| महिलालाई मासिकधर्म आउनु वा गर्भ बोक्न योग्य हुनु । |

# > सलाहका लागि चाहिने शर्तहरू के के हुन् ?

**१ पवित्र हुनु, यसको व्याख्या अगाडि भैसकेको छ।** (पृष्ठ न०: २०१ हेर्नुहोस्)

**२ पर्दा गर्नु (अङ्गहरूलाई छोप्नु),**

अङ्गहरूलाई छोप्नको लागि छोटो, कसिलो, पातलो र पारदर्शी लुगा होइन, बरु पूरै शरीरलाई छोप्ने खुकुलो र बाक्लो कपडा लगाउनु पर्दछ।

पर्दा तीन प्रकारका छन्–

महिलाको पर्दा– बालिग महिलाले सलाह पढ्दा अनुहार र हत्केलाबाहेक शिरदेखि पाऊसम्म पूरै शरीरलाई छोप्नु पर्छ।

बच्चाको पर्दा– मात्र गुप्ताङ्गहरूलाई छोप्नु पर्याप्त छ।

पुरुषको पर्दा– वयस्क पुरुषले नाईटोदेखि घुँडासम्म छोप्नु पर्छ।

अल्लाहले भन्नुभएको छ– "हे आदमका सन्तान हो ! तिमीहरू हरेक सलाहको बेलामा उत्तम श्रृङ्गार र राम्रो वस्त्र धारण गर।" (कुरआन : ७/३१) गुप्ताङ्गहरूलाई छोप्नु सबैभन्दा कम श्रृङ्गार हो।



> बालिग महिलाले सलाह पढ्दा अनुहार र हत्केलाबाहेक पूरै शरीरलाई छोप्नु पर्छ।

## ३ किब्लातिर मुख गर्नु–

अल्लाहले भन्नुभएको छ– "तिमी जहाँसुकैबाट निस्के पनि सलाहमा आफ्नो अनुहार मस्जिदे हराम (काबा) तिर फर्काऊ ।" (कुरआन : २/१४९)

- किब्ला– पवित्र काबा नै मुस्लिमहरूको किब्ला हो । यसलाई सन्देष्टाहरूको पुर्खा इब्राहीम (अलैहिस्सलाम) ले आफ्नै हातले निर्माण गर्नुभएको थियो । सन्देष्टाहरूले त्यही पवित्र काबाको हज्ज गरे, तर काबामा न फाइदा पुर्याउने शक्ति छ, न हानि पुर्याउने नै । अल्लाहले किब्लातर्फ मुख गरेर सलाह पढ्न आदेश दिनुभएको छ, ताकि विश्वकै सम्पूर्ण मुस्लिमहरू एउटा केन्द्रविन्दुमा केन्द्रित हुन सकौं । त्यसैले हामी काबातिर अनुहार गरेर अल्लाहको उपासना गर्छौं ।



> अल्लाहले भन्नुभएको छ– "निश्चय नै आस्थावानहरूमाथि समयको पालनाका साथ सलाह अनिवार्य गरिएको छ ।" (कुरआन : ४/१०३)

- काबालाई देखिरहेको छ भने त्यसै तर्फ मुख गर्नु अनिवार्य छ । यदि टाढा छ भने मक्कातिर अनुहार गर्नु नै पर्याप्त हुन्छ । अलिकति यताउता भएमा केही फरक पर्दैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "पूर्व र पश्चिमको बीचमा किब्ला छ ।" (तिर्मिजी : ३४२)
- यदि रोग वा अशक्ताले गर्दा किब्लातिर मुख फर्काउन असमर्थ छ भने उसले किब्लातिर मुख गर्नु पर्दैन, किनभने अशक्तलाई अनिवार्य कुराहरू पनि माफ गरिएका छन् । अल्लाहले भन्नुभएको छ– "यथासम्भव अल्लाहसित डराऊ ।" (सुराह तगाबुन : ६४/१६)

## ४ सलाहको समय हुनु–

समय हुनु सलाहको लागि शर्त हो । त्यसैले समय भन्दा पूर्व सलाह पढ्नु वा समय भन्दा ढिलो गर्नु हुँदैन । अल्लाहले भन्नुभएको छ– "निश्चय नै आस्थावानहरूमाथि समयको पालनाका साथ सलाह अनिवार्य गरिएको छ ।" (कुरआन : ४/१०३)

**समय सम्बन्धी केही महत्वपूर्ण कुराहरू–**

- समयको शुरुवातमा सलाह पढ्नु बेस हुन्छ ।
- समयमै अनिवार्य रुपमा सलाह पढ्नु पर्दछ, नत्र पाप लाग्छ ।
- निन्द्रा वा भूलचूकले गर्दा सलाह छोड्यो भने सम्झना हुने बित्तिकै ढिलो नगरिकन सलाह पढ्नु पर्दछ ।

# > पाँच फर्ज सलाह र त्यसका समयहरू

अल्लाहले मुस्लिमहरूमाथि दिनरातमा पाँच चोटि सलाह (नमाज) पढ्न अनिवार्य गर्नुभएको छ । यो इस्लामको ठूलो र अति महत्वपूर्ण आधार हो । यसको लागि निम्नलिखित समय तालिका तोकिएको छ–

**फज्रको सलाह**– यो दुई रकातको सलाह हो । प्रात: काल (फज्रको अजान) देखि यसको समय प्रारम्भ हुन्छ र झिसमिसे उज्यालो (सूर्य उदय भन्दा केही क्षण अघिसम्म) रहन्छ ।





**जुहरको सलाह**– यो चार रकातको सलाह हो । यसको समय अपरान्हमा सूर्य ढल्केदेखि कुनै पनि वस्तुको छायाँ उसको बराबर हुन्जेलसम्म रहन्छ ।

**अस्रको सलाह**– यो चार रकातको सलाह हो । यसको समय जुहरको समय समाप्त भएदेखि सूर्यास्त भन्दा केही अघिसम्म रहन्छ । सूर्यको प्रकाश धमिलो तथा पहेंलो हुनु पूर्व नै यसलाई पढिसक्नु पर्छ ।





**मग्रिबको सलाह**– यो तीन रकातको सलाह हो । यसको समय सूर्यास्त भएपछिदेखि गोधुली साँझसम्म रहन्छ ।

**ईशाको सलाह**– यो चार रकातको सलाह हो । यसको समय मग्रिबको समय समाप्त भएदेखि मध्य रातसम्म रहन्छ । कारणवश यसलाई प्रात: काल (फज्रको अजान) सम्म पढ्न सकिन्छ ।



सलाह पढ्नको लागि सलाहको समय सारिणी र पात्रोमाथि भरोसा गर्नु पर्याप्त हुन्छ ।

## > सलाह पढ्ने ठाउँ



इस्लामले सामुहिक रुपमा जमातका साथ सलाह पढ्ने आदेश दिएको छ र यसको लागि मस्जिदलाई प्राथमिकता दिएको छ । यसो गर्दा एक आपसमा भाइचारा, माया, प्रेम, स्नेह तथा सदभाव पलाउँछ । एक अर्कालाई चिन्ने, आपसमा दु:ख-पीडा बाँड्ने अवसर पाइन्छ । त्यसैले जमातको सलाहलाई एक्लै पढेको सलाह भन्दा बढी पुण्य प्रदान गरिएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "एक्लै नमाज पढ्नु भन्दा जमातका साथ पढ्दा २७ गुणा बढी सवाब (पुण्य) प्राप्त हुन्छ ।" (बुखारी : ६१९, मुस्लिम : ६५०, अहमद : ५९२१)

अल्लाहले आफ्नो अपार कृपाले हरेक (पवित्र) ठाउँमा सलाह पढ्न वैध गर्नुभएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाहले सम्पूर्ण धरतीलाई मेरो र मेरो अनुयायीको निम्ति मस्जिद र पवित्र बनाउनु भएको छ । त्यसैले जुनसुकै ठाउँमा सलाहको समय हुन्छ, त्यहीँ सलाह पढ ।" (बुखारी : ३२८, मुस्लिम : ५२१)

इस्लामले सलाहको लागि ठाउँ पवित्र हुनुपर्छ भन्ने शर्त राखेको छ । अल्लाहले भन्नुभएको छ– "हामीले इब्राहीम र इस्माईलसित हाम्रो घरलाई तवाफ, एतिकाफ (आफूलाई मस्जिदमा सीमित राखेर गरिने एक प्रकारको उपासना), रुकू र सज्दा गर्नेहरूका लागि पवित्र राख्न वचन लियौं ।" (कुरआन : २/१२५)

**स्मरण रहोस् !** फोहोर नभएको जुनसुकै ठाउँमा सलाह पढ्न सकिन्छ, किनभने धरती वास्तवमा पवित्र नै हुन्छ ।

सलाह पढ्ने ठाउँमा निम्न कुराहरूमा ध्यान पुर्याउनु पर्छ–

## सलाह पढ्ने ठाउँ सम्बन्धी नियमहरू–

१ **कुनै ठाउँमा सलाह पढेर अरु कसैलाई दु:ख नदिनु,** जस्तै– सडकको पेटी, सार्वजनिक बाटो र निषेधित क्षेत्रमा सलाह पढेर बाटो जाम गर्नु इत्यादि। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जानेर वा नजानेर कसैलाई दु:ख दिनु हुँदैन।" (इब्ने माजा : २३४०, अहमद : २८६५)

२ **सलाह पढ्ने ठाउँमा भक्तलाई दिक्क पार्ने बाजा गाजाको आवाज वा ध्यान आकर्षित गर्ने कुनै तस्वीर हुनु हुदैन।**

३ **यस्तो ठाउँ नहोस् जहाँ सलाह पढ्दा मानिस ख्याल ठट्टाको पात्र बनोस्,** जस्तै– जड्याहा र भेदभाव गर्ने व्यक्तिहरू भएको ठाउँ। अल्लाहले काफिरहरूको देवीदेवतालाई गाली दिनुबाट यसै कारणले रोक्नु भएको छ कि तिनीहरू अज्ञानतावश अल्लाहलाई गाली नगरुन्।

अल्लाहले भन्नुभएको छ– "यी अवज्ञाकारीहरूले अल्लाह बाहेक जसलाई पूज्य ठान्छन् त्यसलाई गाली नगर अन्यथा तिनीहरूले पनि सीमा उल्लंघन गर्दै अज्ञानतावश अल्लाहलाई गाली गर्ने छन्।" (कुरआन : ६/१०८)

४ **त्यो ठाउँ अल्लाहको अवज्ञाको लागि नबनाइएको होस्,** जस्तै– नाचघर, डिस्को, बियर, बार जस्ता ठाउँहरूमा सलाह पढ्नु हुँदैन।



# > सलाह पढ्ने ठाँऊ

के तपाईं जमातको साथ मस्जिदमा सलाह पढ्न सक्नु हुन्छ ?

हो → पक्कै पनि पुरुषले मस्जिदमा गएर जमातको साथमा सलाह पढ्नु पर्छ। यो अल्लाहको नजरमा महान र प्रिय सत्कर्म हो। महिलाहरू पनि मस्जिदमा गएर सलाह पढ्न सक्छन्।

होइन ↓

मस्जिदमा पढ्न सक्नु भएन भने के अन्य ठाउँ अपवित्र हो र ?

हो → अपवित्र ठाउँमा सलाह पढ्नु अवैध (हराम) छ। अल्लाहले सलाहको लागि पवित्रतालाई अनिवार्य गर्नुभएको छ।

होइन ↓

यदि ठाउँ पवित्र छ भने त्यसमा सलाह पढ्दा अरुलाई अप्ठ्यारो त हुँदैन ? जस्तै– सार्वजनिक बाटो।

हो → मानिसलाई दु:ख दिनु वा सलाह पढेर बाटोलाई सांघुरो पार्नु हराम हो, त्यसैले अर्को ठाउँ रोज्नुहोस्।

होइन ↓



के सलाह पढ्ने ठाउँमा मानिसको ध्यान अर्कोतिर अल्झाउने कुनै तस्वीर वा ठूलो आवाज त छैन ?

हो → ध्यान अल्झाउने सम्पूर्ण कुराबाट टाढा भएर सलाह पढ्नु पर्छ।

होइन → अल्लाहले आफ्नो कृपाले सम्पूर्ण ठाउँलाई सलाह पढ्न योग्य बनाउनु भएको छ।

# > सलाह पढ्ने तरिका

१ नीयत (संकल्प) गर्नु–

सलाह सही हुनको लागि नीयत अनिवार्य छ। अर्थात यो उपासना अल्लाहकै लागि हो भन्ने हृदयदेखि संकल्प गर्नुपर्दछ, जस्तै– मग्रिब, ईशा वा जुन सलाहको समय हुन्छ, त्यसैको नीयत गर्नु। नीयत गर्दा मुखले भन्नु पर्दैन, बरु मन र मस्तिष्कमा गरिने दृढ संकल्प नै पर्याप्त हुन्छ, किनकि नीयत गर्दा मुखले नै भन्नु पर्ने कुरा रसूल (सल्लल्लाहु अलैहि व सल्लम) र उहाँका सहाबा (साथीहरू) बाट प्रमाणित छैन।

२ कियाम– सलाहको लागि उभिएर अल्लाहु अकबर भन्दै दुवै हत्केलालाई किब्लातिर फर्काएर आफ्नो काँध वा अलि माथिसम्म उठाउनु पर्दछ।





तक्बीर 'अल्लाहु अकबर' शब्दले मात्र सलाहको प्रारम्भ हुनेछ।

यसको अर्थ : अल्लाहको महानता र प्रशंसा व्यक्त गर्नु हो। यो दुनियाँ र यसमा भएभरका सम्पूर्ण आनन्द तथा आकांक्षाहरू भन्दा अल्लाह महान हुन्। त्यसैले सांसारिक कुराहरूलाई एकातिर राखी महान र सर्वशक्तिमान् अल्लाहमा समर्पित होऔं।

३ तक्बीरपछि दायाँ हातलाई बायाँ हातमाथि राखेर छातीमा बाँध्नु र कियामको बेलामा यस्तै गरी राख्नुपर्दछ।

४ त्यसपछि 'सुब्हान कल्लाहुम्म व बिहम्दिक व तबार कस्मुक व तआला जद्दुक वला इलाहा गैरुक' पढ्नु पर्दछ, यसलाई इस्तिफ्ताहको दुआ भनिन्छ।

५ त्यसपछि 'अऊजु बिल्लाहि मिनश्-शैता निर्रजीम' पढ्नु पर्दछ।

## जसलाई कुरआन र अन्य दुआहरू याद छैन भने उसले के गर्नुपर्छ ?

यदि कसैले भर्खर इस्लाम ग्रहण गरेको छ र उसलाई कुरआन तथा अन्य दुआहरू कण्ठस्त छैन भने उसले निम्न कुरामाथि ध्यान दिनु पर्दछ ?

- सकेसम्म सलाहका अनिवार्य कुराहरू छिट्टै कण्ठ गर्नुपर्छ, किनकि अरबी भाषा बाहेक अरु कुनै भाषामा सलाह हुँदैन। यी कुराहरू निम्न छन्–

  कुरआन, तकबीर, सुब्हान रब्बियल्-अजीम, समिअल्लाहु लिमन् हमिदह, रब्बना व लकल्-हम्द, सुब्हान रब्बियल्-आ'ला, रब्बिग् फिरली, तशह्हुद, दरुद-शरीफ र अस्सलामु अलैकुम व रहमतुल्लाह।

- कुरआन र अन्य दुआहरू कण्ठस्त हुनु भन्दा अगाडि (सुबहनाल्लाह) (अल्हम्दुलिल्लाह) (अल्लाहु-अक्बर) वा कण्ठ भएका आयतहरूलाई कियामको बेलामा दोहोर्याउनु पर्दछ । अल्लाहले भन्नुभएको छ– "सकेसम्म अल्लाहसित डर।" (कुरआन : ६४/१६)

- उसले यो तालिमको अवधिमा जमातको साथमा सलाह पढ्न निकै ध्यान दिनु पर्दछ। यसो गर्दा सलाहको सही तरिका सिक्ने अवसर पाउँछ र केही कमी हुन्छ भने इमामले त्यो कमीलाई पूरा गर्नुहुन्छ।

यसको अर्थ : पापी शैतानको उपद्रवदेखि अल्लाहको शरण चाहन्छु भन्ने हो। यसलाई इस्तिआजह भनिन्छ।

६ त्यसपछि 'बिस्मिल्ला हिर्रहमा निर्रहीम' पढ्नु पर्दछ। यसको अर्थ : अल्लाहको नामबाट शुभारम्भ गर्दछु भन्ने हो।

७ त्यसपछि 'कुरआन' पढ्नु पर्छ । यो कुरआनको सबैभन्दा महान सूरह हो।

- अल्लाहले उक्त सूरहलाई रसूलमाथि अवतरण गरेर ठूलो उपकार गर्नुभएको छ । उहाँले भन्नुभएको छ– "वास्तवमा, हामीले तिमीलाई दोहोर्याई पढिने सातवटा आयतहरू र महान कुरआन प्रदान गरेका छौं।" (कुरआन : १५/८७)

सातवटा आयतहरूको तात्पर्य– ‹कुरआन› हो, किनभने यसमा सातवटा आयतहरू छन् र सम्पूर्ण सलाहमा दोहोर्याएर पढ्नु पर्दछ।

- कुरआनलाई जसरी भए पनि सिक्नु पर्छ, किनभने यो सलाहको आधार हो। यसलाई इमाम (अगुवा), मुक्तदी (इमामको अनुसरण गरेर सलाह पढ्ने व्यक्ति) र मुन्फरिद (एक्लै सलाह पढ्ने व्यक्ति) सबैले सलाहको प्रत्येक रकातमा पढ्नु पर्दछ।

८ 'कुरआन' पढिसकेपछि वा इमामको केरात (कुरआनको पाठ) सुनेपछि आमीन भन्नुपर्दछ।

यसको अर्थ : हे अल्लाह यो पुकारलाई स्वीकार गरि दिनुहोस् भन्ने हो।

**सूरह फातिहाको अर्थ–**

(अल्हम्दु लिल्लाही रब्बिल् आलमीन)– सम्पूर्ण प्रशंसाहरू अल्लाहकै निम्ति छन्, जो सम्पूर्ण जगतका पालनकर्ता हुन्। वाह्य तथा आन्तरिक सम्पूर्ण वरदान उहाँकै देन हो। उहाँको माया र आदरले हाम्रो मन ओतप्रोत छ।

**अर्रब**– उहाँ नै हाम्रो पालनकर्ता, प्रभु, मालिक र जीवनदाता हुन्।

**आलमीन**– अल्लाह बाहेक मानिस, जिन्न, फरिश्ता, जनावर, कीरा फट्यांग्राको जे जति दुनियाँ छन् सबैलाई ‹आलमीन› शब्दले समेटेको छ। अत: उहाँ नै सम्पूर्ण जगतका वास्तविक मालिक हुन्।

(अर्रह्मा निर्रहीम)– उहाँ अत्यन्तै करुणामय र परम दयालु हुन्। यी दुवै अल्लाहका पवित्र नाम हुन्।

(अर्रह्मान)– परम दयालु। दुनियाँमा त अल्लाहले मुस्लिम, गैर-मुस्लिम, राम्रो र नराम्रो हरेकमाथि दया गर्नुहुन्छ। तर (अर्रहीम) मृत्युपछिको जीवनमा असल भक्त (मुमिन) माथि मात्र दया गर्नु हुनेछ।

(मालिकि यौमिद्दीन)– महाप्रलयको दिन हिसाबकिताबका मालिक हुन्। यो कुराले मुस्लिमहरूलाई महाप्रलयको दिनको स्मरण गराउँछ र बढी सत्कर्म गर्ने प्रेरणा दिन्छ।

(इय्याक नाबुदु व इय्याक नस्तईन्)– हे अल्लाह, हामी तपाईंकै उपासना गर्छौं र जीवनको पाईला-पाईलामा तपाईंबाट नै सहायता माग्छौं। तपाईंसँग अरु कसैलाई साझेदार बनाउदैनौं। किनकि सारा मामिला तपाईंकै हातमा छ, कोही पनि कण बराबर अख्तियार राख्दैनन्।

(इह् दिनस्सिरातल मुस्तकीम)– हे अल्लाह, हामीलाई सीधा मार्गदर्शन गरी दिनुहोस् र त्यसैमाथि दृढतापूर्वक अडिग रहने साहस दिनुहोस्। इस्लाम नै सीधा मार्ग र स्वर्गतिर डोर्याउने एक मात्र मार्ग हो। एउटा भक्तको लागि यसमाथि अडिग रहनु भन्दा आनन्दको अरु कुनै बाटो छैन।

(सिरातल्लदीन अन् अम्त अलै हिम)– ती व्यक्तिहरूको मार्ग देखाउनुहोस् जो तपाईंको कृपापात्र भए। अन्बिया, रसूल, सिद्दीकीन र सत्कर्म गर्नेहरूको मार्गमा कायम राख्नुहोस्। यिनीहरूले सत्य मार्गलाई चिने र त्यसैमाथि अडिग रहे।

(गैरिल-मग्दूबि अलै हिम व लद्दाल्लीन)– जुन व्यक्तिहरूमाथि तपाईंको प्रकोप भयो र जुन व्यक्तिहरू पथभ्रष्ट भए तिनीहरूको कुमार्गबाट जोगाई दिनुहोस्।


प्रकोपको भागीदार ‹यहूदी› र उनीहरूको बाटोमा लाग्नेहरू हुन्, किनभने तिनीहरूले सत्यलाई चिनेर स्वीकार गरेनन्।

पथभ्रष्टहरूको अभिप्राय क्रिस्चियन र उनीहरूको बाटोमा लाग्नेहरू हुन्, किनभने तिनीहरू अज्ञानताले गर्दा बर्बाद भए।

९ 'कुरआन' पढिसकेपछि पहिलेको दुई रकात (चोटि) हरूमा कुनै अर्को सूरह वा सूरहका केही आयतहरू पढ्नु पर्दछ। तर तेस्रो र चौथो रकात (चोटि) मा कुरआन मात्र पढ्नु नै पर्याप्त हुन्छ।

- फज्र, मग्रिब र ईशाको सलाहको पहिलेको दुई रकात (चोटि) हरूमा कुरआन र त्यसपछि पढिने सूरहहरू ठूलो स्वरले तथा जुहर र अस्रको सलाहमा सम्पूर्ण रकातहरूमा सानो स्वरले पढ्नु पर्दछ।
- सलाहका अन्य अजकार र दुआहरू बिस्तारै सानो स्वरले पढ्नु पर्दछ।

१० त्यसपछि अल्लाहु-अकबर भन्दै ‹रुकू› को लागि झुक्नु पर्दछ। प्रथम तक्बीरमा गरे झैं दुवै हत्केलालाई किब्लातिर फर्काएर काँध वा अलि माथिसम्म उठाउनु पर्दछ।



११ रुकू को बेलामा किब्लाको दिशामा झुक्नु पर्छ। पिठ्यूँ र टाउको बराबर राख्नु पर्छ। दुवै हातले दुवै घुँडा समाउनु पर्छ र 'सुब्हान रब्बियल्-अजीम' भन्नुपर्छ। एक चोटि भन्नु अनिवार्य हो र तीन चोटि भन्नु उत्तम हो। रुकूमा अल्लाहको प्रशंसा र महिमाको बढी वर्णन गर्नुपर्दछ।

'सुब्हान रब्बियल्-अजीम' को अर्थ : मेरो ईश्वर महान, पवित्र र हरेक प्रकारको कमी कमजोरीबाट निश्चल हुन्। म आदरपूर्वक उहाँको महिमाको वर्णन गरिरहेको छु भन्नु हो।



१२ त्यसपछि 'समिअल्लाहु लिमन् हमिदह' भन्दै सिधा उभिनु पर्छ। प्रथम तक्बीरमा गरे झैं दुवै हत्केलालाई किब्लातिर फर्काएर काँध वा अलि माथिसम्म उठाउनु पर्दछ। फेरि सबैले 'रब्बना व लकल्-हम्द' भन्नुपर्दछ। तर 'रब्बना व लकल्-हम्द, हम्दन् कसीरन् तययेबन् मुबारकन् फीह, मिल् अस्समाए व मिल् अल्-अर्ज, व मिल्आ मा शि›ता मिन् शैइन् बा›द) पढ्नु उत्तम हो।



१३ त्यसपछि अल्लाहु-अक्बर भन्दै भुँइमा सज्दा (ढोग) गर्नुपर्दछ ।

सज्दाका सात अङ्गहरू– निधार नाकसहित, दुवै हात, दुवै घुँडा, दुवै खुट्टा भुईमा टेकेर गर्नुपर्दछ । सज्दा गर्दा दुवै हातलाई काँखीबाट, पेटलाई तिघ्राबाट र दुबै तिघ्रालाई खुट्टाबाट टाढा राख्नुपर्दछ र कुहिनालाई भुँइ भन्दा माथि उठाएर राख्नुपर्दछ ।

१४ सज्दा (ढोग) गरेको बेलामा ‘सुब्हान रब्बियल्-आ’ला’ एक चोटि भन्नु अनिवार्य हो र तीन चोटि भन्नु उत्तम हो ।

सज्दा (ढोग) गरेको बेलामा गरिएको दुआ बढी स्वीकार हुन्छ । त्यसैले सज्दाको अनिवार्य दुआ पढिसकेपछि लोक-परलोकका राम्रा कुराहरूको कामना गर्नुपर्दछ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “सज्दा (ढोग) गरेको बेलामा भक्त आफ्नो मालिक (अल्लाह) देखि एकदमै नजिक हुन्छ, त्यसैले दुआमा क्रियाशील रह ।” (मुस्लिम : ४८२)



- ‘सुब्हान रब्बियल्-आ’ला’ को अर्थ : मेरो पालनकर्ता अति महान र पवित्र हुनुहुन्छ । आफ्नो महान मालिक (अल्लाह) को महिमाको वर्णन गर्दछु । उहाँ सातौं आकाश भन्दा माथि हुनुहुन्छ । हरेक प्रकारको कमी कमजोरीबाट पवित्र हुनुहुन्छ । एउटा भुँइमा सज्दा गरिरहेको भक्त र अर्को आकाशमा रहनु भएको मालिकको बीचमा कति दुरीको फरक छ तै पनि उहाँ आफ्नो भक्तदेखि नजिक हुनुहुन्छ, त्यसैले त उहाँको महिमाको खुब वर्णन र आदर व्यक्त गर्नुपर्दछ ।

१५ त्यसपछि अल्लाहु-अक्बर भन्दै उठ्नु र दुवै सज्दाहरूको बीचमा बस्नु पर्दछ । बायाँ खुट्टा पल्टाएर त्यसमाथि बस्नु र दायाँ खुट्टालाई सीधा ठाडो पारेर राख्नुपर्दछ । दुवै हत्केलाहरू तिघ्राको अगाडि भागमा घुँडा नजिक राख्नुपर्दछ ।

- सलाहमा सधैं यसरी नै बस्नु पर्दछ । अन्तिम तशह्हुदमा दायाँ खुट्टालाई ठाडो राख्नु र बाँया खुट्टालाई दाहिनेको मुनिबाट निकालेर नितम्बलाई भुँइमा राख्नु पर्छ, जसलाई तवर्रुक भनिन्छ ।
- तर रोग वा कुनै कारणवश उपर्युक्त तरिका अनुसार बस्न सकिदैन भने उक्त तरिकासित मिल्दोजुल्दो तरिका अनुसार बस्न सकिन्छ ।

१६ दुवै सज्दाहरूको बीचमा (रब्बिग् फिरली) पढ्नु पर्दछ । यसलाई तीन चोटि भन्नु उत्तम हो ।

१७ त्यसपछि पहिलेको सज्दा झैं दोस्रो सज्दा गर्नुपर्दछ।

१८ त्यसपछि अल्लाहु-अक्बर भन्दै (दोस्रो रकातको लागि) उभिनु पर्दछ।

१९ पहिलो रकात झैं दोस्रो रकात पनि पढ्नु पर्दछ।

२० दोस्रो रकातको दोस्रो सज्दापछि 'प्रथम तशह्हुद' को लागि बस्नु पर्दछ र 'अत्तहीयातु लिल्लाहि वस्सलवातु वत्तैयेबातु अस्सलामु अलैक अय्यो हन्नबीयो वरहमतुल्लाहि व बरकातुहु अस्सलामु अलैना वअला एबादिल्ला हिस्सालेहीन, अश्हदु अल्ला इलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह' पढ्नु पर्दछ, जसलाई 'अत्तहीयात' भनिन्छ।



२१ यदि तीन वा चार रकातको सलाह छ भने उभिएर बाँकी रकातलाई पूरा गर्नुपर्दछ। तर तेस्रो र चौथो रकातमा कुरआन नै पर्याप्त हुन्छ, अतः अन्य सूरह मिलाउनु पर्दैन।

यदि दुई रकातऽको सलाह छ भने जस्तै फज्रको सलाह, यसमा अत्तहीयातपछि अन्तिम तशह्हुदमा पढिने दुआहरू पनि थप्नु पर्दछ।

२२ अन्तिम रकातको दोस्रो सज्दापछि अन्तिम तशह्हुदको लागि बस्नु पर्दछ। यसको तरिका पनि प्रथम तशह्हुद झैं हो, तर अत्तहीयातपछि 'अल्लाहुम्म सल्लि अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा सल्लैत अला इब्राहीम्, व अला आलि इब्राहीम इन्नक हमीदुम्मजीद। अल्लाहुम्म बारिक अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा बारक्त अला इब्राहीम्, व अला आलि इब्राहीम, इन्नक हमीदुम्मजीद' पनि पढ्नु पर्दछ, जसलाई 'दरुद-शरीफ' भनिन्छ।

त्यसपछि 'अउजू बिल्लाही मिन अजाबि जहन्नम, व मिन् अजाबिल-कब्र, व मिन् फितनतिल् मह्या वल् ममात, व मिन् फितनतिल् मसीहिद्दज्जाल' र अन्य दुआहरू पढ्नु उत्तम हो।

२३ त्यसपछि पहिले दायाँ फेरि बायाँतिर गर्धन घुमाउदै 'अस्सलामु अलैकुम व रहमतुल्लाह' भन्नुपर्दछ।

सलाम फेरिसकेपछि सलाह समाप्त हुन्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सलाह पढ्दा पहिलो तक्बीरले (सबै वैध कुराकानी) अवैध हुन्छ र सलाम फेरेपछि सबै वैध हुन्छ।" (अबु-दाऊद : ६१, तिर्मिजी : ३)

अर्थात तक्बीरले सलाह प्रारम्भ हुन्छ भने सलाम फेर्नुले सलाह समाप्त हुन्छ।

२४ सलामपछिका महत्वपूर्ण दुआहरू–

१) 'अस्तग् फिरुल्लाह' तीन चोटि भन्नु।

२) 'अल्लाहुम्म अन्तस्सलाम्, व मिन्कस्सलाम्, तबारक्त या जल् जलालि वल्-इक्राम्', 'अल्लाहुम्म ला मानिआ लिमा आतैत्, वला मुतिआ लिमा मनात, व ला यन्फओ जलजद्दे मिन्कल् जद्द' भन्नु।

३) त्यसपछि 'सुब्हानल्लाह' ३३ चोटि, 'अल्हम्दु लिल्लाह' ३३ चोटि, 'अल्लाहु-अक्बर' ३३ चोटि र एक चोटि 'लाइलाह इल्लल्लाहु वहदहू लाशरीक लहु लहुल्मुल्कु व लहुल् हम्दु वहुव अला कुल्लि शैइन कदीर' भनेर सय पूरा गर्नुपर्दछ।



# > म कसरी सलाह पढुँ ? (कियाम, रुकू, सज्दा)

१

कियाम– सलाहको लागि उभिएर अल्लाहु अकबर भन्नु । दुवै हत्केलालाई किब्लातिर फर्काएर आफ्नो काँध वा अलि माथिसम्म उठाउनु पर्छ ।



२

दायाँ हातलाई बायाँ हातमाथि राखेर छातीमा बाँध्नु र कुरआन पढ्नु । पहिलो र दोस्रो रकात (चोटि) मा कुरआनपछि अन्य सूरह पढ्नु पर्छ ।



३

रुकू– अल्लाहु-अकबर भन्दै रुकूको लागि किब्लाको दिशामा झुक्नु । दुवै हातलाई दुवै घुँडामाथि राखेर 'सुब्हान रब्बियल्-अजीम' तीन चोटि भन्नु पर्छ ।





४ रुकूपछि दुवै हात माथि उठाउँदै सिधा उभिनु। इमाम र मुन्फरिदले ‘समिअल्लाहु लिमन् हमिदह’ र फेरि सबैले ‘रब्बना व लकल्-हम्द’ भन्नु पर्छ।



५ सज्दा (ढोग)– अल्लाहु-अक्बर भन्दै सात अङ्गहरू– निधार नाकसहित, दुवै हात, दुवै घुँडा, तथा दुवै खुट्टा भुईमा टेकेर सज्दा (ढोग) गर्नु अनि ‘सुब्हान रब्बियल्-आ’ला’ तीन चोटि भन्नु पर्छ।

६ दुवै सज्दाहरूको बीचमा दायाँ खुट्टा सीधा ठाडो राख्नु र बायाँ खुट्टालाई ओछ्याएर त्यसमाथि बस्नु। दुवै हत्केलाहरू तिघ्राको अगाडि भागमा राख्नु र (रब्बिग् फिरली) तीन चोटि पढ्नु। फेरि पहिलो सज्दा जस्तै दोस्रो सज्दा गर्नु पर्छ।



## > म कसरी सलाह पढुँ ? (दोस्रो रकात, तशह्हुद, सलाम)

७

अल्लाहु-अक्बर भन्दै दोस्रो रकातको लागि उभिएर पहिलो रकातमा गरेको कियाम, कुरआनको पाठ, रुकू, रुकूपछि उभिएर सज्दा गरे जस्तै दोस्रो रकातमा पनि गर्नु ।



८


दोस्रो रकातको दोस्रो सज्दापछि प्रथम तशह्हुदको लागि दुवै सजदाहरूको बीचमा बसे झैं बस्नु पर्छ र 'अत्तहीयातु लिल्लाहि वस्सलवातु वत्तैयेबातु अस्सलामु अलैक अय्योहन्नबीयो वरहमतुल्लाहि व बरकातुहु अस्सलामु अलैना वअला एबादिल्ला हिस्सालेहीन, अश्हदु अल्ला इलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह' पढ्नु पर्छ ।



९

यदि तीन वा चार रकातको सलाह छ भने तेस्रो रकातको लागि उभिएर बाँकी रकातलाई पहिलो र दोस्रो रकातमा गरे झैं पूरा गर्नु पर्छ । तर तेस्रो र चौथो रकातमा कुरआनपछि अन्य सूरह पढ्नु पर्दैन ।

१० अन्तिम रकातमा सज्दापछि बस्नु पर्छ। पहिले अत्तहीयात र त्यसपछि 'दरुद-शरीफ'– 'अल्लाहुम्म सल्लि अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा सल्लैत अला इब्राहीम्, व अला आलि इब्राहीम इन्नक हमीदुम्मजीद । अल्लाहुम्म बारिक अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा बारक्त अला इब्राहीम्, व अला आलि इब्राहीम, इन्नक हमीदुम्मजीद' पढ्नु पर्छ।





११ त्यसपछि पहिले दायाँ फेरि बायाँतिर गर्धन घुमाउदै 'अस्सलामु अलैकुम व रहमतुल्लाह' भन्नु पर्छ।

## > सलाहका अर्कान तथा वाजिब कुराहरू

अर्कान– यी सलाहका महत्वपूर्ण आधारहरू हुन्, जानेर वा बिर्सेर छोड्यो भने सलाह भङ्ग हुन्छ।

यी निम्न छन्–


तक्बीर तहरीमा, कियाम, कुरआन पढ्नु, रुकू गर्नु, रुकूपछि उभिनु, सज्दा, दुवै सज्दाहरूको बीचमा बस्नु, अन्तिम तशह्हुदमा बस्नु, बिस्तारै-बिस्तारै सलाह पढ्नु र सलाम फेर्नु।

वाजिब कुराहरू– यी सलाहका अनिवार्य कुराहरू हुन्, जानी-जानी छोड्यो भने सलाह भङ्ग हुन्छ, तर बिर्सेर वा चाल नपाईकन छुट्यो भने सलाहमा कमी हुन्छ, जसलाई सज्दा सहु गरेर पूरा गर्न सकिन्छ।

**सलाहका वाजिबहरू निम्न छन्–**

तक्बीर तहरीमा बाहेक सम्पूर्ण तक्बीरहरू, 'सुब्हान रब्बियल्-अजीम' एक चोटि भन्नु, इमाम र मुन्फरिदले 'समिअल्लाहु लिमन् हमिदह' भन्नु, सम्पूर्ण व्यक्तिहरूले 'रब्बना व लकल्-हम्द' भन्नु, सज्दामा 'सुब्हान रब्बियल्-आ'ला' एक चोटि भन्नु, दुवै सज्दाहरूको बीचमा 'रब्बिग फिर्ली' एक चोटि भन्नु र प्रथम तशह्हुद। यी वाजिबहरूमध्ये कुनै पनि वाजिब छोड्यो भने सज्दा सहुले त्यो त्रुटीलाई पूरा गर्न सकिन्छ।

सलाहका सुन्नतहरू– उपर्युक्त सलाहका आधार र अनिवार्य बाहेकका कुराहरू। यी सलाहका पूरकहरू हुन्। यीमध्ये केही छोड्यो भने सलाह भङ्ग हुँदैन।



## सज्दा सहु–

सलाहमा हुन गएको त्रुटीहरूलाई पूरा गर्न अल्लाहले यी दुई सज्दाहरू गर्न आदेश दिनुभएको छ।

सज्दा सहु कुन बेला गर्नुपर्छ ?

निम्नलिखित अवस्थामा सज्दा सहु गर्नुपर्दछ–

१ यदि बिर्सेर रुकू, सज्दा, कियाम वा तशह्हुद मध्ये केही बढी गरियो भने सज्दा सहु गर्नुपर्दछ।

२ यदि आधार छोडियो भने पहिले त्यसलाई पूरा गर्नुपर्छ र सलाहको अन्तमा सज्दा सहु गर्नुपर्दछ।


३ यदि कुनै वाजिब जस्तै– प्रथम तशह्हुद छोडियो भने सज्दा सहु गर्नु नै पर्याप्त हुन्छ।

४ यदि रकातको संख्यामा शंका भयो भने कमलाई आधार मान्नु पर्छ र सज्दा सहु गर्नुपर्दछ।

**सज्दा सहुको तरिका–** सज्दा सहु पनि सलाह जस्तै दुई पटक सज्दा गर्नुपर्दछ र दुवै सज्दाहरूको बीचमा अलिकति बस्नु पर्दछ।

**सज्दा सहुको समय–** यसका दुईवटा समयहरू छन्। जुन बेला गरे पनि हुन्छ–

- सलाम पूर्व– अन्तिम रकातमा सलाम फेर्नु पूर्व सज्दा सहु गर्नु र त्यसपछि सलाम फेर्नु।
- सलामपछि– सलाम फेरिसकेपछि सज्दा सहु गर्नु र पुनः सलाम फेर्नु।



## सलाह भङ्ग गर्ने कुराहरू–

१ जानेर वा बिर्सेर सलाहका आधारहरू छोड्यो भने सलाह भङ्ग हुन्छ।

२ जानी-जानी सलाहका अनिवार्य कुरा छोड्यो भने सलाह भङ्ग हुन्छ।

३ जानी-जानी सलाहमा कुराकानी गर्यो भने सलाह भङ्ग हुन्छ।

४ जोडले हाँस्यो भने सलाह भङ्ग हुन्छ।

५ आवश्यक बिना धेरै खटपट र यताउता गर्नाले सलाह भङ्ग हुन्छ।



> सलाह पढिरहेको बेला हात, अनुहार वा कुनै वस्तुसँग खेल्नु नराम्रो कुरा हो।

## सलाहलाई खराब (मकरुह) गर्ने कुराहरू–

सलाहको एकाग्रता, मर्यादा र पुण्यमा कमी ल्याउने कुराहरूलाई मकरुह भनिन्छ, यी निम्न हुन्–

१ सलाहमा यताउता हेर्नु। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सलाहमा यताउता हेर्ने बारेमा सोधियो, उहाँले भन्नु भयो– "शैतानले मानिसको सलाहमा हिनामिना गर्छ अनि ऊ यताउता हेर्न थाल्छ।" (बुखारी : ७१८)

२ सलाहमा हात, अनुहार वा कुनै वस्तुसँग खेल्नु, औंला पड्काउनु र हातलाई कम्मरमाथि राख्नु।

३ दिसा-पिसाबले च्यापेको वा बेस्सरी भोक लागेको बेला सलाह पढ्नु। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "खाना पस्की सकेपछि वा जोडले दिसा-पिसाब लागेको बेला सलाह पढ्नु हुँदैन।" (मुस्लिम : ५६०)

## > सुन्नत सलाहहरू के के हुन् ?

एउटा मुस्लिमले दिनरातमा पाँच चोटि फर्ज सलाह पढ्नु अनिवार्य छ ।

तर यी पाँच फर्ज बाहेक केही सुन्नत (गैर-अनिवार्य) सलाहहरू छन् जसलाई पढ्न इस्लामले प्रेरणा दिएको छ । यी सुन्नत सलाहद्वारा अल्लाहको माया पाउन सकिन्छ र फर्ज सलाहमा भएको त्रुटीलाई पूरा गर्न सकिन्छ ।

सुन्नत सलाहहरू धैरै छन्, तीमध्ये केही महत्वपूर्ण यस प्रकार रहेका छन्–

१ सुन्नत मुअक्कदह– यो फर्ज सलाहदेखि कहिल्यै पनि अलग हुँदैन । त्यसैले यसलाई सुन्नत मुअक्कदह भनिन्छ ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “जो कोही मुस्लिम प्रत्येक दिन फर्ज बाहेक १२ रकात सलाह पढ्छ, अल्लाहले उसको लागि स्वर्गमा घर बनाउनु हुनेछ ।” (मुस्लिम : ७२८)

यी निम्न छन्–

| | |
|---|---|
| १ | फज्रमा– फर्ज सलाह भन्दा अगाडि दुई रकात । |
| २ | जुहरमा– फर्ज सलाह भन्दा अगाडि चार रकात (दुई-दुई गरी पढ्नु) र फर्ज सलाहपछि दुई रकात । |
| ३ | मग्रिबमा– फर्ज सलाहपछि दुई रकात । |
| ४ | ईशामा– फर्ज सलाहपछि दुई रकात । |

२ वित्रको सलाह– यसका रकात बिजोर हुन्छ त्यसैले यसलाई वित्र (बिजोर) भनिन्छ । यो सुन्नत सलाहहरूमध्ये उत्कृष्ट सलाह हो । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “हे कुरआनवालाहरू हो ! वित्रको सलाह पढ्दै गर ।” (तिर्मिजी : ४५३, इब्ने माजा : ११७०)

वित्रको सलाहको समय– यसको उत्कृष्ट समय रातको अन्तिम पहर हो । ईशाको सलाहपछि प्रात: काल (फज्रको अजान) सम्म जहिले पनि पढ्न सकिन्छ ।

वित्रको रकात– कम भन्दा कम एक रकात पढ्नु पर्छ, तर तीन रकात पढ्नु उत्तम हो । तीन भन्दा बढी पढ्न सकिन्छ, किनकि रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ११ रकातसम्म पढ्नु हुन्थ्यो ।

सुन्नत (गैर अनिवार्य) सलाह दुई दुई रकात गरी पढ्नु उत्तम हो । दुई रकात पढेर सलाम फेर्नुहोस्, फेरि उस्तै दुई रकात पढ्नुहोस् र अन्तमा वित्रको एक रकात पढ्नुहोस् । वित्रको अन्तिम रकातमा रुकूबाट उठेपछि र सज्दा गर्नु भन्दा पहिले वित्र (कुनुत) को प्रमाणित दुआ र आफ्नो मनले चाहेका कुराहरू हात थापेर माग्नुहोस् ।

# सुन्नत सलाहका निषेधित समयहरू–

सुन्नत सलाहहरू तीन निषेधित समय बाहेक जहिले पनि पढ्न सकिन्छ, किनकि त्यो गैर-मुस्लिमहरूको उपासनाको समय हो। निषेधित समयमा छुटेको फर्ज सलाहलाई कजा (पूरा) गर्न र तहियतुल-मस्जिद मात्र पढ्न सकिन्छ। स्मरण रहोस् ! निषेधित समय सलाहको लागि मात्र हो, दुआ जुनसुकै समयमा गर्न सकिन्छ।

निषेधित समयहरू–

| | |
|---|---|
| १ | फज्रको सलाहपछि सूर्योदय भएर अलिमाथि आकाशमा पुगेसम्म, इस्लामी विधान अनुसार एक भालाको उँचाई जति हुनुपर्छ। अनुकूल वातावरण भएका मुलुकहरूमा सूर्योदयपछि लगभग २० मिनेटसम्म। |
| २ | मध्यान्हमा आफ्नो शिरमाथि सूर्य पुगेको बेलामा। यो निषेधित समय जुहरको समय हुनु पूर्व केही क्षणको लागि मात्र हुन्छ। |
| ३ | अस्रको सलाह पढिसकेपछि सूर्यास्तसम्म। |



> अस्रको सलाह पढिसकेपछि सूर्यास्तसम्म सुन्नत सलाहहरू पढ्न निषेध गरिएको छ।

# > जमातको सलाह

अल्लाहले पुरुषहरूलाई सामुहिक रुपमा पाँच समयका सलाहहरू पढ्ने आदेश दिनुभएको छ। सामुहिक रुपमा सलाह पढ्नेहरूका लागि बढी सवाब (पुण्य) को वाचा गर्नुभएको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "एक्लै नमाज पढ्नु भन्दा जमातका साथ पढेमा २७ गुणा बढी सवाब (पुण्य) प्राप्त हुन्छ।" (बुखारी : ६१९, मुस्लिम : ६५०)

जमातको न्यूनतम संख्या– इमाम (अगुवा) र मुक्तदी (इमामको अनुसरण गर्ने व्यक्ति) हो। जमात जति ठूलो हुन्छ, अल्लाहले त्यति नै मन पराउनु हुन्छ।

**अनुसरणको अर्थ–**

मुक्तदीले आफ्नो सलाहलाई इमामको सलाहसँग गाँस्नु पर्दछ। रूकू, सज्दामा उसको अनुसरण गर्नुपर्दछ। उसको केरात (कुरआनको पाठ) लाई ध्यानपूर्वक सुन्नु पर्दछ। कुनै पनि कार्य इमाम भन्दा अगाडि वा धेरै ढिलो र उसको विपरीत गर्नु हुँदैन। पूर्ण रुपमा इमामको अनुसरण गर्नुपर्दछ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "इमाम अनुसरण गर्नको लागि हो। जुन बेला 'अल्लाहु-अक्बर' भन्नु हुन्छ, तिमीहरू पनि 'अल्लाहु-अक्बर' भन र इमाम भन्दा पूर्व 'अल्लाहु-अक्बर' नभन। जब रूकू



गर्नुहुन्छ, तिमीहरू पनि रुकू गर र इमाम भन्दा पूर्व रूकू नगर। जब 'समिअल्लाहू लिमन हमिदह' भन्नु हुन्छ, तिमीहरू उभिएर 'रब्बना व लकल-हम्द' भन। जब सज्दा गर्नुहुन्छ, तिमीहरू सज्दामा जाऊ र इमाम भन्दा पूर्व सज्दामा नजाऊ ...।" (बुखारी : ७०१, मुस्लिम : ४१४, अबु-दाऊद : ६०३)

## इमामतका हकदार ?

कुरआनको हाफिज र त्यसपछि जो बढी जानकार हुन्छ, ऊ नै इमामतको हकदार हुनेछ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "कुरआनको हाफिजलाई आफ्नो इमाम बनाऊ। यदि यसमा सबै बराबर छन् भने सुन्नतको आधारमा प्राथमिकता देऊ।" (मुस्लिम : ६७३)

## इमाम र मुक्तदी कहाँ उभिने छन् ?

इमाम (सामूहिक सलाहमा) सामान्य पंक्ति भन्दा अगाडि र मुक्तदी इमामको पछाडि पंक्तिबद्ध एक अर्कासँग मिलेर उभिने छन्। पहिलो पंक्ति पूरा नहुन्जेलसम्म दोस्रो पंक्ति र दोस्रो पंक्ति पूरा नहुन्जेलसम्म तेस्रो पंक्ति लगाउनु हुँदैन। यदि मुक्तदी एक्लै छ भने इमामको दायाँ पट्टि उभिनेछ।

## इमामसँग सलाह पढ्दा छुटेका रकातहरू कसरी पूरा गर्ने ?

इमामसँग सलाह पढ्दा केही रकात छुटिसकेको छ भने अल्लाहु-अक्बर भनेर जमातमा प्रवेश गर्नुहोस्, जति पाउनु हुन्छ त्यति पढ्नुहोस् र इमामले सलाम फेरिसकेपछि बाँकी रकातलाई पूरा गर्नुहोस्।

इमामको साथमा पढेको सलाह उसको पहिलो रकात र छुटेको सलाह उसको अन्तिम रकात हुनेछ।

## कुन अवस्थामा रकात पाइन्छ ?

जसले इमामको साथमा रूकू पायो उसले पूरा रकात पायो। जसले रूकू पाएन उसले रकात पाएन तर जमातमा सामेल हुनुपर्छ र छुटेको रकातलाई इमामले सलाम फेरिसकेपछि पूरा गर्नुपर्दछ।

**इमामको साथमा छुटेका सलाहलाई पूरा गर्ने केही उदाहरणहरू**

जसले इमामको साथमा फज्रको दोस्रो रकात पायो, उसले इमामले सलाम फेरिसकेपछि एक रकात पूरा गर्छ अनि सलाम फेर्छ, किनभने फज्रको सलाहमा दुई रकात पढ्नु पर्दछ।

जसले इमामको साथमा मग्रिबको अन्तिम तशह्हुद पायो, उसले इमामले सलाम फेरिसकेपछि तीन रकात पढ्नु पर्दछ, किनभने तशह्हुदले रकातको गन्ती हुँदैन।

जसले इमामलाई जुहरको तेस्रो रकातको रूकूमा पायो, उसले इमामले सलाम फेरिसकेपछि दुई रकात मात्र पूरा गर्नुपर्दछ, किनभने उसले इमामको साथमा दुई रकात पाईसकेको छ र जुहरको सलाह चार रकात हुन्छ। इमामसँग पाएको रकात मुक्तदीको पहिलो रकात हुनेछ।

# > अजान



> अल्लाहको दृष्टिमा अजान एउटा उत्कृष्ट सत्कर्म हो।

मानिसलाई सलाहको समय भएको सूचना तथा जानकारी दिनको लागि अल्लाहले मुस्लिमहरूका लागि अजान दिन आदेश दिनुभएको छ। शुरुमा सलाहको लागि धेरै प्रतिक्षा गर्नु पर्थ्यो, कसैले कसैलाई पुकार्दैन्थ्यो, किनकि त्यतिबेला अजानको नियमै थिएन। एक दिन यसैको विषयमा सानोतिनो बैठक भयो। कसैले क्रिस्चियन जस्तै संख फुँकने र कसैले यहूदी जस्तै नरसिंधा फुँकने सुझाव राख्यो तर उमर (रजियल्लाहु अन्हु) ले अजान दिने सुझाव दिनुभयो। त्यसपछि रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले बिलाललाई सम्बोधन गर्दै भन्नु भयो– “हे बिलाल ! उभ र मानिसलाई सलाहको लागि बोलाऊ।” (बुखारी : ५७९, मुस्लिम : ३७७)

## अजान र इकामतको तरिका–

- जमातको साथमा सलाह पढ्नेहरूले अनिवार्य रुपमा अजान र इकामत दिनु पर्छ, मुन्फरिद (एक्लै सलाह पढ्ने) ले दिनु पर्दैन। जानी-जानी छोड्यो भने पाप लाग्छ तर सलाह सही हुन्छ।
- अजान ठूलो र मिठो स्वरमा दिनु पर्दछ। ताकि मानिसहरू सलाहको लागि आउन्।
- अजान र इकामतका अनेकौं तरिकाहरू रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बाट प्रमाणित छन्, तीमध्ये प्रसिद्ध तरिका यस प्रकार छ–

## अजानका वाक्यहरू यस प्रकार रहेका छन्–

१ अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर ।

२ अश्हदु अल्ला इलाहा इल्लल्लाह, अश्हदु अल्ला इलाहा इल्लल्लाह ।

३ अश्हदु अन्न मुहम्म दर्रसूलुल्लाह, अश्हदु अन्न मुहम्म दर्रसूलुल्लाह ।

४ हय्या अलस्सलाह । हय्या अलस्सलाह ।

५ हय्या अलल्फलाह । हय्या अलल्फलाह ।

६ अल्लाहु अक्बर, अल्लाहु अक्बर ।

७ ला इलाहा इल्लल्लाह ।

## इकामतका वाक्यहरू यस प्रकार रहेका छन्–

१ अल्लाहु अक्बर, अल्लाहु अक्बर ।

२ अश्हदु अल्ला इलाहा इल्लल्लाह ।

३ अश्हदु अन्न मुहम्म दर्रसूलुल्लाह ।

४ हय्या अलस्सलाह ।

५ हय्या अलल्फलाह ।

६ कद्का मतिस्सलाह । कद्का मतिस्सलाह ।

७ अल्लाहु अक्बर, अल्लाहु अक्बर ।

८ ला इलाहा इल्लल्लाह ।

## अजानको उत्तर दिनु–

मुअज्जिन (अजान दिने व्यक्ति) ले भने जस्तै सुन्नेले पनि उसको पछि-पछि अजान दोहोर्याउनु पर्छ । तर (हय्या अलस्सलाह) र (हय्या अलल्फलाह) को जवाफमा (लाहौल वला कुव्वता इल्ला बिल्लाह) भन्नुपर्छ ।

अजान सकेपछि यो दुआ पढ्नु पर्छ– (अल्लाहुम्म रब्ब हाजि हिद्दाअ्व तित्ताम्मह वस्सलातिल् काइमह आते मोहम्मद निल् वसीलत वल् फजीलह वब्असहु मकामम्महमूद निल्लजी वअत्तह) ।



> अल्लाहले मुस्लिमहरूलाई मस्जिदतिर चालेको प्रत्येक पाईलाको हिसाबले पुण्य दिनु हुनेछ ।

# > सलाहमा एकाग्रता



> ढोग गरिरहेको बेला भक्त आफ्नो प्रभुसित निकै नजिक हुन्छ ।

एकाग्रताको महत्व– एकाग्रता (खुशुअ) नै उपासनाको प्राण हो । एकाग्रता भनेको अल्लाहको अगाडि तुच्छ र नीच भएर मन र मस्तिष्कलाई उपस्थित राखेर सलाह पढ्नु, कुरआनको पाठ र दुआहरूमा मनन् गर्नु हो ।

यो महत्वपूर्ण उपासना र उच्च अनुसरण हो । त्यसैले अल्लाहले आस्थावानहरूको गुण दर्शाउँदै भन्नुभएको छ– "वास्तवमा, ती आस्थावानहरू सफल हुन्छन् जो एकाग्रताका साथ सलाह पढ्छन् ।" (कुरआन : २३/१-२)

जसले एकाग्रताका साथ सलाह पढ्छ, उसले नै भक्ति र ईमानको वास्तविक स्वाद पाउँछ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "मेरो आँखाको खुशी सलाहमा नै रहेको छ ।" (निसाई : ३९४०) आँखाको खुशी भनेको सुख र शान्ति हो ।

## सलाहमा एकाग्रता प्राप्त गर्ने तत्वहरू

सलाहमा एकाग्रता प्राप्त गर्ने तत्वहरू धेरै छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

### १ सलाहको लागि पूर्ण रुपमा तयारी गर्नु–

पुरुषहरूले समय हुने बित्तिकै मस्जिदतिर लाग्नु, फर्ज भन्दा पूर्वका सुन्नतहरू नियमित रुपमा पढ्नु, राम्रो र सुहाउँदो कपडामा सजेर नम्रतापूर्वक मस्जिद जानु ।

### २ ध्यान भङ्ग गर्ने सम्पूर्ण बाधा र अड्चनहरूलाई दूर गर्नु–

ध्यान भङ्ग गर्ने चित्र, गाजा-बाजाको आवाज र खेल-तमाशा भएको ठाउँमा सलाह पढ्नु हुँदैन । त्यसैगरी बेस्सरी भोक लागेको वा दिसा-पिसाबले च्यापेको बेला सलाहको लागि नजानु, पहिले आफ्नो आवश्यकतालाई पूरा गर्नु, अनि एकाग्र भएर ध्यानपूर्वक सलाह पढ्नु र अल्लाहसित कुराकानी गर्नु ।

### ३ विस्तारै-विस्तारै सलाह पढ्नु–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) रुकू र सज्दा सुकुनका साथ गर्नु हुन्थ्यो। यहाँसम्म कि प्रत्येक हड्‌डी आफ्नो ठाउँमा फर्किन्थ्यो। उहाँले राम्रोसँग सलाह नपढ्नेलाई सलाह दोहोर्याउने र कागको ठुङ्गाइ झैं छिटो-छिटो नपढ्ने आदेश दिनुभएको छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “सबैभन्दा नराम्रो चोरी सलाहमा चोर्नु हो” उनीहरूले सोधे– ए हजुर, सलाहमा कसरी चोरी गर्न सकिन्छ त ? उहाँले जवाफ दिनुभयो– “राम्रोसँग रूकू र सज्दा नगरी हतार-हतारमा सलाह पढ्नु नै सलाहको चोरी हो” (अहमद : २२६४२)

जुन व्यक्ति विस्तारै-विस्तारै सलाह पढ्दैन उसको सलाहमा एकाग्रता कहिल्यै पनि उत्पन्न हुन सक्दैन र कागको ठोंग जस्तै पढेको सलाह खेर जानेछ।

### ४ जसको अगाडि उभिएको छ, उसको महानतालाई सम्झिनु–

सलाह पढिरहेको बेला सृष्टिकर्ताको महानता, आफ्नो कमजोरी र तुच्छतालाई सम्झिनु पर्छ। सर्वशक्तिमान अल्लाहको अगाडि नम्रतापूर्वक उभिएर गुहार गरिरहेको बोध हुनुपर्छ। अल्लाहले परलोकमा आस्थावानहरूका लागि कति सुन्दर प्रतिफल र काफिरहरूका लागि कति दुखदायी यातना तयार पार्नु भएको छ र महाप्रलयको दिन अल्लाहको अगाडि उसको अवस्था कस्तो हुनेछ भन्ने कुरालाई सम्झिनु पर्दछ।

जो आस्थावान उक्त कुराको सम्झना गर्छ तिनीहरूकै बारेमा अल्लाहले भन्नुभएको छ– “निश्चय नै सलाह अत्यन्तै कठिन कार्य हो, तर नम्रतापूर्वक सलाह पढ्नेहरूका लागि निकै सरल हो। जो आफ्नो अल्लाहसित भेट्ने अनि फर्केर उहाँतिर जाने कुरामा विश्वस्त छन्।” (कुरआन : २/४५-४६)

अल्लाहले हाम्रा सम्पूर्ण क्रियाकलापहरूलाई देखिरहनु भएको छ, हाम्रा दुआलाई सुनिरहनु भएको छ भन्ने आभास हुने बित्तिकै स्वतः सलाहमा एकाग्रता उत्पन्न हुनेछ।

### ५ कुरआनको पाठ र दुआहरूमा विचार पुर्याउनु–

अल्लाहले मनन् गर्न र ध्यान दिनको लागि कुरआनलाई अवतरण गर्नुभएको छ। अल्लाहले भन्नुभएको छ– “उनीहरूले यो मंगलमय ग्रन्थमा ध्यान दिउन् र बुद्धिजीवीहरूले उपदेश ग्रहण गरुन् भन्ने उद्देश्यका साथ हामीले कुरआनलाई अवतरण गरेका हौं।” (कुरआन : ३६८/२९)

तर जबसम्म अरबी भाषाको ज्ञान हुँदैन, तबसम्म त्यसको अर्थ र अभिलाषा जान्न गाह्रो हुन्छ। किनभने त्यस श्लोकमा के भनिएको छ थाहा हुने बित्तिकै मनमा अनौठो मज्जा आउँछ र कहिले काही आँखा पनि रसाएर आउँछ र मोति झैं आँसु झर्न थाल्छ। अल्लाहले भन्नुभएको छ– “जब तिनीहरूलाई कुरआनको पाठ गरेर उपदेश दिइन्छ तब तिनीहरू बहिरो र अन्धो भएर झुक्दैनन्।” (कुरआन : २५/७३)

# > जुमाको सलाह

अल्लाहले जुमाको दिन जुहरको समयमा जुमाको सलाहलाई अनिवार्य गर्नुभएको छ। यो इस्लामको एउटा महत्वपूर्ण संस्कार र साप्ताहिक पर्व हो। सम्पूर्ण मुस्लिमहरू हप्तामा एक पटक एकै ठाउँमा भेला हुन्छन्, इमामको धर्मोपदेश (खुत्बा) सुन्ने अवसर पाउँछन् र सामुहिक रूपमा जुमाको सलाह पढ्छन्।

## जुमाको दिनको महत्व–

साताको महान र उत्कृष्ट दिन जुमा हो। अल्लाहले यो दिनलाई रोज्नु भएको छ र अरु समयहरू भन्दा यो समयलाई निकै विशेषताहरू प्रदान गर्नुभएको छ, जस्तै–

- यो महत्वपूर्ण दिन अरु समुदायलाई नदिई रसूल (सल्लल्लाहु अलैहि व सल्लम) का अनुयायीहरूका लागि खास गरिएको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "हामी भन्दा अघिका समुदायले यसलाई पाउन सकेनन्। यहुदीहरूका लागि शनिवार, ईसाइहरूका लागि आइतबार खास गरिएका थिए तर हामी पछि आयौं तै पनि अल्लाहले हामीहरूलाई जुमाको दिन नै प्रदान गर्नुभयो।" (मुस्लिम : ८५६)
- यसै दिन आदम (अलैहिस्सलाम) को जन्म भयो र यसै दिन महाप्रलय हुनेछ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सर्वोत्तम बार जुमाको दिन हो। यसै दिन आदम (अलैहिस्सलाम) को सृष्टि भयो, यसै दिन स्वर्गमा प्रवेश गराइयो, यसै दिन त्यहाँबाट निकालियो र यसै जुमाको दिन महाप्रलय हुनेछ।" (मुस्लिम : ८५४)



> नमाजीहरूले इमामको खुत्बालाई ध्यानपूर्वक सुन्नु अनिवार्य छ र यताउता गर्नु हुँदैन।

## कुन व्यक्तिहरूमाथि जुमाको सलाह अनिवार्य छ ?

यी व्यक्तिहरूमाथि जुमाको सलाह अनिवार्य छ–

१. पुरुषमाथि, अतः महिलामाथि अनिवार्य छैन।
२. सक्षम व्यक्तिमाथि, अतः बौलाहा र नाबालकमाथि अनिवार्य छैन।
३. स्थानीय बासिन्दामाथि, अतः यात्री तथा शहर बाहिर गाउँका बासिन्दाहरूमाथि अनिवार्य छैन।

४ स्वास्थ्य मानिसमाथि, अतः जुमाको लागि जान नसक्ने अशक्तमाथि अनिवार्य छैन।

## जुमाको सलाह पढ्ने तरिका र विधि-विधानहरू–

१ जुमाको सलाह अगाडि नुहाइधुवाई गर्नु, सुन्दर पोशाकमा चिटिक्क परेर र अत्तर छर्केर खुत्बा पूर्व नै मस्जिद पुग्नु उत्तम हो।

२ मुस्लिमहरू ठूलो मस्जिदमा भेला हुन्छन्, इमामले मिम्बर (मन्च) माथि चढेर दुई पटक धर्मोपदेश (खुत्बा) दिनुहुन्छ, खुत्बामा ईश्-भयको कुरा गर्नु पर्ने हुन्छ। दुवै खुत्बाको बीचमा बसेर क्षणिक विश्राम गर्नुपर्छ।

३ सम्पूर्ण उपस्थित महानुभावहरूले इमामको खुत्बा र धर्म उपदेशलाई ध्यानपूर्वक सुन्नु पर्दछ। कुराकानी र अन्य कुरामा ध्यानाकर्षण गर्नु, जस्तै– गलैचा, कपडा, माटो, ढुङ्गा आदिसित खेल्नु हराम गरिएको छ।

४ खुत्बापछि इमाम तल झर्नु हुन्छ र मानिसहरूलाई ठूलो स्वरमा दुई रकात सलाह पढाउनु हुन्छ।

५ जुमाको सलाह सामुहिक रुपमा पढ्नु अनिवार्य छ, एक्लो व्यक्तिमाथि अनिवार्य छैन। त्यसैले कसैको जुमाको सलाह छुट्यो वा कारणवश ढिलो पुग्यो भने उसले जुमाको सट्टामा जुहरको सलाह पढ्नु पर्दछ।

६ जुमाको सलाहमा ढिलो गइयो र इमामको साथमा एक रकात पनि पाउन सकिएन भने उसले जुहरको सलाह पढ्नु पर्दछ।

७ जुन व्यक्तिहरूमाथि जुमाको सलाह अनिवार्य छैन, जस्तै– महिला र यात्रु, यदि उनीहरूले जमातका साथ जुमाको सलाह पढ्छन् भने उनीहरूको सलाह सही हुनेछ र जुहरको सलाह पढ्नु पर्दैन।

## यी व्यक्तिहरूका लागि जुमाको सलाह माफ गरिएको छ–

जुन व्यक्तिहरूका लागि जुमाको सलाह अनिवार्य गरिएको छ, उनीहरूलाई जुमाको लागि हाजिर हुनु एकदम जरुरी छ र बिना कुनै नितान्त कारण यसलाई कदापि छोड्नु हुँदैन। अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो! जुमाको दिन अजान सुन्ने बित्तिकै व्यवसाय र कामकाज बन्द गर र मस्जिदतर्फ जाऊ। यदि तिमीहरू ज्ञान राख्छौ भने यसैमा नै तिमीहरूको फाइदा छ।" (कुरआन : ६२/९)

कामकाजमा लिप्त हुने र बिना कुनै नितान्त कारण जुमाको सलाहमा उपस्थित नहुनेहरूको हृदयमाथि मोहर लगाई दिने चेतावनी दिइएको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसले तीन जुमा बिना कारण पढेन अल्लाहले उसको हृदयमा मोहर लगाई दिनुहुन्छ।" (अबु-दाऊद : १०५२, अहमद : १५४९८)



> भनिदेऊ, "जुन वरदान अल्लाहले तिमीहरूका लागि तयार पार्नु भएको छ, त्यो दुनियाँको व्यवसाय र खेल-तमासा भन्दा उत्तम छ।" (कुरआन : ६२/११)

मोहर लगाउनु भनेको उसको मुटुलाई कपटी र काफिरहरू झैं कठोर बनाई दिनुहुन्छ।

जुमामा अनुपस्थित हुने उचित कारणहरू– अत्यन्त कष्ट हुनु, व्यापार र स्वास्थ्यमा ठूलो आघात पुग्ने खतरा हुनु, जस्तै– रोग र आपतकालीन अवस्थाहरू।

## के जागिर र व्यवसाय जुमाबाट अनुपस्थित हुने कारण बन्न सक्छ ?

वास्तवमा सधैं गरिराख्ने कामकाज जुमाको सलाहबाट अनुपस्थित हुने कुनै कारण होइन। अल्लाहले जुमाको दिन कामकाजलाई छोडेर जुमामा उपस्थित हुन अनिवार्य गर्नुभएको छ।

अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो ! जुमाको दिन अजान सुन्ने बित्तिकै व्यवसाय र कामकाज बन्द गर र मस्जिदतिर जाऊ। यदि तिमीहरू ज्ञान राख्छौ भने यसैमा नै तिमीहरूको फाइदा छ।" (कुरआन : ६२/९)

मुस्लिमले यस्तो कामकाज र जागिर गर्नुपर्छ, जुन कार्यले अल्लाहको उपासनामा बाधा नपुर्याओस्, यद्यपि त्यसको आय अरु भन्दा कम किन नहोस्।

अल्लाहले भन्नुभएको छ– "जो अल्लाहसित भय राख्छ, अल्लाहले उसको लागि बाटो निकालि दिनुहुन्छ र उसलाई यसरी जीविका प्रदान गर्नुहुन्छ, जसको बारेमा उसले सोचेको पनि हुँदैन र जो अल्लाहमाथि आश्रित हुन्छ, अल्लाह उसको लागि पर्याप्त हुन्छ।" (कुरआन : ६५/२-३)

## जुमाबाट अनुपस्थित हुने उचित कारणहरू–

जुन व्यक्तिहरूमाथि जुमाको सलाह अनिवार्य छ, उनीहरूले कुनै दैनिक कामकाजले जुमाको सलाह छोड्नु वैध छैन, तर दुई अवस्थामा जायज छ–

१ ठूलो हित लुकेको कुनै काम हुनुपर्छ, जसलाई उसको अनुपस्थितिमा प्राप्त गर्न सकिदैन, अन्यथा मानिसको ज्यान जान सक्छ वा करोडौंको घाटा हुन सक्छ र यो कार्यभार सम्हाल्ने उसको कोही नायब पनि छैन।

उदाहरणहरू–

- आपतकालीन बिरामीहरूलाई उपचार गर्ने चिकित्सक।
- पाले, बैंकका चौकिदार, अपराधिक क्रियाकलापहरू र अवैध रुपमा माल ओसारपसार गर्नेहरूलाई समाउन खटाइएका विशेष प्रहरी।
- ठूल-ठुला कारखानामा कामको सर्वेक्षण गर्न राखिएको इन्जिनियर जसले मिनेट-मिनेटमा निरीक्षण गरि राख्नु पर्ने हुन्छ।

२ यदि साहुले जुमाको लागि फुर्सद दिदैन र त्यो काम नै उसको आहारको असल श्रोत छ, यो बाहेक अन्य जागिर पनि पाउन गाह्रो छ, जागिर छोड्यो भने आफू र आफ्नो घरपरिवारको दुई छाक टार्न धौ-धौ पर्ने अवस्था सृजना हुने डर छ भने अर्को जागिर नभेटुन्जेल वा स-परिवारको गाँसबासको राम्रो व्यवस्था नहुन्जेल जुमाको सलाह छोड्न सकिन्छ।

## > बिरामीको सलाह

जबसम्म एउटा मुस्लिममा चेतना र होश हुन्छ, त्यसबेलासम्म उसले अनिवार्य रुपमा सलाह पढ्नु पर्छ, तर इस्लामले मानिसको अवस्था र परिस्थितिलाई सधैं कदर गरेको छ, तीमध्ये बिरामीको अवस्था पनि हो।

**उपर्युक्त कुरा निम्न उदाहरणले छर्लङ्ग हुन्छ–**

- उभिएर सलाह पढ्नु अनिवार्य हो, तर यदि अशक्त छ भने उभिनु पर्दैन, जस्तै– रोगले गर्दा खडा हुन अप्ठ्यारो हुन्छ वा रोग झन् बढ्ने सम्भावना छ भने बसेर सलाह पढ्छ। बसेर पढ्न सकेन भने कोल्टो परेर सलाह पढ्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "उभिएर सलाह पढ, सक्दैनौ भने बसेर पढ, त्यो पनि सक्दैनौ भने कोल्टो परेर सलाह पढ्।" (बुखारी : १०६६)
- जो रुकू र सज्दा गर्न असमर्थ छ भने सकेसम्म इशाराले पढ्नेछ।

- जसलाई भुइँमा बस्न गाह्रो हुन्छ, त्यो कुर्सी वा त्यस्तै कुनै वस्तुमाथि बसेर सलाह पढ्नेछ।
- जसलाई हरेक सलाहको लागि पवित्रता प्राप्त गर्न गाह्रो हुन्छ, उसको लागि दुईवटा सलाहहरू, जस्तै– जुहर र अस्र एउटै समयमा तथा मग्रिब र ईशा एउटै समयमा पढ्न जायज छ।
- जसलाई पानीको प्रयोग गाह्रो हुन्छ, उसको लागि माटोद्वारा तयम्मुम (पवित्रता प्राप्त) गरेर सलाह पढ्न जायज छ।


## > यात्रीको सलाह

- यात्रीले यात्रा तथा छोटो विश्रामको बेला जुन चार दिन भन्दा कम छ, कसर सलाह पढ्नु सुन्नत हो। कसर भनेको चार रकातको ठाउँमा दुई रकात मात्र पढ्नु हो, जस्तै– जुहर, अस्र र ईशाको सलाहलाई दुई रकात मात्र पढ्नु। तर यदि कुनै स्थानीय (मुकीम) इमामको पछाडि सलाह पढिरहेको छ भने इमामको अनुसरणमा पूरा चार रकात पढ्नु पर्दछ।
- सुन्नत सलाहहरू माफ गरिएका छन्, तर फज्र र वित्रको सुन्नत पढ्नु पर्दछ।
- यात्रीको सहजताको लागि दुई समयको सलाहलाई एकै समयमा पढ्न जायज गरिएको छ, जस्तै– जुहर र अस्रलाई जुहर वा अस्रको समयमा तथा मग्रिब र ईशालाई मग्रिबकै समयमा वा ढिलो गरी ईशाको समयमा पढ्न सकिन्छ।





# तपाईको ब्रत



# ४

अल्लाहले मुस्लिमहरूमाथि वर्षमा एक महिनाको ब्रत अनिवार्य गर्नुभएको छ । त्यो रमजानको महिनामा हुन्छ र यो इस्लामको चौथो महत्वपूर्ण आधार हो । अल्लाहले भन्नुभएको छ– “हे आस्थावानहरू हो ! “तिमीहरूमाथि ब्रत अनिवार्य गरिएको छ, जसरी तिमीहरू भन्दा अघिका मानिसहरूमाथि अनिवार्य गरिएको थियो । यसबाट तिमीहरूमा तक्वा (ईश्-भय) उत्पन्न हुनेछ ।” (कुरआन : २/१८३)

अध्याय सूची


ब्रतको अर्थ

रमजान महिनाको विशेषता

ब्रतको उद्देश्य

ब्रतको विशेषता

ब्रतलाई भङ्ग गर्ने कुराहरू

अल्लाहले कसको लागि ब्रत छुट गर्नुभएको छ ?

- बिरामी
- अशक्त
- यात्री
- महिनावारी भएकी वा सुत्केरी महिला
- गर्भवती वा स्तनपान गराउने महिला

नफ्ली (ऐच्छिक) ब्रत

ईदुल्-फित्र

- ईदुल्-फित्रको दिन के गर्नुपर्छ ?

# रमजानको ब्रत

## ब्रतको अर्थ–

इस्लाममा ब्रतको अर्थ– अल्लाहको उपासनाको लागि प्रात: काल (फज्रको अजान) देखि सूर्यास्त (मग्रिबको अजान) सम्म खानपिन, सम्भोग तथा ब्रतलाई भङ्ग गर्ने समस्त क्रियाकलापहरूबाट टाढा बस्नुलाई ब्रत (रोजा) भनिन्छ ।

## > रमजान महिनाका विशेषताहरू

इस्लामी पात्रो अनुसार नवौं महिनामा रमजानको ब्रत बस्नु पर्दछ । यो नै पूरै वर्षको सर्वोत्तम महिना हो । यो महिनालाई जति पुण्य, धार्मिक गुण र विशेषताहरू प्रदान गरिएका छन् त्यति अन्य महिनालाई प्राप्त छैनन् । तीमध्ये केही यस प्रकार रहेका छन्–

१ अल्लाहले यसै गरिमामय महिनामा सबैभन्दा ठूलो ईश-ग्रन्थ; पवित्र कुरआनलाई अवतरण गर्नुभएको छ । अल्लाहले भन्नुभएको छ– “रमजानको महिनामा कुरआन अवतरण गरियो; जुन सिङ्गो संसारकै लागि मार्गदर्शन हो । जसमा पथप्रदर्शन, सत्य र असत्यलाई छुट्याउने प्रमाणहरू छन् । अत: तिमीहरूमध्ये ज-जसले यो महिनालाई पाउँछ, उसले अनिवार्य रुपमा यसको ब्रत बस्नु पर्छ ।” (कुरआन : २/१८५)

२ रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “जब रमजान शुरू हुन्छ, स्वर्गका ढोकाहरू खोलिन्छन्, नरकका ढोकाहरू बन्द गरिन्छन् र उपद्रव मच्चाउने शैतानहरूलाई जकडेर राखिन्छन् ।” (बुखारी : ३१०३, मुस्लिम : १०७९) यसरी अल्लाहले सत्कर्मतिर लम्किने र कुकर्मलाई त्याग्ने सुनौलो अवसर प्रदान गर्नुभएको छ ।

३ जो रमजानका दिनहरूमा ब्रत बस्छ र राती तरावीह पढ्छ उसका अघिका पापहरू पखालिन्छन् । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “जुन व्यक्ति ईमान र पुण्यका साथ ब्रत बस्छ उसका सम्पूर्ण पाप माफ गरिन्छ ।” (बुखारी : १९१०, मुस्लिम : ७६०) उहाँले फेरि भन्नुभएको छ– “जुन व्यक्ति ईमान र पुण्यका साथ रातमा तरावीह पढ्दछ उसका सम्पूर्ण पाप माफ गरिन्छ ।” (बुखारी : १९०५, मुस्लिम : ७५९)

४ सिङ्गै वर्षको सर्वोत्तम रात; लैलतुल्-कद्र (शुभ रात्री) यसै महिनामा पर्दछ । उक्त रातको उपासना हजारौं महिनाको उपासना भन्दा उत्तम छ । अल्लाहले भन्नुभएको छ– "लैलतुल्-कद्र (शुभ रात्री) हजारौं महिनाको (उपासना) भन्दा उत्तम छ ।" (कुरआन : ९७/३) उक्त रातको उपासनाले अघिका पापहरू पखालिन्छन् । यो रात रमजानको अन्तिम १० रातहरूमध्ये कुनै एक रात हो, तर कुन रात हो किटानीका साथ अल्लाह बाहेक कसैलाई पनि जानकारी छैन ।

## > ब्रतको उद्देश्य

अल्लाहले विभिन्न उद्देश्य र लोक परलोकका अनेकौं फाइदाहरूका लागि ब्रत अनिवार्य गर्नुभएको छ । तीमध्ये केही यस प्रकार रहेका छन्–

**१ तक्वा (ईश्-भय) प्राप्त गर्नु–**

अल्लाहको निकटता प्राप्त गर्ने ठूलो माध्यम ब्रत हो । ब्रत बसेको बेलामा लुकेर खान सकिन्छ, यौन तृष्णा मेटाउन सकिन्छ, तर भक्तले यसो किन गर्दैन, किनभने अल्लाहले उसलाई हरेक ठाउँमा देखिरहनु भएको छ भन्ने कुरा उसको मनमा पलाउँछ । अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो ! "तिमीहरूमाथि ब्रत अनिवार्य गरिएको छ, जसरी तिमीहरू भन्दा अघिका मानिसहरूमाथि अनिवार्य गरिएको थियो । यसबाट तिमीहरूमा तक्वा (ईश्-भय) उत्पन्न हुनेछ ।" (कुरआन : २/१८३)



> ब्रतालुहरूका लागि दुईवटा खुशीहरू छन्– एउटा ब्रत खोल्ने समय र अर्को आफ्नो प्रभुसित भेट्ने समय ।

## २ पाप र कुलतलाई छोड्न मद्दत पुर्याउँछ–

यदि ब्रतालुले अल्लाहको आदेश अनुसार वैध कुराहरू छोड्न सक्छ भने अवैध कुराहरूलाई अवश्य नै छोड्न सक्छ । कुलतमा फसेका व्यक्तिहरूका लागि यो एउटा सुवर्ण अवसर हो । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जुन व्यक्तिले झूठो बोल्न र कुकर्म गर्न छोड्दैन भने अल्लाहलाई उसको खानपिन त्याग्नुको कुनै आवश्यकता छैन ।" (बुखारी : १८०४) तसर्थ जुन व्यक्ति झूठो बोल्न र गलत कार्य गर्न छोड्दैन, उसले ब्रतको उद्देश्य नै प्राप्त गर्न सकेन ।

## ३ दीन-दु:खीहरूको सम्झना र सहानुभूति–

युगौ युगसम्म राम्रो खान र लाउन नपाएका गरीब र दीन-दु:खीहरूको सम्झना ब्रतको भोक र तिर्खाले गराउँछ । यिनीहरूप्रति मनमा माया र सहानुभूति पलाउँछ । त्यसैले धनीले गरीबलाई कहिल्यै पनि हेला र अपमान गर्दैनन् बरु तिनीहरूलाई दुई छाक टार्न र एक सरो लगाउन मद्दत पुर्याउँछ, किनकि ब्रत पारस्पारिक सहानुभूति र उपकारको वसन्त ऋतु हो ।



## > बब्रतको विशेषता

ब्रतका अनेकौं विशेषताहरू छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

१ जुन व्यक्ति ईमान, अनुसरण र पुण्यमाथि पूर्ण विश्वासका साथ ब्रत बस्दछ, उसका अघिका पापहरू पखालिन्छन् । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जुन व्यक्ति ईमान र पुण्यको आशा गर्दै ब्रत बस्छ, उसका अघिका पापहरू पखालिन्छन् ।" (बुखारी : १९१०, मुस्लिम : ७६०)

२ ब्रतालुहरू आफ्नो प्रभुसित भेट्ने समय धेरै पुण्य र वरदान पाएर एकदम खुशी हुने छन् । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "ब्रतालुहरूका लागि दुईवटा खुशी छन्– एउटा ब्रत खोल्ने समयको र अर्को आफ्नो प्रभुसित भेट्ने समयको खुशी ।" (बुखारी : १८०५, मुस्लिम : ११५१)

३ ब्रतालुहरूको सम्मानका लागि स्वर्गमा विशेष ढोका तयार पारिएको छ । ब्रतालु (रोजादार) बाहेक अरु कोही त्यस ढोकाबाट प्रवेश गर्ने छैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "स्वर्गमा 'रैयान' नामको ढोका छ, जसबाट ब्रतालुहरू मात्रै प्रवेश गर्ने छन् र अन्य व्यक्ति त्यो ढोकाबाट भित्र छिर्न सक्दैनन् । खोई कहाँ छन् ब्रतालुहरू ? सुन्ने बित्तिकै तिनीहरू अगाडि आउने छन् र सम्मानपूर्वक स्वर्गमा प्रवेश गर्ने छन् । उनीहरू प्रवेश भईसकेपछि ढोका बन्द गरिन्छ र अरु कोही त्यसबाट प्रवेश गर्न सक्ने छैनन् ।" (बुखारी : १७९७, मुस्लिम : ११५२)

४ अल्लाहले ब्रतको प्रतिफल म दिन्छु भनेर घोषणा गर्नुभएको छ । अल्लाह जस्तो दयालु र करुणामयले के कति दिनुहुन्छ यसलाई कोही पनि अनुमान लगाउन सक्दैनन् । अल्लाहले भन्नुभएको छ– "आदमको सन्तानले जे जति पुण्य गर्छ, त्यसको बदला तोकिएको छ, तर ब्रत मेरो लागि हो र म नै यसको बदला दिनेछु ।" (बुखारी : १८०५, मुस्लिम : ११५१)

# > ब्रत भङ्ग गर्ने कुराहरू

केही यस्ता कुराहरू छन्, जसले ब्रतलाई भङ्ग गरिदिन्छ, तसर्थ ती कुराहरूबाट जोगिनु अनिवार्य छ । यी निम्नलिखित छन्–

१ खानपिन गर्नु, अल्लाहले भन्नुभएको छ– “सेतो रेखा कालो रेखाबाट प्रष्ट भएदेखि प्रात:काल (फज्रको अजान) सम्म खानपिन गर, फेरि राती (सूर्यास्त) सम्म ब्रत बस ।” (कुरआन : २/१८७)

तर, कसैले भूलचुकले खानपिन गर्यो भने उसको ब्रत सही हुनेछ र केही पाप हुँदैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “यदि कसैले बिर्सेर खानपिन गर्यो भने केही आपत्ति छैन, उसले आफ्नो ब्रत पूरा गरोस्, किनभने अल्लाहले उसलाई खानपिन गराउनु भएको छ ।” (बुखारी : १८३१, मुस्लिम : ११५५)

२ खानपिनको सट्टामा प्रयोग हुने कुराहरू, जस्तै–

- ग्लुकोज चढाउनु वा तागतको सूई लगाउनु, किनभने यसले शरीरमा शक्ति, नून र खुराकको काम दिन्छ, यो खानपिनको कायममुकाम हुन्छ र यसमाथि त्यही हुकुम लाग्छ ।
- बिरामीलाई रगत चढाउनु, किनभने यसले शरीरलाई चाहिने खुराक पूरा गर्दछ ।
- हरेक प्रकारको धुम्रपान, किनभने यसले सांसद्वारा शरीरमा बिष फैलाउँछ ।

३ सम्भोगपछि, चाहे वीर्य स्खलन होस् वा नहोस् ।

४ हस्तमैथुन वा कुनै तरिकाले वीर्य स्खलन गर्नु ।

तर सपनामा भएको वीर्य स्खलनले ब्रत भङ्ग हुँदैन ।

यदि पुरुषलाई आफूमाथि नियन्त्रण गर्ने क्षमता छ भने ब्रतको अवस्थामा पनि श्रीमतीलाई म्वाई खान सकिन्छ ।

५ जानेर वान्ता गर्नु, यदि आफैंले उल्टी भयो भने ब्रत भङ्ग हुँदैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “जसलाई ब्रतको अवस्थामा वान्ता आयो उसले कजा (पूरा) गर्नु पर्दैन र जसले जानेर वान्ता गर्यो, उसले कजा गर्नुपर्दछ ।” (तिर्मिजी : ७२०, अबु-दाऊद : ३२८०)

६ महिनावारी वा सुत्केरीको रगत निस्कनु, सूर्यास्त हुनु भन्दा अगाडि रगत देखियो भने ब्रत भङ्ग हुन्छ वा दिनको अन्तिम समयमा पवित्र भएको छ त्यस दिनको ब्रत बस्न हुँदैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “महिनावरीको अवधिमा महिलाले सलाह पढ्न र ब्रत बस्न हुँदैन ।” (बुखारी : १८५०)

तर महिनावारी र सुत्केरी बाहेक कुनै रोगले गर्दा रगत निस्केको छ भने ब्रत बस्नुबाट कुनै बाधा हुँदैन । एउटा पवित्र महिला जस्तै प्रत्येक काम गर्नुपर्छ ।

# > अल्लाहले कसको लागि ब्रत छुट गर्नुभएको छ ?

अल्लाहले आफ्नो कृपा र करुणाले अशक्त व्यक्तिहरूका लागि ब्रत बस्न छुट गर्नुभएको छ । उनीहरू यस प्रकार रहेका छन्–

**१** बिरामी– ब्रतले गर्दा रोग झन बढ्ने वा निको ढिलो हुने सम्भावना छ भने यस्तो बिरामीले ब्रत बस्नु पर्दैन तर निको भैसकेपछि बस्न नपाएको ब्रतलाई कजा (पूरा) गर्नुपर्छ ।

**२** अशक्त– वृद्ध-वृद्धा वा कहिल्यै निको नहुने रोगबाट ग्रस्त बिरामीले ब्रत बस्नु पर्दैन, बरु हरेक दिनको बदलामा एउटा गरीबलाई पेट भरी (साढे एक किलो बराबर) खाना खुवाउनु पर्छ ।

**३** यात्री– यात्रामा रहुन्जेल वा चार दिन भन्दा कम अवधिको लागि यात्रा विश्राम गरेको यात्रीले ब्रत नबस्नु जायज छ, तर छुटेको ब्रतलाई कजा (पूरा) गर्नुपर्छ ।

अल्लाहले भन्नुभएको छ– "बिरामी वा यात्रीले बस्न नपाएको ब्रतलाई पछि पूरा गर्दा हुन्छ । अल्लाह तिमीहरूका लागि सहजता चाहनुहुन्छ, कष्ट दिन चाहनुहुन्न ।" (कुरआन : २/१८५)

**४** महिनावारी वा सुत्केरी भएकी महिला– अपवित्र भएको अवस्थामा ब्रत बस्नु हुँदैन तर बस्न नपाएको ब्रतलाई रमजानपछि कजा (पूरा) गर्नुपर्छ । (पृष्ठ नः: १०६ हेर्नुहोस्)

**५** गर्भवती र स्तनपान गराउने महिला– यदि ब्रतले उनीहरूलाई आफ्नो वा बच्चाको स्वास्थ्यको खतरा छ भने ब्रत बस्नु पर्दैन र बस्न नपाएको ब्रतलाई कजा (पूरा) गर्नुपर्छ ।



## रमजानमा ब्रत भङ्ग गर्ने व्यक्तिको लागि के हुकुम छ ?

यदि कसैले बिना कुनै कारण रमजानको दिनमा ब्रत भङ्ग गरेको छ, उसले अल्लाहको अगाडि आफ्नो पाप र अवज्ञाको तौबा (प्रायश्चित) गर्नुपर्छ र त्यस दिनको कजा (पूरा) पनि। यदि कसैले सम्भोग गरेर ब्रत भङ्ग गरेको छ, उसले कजा (पूरा) गर्नुका साथ कफ्फारा (जरिवाना) पनि दिनु पर्छ।

कफ्फारा– एउटा गुलाम (दास) आजाद गर्नु, दास पाएन भने दुई महिना लगातार ब्रत बस्नु र यसको शक्ति छैन भने साठी जना गरीबलाई खाना खुवाउनु पर्छ। इस्लामले धैरैजसो अवस्थामा मानव अधिकारको लागि दासलाई मुक्त पार्ने आदेश दिएको छ।

## > नफ्ली (ऐच्छिक) ब्रत

अल्लाहले सालमा एक महिनाको ब्रत अनिवार्य गर्नु भएको छ, तर बढी पुण्यको लागि नफ्ली (ऐच्छिक) ब्रत बस्ने प्रेरणा दिनु भएको छ। केही नफ्ली ब्रतहरु यस प्रकार छन्–

१ **आशूराको ब्रत**– इस्लामी पात्रो अनुसार वर्षको पहिलो महिना (मुहर्रम) को दशौं तारिखलाई 'आशूरा' भनिन्छ। 'मूसा' नामी सन्देष्टाको युगमा फिर्औन नाम गरेको ठूलो शोषक तथा सामन्ती थियो। अल्लाहले उक्त सामन्ती राजा र उसको फौजलाई 'आशूरा' को दिनमा नै नष्ट गर्नुभएको थियो। अनि बल्लतल्ल मूसा तथा उहाँका मुस्लिम साथीहरूले सुख र शान्तिका सास फेर्ने मौका पाएका थिए। त्यसैको खुशियालीमा अल्लाहको कृतज्ञता र रसूलको अनुसरण ब्रत बसेर व्यक्त गरिन्छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "आशूराको साथमा एक दिन अघि वा पछि पनि ब्रत बस।" (अहमद : ११६२) त्यसैले दुई दिनको ब्रत बस्नु पर्दछ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई यसको बारेमा सोधिदा भन्नु भयो– गएको एक वर्षको पाप पखालिन्छ।" (मुस्लिम : ११६२)

२ **अर्फाको ब्रत**– इस्लामी पात्रो अनुसार वर्षको अन्तिम महिना (जुल-हिज्जा) को नवौं तारिखलाई 'अर्फा' भनिन्छ। यस दिन हाजीहरू अर्फातको मैदानमा भेला हुन्छन् र अल्लाहसित बिन्ति, प्रार्थना र प्रशंसा गर्छन्। यो वर्षको सर्वोत्तम दिन हो। हज्ज नगर्नेहरूले अर्फाको ब्रत बस्नु पर्दछ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित अर्फाको ब्रतको बारेमा सोधियो, उहाँले भन्नु भयो– यसले एक वर्ष अगाडि र एक वर्ष पछाडिका पापहरू पखालिन्छ।" (मुस्लिम : ११६२)

३ **शौवाल महिनामा ६ दिनको ब्रत**– दशौं महिनालाई ‘शौवाल’ को महिना भनिन्छ । उक्त ब्रतको महत्व दर्शाउँदै रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “जसले रमजानको ब्रत बस्यो अनि त्यसपछि शौवाल महिनामा ६ दिन अझै नफ्ली ब्रत बस्यो भने, उसले वर्षभरी ब्रत बसे बराबर भयो ।” (मुस्लिम : ११६४)

## > ईदुल्-फित्र

ईद र चाडपर्वहरू धर्मको प्रतीक हो । जुन बेला रसूल (सल्लल्लाहु अलैहि व सल्लम) मदीना पुग्नु भयो, त्यहाँका बासिन्दाहरूलाई वर्षमा दुई पटक चाडपर्वमा रमाइलो गर्दै गरेको देख्नु भयो । उहाँले सोध्नु भयो– “यो के को खुशियाली हो ?” उनीहरूले जवाफ दिए : इस्लाम पूर्व पुर्खाको पालादेखि नै हामीहरू यस्तै गर्दै आएका हौं । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भयो– “अल्लाहले तिमीहरूका लागि यो भन्दा राम्रो दुई दिन प्रदान गर्नुभएको छ; ईदुल्-फित्र र ईदुल-अद्हा ।” (अबु-दाऊद : ११३४)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले चाड पर्वको महत्व दर्शाउँदै भन्नुभएको छ– “हरेक समुदायको केही न केही पर्व हुन्छ र यो नै हाम्रो एक महत्वपूर्ण पर्व हो ।” (बुखारी : ९०९, मुस्लिम : ८९२)



## इस्लाममा ईद–

ब्रत समाप्तिको खुशीयाली मनाउन अल्लाहले मुसलमानहरूका लागि एक दिन निर्धारित गर्नुभएको छ जसलाई अरबीमा ईद भनिन्छ। यो ईदको दिनमा राम्रो खानु, राम्रो लाउनु, गरीबलाई दान दिनु, शुभकामना आदान प्रदान गर्नु, जायज तरिकाले रमाइलो गर्नु, अल्लाहको वरदानलाई सम्झेर उहाँको कृतज्ञता व्यक्त गर्नु र गराउन लगाउनु कहिल्यै पनि बिर्सनु हुँदैन।

## मुस्लिमका ईदहरू–

मुस्लिमहरूको चाड पर्वको लागि वर्षमा दुई दिन निर्धारित गरिएको छ। ईदुल्-फित्र जुन ब्रतको समाप्तिपछि दशौं महिनाको पहिलो दिन र ईदुल-अद्हा जुन १२ औं महिनाको दशौं दिनमा पर्दछ। यी दुई दिन बाहेक अरुको देखासिकी गरी नयाँ चाडपर्वको आविष्कार गर्नु वैध छैन।



# ईदुल्-फित्र

रमजान महिनाको समाप्तिपछि दशौं महिनाको पहिलो दिनमा नै ईदुल्-फित्र मनाइन्छ । जसरी रमजान भरी ब्रत बसेर अल्लाहको उपासना गरिन्छ, त्यसरी नै पर्वको दिन ब्रत नबसेर खुशियाली मनाएर उपासना गरिन्छ । मुस्लिमहरू ब्रत समाप्तिको खुशियालीमा अल्लाहको कृतज्ञता व्यक्त गर्छन्, किनकि उहाँको कृपा नभएको भए राम्रोसँग ब्रत बस्न त परै जाओस् ब्रतको कल्पना पनि गर्न सकिदैन्थ्यो । अल्लाहले भन्नुभएको छ– "तिमीहरू ब्रतको संख्या पूरा गर र सीधा मार्ग पाएकोमा अल्लाहको प्रशंसा गर । आशा छ तिमीहरू कृतज्ञ बन्नेछौ ।" (कुरआन : २/१८५)

## ईदुल्-फित्रको दिन के गर्नुपर्छ ?

१ ईदको सलाह पढ्नु– इस्लामले पर्वको दिन स-परिवार सामुहिक रुपमा ईद-गाह (ईदको सलाह पढ्ने ठाउँ) गएर सलाह पढ्न प्रेरित गरेको छ । सूर्योदयको आधा घण्टापछि यसको समय आरम्भ हुन्छ र जुहर सलाहको आधा घन्टा पहिलेसम्म रहन्छ ।

ईदको सलाह पढ्ने तरिका– ईदको सलाह दुई रकात हुन्छ, जसमा इमामले जोडले सलाह पढाउनु हुन्छ र त्यसपछि धर्मोपदेश (खुत्बा) दिनुहुन्छ । अन्य सलाह भन्दा यसमा बढी तक्बीर "अल्लाहु अकबर" भन्नुपर्छ । पहिलो रकातमा तक्बीर तहरीमा बाहेक ६ पटक र दोश्रो रकातमा ५ पटक बढी भनेर कुरआन पढ्नु पर्दछ ।

२ जकातुल्-फित्र (दान) दिनु– पर्वको खर्च भन्दा बढी खानेकुराहरू, जस्तै– गहुँ, चामल, दाल इत्यादि घरमा छ भने यस्तो व्यक्तिले गरीब र दीनदुःखीलाई इस्लामले तोके बमोजिम अनिवार्य रुपमा दान दिनु पर्दछ, ताकि हरेक मुस्लिमको घरदैलोमा पर्वको खुशियाली छाओस्, ओठमा मिठो मुस्कान होओस् र कसैको अगाडि भिखको लागि हात फैलाउन नपरोस् ।

अन्नको बदलामा आवश्यकता अनुसार रुपैया पनि दान दिन सकिन्छ ।

यसको समय– रमजानको अन्तिम रातदेखि ईदको सलाहसम्म रहन्छ । ईद भन्दा एक दुई दिन पहिले पनि जकातुल्-फित्र दिन सकिन्छ ।

यसको परिमाण– गाउँघरमा प्रयोग हुने खानेकुराहरू, जस्तै– गहुँ, चामल, दाल, खजुर आदिबाट एक साअ नापेर दिने । अर्थात किलोको हिसाबले प्रायः तीन किलो दान निकाल्नु पर्दछ ।

घरको अभिभावकले आफ्नो र घरमा रहेको श्रीमती, भाइ-बहिनी तथा सम्पूर्ण बाल-बालिकाहरूको तर्फबाट त्यहाँको प्रचलित खानेकुराहरू प्रायः तीन किलो जकातुल्-फित्र दिनु पर्छ । गर्भमा रहेको शिशुको तर्फबाट दान दिनु अनिवार्य त होइन, तर उत्तम हो ।

यसको उद्देश्य– रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले "ब्रतको अवस्थामा भएको नचाहिंदो कुरा तथा कमीकमजोरीलाई पूरा गर्न र गरीबहरूका छाक टार्नको लागि जकातुल्-फित्र अनिवार्य गर्नुभएको छ । जसले ईदको सलाह पूर्व दियो उसले जकातुल्-फित्र दियो र जसले ईदपछि दियो उसको सामान्य दान स्वरूप हुनेछ ।" (अबु-दाऊद : १६०९)



३ खुशी बाँड्नु– पर्वको दिन ठूलो-सानो, पुरुष-महिला, आफ्नो-बिरानो सबैसँग खुशी बाँडेर हर्षोल्लासका साथ ईद मनाउनु पर्दछ । राम्रो, सुन्दर पोशाक लगाउनु र घर आँगनलाई झिलिमिली बनाउनु भनेको सुनमा सुगन्ध थप्नु हो । आजको दिन खाएर अल्लाहको उपासना गर्नुपर्दछ । किनभने पर्वको दिन ब्रत बस्नु अवैध छ ।

४ तक्बीर पढ्नु– पर्वको चन्द्रमा देख्नसाथ रातीदेखि बिहान पर्वको सलाह नपढुन्जेल जोडले तक्बीर पढ्नु पर्दछ। ब्रत समाप्तिको खुशियाली र पूरा महिना ब्रत राख्न शक्ति दिनुभएकोमा अल्लाहको कृतज्ञता व्यक्त गर्नुपर्दछ। अल्लाहले भन्नुभएको छ– "तिमीहरू ब्रतको संख्या पूरा गर र सीधा मार्ग पाएकोमा अल्लाहको प्रशंसा गर। आशा छ तिमीहरू कृतज्ञ बन्नेछौ।" (कुरआन : २/१८५)

तक्बीर पढ्ने तरिका– 'अल्लाहु अकबर, अल्लाहु अकबर, ला ईलाहा इल्लल्लाहु, अल्लाहु अकबर, अल्लाहु अकबर, व लिल्लाहिल हम्द'।

तक्बीर पढ्ने अर्को तरिका– 'अल्लाहु अकबर कबीरा, वल्-हम्दु लिल्लाही कसीरा व सुब्हानल्लाही बुक्रतौं व असीला।

बाटोघाटोमा अरुलाई दिक्क नपारिकन पुरुषले ठूलो स्वरमा र महिलाहरूले सानो स्वरमा तक्बीर पढ्नु पर्दछ।





# तपाईको दान



# ५

दान (जकात) इस्लामको तेस्रो आधार हो। अल्लाहले यसलाई अनिवार्य गर्नुभएको छ । दान नदिनेहरूका लागि दण्डनीय सजायको धम्की दिनुभएको छ । इस्लामी भाइचाराको लागि प्रायश्चित र सलाहको साथमा दानलाई पनि अनिवार्य गर्नुभएको छ। अल्लाहले भन्नुभएको छ– “यदि तिनीहरू तौबा (प्रायश्चित) गर्छन्, सलाह कायम गर्छन् र दान दिन्छन् भने तिम्रा धार्मिक भाइ-बन्धु हुन्।” (कुरआन : ९/११)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “इस्लाम पाँच कुराहरूमाथि आधारित छ, त्यसमध्ये सलाह कायम गर्नु र दान दिनु हो।” (बुखारी : ८, मुस्लिम : १६)

अध्याय सूची


दानका उद्देश्यहरू

कुन धन-सम्पत्तिमा दान अनिवार्य छ ?

- सुन र चाँदी
- धन-सम्पत्ति र नगदी जिन्सी
- व्यवसायिक वस्तुहरू
- भूमिबाट उत्पादित अन्न तथा फलफूलहरू
- पशु धन

दान कसलाई दिने ?

## दान

दान– अल्लाहले मुस्लिमहरूमाथि धन-सम्पत्तिका केही अंश दान स्वरुप निकाल्न अनिवार्य गर्नुभएको छ। धनीहरूले दीन-दु:खी र गरीबहरूको समस्या निवारण, सहयोग तथा अन्य उद्देश्यको लागि दान दिने गर्छन्।

## दानका उद्देश्यहरू–

अल्लाहले महान उद्देश्यहरूलाई सार्थकता दिनको लागि मुस्लिमहरूमाथि दान अनिवार्य गर्नुभएको छ। तीमध्ये केही निम्न छन्–

१ धन-सम्पत्तिको चाहना र माया मानिसको लागि स्वभाविक कुरा हो। यसलाई जोगाउन र राखि राख्न मानिसले कति प्रयत्न गर्दछ। त्यही लोभ, कन्जुस्याइँ र मालको मायाजालबाट पवित्र पार्न इस्लामले दानलाई अनिवार्य गरेको छ। अल्लाहले भन्नुभएको छ– “हे सन्देष्टा, तिनीहरूको धन-सम्पत्तिबाट दान लिदै गर र यसद्वारा तिनीहरूलाई शुद्धता र पवित्रता प्रदान गर।” (कुरआन : ९/१०३)

२ दानले आपसी मेलमिलाप, माया र स्नेहको भावना उत्पन्न हुन्छ। किनभने मानिसले परोपकारीसित सदभाव देखाउँछ र माया गर्छ। त्यसैले मुस्लिम समाजका हरेक व्यक्ति एउटा बलियो पर्खाल जस्तै आपसमा मिलेर बसेको हुन्छ। यसरी चोरी, डकैती र लुटपाटका घटनाहरू निकै कम हुन्छ।

३ दानले उपासना, अल्लाहप्रति पूर्ण समर्पण र असल मुस्लिमको भूमिका निर्वाह हुन्छ। जुन बेला एउटा धनीले जकात निकाल्छ, उसले अल्लाहको हुकुमलाई कार्यान्वयन गर्छ। यसरी आफ्नो मालिक र दाताको कृतज्ञता ज्ञापन हुन्छ। अल्लाहले भन्नुभएको छ– “यदि तिमीहरू आभार व्यक्त गर्छौ भने म तिमीहरूलाई अझ बढी कृपापात्र बनाउने छु।” (कुरआन : १४/७)

४ दानले समाजमा रहेका व्यक्तिहरू बीच सामाजिक संरक्षण र सन्तुलनको भावना सुदृढ हुन्छ। दान दिएपछि धन-सम्पत्ति धनवानहरूको मुट्ठीमा मात्र सीमित रहदैन, बरु गरीबहरूले पनि फाइदा प्राप्त गर्दछन्। अल्लाहले भन्नुभएको छ– “धन-सम्पत्ति केवल धनवानहरूको हातमा नघुमि रहोस्।” (कुरआन : ५९/७)

## कुन धन-सम्पत्तिमा दान अनिवार्य छ ?

व्यक्तिगत प्रयोगमा आउने चीजबीज र सरसामानहरूमा दान (जकात) अनिवार्य छैन, जस्तै– घर चाहे जतिसुकै महँगो होस्, गाडी चाहे जतिसुकै विलासी होस्। त्यस्तै लुगाफाटा र खानपिनमा जकात अनिवार्य छैन।

अल्लाहले व्यक्तिगत प्रयोगमा नआउने तथा व्यवसाय र वृद्धिको उद्देश्यले राखिएका मालसामानहरूमा मात्र दान अनिवार्य गर्नुभएको छ। ती यस प्रकार रहेका छन्–

१ सुन र चाँदी (लुगामा र गहनाको रुपमा प्रयोग नगरिएका)–

सुन र चाँदी जबसम्म इस्लामले तोकेको निसाब (परिमाण) बराबर हुँदैन र त्यसमाथि चन्द्रमाको हिसाबले एक वर्ष (३५४ दिन) बित्दैन, तबसम्म त्यसमा जकात अनिवार्य छैन।

सुन र चाँदीको निसाब (परिमाण)–

सुन ८५ ग्राम तथा चाँदी ५९५ ग्राम भएमा।

यदि कुनै मुस्लिमसँग उल्लेखित मात्रामा सुन वा चाँदी छ र एक वर्ष (३५४ दिन) बितिसकेको छ भने २.५% को दरले जकात निकाल्नु पर्छ।






२ धन-सम्पत्ति र नगदी जिन्सी चाहे त्यो घरमा होस् वा बैंकमा–

यसको जकात निकाल्ने तरिका– यसलाई सुनको हिसाबले निकाल्नु पर्दछ, यदि सुनको मात्रा ८५ ग्राम वा त्यो भन्दा बढी रकम छ र चन्द्रमाको हिसाबले एक वर्ष बितिसकेको छ भने २,५% को दरले आफूसँग भएको सम्पूर्ण धन-सम्पत्तिबाट दान निकाल्नु पर्छ।


उदाहरण– सुनको मूल्य घटबढ् भइरहन्छ, त्यसैले जकात अनिवार्य भएको बेला यदि एक ग्राम सुनको मूल्य २५ डलर छ भने जकातको निसाब (परिमाण) यस प्रकार हुनेछ–

२५ x ८५ = २,१२५ डलर धन-सम्पत्ति तथा नगदी जिन्सी को निसाब (परिमाण) ठहर्छ।

③ व्यवसायिक वस्तुहरू–

व्यवसाय र बेच्नका लागि राखिएका वस्तुहरू, जस्तै– घर, जग्गा, जमीन, पसल, खाने चीजबीज इत्यादि।

यसको जकात निकाल्ने तरिका– एक वर्ष विति सकेपछि सम्पूर्ण व्यवसायिक सामग्रीहरूलाई चालु वर्षको दरले मूल्यांकन गर्नुपर्दछ। यदि ८५ ग्राम सुन बराबर वा त्यो भन्दा बढी रकम छ भने २,५% को दरले आफूसँग भएको सम्पूर्ण सम्पत्तिबाट दान निकाल्नु पर्छ।





④ भूमिबाट उत्पादित अन्न तथा फलफूलहरू–

अल्लाहले भन्नुभएको छ– “हे आस्थावानहरू हो ! तिमीहरूले आर्जन गरेका र हामीले तिमीहरूका निम्ति भूमिबाट उत्पादित गरेका वस्तुहरूमध्ये उत्तम वस्तुहरू खर्च गर।” (कुरआन : २/२६७)

भूमिबाट उत्पादित केही पैदावारहरू एउटा सीमित मात्रामा उब्जेको छ भने त्यसमा जकात छ, सबैमा छैन।

त्यसैगरी वर्षाको पानीले वा सिँचाईद्वारा उत्पादित भएको वस्तुहरूमा मानिसहरूको अवस्था अनुसार जकात निकाल्दा परिमाणमा फरक गरिएको छ।

⑤ पशु धन, जस्तै– बाहिर चर्ने भेडा, बाख्रा, गाई र ऊँट। यदि मालिकले त्यसको चाराको व्यवस्था गर्नु पर्दैन भने त्यसमा खास संख्यामा जकात निकाल्नु पर्छ।

यदि वर्षभरी वा वर्षका अधिकांश भागमा दाना र चारा मालिकले नै किनेर खुवाउनु पर्छ भने त्यसमा जकात अनिवार्य छैन।

यसको परिमाण र तरिकाको विस्तृत जानकारीको लागि इस्लामी शास्त्र अध्ययन गर्न र धर्मगुरुहरूसित सम्पर्क गर्न अनुरोध गरिन्छ।



## दान कसलाई दिने ?

जकातको रकम कुन क्षेत्रमा र कसरी खर्च गर्नुपर्दछ भन्ने कुरालाई इस्लामले हदबन्दी गरेको छ। एकजना हकदार वा अधिक हकदारहरूलाइ दिन सकिन्छ। त्यसैगरी दानको रकम मुस्लिम हकदारसम्म पुर्याउने संघ-संस्थाहरूलाई दिनु जायज छ। आफ्नै गाउँमा रहेका हकदारहरूलाई दान दिनु बेस हुन्छ।

**दानका हकदार व्यक्तिहरू निम्न हुन्–**

१ गरीब र दीन-दु:खीहरू, जसलाई दुई छाक टार्न र दुई सरो लाउन धौ-धौ परेको हुन्छ।

२ दान असुल्ने र वितरण गर्ने व्यक्तिहरू।

३ दास, जो आफूलाई मालिकबाट स्वतन्त्र हुन चाहन्छ, त्यसलाई स्वतन्त्र पार्न दानको रकम दिनु जायज छ।


४ ऋणी, जो ऋणको बोझले दबेको छ र त्यसलाई चुक्ता गर्न सकिरहेको छैन, यद्यपि सर्वसाधारणको लागि ऋण लिएको होस् वा निजी कामको लागि।

५ अल्लाहको बाटोमा युद्ध गर्ने (मुजाहिद) हरू, जो आफ्नो धर्म र देशको लागि लडिरहेका छन्। इस्लामको आह्वानमा सक्रिय धर्मगुरु यसै अन्तर्गत पर्दछन्।

६ नयाँ मुस्लिमहरूको सान्त्वना वा जुन गैर-मुस्लिमको इस्लाममा आउने आशा हुन्छ, उनीहरूलाई दान दिन सकिन्छ, तर यो मुस्लिमको जिम्मेवार हाकिम र दातृ संघ-संस्थाले आवश्यकता अनुसार गर्ने काम हो।

७ यात्री, पैसा सिद्धिएको बटुवाहरूको बाटो खर्च जुटाउन दानको रकम खर्च गर्न सकिन्छ, चाहे त्यो आफ्नो मुलुकमा धनवान किन नहोस्।

जकातका हकदार व्यक्तिहरूको वर्णन गर्दै अल्लाहले भन्नुभएको छ– “वास्तवमा जकात (दान) केवल दरिद्रहरू, दीन-दु:खीहरू, दान असुल्ने व्यक्तिहरू, तालिफे कल्ब (हृदयलाई जोड्न), दासहरूको मुक्ति, ऋणीहरूको ऋण भुक्तानी, अल्लाहको बाटोमा खर्च गर्न र यात्रुलाई दिनको लागि हो।” (कुरआन : ९/६०)



# तपाईको हज्ज



# ६

मक्का गएर हज्ज गर्नु इस्लामको पाँचौं आधार हो । शारीरिक, आध्यात्मिक र धन-मालले गर्नु पर्ने उपासनाको यो स्वर्ण ऋतु हो । आर्थिक र शारीरिक रुपमा सामर्थ्य व्यक्तिले जीवनमा एक पटक अनिवार्य रुपमा हज्ज गर्नुपर्छ ।

अल्लाहले भन्नुभएको छ– "जुन मानिससँग अल्लाहको घरसम्म पुग्ने क्षमता छ, उसले हज्ज गर्नु अनिवार्य छ र जसले अवज्ञा गर्छ, जानि राख अल्लाह संसारबासीसित निर्लोभ हुन् ।" (कुरआन : ३/९७)

अध्याय सूची


मक्का र मस्जिद-हरामका विशेषताहरू

हज्जको अर्थ

हज्जको लागि क्षमताका अवस्थाहरू

महिलाको हज्जको लागि महरम हुनु

हज्जका विशेषताहरू

हज्जका उद्देश्यहरू

उमरा

ईदुल-अद्हा (कुरबानी पर्व)

- ईदको दिन के गर्नुपर्छ ?
- कुर्बानीका जनावरमा हुनुपर्ने शर्तहरू
- कुर्बानीको मासुलाई के गर्नुपर्छ ?

मदीनाको जियारत (दर्शन)

## मक्का र मस्जिद-हरामका विशेषताहरू

अरब द्वीपको पश्चिमी भेग मक्का मुकर्रमामा मस्जिद-हराम अवस्थित छ। इस्लाममा यसका धेरै विशेषताहरू छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

१ यसैको मुटुमा पवित्र काबा छ–

काबा, एउटा चारपाटे घनाकार सुन्दर घर हो, जुन मस्जिद-हरामको बीच भागमा अवस्थित छ।

यो विश्वकै मुस्लिमहरूको किब्ला, ढुकढुकी र केन्द्र बिन्दु हो। यसै किब्लाको दिशामा अनुहार फर्काएर मुस्लिमहरूलाई सलाह पढ्ने र अन्य उपासना गर्ने आदेश दिएको छ।

यसलाई इब्राहीम र उहाँका छोरा इस्माइल (अलैहिमुस्सलाम) ले अल्लाहको आदेशानुसार निर्माण गर्नुभएको थियो । त्यसपछि समय अनुसार नवीकरण हुँदै गयो।

अल्लाहले भन्नुभएको छ– "(स्मरण गर) जुन बेला इब्राहीम र इस्माइल यस घरको जग उठाउँदै दुआ गरिरहेका थिए– "हे अल्लाह, हाम्रो सानो प्रयासलाई स्वीकार गरिदिनुहोस्, वास्तवमा तपाईं नै सर्वश्रोता र सर्वज्ञाता हुनुहुन्छ।" (कुरआन : २/१२७)



> यो काबाको ढोका हो, यसमा कुरआनका धेरैजसो आयत (श्लोक) हरू कोरिएका छन्।

काबाको पुनः निर्माणको क्रममा रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मक्काबासीका साथ हजरे-अस्वद (कालो ढुङ्गा) लाई त्यसको ठाउँमा राख्नमा ठूलो भूमिका निर्वाह गर्नुभएको थियो।

## २ संसारको पहिलो मस्जिद–

जुन बेला वरिष्ठ सहाबी अबु-जर (रजियल्लाहु अन्हु) ले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सोध्नु भयो– हे अल्लाहका रसूल, पृथ्वीमा सबभन्दा पहिलो मस्जिद कुन हो ? उहाँले जवाफ दिनुभयो– "मस्जिद-हराम" फेरि उहाँले सोध्नु भयो– त्यसपछि कुन ? उहाँले जवाफ दिनुभयो– "मस्जिद-अक्सा" उहाँले सोध्नु भयो– यी दुवैमा कति अन्तर छ ? उहाँले जवाफ दिनुभयो– "४० वर्ष, यदि तिमीले त्यसमा सलाह पढ्ने अवसर पाउँछौ भने सलाह पढ्नु, किनभने त्यसमा धेरै विशेषताहरू छन् ।" (बुखारी : ३१८६, मुस्लिम : ५२०)

## ३ यसमा सलाह पढ्दा कैयौं गुणा बढी पुण्य पाइन्छ–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "मेरो मस्जिद, मस्जिद-नब्वीमा सलाह पढ्नु अरु मस्जिदहरूको अनुपातमा एक हजार गुणा बढी पुण्य पाइन्छ, सिवाय मस्जिद-हरामको, किनभने त्यसमा अरु मस्जिदहरूको अनुपातमा एक लाख बढी पुण्य पाइन्छ ।" (इब्ने माजा : १०४६, अहमद : १४६९४)

## ४ यसलाई अल्लाह र रसूलले हराम (शान्ति-स्थल) गर्नु भएका छन्–

अल्लाहले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई निर्देशन गर्दै भन्नुभएको छ– "मलाई यस शहरको पालनकर्ताको उपासना गर्न र मुस्लिम हुन हुकुम भएको छ, जसलाई उहाँले हराम (शान्ति-स्थल) घोषित गर्नुभएको छ । यो सिङ्गो संसार उहाँकै सृष्टि हो ।" (कुरआन : २७/९१)

अल्लाहले मक्कामा हत्या, हिंसा, अन्याय, पशुपंक्षीको शिकार तथा बोटबिरुवा काट्न अवैध गर्नुभएको छ ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "मक्कालाई अल्लाहले हराम (शान्ति-स्थल) घोषित गर्नुभएको छ, कुनै मानिसले होइन, त्यसैले अल्लाह र महाप्रलयमा विश्वास राख्ने व्यक्तिले यहाँ हत्या गर्नु तथा बोटबिरुवालाई काट्नु हुँदैन ।" (बुखारी : १०४, मुस्लिम : १३५४)

## ५ यो अल्लाह र रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मन पराउनु भएको ठाउँ हो ।

एउटा वरिष्ठ सहाबीले भन्नु भयो– मैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई (मक्काको एउटा टोल) हजुरामा सवारीमा बसेको बेला भन्दै सुनेको थिएँ– "अल्लाहको कसम ! हे मक्का, धरतीमा अल्लाहको अत्यन्त प्यारो ठाउँ तिमी नै हौ, यदि मलाई ननिकालेको भए म कहिल्यै पनि तिमीबाट अलग्गिने नै थिएन ।" (तिर्मिजी : ३९२५, कुबरा लिन्निसाई : ४२५२)

६ अल्लाहले सामर्थ्य व्यक्तिमाथि आफ्नो पवित्र घरको हज्ज गर्न अनिवार्य गर्नुभएको छ–

इब्राहीम (अलैहिस्सलाम) ले मानिसहरूलाई अल्लाहको घरको हज्ज गर्न आह्वान गर्नुभयो अनि दुनियाँको कुनाकाप्चाबाट हज्ज गर्नेहरूको ओइरो लाग्यो । सबै सन्देष्टाहरूले यस घरका हज्ज गरे । अल्लाहले इब्राहीम (अलैहिस्सलाम) लाई यसरी आदेश दिदै भन्नुभएको छ– "मानिसहरूमा हज्जको आह्वान गर, उनीहरू पैदल तथा ऊँटमा चढेर दुनियाँको कुनाकाप्चाबाट आउने छन् ।" (कुरआन : २२/२७)

## > हज्जको अर्थ

हज्ज गर्ने नीयतले अल्लाहको घरको यात्रा गर्नु । यी रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बाट प्राप्त विशेष क्रियाकलाप र केही भनाईहरू हुन्, जस्तै– एहाराम लगाउनु, काबाको सात पटक तवाफ (परिक्रमा) गर्नु, सफा र मर्वा बीच सात चक्कर सई गर्नु, अर्फातको मैदानमा बस्नु तथा मिनामा जमरातहरूलाई ढुङ्गा हान्नु इत्यादि ।

यसमा भक्तजनहरूका लागि महान उपलब्धिहरू छन्, अल्लाहको तौहीद (एकत्व) को सार्वजनिक घोषणा, हाजीहरूका लागि महान क्षमादान, विश्वकै मुस्लिमहरू बीच चिनजान, भाइचारा स्थापित गर्ने अवसर र इस्लामका विधि-विधानहरू सिक्ने स्वर्ण ऋतु इत्यादि ।

**हज्जको समय**– हज्जका प्रक्रियाहरू इस्लामी पात्रो अनुसार बार्हौं महिनाको ८ देखि १३ गते (जिलहिज्जा) सम्म केन्द्रित हुन्छ ।

### कसले अनिवार्य रुपमा हज्ज गर्नुपर्छ ?

हज्ज फर्ज हुनको लागि सक्षम र सामर्थ्य मुस्लिम हुनुपर्छ । (सक्षम भनेको बुद्धिमान र बालिग हो, जसको बारेमा अघि वर्णन भईसकेको छ) ।

**सामर्थ्यको अर्थ**–

वैधानिक तरिकाले मक्कासम्म पुग्न सक्नु, बिना अत्यधिक परिश्रम हज्जका विधिहरू पूरा गर्नु, साधारण यात्रा भन्दा बढी परिश्रम नहुनु, जीउधनको सुरक्षा हुनु, घरदेखि मक्कासम्म सम्पूर्ण खर्च बेहोर्ने क्षमता हुनु र यसबाट घरपरिवारलाई केही नकरात्मक असर नपर्नु इत्यादि सबै सामर्थ्य अन्तर्गत पर्दछ ।

# > हज्जको लागि क्षमताका अवस्थाहरु


१ व्यक्तिगत रुपमा हज्ज गर्न सक्षम हुनु, अर्थात बिना अत्यधिक परिश्रम स्वयम् मक्कासम्म पुग्ने क्षमता र साथमा पर्याप्त बाटो खर्च छ भने उसले व्यक्तिगत रुपमा हज्ज गर्नु अनिवार्य छ।

२ अरुद्वारा हज्ज गराउन सक्षम हुनु, अर्थात रोग वा बुढेसकालले गर्दा शारीरिक रुपमा आफू जान सकदैन, तर ऊ माल खर्च गर्न सक्षम छ भने उसले सबै खर्च बेहोरेर अरुलाई पठाएर 'हज्ज बदल' गराउनु पर्छ।

३ शारीरिक तथा आर्थिक रुपमा असमर्थ व्यक्तिमाथि हज्ज गर्नु अनिवार्य छैन।

जस्तै– कुनै व्यक्तिसँग आफ्नो घरपरिवारको आवश्यक खर्च भन्दा बढी माल छैन भने उसमाथि हज्ज फर्ज छैन।

र हज्जको लागि माल जम्मा गरि राख्नु पर्दैन, तर जुन बेला सक्षम हुनेछ त्यसबेला हज्ज गर्नुपर्छ।



## > महिलाको हज्जको लागि महरम हुनु

महिलाको हज्जको लागि साथमा महरमको उपस्थिति अनिवार्य छ। महरम भनेको, श्रीमान वा जुन व्यक्तिसँग उसको बिहे हुन सक्दैन, जस्तै– बुवा, हजुरबा, छोरा, नाती, भाइ, भतिजा र उनीहरूका सन्तानहरू, काका र मामा। (पृष्ठ हेर्नुहोस् २२४)

यदि महिलाले विश्वासिलो समूहको साथमा बिना महरम हज्ज गर्छिन् भने उसको हज्ज पूरा हुनेछ।

## > हज्जका विशेषताहरू

हज्जका धेरै विशेषताहरू छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

१ यो उत्कृष्ट सत्कर्म हो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सोधियो, उत्कृष्ट कर्म कुन हो ? उहाँले जवाफ दिनुभयो– "अल्लाह र उहाँको रसूलमाथि आस्था राख्नु" फेरि सोधियो– त्यसपछि कुन हो ? उहाँले जवाफ दिनुभयो– "अल्लाहको बाटोमा युद्ध गर्नु" फेरि सोधियो– त्यसपछि कुन हो ? उहाँले जवाफ दिनुभयो– "हज्ज मबरुर (स्वीकृत हज्ज)।" (बुखारी : १४४७, मुस्लिम : ८३)

२ क्षमायाचनाको स्वर्ण ऋतु हो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसले हज्ज गर्दा लसपस र लडाई झगडा केही पनि गरेन भने ऊ आमाको कोखबाट जन्मेको दिन झैं पवित्र हुन्छ।" (बुखारी : १४४९, मुस्लिम : १३५०)

३ नरकबाट मुक्ति पाउने ठूलो अवसर हो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाहले भक्तजनहरूलाई सबैभन्दा अत्यधिक मुक्ति अर्फातको दिन प्रदान गर्नुहुन्छ।" (मुस्लिम : १३४८)

४ यसको प्रतिफल स्वर्ग हो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "हज्ज मबरुर (स्वीकृत हज्ज) को प्रतिफल स्वर्ग हो।" (बुखारी : १६८३, मुस्लिम : १३४९)

यी र यस्ता अन्य विशेषता, प्रतिदान र नरकको मुक्ति पाउनको लागि सर्वप्रथम आफ्नो नीयत र मनसायलाई शुद्ध र स्वच्छ पार्नु पर्दछ, भनाई र गराईमा एकरुपता हुनुपर्दछ तथा यी सबै कुराहरूमा पूर्ण रुपमा रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को अनुसरण गर्नुपर्छ।

## > हज्जका उद्देश्यहरू

व्यक्तिगत तथा समाजिक रुपमा हज्जले निकै ठूलो लक्ष्य र महत्वपूर्ण उद्देश्यहरू ओगटेको छ । हाजीले दिनु पर्ने कुर्बानीको वर्णनपछि अल्लाहले भन्नुभएको छ– "अल्लाहलाई न कुर्बानीको मासु पुग्दछ, न रगत नै, तर तिमीहरूको तक्वा (ईश्-भय) पुग्दछ ।" (कुरआन : २२/३७)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "काबाको परिक्रमा, सफा र मर्वाको सई, जमरातलाई ढुङ्गा हान्नु अल्लाहको महिमाको वर्णन र प्रशंसाको लागि नै अनिवार्य गरिएको छ ।" (अबु-दाऊद : १८८८)



> हज्ज र उमरा गर्ने व्यक्तिले सर्वप्रथम यसका धार्मिक विधिहरू सिक्नु अनिवार्य छ ।

**हजहज्जका केही उद्देश्यहरू यस प्रकार रहेका छन्–**

### १ अल्लाहको लागि नम्रता प्रकट गर्नु–

त्यसैले हाजीहरू भोगविलास र श्रृङ्गारपटार सबै त्यागेर मुर्दालाई बेरिने कात्रो झैं सेतो एहरामको कपडा लगाएर अल्लाहको अगाडि आफ्नो गरीबीलाई दर्शाउँछन् । सम्पूर्ण भौतिक सुख र आनन्दसँग केही सरोकार नराखिकन अल्लाहको उपासनामा सक्रिय रहन्छन् । अर्फातको मैदानमा कपकपाउँदै, रुँदै अल्लाहको वरदान र महानताको गुण गाउँदै आफ्नो पाप र गल्तीको क्षमा माग्दै उभिरहेका हुन्छन् ।

### २ वरदानको कृतज्ञता अर्पण गर्नु–

हज्जमा दुई तरिकाले अल्लाहको कृतज्ञता व्यक्त गर्नुपर्दछ– एउटा आर्थिक रुपमा र अर्को शारीरिक रुपमा सक्षम भएकोमा, किनभने यी दुवै कुरा अल्लाहको ठूलो वरदान र हज्जको अभिन्न अङ्ग हुन् । उक्त दुवै कुरा नभइ दिए, कसैले पनि हज्ज गर्न सक्दैनन् । त्यसैले आफ्नो विधाता र मालिकलाई हृदयदेखि कृतज्ञता व्यक्त गर्नुपर्दछ । वास्तवमा, वरदानको कृतज्ञता व्यक्त गर्नु स्वभाविक कुरा हो जसलाई धर्मले अनिवार्य गर्दछ ।

## ३ मुस्लिमहरूको बृहत सम्मेलन–

मुस्लिमहरू विश्वकै कुनाकाप्चाबाट हज्जमा भेला हुन्छन्, यसमा एक अर्कासँग चिनजान गर्ने, माया, ममता, स्नेह र सदभाव बाँड्ने ठूलो अवसर प्राप्त हुन्छ । गोरो-कालो, अग्लो-होचो, धनी-गरीब, जात, पात, भाषा, लिङ्ग र असमानताका सम्पूर्ण पर्खाल र भेदभावहरू माया र ममतामा परिणत हुन्छन् । संसारको सबैभन्दा विशाल भेलामा साँचो ईश्वर अल्लाहको उपासना गर्ने, सत्यको निमन्त्रणा दिने, एक अर्कालाई साथ दिने कुरामाथि सर्वसम्मति हुन्छ ।

## ४ महाप्रलयको दिनको सम्झना–

हज्जले मुस्लिमहरूलाई महाप्रलयको सम्झना गराउँछ । अर्फातको मैदानमा आँखाले भ्याएसम्म जतातत‍ै मानिसको घुइँचो लागेको हुन्छ, सबैले मुर्दालाई बेरिने सेतो कात्रो झैं एउटै कपडा लगाएका हुन्छन् । यसले हिसाबकिताबको दिनको सम्झनालाई ताजा पार्दछ, त्यसैले बुद्धिमान मुस्लिम त्यस दिनको तयारीमा तल्लीन हुन्छ ।

## ५ अल्लाहको तौहीदलाई व्यक्त गर्नु तथा उहाँको भक्तिलाई मन र वचनले स्वीकार गर्नु–

हज्जको प्रतीक नै तल्बिया हो । (लब्बैक अल्लाहुम्म लब्बैक, लब्बैक ला शरीक लक लब्बैक, इन्नल हम्द वन्नेअमत लक वलमुल्क, ला शरीक लक) यसको एक-एक शब्दले तौहीदको सार्वजनिक घोषणा गरिरहेको छ । भक्तको तन-मन तौहीदको बास्नाले ओतप्रोत भइरहेको छ । त्यसैले एउटा वरिष्ठ सहाबीले तल्बियालाई तौहीदको उपमा दिनुभएको छ ।" (मुस्लिम : १२१८) किनभने उक्त तल्बियामा अल्लाहकै लागि उपस्थित भएको र उहाँकै लागि सम्पूर्ण ईबादतहरूलाई खास गरिएको जनाइएको छ ।




## > उमरा

एहाराम लगाउनु, काबाको सात चोटि तवाफ (परिक्रमा) गर्नु, सफा र मर्वाको बीचमा सात चक्कर सई गर्नु र कपाल खौराउनु वा सानो गराएर अल्लाहको उपासना गर्नुलाई उमरा भनिन्छ।

यसको हुकुम– सामर्थ्य व्यक्तिले जीवनमा एक पटक मात्र उमरा गर्नु अनिवार्य छ। तर बारम्बार गर्नु उत्तम र सुनमा सुगन्ध थप्नु हो।

यसको समय– वर्षको जुनसुकै समय र जहिले पनि यसलाई गर्न सकिन्छ, तर रमजानको महिनामा यसको पुण्य कैयौं गुणा बढ्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "रमजानमा उमराको पुण्य हज्जको बराबर हुन्छ।" (बुखारी : १८६३)



> सामर्थ्य व्यक्तिले जीवनमा एक पटक उमरा गर्नु अनिवार्य छ।

# ईदुल-अद्हा

मुस्लिमहरूको यो दोस्रो ठूलो ईद र पर्व हो । इस्लामी पात्रो अनुसार जुल-हिज्जा महिनाको दशौं दिनमा ईदुल-अद्हा पर्दछ। यसका धेरै विशेषताहरू छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

१ वर्षको सर्वोत्तम दिन– जुल-हिज्जाको पहिलेका १० दिनहरू वर्षकै सबैभन्दा सर्वोत्तम दिनहरू हुन् । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाहको दृष्टिमा यी १० दिनका सत्कर्म भन्दा उत्कृष्ट सत्कर्म अरु केही छैन ।" सहाबाले सोध्नु भयो– "जिहाद (धर्म युद्ध) पनि होइन ?" उहाँले जवाफ दिनुभयो– "जिहाद पनि होइन, तर कोही आफ्नो ज्यान-मालले जिहाद गर्दा गर्दै शहीद भयो भने जिहाद उत्कृष्ट हुन्छ ।" (बुखारी : ९२६, तिर्मिजी : ७५७)

२ ठूलो हज्जको दिन– यसमा हज्जका महत्वपूर्ण कामहरू सम्पन्न हुन्छन्, जस्तै– तवाफ, कुर्बानी, जमरातलाई ढुङ्गा हान्नु इत्यादि ।

## ईदुल-अद्हा कसरी मनाउनु पर्छ ?

हज्जमा नगएका व्यक्तिहरूले यो पर्व पनि रमजान पर्व जस्तै मनाउनु पर्छ, तर जकातुल्-फित्र दिनु पर्दैन, किनभने यो ईदुल्-फित्रसित गाँसिएको छ ।

ईदुल-अद्हामा अल्लाहको लागि कुर्बानी दिनु बेस हो ।

**कुर्बानी**– अल्लाहको लागि भेंडा-बाख्रा, ऊँट वा गाईको कुर्बानी दिनुपर्छ । यसको समय पर्वको सलाहपछि आरम्भ हुन्छ र १३ औं जुल-हिज्जाको मग्रिबसम्म बाँकी रहन्छ । अल्लाहले भन्नुभएको छ– "आफ्नो मालिकको लागि सलाह पढ र बलि देऊ ।" (कुरआन : १०८/२) सलाहको अभिप्राय पर्वको सलाह र बलिको अर्थ कुर्बानी हो ।

**कुर्बानीको हुकुम**– सक्षम व्यक्तिको लागि यो सुन्नत मुवक्कदा हो । मुस्लिमले आफू र आफ्नो स-परिवारको तर्फबाट कुर्बानी गर्नुपर्दछ ।

यदि कुर्बानी गर्ने नीयत छ भने जुल-हिज्जाको पहिलो दिनदेखि कुर्बानी नहुन्जेलसम्म कपाल, नङ्ग र शरीरका कुनै पनि रौं काट्नु हुँदैन ।



## कुर्बानीका जनावरमा हुनुपर्ने शर्तहरू–

१ चौपाया अर्थात भेंडा-बाख्रा, ऊँट र गाई मध्ये हुनुपर्छ। यी जनावर बाहेक कुनै अन्य जनावर वा चराहरूको कुर्बानी दिनु वैध छैन।

एउटा भेंडा वा बाख्रा सपरिवारको तर्फबाट पर्याप्त हुन्छ। गाई र ऊँटमा सात जना सामेल हुनु जायज छ।

२ चाहिने उमेर, भेंडामा ६ महिनाको सानो पाठो, बाख्रामा एक वर्षको बाख्रा, गाईमा दुई वर्षको र ऊँटमा पाँच वर्षको हुनुपर्दछ।

३ निरोग र वाह्य खोटहरूबाट शुद्ध हुनुपर्दछ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "चार किसिमका जनावरको कुर्बानी हुँदैन; काना, रोगी, लंगडो र दुब्लो।" (निसाई : ४३७१, तिर्मिजी : १४९७)

## कुर्बानीको मासुलाई के गर्नुपर्छ ?

- कुर्बानीको मासु बेच्न अवैध छ।
- कुर्बानीको मासुलाई तीन भाग गर्नुपर्छ। एक तिहाई घरपरिवारको लागि, एक तिहाई इष्ट-मित्र र छरछिमेकको लागि र बाँकी एक तिहाई गरीब र दीन-दु:खीहरूलाई दान स्वरूप दिनु पर्छ।
- कुर्बानीको लागि भरपर्दो व्यक्ति र संघ- संस्थाहरूलाई अधिकार दिन सकिन्छ। जसले कुर्बानी गराएर गरीबहरूमा बाँडि दिओस्।



> कुर्बानी दिने जनावर खोटहरूबाट शुद्ध हुनुपर्दछ।

# मदीनाको जियारत (दर्शन)

मदीना मनौवरह त्यो ठाउँ हो जहाँ रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मक्काबासीको दु:ख र पीडा खेप्न नसकेर हिजरत (प्रवास) गर्नुभएको थियो।

मदिना पुगेर सर्वप्रथम रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मस्जिद नब्वीको निर्माण गर्नुभयो, जुन मानिसहरूका लागि शैक्षिक, प्रचार-प्रसार तथा ज्ञानको ज्योति छर्ने केन्द्र बिन्दु र लाखौं-लाख मुस्लिमको ढुकढुकी बन्न गयो।

इस्लामले मस्जिद नब्वीको जियारत (दर्शन) मा निकै प्रेरणा प्रदान गरेको छ, चाहे हज्जको समयमा होस् वा कुनै अन्य समयमा।

मदीनाको जियारत (दर्शन) न हज्जसँग सम्बन्धित छ, न कुनै विशेष महिना वा दिनसँग। आफ्नो सहजता अनुसार जहिले पनि गर्न सकिन्छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "तीनवटा मस्जिदहरू बाहेक अरु कुनै मस्जिदको लागि यात्रा गर्नु वैध छैन; मस्जिद हराम (खाना काबा), मस्जिद नब्वी र मस्जिद अक्सा।" (बुखारी : ११३९, मुस्लिम : १३९७, अबु-दाऊद : २०३३)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "मेरो मस्जिदमा सलाह पढ्नु अरु मस्जिदहरूको अनुपातमा एक हजार गुणा बढी पुण्य पाइन्छ, सिवाय मस्जिद-हरामको।" (बुखारी : ११३३, मुस्लिम : १३९४)



## मदीनामा कुन कुन ठाउँको जियारत (दर्शन) गर्नुपर्दछ ?

मदीनाको जियारतको उद्देश्य मस्जिद नब्वीमा सलाह पढ्नु हो। मदीना पुगिसकेपछि निम्न ठाउँहरूको दर्शन गर्न वैध गरिएको छ–

१ 'रियाजुल-जन्नह' मा सलाह पढ्नु– रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को घर र मिम्बरको बीचमा सीमित क्षेत्र हो । यसमा पढिएको सलाहको निकै महत्व छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "मेरो घर र मिम्बरको बीचमा स्वर्गको बगैंचाहरूमध्ये एउटा बगैंचा छ ।" (बुखारी : ११३७, मुस्लिम : १३९०)

२ रसूल (सल्लल्लाहु अलैहि व सल्लम) माथि सलाम पढ्नु– रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को चिहानको दिशामा नम्रतापूर्वक उभिएर निम्न कुराहरू भन्नुपर्दछ– 'अस्सलामु अलैक या रसूलल्लाहि व रहमतुल्लाहि व बरकातुह, अश्हदो अन्नक कद् बल्लग्तर्रिसालह, व अद्दैतल-अमानह, व नसह्तल-उम्मह, व जाहद्त फिल्लाहि हक्क जिहादिह, फजजाकल्लाहु अन उम्मतिका खैरल-जजा' (अल्लाहले तपाईंमाथि शान्ति गरुन्, अल्लाहले तपाईंको काँधमा जुन जिम्मेवारी सुम्पिनु भएको थियो तपाईंले त्यसलाई पूर्ण रुपमा निर्वाह गर्नुभयो, अल्लाहले तपाईंलाई सबैभन्दा राम्रो प्रतिफल दिउन् भन्ने दुआ गर्दछु) ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जब कोही मलाई सलाम गर्छ, उसको सलामको जवाफ दिनको लागि अल्लाहले मेरो रूह (आत्मा) लाई फर्काइ दिनुहुन्छ ।" (अबु-दाऊद : २०४१)

त्यसपछि अलि दाहिने गएर अबु-बक्र सिद्दीक (रजियल्लाहु अन्हु) लाई सलाम गर्नु, रसूलपछि सर्वश्रेष्ठ सहाबी र प्रथम खलीफा (उत्तराधिकारी) उहाँ नै हुन् ।

त्यसपछि अलि दाँयातिर बढेर उमर (रजियल्लाहु अन्हु) लाई सलाम गर्नु, अबु-बक्र (रजियल्लाहु अन्हु) पछि सर्वश्रेष्ठ सहाबी र दोस्रो खलीफा (उत्तराधिकारी) हुन् ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सर्वश्रेष्ठ मानिस हुन्, तर उहाँले कसैलाई हानि-नोक्सानी पुर्याउन सक्नु हुन्न, त्यसैले उहाँसित केही माग्नु हुँदैन, बरु दुआ लगायत उपासनाका सम्पूर्ण किसिमहरूलाई मात्र अल्लाहकै लागि खास गर्नुपर्छ ।

३ मस्जिद कुबाको जियारत गर्नु– यो इस्लामको पहिलो मस्जिद हो । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मस्जिद-नब्वीको निर्माण गर्नु भन्दा पहिले बाटोमा नै मस्जिद कुबालाई निर्माण गर्नुभएको थियो ।

मदीनामा रहेका मानिसहरूले यसको दर्शन गर्नु मुस्तहब हो । किनभने रसूल (सल्लल्लाहु अलैहि व सल्लम) यसको दर्शन गर्नु हुन्थ्यो र हामीलाई प्रेरणा दिदै भन्नु भयो– "जसले आफ्नो घरबाट पवित्र भएर मस्जिद कुबामा दुई रकात सलाह पढ्छ, उसले उमरा बराबरको पुण्य पाउँछ ।" (इब्ने माजा : १४१२)



# तपाईको आर्थिक कारोबार




# ७

इस्लामले धनी-गरीबहरूको आर्थिक तथा व्यवसायिक हकहित सुनिश्चित गर्नको लागि विधि-विधानहरू पारित गरेको छ । यसले समाजलाई एकजुट हुन र जीवनको हरेक पक्षमा विकास र उत्तरोत्तर प्रगति गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## अध्याय सूची


कारोबारको असल आधार वैध हो

स्वत: अवैध वस्तुहरू

अवैध कारोबारहरू

ब्याज

- सापट बापत ब्याज
- ऋण बापत ब्याज
- ब्याजको हुकुम
- ब्याजको परिणाम

व्यक्ति र समाजमाथि पर्न गएका ब्याजका नकारात्मक प्रभावहरू

धोका र अज्ञानता

अन्याय र गलत तरिकाले अर्काको माल खानु

- जुवा-तास

व्यक्ति र समाजमाथि पर्न गएका जुवा-तासका नराम्रा परिणामहरू

इस्लामले आर्थिक कारोबारमा उच्च आचरण अपनाउने प्रेरणा दिन्छ

- इमान्दारीता
- सत्यता
- कुशलता

# तपाईंको आर्थिक कारोबार

अल्लाहले गाँस, बास र कपासकै पूर्तिको लागि मेहनत र मजदुरी गर्ने आदेश दिनुभएको छ। यी कुराहरू यसरी स्पष्ट हुन्छन्–

- जबसम्म मानिस मेहनत र मजदुरी गरेर कमाउन सक्षम छ भने उसले अरुसित मागेर खानु अवैध छ। जसरी अजिङ्गरको आहारा अल्लाहले पूर्ति गर्नुहुन्छ, त्यसरी मानवको आहारा पनि उहाँले अवश्य पूर्ति गर्नु हुनेछ। यदि मेहनत मजदुरी गर्न सक्ने व्यक्ति मागेर जीवन यापन गर्छ भने उसको सम्मान अल्लाह र मानिसको नजरमा घट्छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "मानिस भिक्षा (भीख) माग्दा-माग्दै अल्लाहकहाँ पुग्छ, तर उसको अनुहारमा मासुको एक चोक्टा पनि हुँदैन।" (बुखारी : १४०५, मुस्लिम : १०४०)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसलाई भोकमरी लाग्यो र त्यसको निवारणको लागि मानिसकहाँ जान्छ भने उसको समस्या समाधान नहुन पनि सक्छ, तर जसले आफ्नो समस्या अल्लाहकहाँ लिएर जान्छ भने उहाँले त्यसलाई पूरा मात्र होइन, बरु आत्मनिर्भर बनाई दिनुहुन्छ।" (अहमद : ३८६९, अबु-दाऊद : १६४५)

- हरेक प्रकारको उद्योग, सेवामूलक काम तथा लगानी कारोबार यदि इस्लामी नियम र सिमा भित्र छ भने त्यसमा कुनै आपत्ति छैन। सन्देष्टाहरू आफ्नो समुदायका वैध पेशामा आवद्ध थिए।



> हरेक प्रकारको वैध काम गरेर जीविका निर्वाह गर्न सकिन्छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सम्पूर्ण सन्देष्टाहरूले भेंडा-बाख्रा चराउने काम गर्नु भएका छन्।" (बुखारी : २१४३) जकरिया (अलैहिस्सलाम) सिकर्मी थिए।" (मुस्लिम : २३७९) त्यसैगरी अन्य सन्देष्टा पनि कुनै न कुनै पेशामा आवद्ध थिए।

- जसले आफ्नो घरपरिवारको खर्च जुटाउन, अर्काको अगाडि हात नफैलाउन अनि गरीब र दीन-दु:खीहरूको टेवा पुर्याउन नीयतले काम र भागदौड गर्छ भने उसले पुण्य पाउनेछ।

## कारोबारको असल आधार–

मानिसलाई आवश्यकता पर्ने हरेक प्रकारको आर्थिक कारोबार, खरिद-बिक्री, भाडामा लिनु-दिनु र व्यवसाय जायज र वैध छ। सिवाय स्वत: अवैध वस्तुहरू र अवैध कारोबारहरू।

## स्वत: अवैध वस्तुहरू–

यी ती अवैध कुराहरू हुन् जसलाई अल्लाहले स्वत: अवैध गर्नुभएको छ । यी वस्तुहरूको व्यवसाय गर्नु, बेचबिखन गर्नु, भाडामा दिनु वा त्यसको उत्पादन गर्नु र मानिसहरूमा त्यसको प्रचार गर्नु सबै अवैध छ ।

स्वत: अवैध वस्तुहरूका उदाहरणहरू–

- कुकुर र सुँगुर
- मृत जनावर वा त्यसका अंशहरू
- रक्सी तथा मादक पदार्थहरू
- लागूपदार्थ तथा स्वास्थ्यको लागि हानिकारक वस्तुहरू
- मानिस बीच अश्लीलता फैलाउने क्यासेट, वेबसाईट तथा अश्लील पत्र-पत्रिकाहरू
- अल्लाह बाहेक पुजिने मूर्ति र प्रतिमाहरू

## अवैध कारोबारहरू–

वास्तवमा यो जायज र वैध हो तर त्यसको आर्जन गर्ने तरिका गलत तथा व्यक्ति र समाजको लागि हानिकारक भएकोले अवैध गरिएको छ । कारोबारलाई अवैध गर्ने कारणहरू यस प्रकार रहेका छन्–

ब्याज, धोका, अज्ञानता, अन्याय, जुवा-तास र चिट्ठा इत्यादि ।

यी कुराहरूको खण्डन अगाडि गर्नेछौं–



> ऋणीले ऋणको साँवा बाहेक दिनु पर्ने थप धन वा रकमलाई ब्याज भनिन्छ ।

## > ब्याज

ऋणीले ऋणको साँवा बाहेक दिनु पर्ने थप रकमलाई ब्याज भनिन्छ । यो इस्लामी विधान अनुसार अवैध छ, किनभने यसमा अन्याय र हानि छ ।

हुन त ब्याजका धेरै किसिमहरू छन्, तर प्रसिद्ध र अति अवैध किसिम– ऋण र सापट बापतको ब्याज हो, किनकि यसमा खरिद-बिक्री केही पनि हुँदैन, तै पनि साहुले ऋणीमाथि ऋणको बोझ थप्ने गर्दछ । यो दुई किसिमका छन्–

■ **सापट बापत ब्याज–**

सापट रकम चुक्ता गर्ने समय नाघेपछि साँवामा थपिने रकमलाई नै सापट बापतको ब्याज भनिन्छ ।

उदाहरण– (खालिद) ले (सईद) सित १००० डलर एक महिनापछि फिर्ता दिन्छु भनेर लियो तर एक महिनापछि उसले तिर्न सकेन । खालिदले भन्यो, अहिले दिन्छौ भने केही बढी दिनु पर्दैन तर एक महिनापछि ११०० तिर्नु पर्छ । अर्को एक महिनामा तिर्न सकेनौ भने १२०० तिर्नु पर्छ । यसरी नै महिना पिच्छे बढ्दै जान्छ ।

■ **ऋण बापत ब्याज–**

कुनै व्यक्ति वा बैंकबाट वार्षिक ५% प्रतिशत वा त्यो भन्दा कम वा बढी ब्याज दरमा ऋण लिनु ।

उदाहरण– मानौं, तपाईं एक लाखमा एउटा घर किन्न चाहनुहुन्छ, तर तपाईंसँग पर्याप्त रकम नभएकोले बैंकबाट एक लाख रुपैया ऋण लिनु भयो । यो शर्तमा कि तपाईंले ५ वर्षको किस्तामा एक लाखको बदलामा साढे एक लाख (१,५०,०००) साँवा ब्याजसहित दिनु पर्छ ।

इस्लामले ब्याज र यसका सम्पूर्ण तरिकाहरूलाई सदाको लागि अवैध गरेको छ । चाहे त्यो घर, जग्गा, जमीन खरिद-बिक्री, व्यवसाय, उद्योग इत्यादि जुनसुकै उद्देश्यको लागि होस् ।

तर किस्ताबन्दीमा नगद भन्दा बढी पैसा दिएर कुनै सरसामान किन्नु जायज छ र यो ब्याज अन्तर्गत पर्दैन ।

जस्तै– १००० डलरको मेशिन क्रेताले प्रति महिना १०० डलर जम्मा गर्ने गरी एक वर्षको किस्ताबन्दी (१०० X १२ = १२००) मा किन्नु ।

## ब्याजको हुकुम–

ब्याज खानु अत्यन्तै अवैध काम हो । इस्लामले ब्याजलाई सदाको लागि अवैध गरेको छ । यसलाई ठूलो पापको सूचीमा राखेको छ । अल्लाहले ब्याज खाने र त्यसको कारोबार गर्ने अपराधीलाई युद्धको चेतावनी दिनुभएको छ । इस्लाम पूर्वका धर्म शास्त्रहरूले पनि ब्याजलाई अवैध गरेका छन्, तर यी कुराहरू परिवर्तन भएकाले यथावत रुपमा बाँकी छैनन् ।

अल्लाहले यहूदी र क्रिस्चियनहरूमाथि आफ्नो प्रकोप किन अवतरण गर्नुभयो भन्ने कुरालाई प्रस्ट पार्दै भन्नुभएको छ– “निषेधित गरे पनि तिनीहरूले ब्याज लिने गर्थे ।” (कुरआन : ४/१६१)

## ब्याजको परिणाम–

१ ब्याजको कारोबार गर्ने व्यक्ति अल्लाह र रसूलको साथ युद्ध गर्छ, त्यसैले ऊ अल्लाह र रसूलको शत्रु हो । अल्लाहले भन्नुभएको छ– “यदि तिमीहरू ब्याजको कारोबार छाड्दैनौ भने अल्लाह र रसूलसित युद्ध गर्न तयार होऊ । यदि प्रायश्चित गर्छौ भने तिमीहरूका लागि साँवा छ । न तिमीहरू अत्याचार गर्ने छौ न तिम्रो साथमा नै अन्याय हुनेछ ।” (कुरआन : २/२७९)

यो यस्तो युद्ध हो जसको असर मानसिक तथा शारीरिक रुपमा पर्छ । मानिसहरूले जे जति असन्तुष्टि, व्याकुलता, दु:ख र चिन्ताहरू भोगिरहेका छन्, त्यो त्यही ब्याज खाने, अल्लाह र रसूलको अवज्ञाको परिणाम हो । याद राख, महाप्रलयको दिन यस युद्धको परिणाम कस्तो होला !

२ ब्याजको कारोबार गर्ने तथा सघाउने सम्पूर्ण व्यक्तिहरूमाथि धिक्कार छ । जाबिर (रजियल्लाहु अन्हु) ले बयान गर्नुभएको छ– “रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले ब्याज लिने, दिने, लेख्ने तथा साक्षी बस्ने व्यक्तिहरूलाई धिक्कार्नु भएको छ र भन्नु भयो : यी सबै बराबर हुन् ।” (मुस्लिम : १५९८)

३ ब्याजका उपभोक्ताहरू नशामा धुत्त, बौलाहा र मिरगी (छारे रोग) लागेको व्यक्ति झैं अल्लाहको दरबारमा उपस्थित हुने छन् । अल्लाहले भन्नुभएको छ– “ब्याज खानेहरू शैतानले छोएर बौलाहा बनाएको मानिस झैं चिहानबाट उठ्नेछन् ।” (कुरआन : २/२७५)

ब्याजका धन-सम्पत्ति जति भए पनि त्यसमा समृद्धि, सुख र शान्ति कहिल्यै पनि प्राप्त हुँदैन । अल्लाहले भन्नुभएको छ– “अल्लाहले ब्याजलाई निर्मुल पार्नु हुन्छ र दानमा वृद्धि गर्नुहुन्छ ।” (कुरआन : २/२७६)

## व्यक्ति र समाजमाथि पर्न गएका ब्याजका नकारात्मक प्रभावहरू–

इस्लामले ब्याजको मामिलामा अति कठोरता आपनाएको छ, किनभने यसले व्यक्ति, समाज र सिङ्गो संसारलाई तहसनहस र छियाँ-छियाँ पारेको छ, तीमध्ये केही यस प्रकार रहेका छन्–

१ मालको विभाजनमा छिन्न-भिन्न र धनी गरीब बीच ठूलो खाडल–

ब्याजले गर्दा धन-सम्पत्ति, समाजको एक समूहमा मात्र सीमित भएर जान्छ र आम मानिसहरू त्यसबाट बन्चित छन् । यसरी धनवानहरू रातारात करोडपति बन्छन् भने समाजका गरीब र कमजोर मानिसहरू जाडो-गर्मी, सुख-दु:ख, वर्षा-आँधीमा मरिहत्ते गरी काम गर्दा पनि दुई छाक टार्न धौ-धौ परेको हुन्छ । त्यसैले यस्तो समाजमा चोरी, डाँका, लुटपाट तथा इर्ष्याका घटनाहरू बढी हुने गर्छन् ।



> ब्याजले धन-सम्पत्तिमा अभिवृद्धि तथा अर्थतन्त्र दुवैको पतन हुन्छ ।

२ अत्यधिक फजुल खर्च र बचत न्यून–

ब्याजले गर्दा अनावश्यक खर्चको बानी बस्छ र बचत हुँदैन। किनभने उसलाई थाहा छ कि केही नाफा दिएर सजिलैसँग कर्जा पाउन सक्छु। अगाडि-पछाडि नहेरिकन नचाहिँदो कुराहरूमा अनावश्यक खर्च गर्छ। यसरी ऋणमा चुर्लुम्म डुब्छ र जीवन कष्टकर हुन जान्छ अनि खाएको ऋण कैयौं पुस्ताले तिर्नु पर्ने हुन्छ।

३ ब्याजले गर्दा धनवानहरू मुलुकका नाफामुलक कार्यमा लगानी गर्दैनन्–

ठूल-ठूला धनी र उद्योगपतिहरू ब्याजले नै यतिसम्म कमाउँछन् कि समाज र देशको लागि केही व्यवसाय, उद्योग खोल्ने वा लगानी गर्ने वा आयात-निर्यात गरेर समाजका गरीब व्यक्तिहरू र राष्ट्रलाई फाइदा पुर्याउने सोच पनि आउँदैनन्। किनभने व्यसायमा परिश्रम गर्नुपर्छ, तर ब्याजको कारोबारमा बसि-बसि खान पाइन्छ।

४ ब्याजले धन-सम्पत्तिको अभिवृद्धिलाई समाप्त र अर्थतन्त्रलाई ध्वस्त पार्छ–

ठूल-ठूला उद्योग र व्यक्तिहरूको आर्थिक हरेस तथा पतन हुनको प्रमुख कारण ब्याजमा चुर्लुम्म डुब्नु नै हो। अल्लाहले ब्याजको अभिवृद्धिलाई खतम पार्नु हुन्छ भन्ने कुराको यो एउटा ठूलो प्रमाण हो। तर दीनदुःखीलाई दान दिएमा अल्लाहले घरपरिवारको सुख, शान्ति र धन-सम्पत्तिमा अत्यधिक अभिवृद्धि गरिदिनुहुन्छ। अल्लाहले भन्नुभएको छ– "अल्लाहले ब्याजलाई निर्मुल पार्नु हुन्छ र दानमा वृद्धि गर्नुहुन्छ।" (कुरआन : २/२७६)

## यदि कोही इस्लाम पूर्वदेखि नै ब्याजमा फसेको छ भने उसले के गर्नुपर्छ ?

उपर्युक्त कुरालाई दुई भागमा विभाजन गर्न सकिन्छ–

१- यदि ब्याज लिनु पर्ने थियो भने उसले इस्लाम अपनाउने वित्तिकै साँवा बाहेक अरु केही लिनु हुँदैन। अल्लाहले भन्नुभएको छ– "यदि प्रायश्चित गर्छौ भने तिमीहरूका लागि साँवा छ। न तिमीहरू अत्याचार गर्ने छौ न तिम्रो साथमा अन्याय हुनेछ।" (कुरआन : २/२७९)

२- यदि आफैं ऋणी छ र उसले नै ब्याज तिर्नु पर्ने हो भने यसलाई दुई तरिकाले हल गर्न सकिन्छ–

- यदि बिना कुनै ठूलो नोक्सान सम्झौता भङ्ग गर्न संभव छ भने त्यसलाई भङ्ग गर्नु अनिवार्य छ।
- यदि सम्झौतालाई भङ्ग गर्न ठूलो नोक्सानी बेहोर्नु पर्छ भने आइन्दा यस्तो लेनदेन नगर्ने अठोटका साथ करार बमोजिम पूरा गर्न सक्छ। अल्लाहले भन्नुभएको छ– "जसले अल्लाहको आदेश सुन्ने बित्तिकै प्रायश्चित गर्छ भने त्यसको अघिको मामिला अल्लाहको हातमा छ। तर जो पुनः ब्याजमा होमिन्छ, ऊ नै नरकबासी हो, जहाँ सदा-सर्वदा नरकको पीडा भोग्नु पर्नेछ।" (कुरआन : २/२७५)

के तपाईं ब्याजको कारोबार गर्नुहुन्छ ?

- हो → साँवा बाहेक ब्याज लिनु हुँदैन ।
- होइन ↓

यदि तपाईंले नै ब्याज तिर्नु पर्ने हो भने के बिना ठूलो नोक्सानी सम्झौता भङ्ग गर्न सक्नु हुन्छ ?

- हो → यदि सक्नु हुन्छ भने तपाईंले करार अनिवार्य रुपमा भङ्ग गर्नुपर्छ र तपाईंमाथि कुनै पाप छैन ।
- होइन → यदि सक्नु हुन्न वा ठूलो मार्का पर्नेछ भने आइन्दा यस्तो कारोबार नगर्ने अठोटका साथ सम्झौता पूरा गर्न सकिन्छ ।

## > धोका र अज्ञानता

धोका र अज्ञानताको अभिप्राय– यी यस्ता कारोबार र मालसामानहरू हुन् जसको बारेमा केही जानकारी छैन वा शंकास्पद वस्तुहरू हुन् जसले गर्दा क्रेता-बिक्रेता दुवैमा विवाद उत्पन्न हुन सक्छ वा कसैमाथि अन्याय हुन सक्छ ।

इस्लामले यस्तो कारोबारलाई अवैध गरेको छ, यद्यपि दुवै पक्षको राजी खुशीले किन नहोस् । किनभने यसमा अन्याय र धोका छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले अज्ञात र शंकास्पद वस्तुहरूको कारोबारलाई अवैध गर्नुभएको छ ।” (मुस्लिम : १५१३)

## धोका र अज्ञानताका उदाहरणहरू–

१. फल पाक्नु र टिप्नु भन्दा पहिले किनबेच गर्नु, किनभने पाक्नु भन्दा अगाडि बिग्रन सक्छ त्यसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले अवैध गर्नुभएको छ ।
२. बाकस भित्र बन्द रहेको सामग्रीलाई किनबेच गर्नु, किनकि त्यस भित्र अमूल्य, सामान्य वा खराब वस्तु जे पनि हुन सक्छ, जस्तै– हातमा नरहेको वस्तु बेच्नु इत्यादि ।

## अज्ञानताले कुन अवस्थामा प्रभाव पार्छ ?

धोका र अज्ञानता असल करारमा बढी मात्रामा छ भने त्यो कारोबार अवैध छ, तर मूल कुरामा छैन भने केही असर पर्दैन ।

जस्तै– एउटा मुस्लिमले घर किन्छ, तर उसलाई घरमा प्रयोग गरिएका सिमेन्ट र सर-सामानको बारेमा केही जानकारी छैन भने यसले केही असर पर्दैन, किनकि मूल र असल कारोबारमा कुनै शंका छैन ।

# > अन्याय र गलत तरिकाले अर्काको माल खानु

अन्याय र अत्याचार अति घृणित कार्य हो त्यसैले इस्लामले यसलाई अवैध गरेको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अन्याय नगर, यसको ठूलो परिणाम कयामतको दिन चुकाउनु पर्नेछ ।" (बुखारी : २३१५, मुस्लिम : २५७९)

गलत तरिकाले कसैको धन-सम्पत्ति कब्जा गर्नु ठूलो पाप हो र यस्ता व्यक्तिहरूले ठूलो सजायको भागिदार बन्नु पर्नेछ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "यदि कसैले कसैको एक बित्ता जग्गा मिचेर अन्याय गर्यो भने कयामतको दिन उसको गर्धनमा धरतीका सात तह बराबर जमीन झुण्डाइनेछ ।" (बुखारी : २३२१, मुस्लिम : १६१०)



> अन्याय गरेर कसैको अलिकति पनि धन-सम्पत्ति कब्जा गर्नु ठूलो पाप हो।

## कारोबारमा अन्यायका उदाहरणहरू–

१ बाध्य तुल्याउनु– कारोबारमा कुनै किसिमको जबरजस्ती जायज छैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भएको छ– "कारोबार आपसी राजीखुशीले हुन्छ ।" (इब्ने माजा : २१८५)

२ धोका र विश्वासघात– मानिसलाई धोका दिएर गलत तरिकाले पैसा कमाउनु अवैध छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसले हामीलाई धोका दियो, ऊ हामीबाट विमुख भयो ।" (मुस्लिम : १०१)

एक दिन रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बजारतिर जानु भयो। त्यहाँ अनाजको ठूलो थुप्रो थियो। उहाँले आफ्नो हात त्यसभित्र हाल्नु भयो, त्यसमा भिजेको अनाज पाउनु भयो र व्यापारीलाई सम्बोधन गर्दै भन्नु भयो– "यो के हो ?" उसले जवाफ दियो– राती पानी परेकोले अलि भिजेको छ। उहाँले भन्नु भयो– "ग्राहकले देख्ने गरी किन अनाजमाथि राखेनौ ?" अनि भन्नु भयो– "जसले हामीलाई धोका दियो, ऊ हामीबाट विमुख भयो।" (तिर्मिजी : १३१५)

३ कानूनसँग खेलवाड गर्नु– मानिसको माल खानलाई आफ्नो चलाखीले कानूनको सहारा लिनु र न्यायाधीशको आँखामा छारो हालेर आफ्नो पक्षमा निर्णय गराउनु, तर न्यायाधीशको फैसलाले सत्यलाई असत्य पार्न सक्दैन।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "म एउटा मानिस हुँ, तिमीहरू आफ्नो झगडा लिएर आउँछौ। कोही एकदम चतुर हुन्छ, यदि मैले उसको कुरा सुनेर गलत निर्णय गरेँ भने उसको लागि त्यो धन-सम्पत्ति कहिल्यै वैध हुँदैन, किनकि मैले उसको लागि आगोको टुक्रा निर्णय गरेको छु।" (बुखारी : ६७४८, मुस्लिम : १७१३)

४ घूस लिनु-दिनु– व्यक्तिगत स्वार्थ वा आफ्नो पक्षमा गलत निर्णय गराउनको लागि अनुचित रुपले दिइने धन वा रकमलाई घूस भनिन्छ। यो सबैभन्दा घृणित कार्य र महापाप हो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले घूस लिने-दिने दुवै पक्षहरूलाई धिक्कार्नु भएको छ। (तिर्मिजी : १३३७)

जुनसुकै समुदायमा घूसखोरी बढ्छ, त्यसको मुलुकी व्यवस्था छियाँ-छियाँ हुन्छ तथा त्यस समुदायको विकास, समृद्धि र उन्नति कहिल्यै पनि सम्भव हुँदैन।



> रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले घूस लिने र घूस दिने दुवै पक्षहरूलाई धिक्कार्नु भएको छ।

## इस्लाम पूर्व कसैको माल हडपेको छ भने उसले के गर्नुपर्छ ?

यदि कसैले इस्लाम ल्याउनु पूर्व कसैको माल हडपेको छ र हकदार व्यक्तिलाई चिन्दछ र फिर्ता गर्दा जीउज्यानको खतरा छैन भने त्यो माल फिर्ता गर्नुपर्छ ।

किनभने इस्लामले अन्यायलाई हरेक अवस्थामा अवैध गरेको छ र नासोलाई उसको मालिकसम्म पुर्याउने आदेश दिएको छ । त्यसैले त्यसलाई फर्काउनु अनिवार्य छ । अल्लाहले भन्नुभएको छ– "अल्लाहले तिमीहरूलाई 'अमानत' (नासोहरू) तिनका हकदारलाई सुम्पिने आदेश दिनुभएको छ ।" (कुरआन : ४/५८)

यदि हकदारको ठेगाना थाहा छैन भने त्यसलाई कुनै समाज कल्याण कोषमा खर्च गर्नुपर्छ ।

## > जुवा-तास

### जुवा-तास भनेको के हो ?

कुनै दौड वा खेलकूद प्रतियोगितामा दुई खेलाडी वा दुई प्रतिस्पर्धी वा दुई दर्शक बीच शर्त लगाउनु र जित्ने पक्षले हार्ने पक्षको माल खाई दिन्छ । यसरी प्रत्येक सहभागी अरुको असफलताको लागि कामना गर्छ र यो नै जुवा-तास हो ।



> जुवाले मानिसलाई कुलतमा फसाई दिन्छ ।

### यसको हुकुम–

जुवा-तास सदाको लागि अवैध छ । कुरआन र हदीसका केही प्रमाणहरू यस प्रकार रहेका छन्–

१ जुवाको नाफा भन्दा नोक्सान बढी छ । अल्लाहले भन्नुभएको छ– "यिनीहरू रक्सी र जुवाको बारेमा सोधिरहेका छन् । भनिदेऊ, "यसमा ठूलो पाप छ र मानिसहरूका लागि केही फाइदा पनि छ, तर यसका पाप फाइदा भन्दा धेरै छ ।" (कुरआन : २/२१९)

२ अल्लाहले व्यक्ति र समाजमा पर्न गएको नकारात्मक प्रभावले जुवा-तासलाई अपवित्र घोषित गर्नुभएको छ। यसले मित्रतालाई शत्रुतामा परिणत गर्छ, पारस्परिक घृणा र इर्ष्यालाई बढावा दिन्छ, अल्लाहको प्रशंसा र सलाह पढ्नबाट टाढा राख्छ, त्यसैले अल्लाहले यसबाट जोगिन आदेश दिनुभएको छ।

अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो ! मदिरा सेवन गर्नु, जुवा खेल्नु, अल्लाह बाहेकको नाममा बलि दिनु तथा पासा खेल्नु अपवित्र र शैतानी कार्यहरू हुन्। त्यसैले यी कुराहरूबाट टाढा बस, यसरी तिमीहरू सफल हुनेछौ। शैतानले मद्यपान र जुवामा लगाएर तिमीहरू बीच शत्रुता र घृणा उत्पन्न गर्न चाहन्छ र तिमीहरूलाई अल्लाहको स्मरण तथा सलाहबाट रोक्न चाहन्छ। के तिमीहरू यी घृणित कार्यहरूबाट रोक्दैनौ ? « (कुरआन : ५/९०-९१)



## जुवाका किसिमहरू

हुन त जुवाका पुराना र नयाँ अनेकौं किसिमहरू छन्, तीमध्ये केही आधुनिक किसिमहरू यस प्रकार रहेका छन्–

१ हरेक किसिमको खेलकूद र प्रतिस्पर्धा जसमा विजेता पक्षले पराजित पक्षको पैसा खाई दिने शर्त राख्छ, जस्तै– एक समूहले खेल खेल्छ र सबैले क्याशिनोका कागजमाथि केही नगदी राख्छ र विजेताले सम्पूर्ण रकम खाई दिन्छ।

२ खेलाडी टोली वा कुनै एउटा खेलाडीमाथि सट्टा वा बाजी लगाउनु र जसको टोलीले विजय प्राप्त गर्छ, उसले पराजित पक्षको माल खाई दिन्छ।

३ चिट्ठा, जस्तै– एक डलरको रसिद किनेर एक हजारको चिट्ठा कार्यक्रममा सामेल हुनु। यसमा चिट्ठा पर्न पनि सक्छ र नपर्न पनि।

४ आधुनिक, गैर-आधुनिक, इन्टरनेटमा खेलिने वा तासमा खेल्ने जुवाका सम्पूर्ण किसिमहरू जसमा हार र जीत दुवै सम्भव हुन्छ।



> आधुनिक, गैर-आधुनिक, इन्टरनेटमा खेलिने वा तासमा खेल्ने जुवाका सम्पूर्ण किसिमहरू महापाप हुन्।

## इस्लामले आर्थिक कारोबारमा उच्च आचरण अपनाउने प्रेरणा दिन्छ

१



इस्लामले जसरी आर्थिक लेनदेनलाई स्पष्ट पारेको छ, त्यसरी नै क्रेता-बिक्रेता दुवै पक्षलाई कतिपय उच्च आचरण अपनाउने प्रेरित गरेको छ, जस्तै–

### इमान्दारीता–

इस्लामले व्यवसाय र कारोबारमा इमान्दारीतालाई अनिवार्य गरेको छ । चाहे तिनीहरू मुस्लिम हुन् या गैर-मुस्लिम, किनभने मुस्लिमको व्यवहार इस्लामी विधान अनुसार हुनुपर्छ । यसको प्रेरणा यी आयतहरूमा देखा पर्छ–

- अल्लाहले भन्नुभएको छ– “अल्लाहले ‘अमानत’ (नासो) सम्बन्धित व्यक्तिहरूलाई सुम्पिने आदेश दिनुभएको छ ।” (कुरआन : ४/५८)
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले विश्वासघात र इमान्दारीतामा हिनामिनालाई छलकपटीको निशानी भन्नुभएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “कपटीका तीन पहिचानहरू छन्; झूठो बोल्नु, वाचा पूरा नगर्नु र अमानतमा हिनामिना गर्नु ।” (बुखारी : ३३, मुस्लिम : ५९)
- आस्थावानहरूको महत्वपूर्ण विशेषता इमान्दारीता हो । अल्लाहले भन्नुभएको छ– “जुन आस्थावानहरू नासोलाई सुरक्षित राख्छन् र वाचा पूरा गर्दछन् तिनीहरू नै सफल हुन् ।” (कुरआन : २३/१,८) त्यसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले नासोलाई सुरक्षित नराख्ने व्यक्तिलाई आस्थावान होइन घोषित गर्नुभएको छ, उहाँले भन्नुभएको छ– “जसले नासोलाई सुरक्षित राख्दैन ऊ आस्थावान होइन ।” (अहमद : १२५६७)
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) इस्लाम पूर्व आफ्नो समुदायमा अमीन र सादिक (इमान्दार र सत्यवान) को नामले प्रसिद्ध हुनुहुन्थ्यो, किनकि उहाँको हरेक क्रियाकलाप र कारोबारमा सत्यता झल्किन्थ्यो ।

२



## सत्यता–

इस्लामले सधैं सीधा र सत्य कुरा गर्ने प्रेरणा दिन्छ–

- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले व्यापारी र ग्राहक दुवैलाई उपदेश दिनुभएको छ– "किनबेच गर्दा यदि दुवै पक्षले केही नलुकाईकन साँचो कुरा गर्यो भने दुवै पक्षलाई अभिवृद्धि हुन्छ । यदि केही लुकायो वा झूठो कुरा गर्यो भने अभिवृद्धि निर्मुल हुन्छ ।" (बुखारी : १९७३, मुस्लिम : १५३२)
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सत्यलाई अपनाऊ, किनकि सत्यले पुण्यको र पुण्यले स्वर्गको बाटो देखाउँछ । मानिस सत्य कुरा गरिरहन्छ र सत्यको खोजमा लागि रहन्छ यहाँसम्म कि अल्लाहको नजरमा सिद्दीक (सत्यवान) लेखिन्छ ।" (मुस्लिम : २६०७)
- झूठो कसम खाएर ब्यापार गर्नलाई इस्लामले महापाप घोषित गरेको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– " अल्लाहले कयामतको दिन तीन किसिमका मानिससित न कुरा गर्नु हुनेछ, न मायाले हेर्नु हुनेछ, न उनीहरूलाई शुद्ध पार्नु हुनेछ तथा उनीहरूका लागि कष्टकर यातना हुनेछ । तीमध्ये एउटा झूठो व्यापारी हो ।" (मुस्लिम : १०६)




# दक्षता र कामको कुशलता–

सम्पूर्ण मुस्लिम कारिगर र कामदारहरूले आ-आफ्ना कामहरू कुशलतापूर्वक पूरा गर्नु र गुणस्तरयुक्त हुनु अनिवार्य छ।

- अल्लाहले जीवनका सम्पूर्ण क्षेत्रहरूमा सदव्यवहार गर्न अनिवार्य गर्नुभएको छ। यहाँसम्म कि शिकार गर्न र जनावरहरू जबह गर्न (काट्न) मा पनि। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाहले हरेक कुरामा सदव्यवहार गर्न आदेश दिनुभएको छ। जब तिमी कसैलाई मृत्युदण्ड दिन्छौ भने न्यायपूर्वक देऊ वा जनावरहरू जबह गर्छौ (काट्छौ) भने राम्रोसँग गर र आफ्नो छुरीलाई धारिलो पार, ताकि जनावरलाई पीडा नहोस्।" (मुस्लिम : १९५५)
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) एउटा जनाजा (अन्तिम संस्कार) मा जानु भयो। उहाँले चिहानमा राम्रोसँग खाल्डो बनाउन र बिस्तारै मृतकलाई त्यसमा हाल्न निर्देशन दिनुभयो। फेरि उहाँले आफ्ना साथीहरूलाई सम्बोधन गर्दै भन्नु भयो– यसले मृतकलाई न फाइदा पुर्याउनेछ, न घाटा नै, तर मुस्लिमले हरेक काम सदव्यवहारका साथ गर्नुपर्दछ।" (बैहिकी फि शुओबिल-ईमान : ५३१५)

अर्को वृत्तान्तमा छ– "अल्लाहले कुशलता पूर्वक गरेको कामलाई अति मन पराउनुहुन्छ।" (अबु-याला - ४३८६, शुओबिल-ईमान : ५३१२)।
(पृष्ठ न०: २४४ हेर्नुहोस्)



# तपाईको खानपिन



# ८

वैध (हलाल) खानाले इस्लाममा ठूलो स्थान ओगटेको छ, यसले दुआ स्वीकार हुन्छ, धन-सम्पत्तिमा अभिवृद्धि हुन्छ तथा घरपरिवारलाई सुख र शान्ति प्राप्त हुन्छ।

उपर्युक्त तरिकाले परिश्रम गरेर, कुनै अन्याय बिना तथा अरुको हकहित नमारी आर्जन गरेको धन-सम्पत्तिलाई वैध (हलाल) खाना भनिन्छ।

## अध्याय सूची


खानपिनको असल आधार

बोटबिरुवा र फलफूलहरू

मदिरा र नशालु पदार्थहरू

लागूपदार्थहरू

समुद्री खानेकुराहरू

थलचर जनावरहरू

- वैधानिक तरिकाले जबह गर्नु (रेट्नु)
- होटल र पसलहरूमा पाइने मासुको आदेश

वैधानिक शिकार

खानपिनका तरिकाहरू

# तपाईंको खानपिन

## खानपिनको असल आधार–

सबै खानेकुरा र पेय-पदार्थहरु वैध (हलाल) छन् । मानिसको स्वास्थ्य, आचरण र धर्ममा नकारात्मक असर पुर्याउने कुराहरूलाई मात्र अवैध गरिएको छ । अल्लाहले केही हराम बाहेक सबै खानेकुराहरुलाई मानिसहरुको लाभको लागि सृष्टि गर्नु भएको छ । अल्लाहले भन्नु भएको छ– “उहाँले नै पृथ्वीमा भएका सम्पूर्ण वस्तुहरूलाई तिमीहरूका लागि सृष्टि गर्नु भएको छ ।” (श्रोत– सूरह अल्-बकरह : २/२९)

## > बोटबिरुवा र फलफूलहरू

मानिसले उब्जाएको हरेक प्रकारको बोटबिरुवा, साग-सब्जी, फलफूल वा वन-जङ्गलबाट ल्याएका घाँस-पात तथा च्याउ सबै खान वैध (हलाल) छन् । तर शरीर र स्वास्थ्यको लागि हानिकारक वा मानसिक शक्ति भ्रष्ट गर्ने कुराहरूलाई मात्र अवैध गरिएको छ । जस्तै– जाँड, रक्सी र लागूपदार्थहरू ।



# > मदिरा र नशालु पदार्थहरू

मदिराको अर्थ– यी ती वस्तुहरू हुन्, जसले मानिसको मस्तिष्कलाई धुत्त बनाई दिन्छ वा त्यसलाई सही, गलत छुट्याउन नसक्ने बनाई दिन्छ वा त्यसमा नकारात्मक प्रभाव पार्छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "प्रत्येक नशालु पदार्थ मदिरा हो र मदिरा अवैध छ ।" (मुस्लिम : २००३) चाहे त्यो फलफूल, जस्तै– अंगुर, किश्मिस, खजुर वा अन्नहरू, जस्तै– गहुँ, जौ, मकै, चामल वा गुलियो पदार्थ, जस्तै– महबाट तयार पारिएको होस् । त्यसैले मस्तिष्कलाई छोप्ने हरेक प्रकारको नशालु पदार्थहरू, जुनसुकै नाम र रङ्गमा भए पनि, यद्यपि जूस, मिठाई र चकलेट आदिमा मिसाइएको भए पनि सबै अवैध छन् ।

## बुद्धिको सुरक्षा–

इस्लामले मानिसहरूको भौतिक र आध्यात्मिक दुवै चाहनालाई सुरक्षित गर्दछ । यसले विशेष गरी पाँच आवश्यक कुराहरू; धर्म, ज्यान, बुद्धि, माल तथा बंशको सुरक्षा प्रदान गर्दछ ।

मानिस बुद्धि र विवेकले गर्दा नै सक्षम, सर्वश्रेष्ठ प्राणी तथा ईश्वरीय चयनको रूपमा स्थान प्राप्त गरेको छ । त्यसैले इस्लामले मानिसको बुद्धि र प्रतिष्ठालाई कमजोर वा बरबाद पार्ने सम्पूर्ण कुराहरूबाट जोगाउँदछ ।

## मदिराको हुकुम–

मदिरा सेवन गर्नु महापाप हो । कुरआन र हदीसले जड्याहालाई ठूलो चेतावनी दिएको छ । तीमध्ये केही यस प्रकार रहेका छन्–

- अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो ! मदिरा सेवन गर्नु, जुवा खेल्नु, अल्लाह बाहेकको नाममा बलि दिनु तथा पासा खेल्नु अपवित्र र शैतानी कार्यहरू हुन् । त्यसैले यी कुराहरूबाट टाढा बस । यसरी तिमीहरू सफल हुनेछौ ।" (कुरआन : ५/९०) अल्लाहले यसलाई अपवित्र र शैतानी घृणित कार्यको संज्ञा दिनुभएको छ । यसलाई त्याग्नै पर्छ, नत्र सफलता प्राप्त हुन सक्दैन ।
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सम्पूर्ण प्रकारका मदिरा र नशालु पदार्थहरू अवैध छन् । जसको दुनियाँमा मदिरा सेवन गर्दा गर्दै मृत्यु भयो, उसले परलोकमा पवित्र मदिरा सेवन गर्न पाउँदैनन् ।" (मुस्लिम : २००३)
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले ईमान र मदिरा सेवन गर्नु दुवै एकसाथ हुन सक्दैनन् भन्नुभएको छ– "जुन बेला जड्याहा मदिरा सेवन गर्छ, त्यसबेला ऊ आस्थावान हुँदैन ।" (बुखारी : ५२५६, मुस्लिम : ५७)
- इस्लामले जड्याहाको लागि सजाय तोकेको छ, उसको मानवता हिन हुन्छ र समाजमा उसको साक्षी मान्य हुँदैन ।

- जसको मृत्यु मदिरा सेवन गर्दा गर्दै तौबा (प्रायश्चित) बिना हुन्छ, उसको लागि कष्टकर यातना छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “जो व्यक्ति मदिरा सेवन गर्छ, अल्लाहले उसलाई नरकबासीहरूको मलमूत्र खुवाउनुहुनेछ ।” (मुस्लिम : २००२)
- मदिरा बनाउने, खुवाउने, नजिक र टाढाबाट त्यसमा मद्दत पुर्याउनेलाई यो चेतावनी हो । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मदिरा व्यवसाय र यस्ता क्रियाकलापमा संलग्न १० व्यक्तिहरूलाई श्राप दिनुभएको छ– मदिरा बनाउने, जम्मा गर्ने, सेवन गर्ने, बोक्ने, ल्याउने, लैजाने, व्यपार गर्ने, त्यसको मूल्य खाने, किन्ने र जसको लागि किनेर ल्याइन्छ ।” (तिर्मिजी : १२९५)



> इस्लामले बुद्धिलाई बर्बाद पार्ने हरेक कुरालाई अवैध गरेको छ ।



## > लागूपदार्थहरू

लागूपदार्थको सेवन– स्थानीय रुपमा बोटबिरुवाबाट तयार पारिएको होस् वा विदेशबाट आयात गरिएको होस्, चाहे नाकद्वारा सुँघेर वा मुखबाट निलेर वा सूईद्वारा लिएर वा जुनसुकै तरिकाले प्रयोग गरियोस् यो महापाप हो । यसले मानिसको बुद्धि र पाचन क्रियालाई बर्बाद पार्नुका साथ मांसपेशीका विभिन्न रोगहरूलाई निम्त्याउँछ, यसको लत लागिसकेपछि जीवनभर पछुताउनु पर्दछ र मृत्युले नै यसको समाप्ति हुन्छ । अल्लाहले भन्नुभएको छ– “आफैंले आफ्नो खुट्टामा बन्चरो नहान, वास्तवमा अल्लाह ततिमीहरूप्रति अति दयालु हुन् ।” (कुरआन : ४/२९)

## > समुद्री खानेकुराहरू

पानीमा रहने र पानी बाहिर धेरै बेर बस्न नसक्ने जलचरहरूलाई समुद्री खानेकुराहरू भनिन्छ।

समुद्र भनेको धेरै पानी भएको ठाउँ हो। यसले खोला, नदी र सागरहरू सबैलाई समेटेको छ।

समुद्रमा भेटिएका सम्पूर्ण खानेकुराहरू, जस्तै– जनावर, वनस्पति, शिकार गरिएको वा मृत फेला परेको स्वास्थ्यको लागि हानिकारक छैन भने खान जायज छ।

अल्लाहले भन्नुभएको छ– "तिमीहरूका लागि समुद्रका शिकार र खानेकुराहरू वैध गरिएका छन्।" (कुरआन : ५/९६)

समुद्रबाट जीवित समातिएकालाई शिकार र मृत फेला परेकालाई खानेकुरा भनिएको छ।



## > थलचर जनावरहरू

पानी बाहिर रहेका जनावरलाई खानको लागि दुईवटा शर्तहरू हुनु आवश्यक छन्–

१. वैध जनवार हुनुपर्छ।

२. त्यसको शिकार वा जबह इस्लामी तरिकाले गरेको हुनुपर्छ।

### वैध जनावरहरू के के हुन्?

वास्तवमा सबै जनावरहरू वैध (हलाल) छन्, कुरआन र हदीसबाट अवैध प्रमाणित नहुन्जेल सम्पूर्ण जनावरहरू वैध (हलाल) र खान योग्य छन्।

## अवैध जनावरहरू निम्न प्रकारका छन्–

१ सुँगुर– यो जनावर र यसका सबै अङ्गहरू तथा यसबाट तयार पारिएका सबै वस्तुहरू अवैध र अपवित्र छन् । अल्लाहले भन्नुभएको छ– "मृत जनावर, रगत र सुँगुरको मासु तिमीहरूका लागि अवैध गरिएको छ ।" (कुरआन : ५/३)

अल्लाहले अर्को श्लोकमा भन्नुभएको छ– "सुँगुरको मासु अपवित्र छ ।" (कुरआन : ६/१४५)

२ तिखा दाँत भएका जङ्गली जनावरहरू– अर्थात मासु खाने सबै जनावरहरू, ठूलो होस्, जस्तै– बाघ, चितुवा वा सानो, जस्तै– बिरालो र कुकुर आदिको मासु आदि पनि खान अवैध छ ।

३ पन्जाले शिकार गर्ने चराचुरुङ्गीहरू– मासु खाने सबै चराहरू, जस्तै– बाज, गिद्ध, उल्लु आदि पनि खान अवैध छ ।

४ कीरा फट्यांग्राहरू– थलचरमा रहेका सम्पूर्ण कीरा फट्यांग्राहरूलाई खानु हुँदैन, किनभने त्यसलाई जबह गर्न सकिन्न । तर तिद्री यसबाट अलग छ, यसलाई खान सकिन्छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "हाम्रो लागि दुईवटा मृत कुराहरू वैध (हलाल) गरिएका छन्, माछा र तिद्री ।" (इब्ने माजा : ३०१८)

५ सर्प, अजिङ्गर र मुसाहरू– यी जीवहरूलाई खानु अवैध छ, बरु यसलाई मार्नु पर्छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "पाँचवटा खतरनाक जनावरहरू छन्, जसलाई हरम (मक्का-मदीनाको निषेधित क्षेत्र) भित्र र बाहिर जुनसुकै ठाउँमा मार्न सकिन्छ ; ती सर्प, कालो काग, मुसा, बौलाहा कुकुर र गिद्ध छन् ।" (बुखारी : ३१३६, मुस्लिम : ११९८)

६ पाल्तु गधा– जसलाई मानिसहरू गाउँघरमा चढ्ने र मालसामान ओसारपसार गर्नमा प्रयोग गर्छन् ।



> इस्लामले वैध गरेका सम्पूर्ण जनावरहरूलाई जबह गरिसकेपछि खानु जायज छ ।

## वैध जनावरका प्रकारहरू–

अल्लाहले जुन जनावरहरूलाई वैध (हलाल) गर्नुभएको छ, ती दुई प्रकारका छन्–

- जङ्गली जनावरहरू– वनजङ्गलमा रहने जनावरहरू, जसलाई समातेर जबह गर्नु गाह्रो हुन्छ भने त्यसलाई इस्लामी तरिकाले शिकार गरेपछि खान जायज हुन्छ।

- घरपालुवा जनावरहरू– जसलाई समात्न सजिलो हुन्छ भने त्यसलाई इस्लामी तरिकाले जबह नगरुन्जेल खानु हुँदैन।




> अहले-किताबले वैधानिक तरिकाले जबह गरेको मासु हाम्रो लागि वैध (हलाल) छ।

## वैधानिक तरिकाले जबह गर्नु (रेट्नु)–

इस्लामी विधि अनुसार जबह वा नहर गर्नु हो।

### जबह गर्ने इस्लामी शर्तहरू–

१ जबह गर्ने व्यक्ति मुस्लिम वा अहले-किताब (यहूदी वा ईसाइ) हुनुपर्दछ।

२ जबह गर्ने हतियार धारिलो हुनुपर्छ, जसले जबह गर्दा रगत निस्कियोस्, जस्तै– छुरी। जनावरलाई थिचेर वा जनावरको टाउकोमा हानेर वा बिजुलीको करेन्ट लगाएर मार्नु अवैध छ।

३ जबह गर्ने (रेट्ने) बेला बिस्मिल्लाह भन्नुपर्छ।

४ जबह गर्ने बेला घाँटीका ठूला नसाहरूलाई काट्नुपर्छ, खाने नली, हावाको नली, दुवै धमनीहरू इत्यादि।

उपर्युक्त शर्तहरूलाई ध्यानमा राखेर जबह गर्यो भने जनावर वैध (हलाल) हुन्छ, नत्र जनावर हलाल हुँदैन।

## होटल र पसलहरूमा पाइने मासुको आदेश–

१ हिन्दू, बौद्ध तथा नास्तिक (गैर-मुस्लिम) ले जबह गरेको मासु अवैध छ, खानु हुँदैन। त्यसैगरी जुन मुलुकहरूमा गैर-मुस्लिमहरूको बाहुल्यता छ, त्यहाँका होटल र मासु पसलहरूमा राखिएको मासु पनि खानु हुँदैन।

२ मुस्लिम वा अहले-किताबले वैधानिक तरिकाले जबह गरेको छ भने त्यो खानु वैध (हलाल) छ र यसमा सबैको सर्व सम्मति छ।

३ मुस्लिम वा अहले-किताबले अवैधानिक तरिकाले जबह गरेको छ, जस्तै– बिजुलीको करेन्ट वा पानीमा मारेको छ भने त्यो पूर्ण रुपमा अवैध छ, खानु हुँदैन।

४ अहले-किताबले जबह गरेको मासु वा उनीहरूको होटलमा पाइने मासु छ भने बिस्मिल्लाह भनेर खान सकिन्छ, तर शंका निवारणको लागि मुस्लिमको वा वैध (हलाल) मासु भएको होटल खोज्नु नै बेस हुन्छ।

# > वैधानिक शिकार

जुन जनावर र चराहरूको मासु खानु जायज छ र त्यसलाई समातेर जबह गर्नु गाह्रो हुन्छ भने त्यसको शिकार गर्नु जायज छ, जस्तै– वनजङ्गलमा रहेका मासु नखाने चराहरू, हरिण, खरायो इत्यादि ।

## शिकारका शर्तहरू–

१ शिकारी मुस्लिम वा अहले-किताबमध्येका हुनुपर्छ, बुद्धि भएको तथा शिकारको मनसाय गरेको हुनुपर्छ । त्यसैले हिन्दू, बौद्ध, नास्तिक तथा बौलाहाले गरेको शिकार अवैध हो ।


२ जङ्गली जनावर हुनुपर्छ जुन मानिसलाई देख्ने बित्तिकै भाग्छ । यदि समातेर जबह गर्न सकिन्छ भने त्यसको शिकार गर्नु वैध छैन, जस्तै– कुखुरा, भेडाबाख्रा, गाई इत्यादि ।

३ शिकार गर्ने हतियारले जनावरलाई मार्न सकिन्छ, जस्तै– तीर वा गोली इत्यादि, त्यसैले ढुङ्गाले हानेर मारेको छ भने त्यसलाई खानु वैध छैन, तर मर्नु भन्दा अगाडि जबह गरियो भने जायज हुन्छ ।

४ हतियार चलाउनु भन्दा पहिले (बिस्मिल्लाह) भन्नुपर्छ ।

५ शिकार गरेको जनावर वा चरा जीवित नै छ भने त्यसलाई अनिवार्य रुपमा जबह गर्नुपर्छ ।

६ नखाने मनसायले रमाइलो गर्नको लागि शिकार गर्नु जायज छैन, जस्तै– शिकार गर्नु र बाटोमा अलपत्र पारेर हिंड्नु हुँदैन ।



## > खानपिनका तरिकाहरू



**अल्लाहले केही महत्वपूर्ण उद्देश्यले खानपिनका तरिकाहरू बयान गर्नुभएको छ, जस्तै– अल्लाहको वरदानको सम्झना, विभिन्न रोग, फजुलखर्च र घमण्डबाट जोगिन इत्यादि।**

**तीमध्ये केही यस प्रकार रहेका छन्–**

१ सुनचाँदी वा सोको पानीले टल्काएका भाँडा-कुँडामा खानपिन गर्न निषेध गरिएको छ, यसो गर्नु फजुलखर्च, सरासर अन्याय र गरीबहरूको मुटु छियाँ-छियाँ पार्नु हो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सुनचाँदीको भाँडा-कुँडामा खानपिन न गर, यो काफिरहरूका लागि दुनियाँमा छ र हाम्रो लागि स्वर्गमा हुनेछ।" (बुखारी : ५११०, मुस्लिम : २०६७)

२ खाना खानु भन्दा पहिले र खाइसकेपछि राम्ररी हात धुनु पर्दछ।

३ बिस्मिल्लाह भनेर खानपिन गर्नुपर्छ। मुस्लिमको हरेक काम अल्लाहको नामले नै आरम्भ हुन्छ। बिस्मिल्लाह भन्न बिर्सियो भने सम्झना हुने बित्तिकै 'बिस्मिल्लाहि, अव्वलहु व आखिरहु' भन्नुपर्छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले एउटा बालकलाई नराम्रोसँग खाना खाइरहेको देखेर सिकाउदै भन्नु भयो– "हे बाबु, खाना खानु अघि (बिस्मिल्लाह) पढ अनि दायाँ हातले आफ्नो अगाडिबाट खाऊ।" (बुखारी : ५०६१, मुस्लिम : २०२२)

४ दायाँ हातले खानपिन गर्नुपर्छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "बायाँ हातले नखाऊ, किनकि शैतानले बायाँ हातले खान्छ ।" (मुस्लिम : २०१९)

५ उभिएर खानपिन गर्नु हुँदैन।

६ आफ्नो अगाडिबाट खानु र मानिसहरूको अगाडिबाट नखानु, अरुको अगाडिबाट खानु नराम्रो बानी हो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले एउटा बालकलाई आदेश दिनुभयो– "आफ्नो अगाडिबाट खाऊ ।" (बुखारी : ५०६१, मुस्लिम : २०२२)

७ हातबाट खसेको गाँसलाई फोहोर सफा गरी खानु बेस हो । अल्लाहले प्रदान गर्नुभएको गाँसलाई कदर गर्नुपर्छ। त्यसैले हातबाट खसेको खानामा लागेको फोहोर हटाएर खानु उत्तम हुन्छ।


८ खानामा कुनै किसिमको खोट निकाल्नु र त्यसको अपमान गर्नु हुँदैन। खाना मन परेन भने चुप लाग्नु वा नखानु, किनभने रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले कहिल्यै पनि खानेकुरामा खोट निकाल्नु भएन । मन पर्यो भने खानु हुन्थ्यो, नत्र त्यतिकै छोडेर जानु हुन्थ्यो ।" (बुखारी : ५०९३, मुस्लिम : २०६४)

९ धेरै नखानु, धेरै खानाले खतरनाक रोग निम्त्याउँछ र अल्छीपन आउँछ, बीचको बाटो अपनाउनु उत्तम हो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले एउटा बालकलाई भन्नुभएको छ– "मानिसको नराम्रो भाँडो उसको पेट हो । बाँच्नको लागि एक दुई गाँस नै पर्याप्त हुन्छ। यदि खाने नै हो भने एक तिहाई खानेकुराको लागि, एक तिहाई पानीको लागि र एक तिहाई हावाको लागि खाली ठाउँ छोड्नु पर्छ ।" (तिर्मिजी : २३८०, इब्ने माजा : ३३४९)

१० खाना खाइसकेपछि अल्लाहको प्रशंसा व्यक्त गर्नुपर्दछ, धेरै मानिसहरू खानाबाट वन्चित रहेका छन् । त्यसैले खाना खाइसकेपछि अल्लाहको कृपालाई संझदै (अल्हम्दु लिल्लाह) भन्नुपर्छ । सक्नु हुन्छ भने निम्न दुआ : (अल्हम्दु लिल्ला हिल्लजी अत्अमनी हाजा व रजकनीहि मिन् गैरे हौलिम्मिन्नी वला कुव्वह) पढ्नुहोस्।



> रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाह चाहनुहुन्छ कि उहाँको भक्तले खानपिन गर्दा हरेक गाँसमा उहाँको प्रशंसा गरोस् ।" (मुस्लिम : २७३४)



# तपाईंको पोशाक



# १

पोशाक मानिसहरूका लागि अल्लाहका वरदानहरूमध्ये एउटा वरदान हो। अल्लाहले भन्नुभएको छ– “हे आदमका सन्तान हो !, हामीले तिमीहरूका लागि पोशाक अवतरण गरेका छौं। जसले तिमीहरू आफ्ना अङ्गहरूलाई छोप्छौ र चिटिक्क पर्छौ। सुन, तक्वा (ईश्-भय) को पोशाक नै अति उत्तम पहिरन हो। यो अल्लाहको एउटा निशानी हो, ताकि उनीहरू शिक्षा ग्रहण गरुन्।” (कुरआन : ७/२६)

अध्याय सूची


इस्लाममा पोशाक

अवैध पोशाकहरू

- पारदर्शी पोशाकहरू
- विपरीत लिङ्गीसँग मिल्दा-जुल्दा पोशाकहरू
- काफिरसित मिल्दा-जुल्दा पोशाकहरू
- घमण्ड झल्काउने पोशाकहरू
- शुद्ध रेशम वा सुन भएका पोशाकहरू
- फजुलखर्च झल्काउने पोशाकहरू

# इस्लाममा पोशाक

आस्थावानको पोशाक सुन्दर तथा सफा-सुग्घर हुनुपर्छ । विशेष गरी सलाह पढ्न र मानिसहरूसँग भेटघाट गर्नको लागि । अल्लाहले भन्नुभएको छ– "हे आदमका सन्तान हो ! हरेक सलाहको लागि राम्रो वस्त्र धारण गर ।" (कुरआन : ७/३१)

अल्लाहले मानिसलाई राम्रो पोशाक लगाएर सुन्दर हुन प्रेरणा दिनुभएको छ, किनभने यसमा अल्लाहको वरदानको कृतज्ञता व्यक्त हुन्छ । अल्लाहले भन्नुभएको छ– "हे सन्देष्टा हो ! सोध, अल्लाहले प्रदान गर्नुभएको वस्त्र र पवित्र रोजीलाई कसले अवैध गर्यो ? भनिदेऊ, यी आस्थावानहरूका लागि सांसारिक जीवनमा पनि छन् र अन्तिम दिनमा पनि उनीहरूकै लागि हुने छन् । हामी ज्ञानीहरूका लागि यसरी नै आफ्ना निशानीहरू प्रष्ट पार्छौं ।" (कुरआन : ७/३२)

## पोशाकले निम्न आवश्यकताहरू पूरा गर्दछ–

१ मानिसका गुप्ताङ्गहरूलाई अरु व्यक्तिहरूको नजरबाट छोप्छ, किनभने मानिसमा प्राकृतिक रुपमा लाज हुन्छ । अल्लाहले भन्नुभएको छ– "हे आदमका सन्तान हो ! हामीले तिमीहरूका लागि पोशाक अवतरण गरेका छौं । जसले तिमीहरू आफ्ना अङ्गहरूलाई छोप्दछौ ।" (कुरआन : ७/२६)

२ मानिसको शरीरलाई जाडो, गर्मी र शारीरिक कष्टबाट बचाउँदछ । जाडो र गर्मी मौसमको परिवर्तनले भइरहन्छ तथा त्यसको नराम्रो प्रभाव मानिसमाथि पर्छ । अल्लाहले भन्नुभएको छ– "उहाँले तिमीहरूका लागि यस्ता वस्त्रहरू बनाउनु भएको छ, जुन तिमीहरूलाई मौसमको चिसो, तातो र शत्रुको प्रहारबाट सुरक्षित राख्छन् । यसरी अल्लाह आफ्नो वरदान तिमीहरूका लागि पूरा गर्नुहुन्छ, ताकि तिमीहरू अल्लाहको लागि पूर्ण समर्पण गर ।" (कुरआन : १६/८१)



> पोशाकले मानिसका धेरै आवश्यकताहरू पूरा गर्दछ ।

# > पोशाकको आधार

> इस्लामले कुनै विशेष पोशाक तोकेको छैन, तर आफ्नो देशबासीको पोशाक यदि इस्लाम विपरीत छैन भने त्यस्तै पोशाक लगाउनु उत्तम हो।



इस्लाम प्राकृतिक धर्म हो। त्यसैले मानिसको व्यवहारिक जीवनमा ती नियमहरू मात्र लागू गरेको छ, जुन स्वच्छ प्राकृतिक नियम, सरल बुद्धि र साधारण विवेकसित पूर्णरुपले मेल खान्छ।

**पोशाक र सृङ्गारको असल आधार वैध हो–**

इस्लामले मुस्लिमहरूका लागि कुनै खास किसिमको पोशाकलाई अनिवार्य गरेको छैन। जुनसुकै पोशाकले उद्देश्यलाई पूरा गर्छ र इस्लामी मान-मर्यादा विपरीत छैन भने त्यो नै मुस्लिमको पोशाक हो।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले आफ्नो युगमा रहेका पोशाकहरू लगाउनु भयो र उहाँले न त कुनै खास पोशाक लगाउन आदेश दिनुभयो, न कुनै पोशकबाट मनाही गर्नुभयो, बरु पोशाकमा पाइने नराम्रा कुराहरूबाट रोक्नुभयो। किनभने व्यवहारमा असल कुरा जायज छ र पोशाक पनि त्यसैमध्ये पर्छ जसलाई बिना प्रमाण अवैध भन्नु मिल्दैन। तर यसको विपरीत ईबादतमा असल कुरा अवैध हो, प्रमाणित नहुन्जेल कुनै पनि उपासना गर्नु हुँदैन।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "खाऊ, दान देऊ तथा राम्रो वस्त्र धारण गर तर त्यसमा घमण्ड र अनावश्यक खर्च नगर।" (निसाई : २५५९)

## अवैध पोशाकहरू–

१ पारदर्शी पोशाक, मुस्लिमले आफ्ना अङ्गहरूलाई लुगाले छोप्नु अनिवार्य छ। अल्लाहले भन्नुभएको छ– "हे आदमका सन्तान हो ! हामीले तिमीहरूका लागि पोशाक अवतरण गरेका छौं । जसले तिमीहरू आफ्ना अङ्गहरूलाई छोप्दछौ ।" (कुरआन : ७/२६)

पर्दाको सिमा– पुरुष र महिलाले आ-आफ्ना अङ्गहरूलाई कतिसम्म छोप्नु पर्दछ भन्ने कुरालाई इस्लामले निर्धारित गरेको छ।

पुरुषले नाँइटोदेखि घुँडासम्म र महिलाले महरम बाहेकका पुरुषहरूको अगाडि अनुहार र हात बाहेक सम्पूर्ण शरीरलाई छोप्नु पर्छ।

त्यसैले छोटो, कसिलो, निकै पातलो तथा अङ्गहरू देखिने पारदर्शी लुगाफाटा र पोशाकहरू कदापि लगाउनु हुँदैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले अङ्ग देखिने पारदर्शी कपडा लगाउनेहरूलाई नरकको धम्की दिनुभएको छ– "दुई प्रकारका मानिसहरू नरकमा जान्छन्; त्यसमध्ये एउटा, कपडा लगाए पनि नाङ्गै देखिने महिलाहरू हुन् ।" (मुस्लिम : २१२८)

२ विपरीत लिङ्गीसँग मिल्दा-जुल्दा पोशाकहरू, महिलाको लागि निर्धारित लुगाफाटा पुरुषले र पुरुषको लागि निर्धारित लुगाफाटालाई महिलाले प्रयोग गर्नु अवैध र महापाप हो।




> काफिरले लगाउने विशेष वस्त्र धारण गर्नु वा धार्मिक अर्थ ओगटेका चिन्हहरु लगाउनु मुस्लिमको लागि अवैध हो।

त्यसैगरी पुरुषले महिलाको वा महिलाले पुरुषको बोलाई, हिँडाई र अन्य गतिविधिहरूलाई नक्कल गर्नु कदापि हुँदैन, किनभने रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले "यस्तो पुरुष र महिलालाई धिक्कार्नु भएको छ।" (अबु-दाऊद : ४०९८) त्यसैगरी रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले "एक अर्काको नक्कल गर्ने पुरुष र महिलालाई धिक्कार्नु भएको छ।" (बुखारी : ५५४६)

धिक्कारको अर्थ : अल्लाहको कृपाबाट पर हुनु हो, किनकि इस्लामले हरेकलाई एउटा छुट्टै पहिचान दिएको छ र हरेकले आफ्नै परिधिभित्र बस्नु नै प्रकृति र स्वच्छ बिचार अनुकूल पनि हो।

३ काफिरसित मिल्दा-जुल्दा पोशाकहरू, जस्तै– पूजारी, सन्यासी, पुरोहित, पादरीहरूका विशेष वस्त्र धारण गर्नु वा कुनै विशेष धार्मिक अर्थ बोकेका चिन्हहरू लगाउनु, जस्तै– घाँटीमा क्रुस वा जनै झुण्ड्याउनु वा टाउकोमा टुप्पी पाल्नु निषेध गरिएको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसले जुन समुदायको नक्कल वा अनुसरण गर्छ, ऊ तिनीहरूमध्ये हुन्छ।" (अबु-दाऊद : ४०३१)

अनुसरणको तात्पर्य– धार्मिक विशेष गतिविधिहरूको अनुसरण गर्नु हो। किनभने यसले आत्मविश्वास र आस्था दुवैलाई ठूलो असर पार्दछ।



> लुगाफाटामा अनावश्यक खर्च गर्नु अवैध हो तर यो मानिसको आर्थिक बचत र जिम्मेवारीमा भर पर्दछ।

यदि मुस्लिमले मुलुकमा प्रचलित त्यही पहिरन लगाउँछ जसलाई अधिकांश गैर-मुस्लिमहरूले पनि लगाउँछ भने यो अनुसरण अन्तर्गत पर्दैन, किनभने रसूल (सल्लल्लाहु अलैहि व सल्लम) पनि आफ्नो युगमा त्यही कपडा लगाउनु हुन्थ्यो, जुन मुशरिक र काफिरहरू लगाउने गर्दथे, त्यसैले निषेधित पहिरन बाहेक जुनसुकै लुगा लगाउन सकिन्छ।

४ घमण्ड र अहमले ओतप्रोत पोशाकहरू, रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसको मनमा कण बराबर पनि अहम छ भने ऊ स्वर्गमा जान सक्दैन।" (मुस्लिम : ९१)

त्यसैले इस्लामले कपडा भुँइमा लतारेर हिंड्नु वा पुरुषले गोलीगाँठो भन्दा मुनि लगाउनु निषेध गरेको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाहले भुँइमा कपडालाई लतारेर हिंड्ने घमण्डी व्यक्तिलाई महाप्रलयको दिन कदापि हेर्नुहुन्न।" (बुखारी : ३४६५, मुस्लिम : २०८५)

प्रतिष्ठाको पोशाक लगाउन मनाही गरिएको छ, प्रसिद्ध हुने मनसायले अनौठो आकार र रङ्गले तयार पारिएको पोशाक लगाउनु अवैध छ, किनभने यसमा पनि अहम र घमण्ड लुकेको हुन्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसले यो दुनियाँमा प्रसिद्ध हुने खालको कपडा लगायो, अल्लाहले उसलाई कयामतको दिन अपमान गर्ने कपडा लगाई दिनु हुनेछ।" (अहमद : ५६६४, इब्ने माजा : ३६०७)

५ पुरुषको लागि शुद्ध रेशम वा सुनको पोशाक, इस्लामले पुरुषहरूका लागि रेशम र सुनलाई निषेध गरेको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सुन र रेशम पुरुषहरूका लागि अवैध छ, तर महिलाहरूका लागि वैध छ।" (इब्ने माजा : ३५९५, अबु-दाऊद : ४०५७)

रेशमको अभिप्राय– रेशमको कीराद्वारा तयार पारिएको शुद्ध रेशमले बनेका कपडा पुरुषको लागि अवैध गरिएको हो।

६ अनावश्यक र फजुलखर्च गरिएको पोशाक, रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "खाऊ, दान देऊ तथा राम्रो वस्त्र धारण गर तर त्यसमा घमण्ड र अनावश्यक खर्च नगर।" (निसाई : २५५९)

यो मानिसको आर्थिक स्थिति र जिम्मेवारीमा भर पर्दछ, जस्तै– धनीले लगाउने महँगो कपडा गरीबले लगायो भने फजुलखर्च हुन्छ, किनकि दुवैको आयश्रोत र जिम्मेवारीमा आकाश पातालको फरक हुन्छ। अत: एउटै लुगा धनीको हकमा पुण्य छ भने त्यही लुगा गरीबको हकमा पाप हुन सक्छ।





# तपाईंको घरपरिवार



# १०

इस्लामले घरपरिवारको जग बसाल्न र सुदृढ पार्न निकै चासो लिएको छ । त्यसैगरी घरपरिवारलाई दु:ख पुर्याउने र घरेलु हिंसा निम्त्याउने सम्पूर्ण क्रियाकलापहरूबाट सचेत गरेको छ । किनभने घरपरिवारको एकता र समृद्धिले समाज र सिङ्गो संसारकै समृद्धि हुन्छ ।

## अध्याय सूची


इस्लाममा घरपरिवारको स्थान

इस्लाममा नारीको स्थान

- इस्लामले यी महिलाहरूको हेरचाहमाथि जोड दिएको छ
- दुवै लिङ्गमा कुनै प्रतिस्पर्धा छैन
- पुरुषको लागि महिलाका किसिमहरू
- महरमबाहेकका महिला र पुरुष बीच सम्बन्धका सिद्धान्तहरू
- पर्दाको सीमा

इस्लाममा विवाहको महत्व

श्रीमान-श्रीमतीका हक अधिकारहरू

बहु विवाह

तलाक (पारपाचुके)

आमा-बुवाका हक अधिकारहरू

सन्तानका हक अधिकारहरू

## > इस्लाममा घरपरिवारको स्थान

इस्लामले घरपरिवारलाई दिएको प्राथमिकता निम्न बुँदाहरूबाट प्रष्ट हुन्छ–

१ **इस्लामले विवाह गर्न र सुन्दर संसार बसाउन हौसला प्रदान गरेको छ ।** यसलाई महान सत्कर्म र रसूलहरूको तरिका भनेको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "म कहिले ब्रत बस्छु र कहिले बस्दिनँ, राती सलाह पढ्छु र आराम पनि गर्छु अनि म बिहे पनि गर्छु। मेरो तरिकाबाट जो विमुख हुन्छ त्यो हामीमध्येको होइन।" (बुखारी : ४७७६, मुस्लिम : १४०१)

- श्रीमान र श्रीमती बीचको साँचो प्रेम, एक अर्कालाई दिने सुख र सन्तुष्टिलाई कुरआनले अमूल्य वरदान र निशानी घोषित गरेको छ। अल्लाहले भन्नुभएको छ– "अल्लाहका निशानीहरूमध्ये यो पनि हो कि उहाँले तिमीहरूका लागि तिमीहरूकै सहजताबाट तिमीहरूका जीवनसाथी बनाउनु भयो, ताकि तिमीहरू तिनीहरूबाट सन्तुष्टि प्राप्त गर र तिमीहरू बीच उहाँले प्रेम उत्पन्न गर्नुभयो।" (कुरआन : ३०/२१)
- विवाहलाई सरल बनाउन र जो विवाह गरेर आफ्नो इज्जत जोगाउन चाहन्छ उसलाई सहयोग पुर्याउन आदेश दिइएको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "तीन किसिमका मानिसहरूलाई अल्लाहले सघाउनुहुन्छ। त्यसमध्ये एउटा; बिहे गर्ने व्यक्ति, जो आफ्नो इज्जत जोगाउन चाहन्छ।" (तिर्मिजी : १६५५)



> श्रीमान र श्रीमती बीचको साँचो प्रेम र एक अर्कालाई दिने सुख र सन्तुष्टिलाई कुरआनले अमूल्य वरदान घोषित गरेको छ।

- युवा-युवतीहरूलाई विवाह गर्न आदेश दिएको छ, किनभने विवाहपछि वैवाहिक जीवनको शान्ति र सन्तुष्टि मिल्छ र वैध यौन जीवनको बाटो खुल्छ।

२ **इस्लामले घरपरिवारका प्रत्येक सदस्यलाई आत्मसम्मान प्रदान गरेको छ, चाहे पुरुष होस् वा महिला–**

इस्लामले बाल-बालिकाको शिक्षा र गतिलो संस्कारको महान जिम्मेवारी आमा-बुवालाई

सुम्पेको छ। उमर-पुत्र अबदुल्लाह (रजियल्लाहु अन्हुमा) भन्नु हुन्छ, मैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई यी कुराहरू भन्दै गरेको सुनेको थिएँ– “तिमीहरू सबै जिम्मेवार व्यक्ति हौ र तिमीहरू आफ्नो जिम्मेवारीबारे सोधिनेछौ, मुस्लिमको इमाम (हाकिम) सम्पूर्ण मुस्लिमहरूको जिम्मेवार व्यक्ति हो र ऊसित उसको जिम्मेवारीबारे सोधिनेछ, पुरुष आफ्नो घरको अभिभावक हो र ऊसित उसको जिम्मेवारीबारे सोधिनेछ, श्रीमती आफ्नो श्रीमानको घरको जिम्मेवार हुन् र उनीसित उनको जिम्मेवारीबारे सोधिनेछ, नोकर मालिकको धन-सम्पत्तिको जिम्मेवार व्यक्ति हो र ऊसित उसको जिम्मेवारीबारे सोधिनेछ ।” (बुखारी : ८५३, मुस्लिम : १८२९)

## ३ इस्लामले आमा-बुवालाई सम्मान र सत्कार दिनका साथ उनीहरूको आज्ञापालन र हेरचाह गर्न सधैं तयार रहने आदेश दिएको छ–

छोरा-छोरी जतिसुकै ठूलो भए पनि उनीहरूले आमा-बुवाको आज्ञापालन र उनीहरूसित भद्र व्यवहार गर्नुपर्छ। उनीहरूको आज्ञापालनलाई अल्लाहको उपासनासँग गाँसिएको छ । उनीहरूको कुरा काट्नु, उनीहरूसित ठूलो स्वरले बोल्नु वा हप्काउनु त परै जाओस्, उनीहरूलाई उफ भन्नसमेत अवैध गरिएको छ। अल्लाहले भन्नुभएको छ– “तिम्रो पालनकर्ताले निर्णय गर्नुभएको छ कि उहाँको मात्र उपासना गर र



> इस्लामले आमा-बुवालाई सम्मान र सत्कार गर्ने प्रेरणा दिएको छ।

माता-पितासँग भद्र व्यवहार गर। उनीहरूमध्ये एक वा दुवै बुढेसकालमा पुगेका छन् भने उनीहरूलाई उफ पनि नभन, उनीहरूलाई नहप्काउ बरु उनीहरूसित आदरपूर्वक कुरा गर।" (कुरआन : १७/२३)

४ सन्तानको हक अधिकारलाई सुरक्षित राख्न अनि उनीहरूको आय-व्ययलगायत सम्पूर्ण कुराहरूमा न्याय-निसाफ गर्न आदेश दिएको छ।

५ साइनोलाई बलियो र गाढा बनाउनु अनिवार्य छ, चाहे त्यो आमा पट्टिको होस् या बुवा पट्टिको, जस्तै–

दाजु-भाइ, दिदी-बहिनी, काका, फुपू, मामा, सानिमा र उनीहरूका सन्तानहरू। साइनो जोड्नलाई इस्लामले ठूलो सत्कर्म र साइनो तोड्न वा उनीहरूसँग नराम्रो व्यवहार गर्नलाई ठूलो पाप घोषित गरेको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "साइनो तोड्ने स्वर्गमा कदापि प्रवेश गर्न सक्दैन।" (बुखारी : ५६३८, मुस्लिम : २५५६)

## > इस्लाममा नारीको स्थान

इस्लामले नारीलाई ठूलो सम्मान प्रदान गरेको छ। नारी न त पुरुषको दासी हो, न कुनै सस्तो खेलौना ! इस्लामले नारीलाई छुट्टै पहिचान र अधिकार दिएको छ, तीमध्ये केही अधिकारहरू यसप्रकार रहेका छन्–

- इस्लामले नारीलाई पैत्रिक सम्पत्तिमा न्यायपूर्ण हक अधिकार दिएको छ। कुनै अवस्थामा पुरुष समान छ र कुनै अवस्थामा नाता, जिम्मेवारी, कार्यभार र खर्चको आधारमा फरक गरेको छ।
- इस्लामले धेरैजसो कुराहरूमा महिला र पुरुष बीच समानता कायम गरेको छ, खास गरी आर्थिक कारोबारमा। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "महिलाहरू पुरुषका अर्धाङ्गिनी हुन्।" (अबु-दाऊद : २३६)
- इस्लामले महिलालाई आफूले मन पराएको जीवन साथी रोज्ने अधिकार दिएको छ। छोरा-छोरीको हेरचाह गर्ने र गतिलो संस्कार दिने जिम्मेवारी उनीहरूको काँधमा राखेको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "श्रीमती, श्रीमानको घरको अभिभावक हुन् र उनीसित उनको जिम्मेवारीबारे सोधिनेछ।" (बुखारी : ८५३, मुस्लिम : १८२९)
- महिलाले विहेपछि आफ्नो नाम र थर परिवर्तन गर्नु पर्दैन, उनको नाम, थर र आफ्नो पितासँगको नाता कायम रहिरहनेछ।

- उनीहरूका सारा खर्च तथा हेरचाहको जिम्मेवारी पुरुषमाथि बिना उपकार अनिवार्य गरिएको छ । विशेष गरी श्रीमती, आमा र छोरीको खर्च बेहोर्नु अनिवार्य छ ।
- साइनो नभए पनि इस्लामले कमजोर महिला र दीन-दु:खीहरूको सेवा गर्न प्रेरित गरेको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले "विधुवा, गरीब र दीन-दु:खीहरूको हेरचाह र सेवा गर्ने व्यक्तिलाई जिहाद (धर्म युद्ध) गर्ने वा दिउँसो ब्रत बस्ने र राती सलाह पढ्ने व्यक्ति बराबरको स्थान दिनुभएको छ ।" (बुखारी : ५६६१, मुस्लिम : २९८२)

## इस्लामले यी महिलाहरूको हेरचाहमाथि जोड दिएको छ–

आमा– **अबु-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गर्नुभएको छ, एकजना सहाबीले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित प्रश्न गर्यो : मेरो सेवा, माया र आदरका सबभन्दा नजिकको हकदार को हो ? उहाँले जवाफ दिनुभयो– तिम्री आमा, उनले फेरि सोधे : त्यसपछि को ? उहाँले जवाफ दिनुभयो– तिम्री आमा, उनले फेरि सोधे : त्यसपछि को ? उहाँले तेस्रो पल्ट जवाफ दिनुभयो– तिम्री आमा, उनले फेरि सोधे : त्यसपछि को ? उहाँले (चौथो पल्टमा) जवाफ दिनुभयो– तिम्रो बुवा ।" (बुखारी : ५६२६, मुस्लिम : २५४८)**

छोरी– **आमिर-पुत्र उक्बा (रजियल्लाहु अन्हु) ले बयान गर्नुभएको छ कि मैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई भन्दै सुनेको थिएँ– "जसका तीनवटी छोरीहरू छन्, उसले आफ्ना छोरीहरूलाई पर्याप्त माया गर्छ, गाँस, बास र कपासको व्यवस्था गर्छ भने तिनीहरू आफ्नो बुवाको लागि नरकको बाधक बन्नेछन् ।" (इब्ने माजा : ३६६९)**

श्रीमती– **आईशा (रजियल्लाहु अन्हा) ले बयान गर्नुभएको छ, रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भयो– "तिमीहरूमध्ये त्यो व्यक्ति प्रतिष्ठित हो, जो आफ्नो घरपरिवारसँग भद्र व्यवहार गर्छ र म आफ्नो घरपरिवारसित भद्र व्यवहार गर्छु ।" (तिर्मिजी : ३८९५)**

> श्रीमान र श्रीमती रथका दुई पाङ्ग्राहरू झैं एक अर्काका पूरक हुन् । सभ्य समाज निर्माणमा एकले अर्काको कमीलाई पूरा गर्छ ।

## दुवै लिङ्गमा कुनै प्रतिस्पर्धा छैन–

महिला र पुरुषको झगडाले गर्दा नै कतिपय समाजमा पुरुषले महिलामाथि दमन गरेको छ भने कतिपय समाजमा महिलाहरू आफ्नो उद्देश्यबाट विमुख भएर कुबाटोमा लागेका छन्, तर वास्तवमा दुवै लिङ्गमा कुनै प्रतिस्पर्धा छैन ।

अल्लाहको विधानदेखि टाढा नभएको भए यस्तो कहिल्यै पनि देखा पर्ने थिएन। अल्लाहले भन्नुभएको छ– "अल्लाहले एकलाई अर्कामाथि जुन श्रेष्ठता प्रदान गर्नुभएको छ, त्यसको कामना नगर। पुरुष आफ्नो कर्मको भागीदार हो र महिला आफ्नो कर्मको भागीदार हो, अल्लाहको कृपाको लागि दुआ गर।" (कुरआन : ४/३२) यसरी हरेकको आ-आफ्नो विशेषता, काम र मर्यादा छ, हरेकले अल्लाहको कृपा र खुशी पाउन प्रयास गर्नुपर्छ। इस्लामी विधान पुरुष वा स्त्रीको लागि भनेर मात्र आएको छैन, यो त सिङ्गो संसारकै लागि आएको छ।

इस्लामी सिद्धान्त अनुसार दुवै लिङ्गमा कुनै झगडा र युद्धको स्थान छैन। पुरुषले महिलाको विरुद्धमा र महिलाले पुरुषको विरुद्धमा अभियान चलाउनु, एकले अर्कासँग बदला लिनु र अर्काको कमीकमजोरीलाई खोज्दै हिंड्नु व्यर्थ हो।

एकातिर यी सबै बेकारका कुराहरू हुन् र अर्कोतिर इस्लामबाट टाढा भएको र एक अर्काको कार्य क्षेत्रलाई राम्रोसँग नबुझेको हुनाले यो विकृति भित्रिएको देखिन्छ। सबैले अल्लाहको कृपाको लागि दुआ गरि राख्नुपर्दछ।

## पुरुषको लागि महिलाका किसिमहरू–

पुरुषको लागि महिलाहरू यस प्रकार रहेका छन्–

### १ श्रीमती–

श्रीमानले श्रीमतीलाई र श्रीमतीले श्रीमानलाई हेर्न र वैध तरिकाले सम्पूर्ण प्रकारका आनन्द प्राप्त गर्न जायज छ। अल्लाहले श्रीमानलाई श्रीमतीको र श्रीमतीलाई श्रीमानको पहिरनको संज्ञा दिएर दुवैको शारीरिक र आध्यात्मिक सम्बन्धलाई अनौठो तरिकाले प्रस्तुत गर्नुभएको छ। अल्लाहले भन्नुभएको छ– "तिनीहरू तिम्रा पहिरन र तिमीहरू उनीहरूका पहिरन हौ।" (पृष्ठ न०: २३१ हेर्नुहोस्)


### २ महरम–

ती महिलाहरू हुन्, जोसँग सदाको लागि विवाह गर्न अवैध छ।

महरमहरू यस प्रकार रहेका छन्–



| | |
|---|---|
| १ | आमा, हजुरआमा, मामाघरको हजुरआमा वा यस भन्दा माथि। |
| २ | छोरी, छोरापट्टीकी नातिनी, छोरीपट्टीकी नातिनी वा यस भन्दा तल। |
| ३ | दिदीबहिनी वा सौतेनी दिदीबहिनी। |
| ४ | फुपू, सौतेनी फुपू, आमा र बुवाका फुपूहरू। |
| ५ | सानी आमा तथा आमा र बुवाका सानी आमाहरू। |
| ६ | भतिजी, सौतेनी भतिजी वा यस भन्दा तल, जस्तै– नातिनी। |
| ७ | भान्जी, सौतेनी भान्जी वा यस भन्दा तल, जस्तै– नातिनी। |
| ८ | सासुआमा, सासुआमा सदाको लागि अवैध छिन् चाहे श्रीमती साथमा होस् वा तलाक दिएको होस्, यसरी नै सासुआमाको आमा। |
| ९ | सौतेनी छोरी। |
| १० | बुहारी, नातिनीबुहारी वा यस भन्दा तल। |
| ११ | सौतेनी आमा, हजुर आमा, बज्यै वा यस भन्दा माथि। |
| १२ | दुधे-आमा, जन्मेदेखि दुई वर्षको अवधिमा पाँच चोटि पेट भरी दुध खुवाउने महिला। इस्लामले उनलाई दुधको नाताले आमाको दर्जा दिएको छ। |
| १३ | दुधे दिदी-बहिनी, दुधे आमाकी छोरी। दूधको नाताले ती सबै नाताहरू अवैध हुन्छन्, जसरी हाडनाताबाट अवैध हुन्छ, जस्तै फुपू, सानी आमा, दाजुभाइ र दिदीबहिनीका छोरीहरू। |




यी महरम महिलाहरु हुन्, चलनचल्ती अनुसार उपर्युक्त नातेदारसँग भेट्न वैध छ। हात, गर्धन, कपाल इत्यादि खुला छ भने केही फरक पर्दैन तर यो भन्दा बढी सिमा नाघ्नु हुँदैन।

३ **महरमबाहेकका महिलाहरू–**

महरम बाहेकका महिलाहरू पुरुषको लागि परस्त्रीहरू हुन्, चाहे नजिकको नातेदार होस् वा टाढाको, जस्तै– काका वा फुपूकी छोरी, मामा वा सानी आमा (खाला) की छोरी, भाउजु वा परिवारका निकटतम स्त्रीहरू वा टाढाका स्त्रीहरू ।


एउटा मुस्लिमले महरमबाहेकका महिलाहरूसित कस्तो सम्बन्ध राख्न सक्छ भन्ने कुरालाई मर्यादित गर्न इस्लामले विधि-विधान तोकेको छ । यसले इज्जत जोगाउन र शैतानका गोपनीय ढोकाहरूलाई बन्द गर्न ठूलो भूमिका निर्वाह गरेको छ, किनभने मानिसको लागि के राम्रो र के नराम्रो भन्ने कुराको पूर्ण ज्ञान अल्लाह बाहेक अरु कसलाई हुन सक्छ र ? अल्लाहले भन्नुभएको छ– "के सिङ्गो संसारको सृष्टिकर्तालाई त्यसको पूर्ण ज्ञान छैन ? उहाँ त सुक्ष्म दर्शी एवम् सुसूचित हुनुहुन्छ ।" (कुरआन : ६७/१४)

विश्वभर दिनदिनै बलात्कारका घटनाहरू बढ्दै गइरहेका कुरा विभिन्न पत्रपत्रिका, प्रतिवेदन र तथ्याङ्कबाट प्रष्ट हुन्छ । इस्लामबाट टाढा भएका धेरैजसो समाज र घरपरिवारहरू यस्ता विकृतिले बर्बाद भएका छन् ।

## महरमबाहेकका महिला र पुरुष बीच सम्बन्धका सिद्धान्तहरू–

१ दृष्टिलाई तल पार्नु–

मुस्लिमले महरमबाहेकका महिलाहरूलाई हेर्नु हुँदैन । त्यसैगरी परस्त्रीहरूको लवाइ, हिँडाइ, बोलाइ र यौन उत्तेजित गर्ने कुराहरूलाई टूवाल्ल परेर हेर्नु हुँदैन ।



> अवैध कुराबाट नजर तल गर्नु भनेको मन र मस्तिष्कलाई पवित्र पार्नु हो ।

इस्लामले पुरुष र महिला दुवै पक्षलाई दृष्टि नियन्त्रण गर्ने र आँखा नजुधाउने आदेश दिएको छ, यसो गर्नाले मन र मस्तिष्कलाई पवित्रता प्रदान गर्दछ । दृष्टिलाई नियन्त्रण गरिएन भने समाजमा अनैतिक कार्य र अश्लीलता फस्टाउँदै जान्छ । अल्लाहले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई आदेश दिदै भन्नुभएको छ– "आस्थावान पुरुषहरूलाई आफ्ना आँखा तल झुकाएर हिंड्न र आफ्ना गुप्ताङ्गलाई सुरक्षित राख्न आदेश देऊ । यसले उनीहरूलाई पवित्रता प्रदान गर्दछ । अल्लाह उनीहरूको क्रियाकलापदेखि अवगत हुनुहुन्छ । त्यसैगरी आस्थावान महिलाहरूलाई आफ्ना आँखा तल झुकाएर हिंड्न र आफ्ना गुप्ताङ्गलाई सुरक्षित राख्न आदेश देऊ ।" (कुरआन : २४/३०-३१)

यदि अवैध कुरामाथि अचानक आँखा पर्यो भने तुरुन्तै अर्कोतिर आँखा फेर्नु पर्दछ । त्यसलाई ट्वाल्ल परेर वा बारम्बार फर्केर हेर्नु हुँदैन । त्यस्तै पत्रपत्रिका, टेलिभिजन र इन्टरनेटमा रहेका अश्लील तस्वीर, भिडियो तथा यौन उत्तेजित गर्ने कुराहरू हेर्नु हुँदैन ।




### २ सद-व्यवहार गर्नु–

महरमबाहेकका परस्त्रीहरूसित अलि दुरी राखेर सभ्य र सरल भाषमा कुराकानी गर्नुपर्छ । कुराकानी गर्ने क्रममा अश्लीलता र यौन उत्तेजना निम्त्याउने क्रियाकलापबाट टाढा रहनु पर्दछ ।

- अल्लाहले नारीहरूलाई पर पुरुषहरूसित मिठो र चिप्लो कुरा गर्नु अवैध गर्नुभएको छ । आवश्यकता अनुसार सीधा र स्पष्ट कुरा गर्न सकिन्छ । अल्लाहले भन्नुभएको छ–

"तिमीहरू मीठो-मीठो कुरा नगर, अन्यथा पापी मन भएको व्यक्तिले अर्कै अर्थ लगाउँछ। बरु स्पष्ट कुरा गर।" (कुरआन : ३३/ ३२)

- त्यसैगरी कसैलाई आकर्षित हुने गरेर हिंड्न वा श्रृङ्गारपटार प्रदर्शन गर्न अवैध छ। अल्लाहले भन्नुभएको छ– "नारीहरूले आफ्ना खुट्टा भुइँमा बजार्दै नहिड्नु, ताकि पुरुषहरूले उनीहरूले लगाएको श्रृङ्गार थाहा पाउन्।" (कुरआन : २४/३२)

### ३ एकान्तमा भेट्नु अवैध छ–

महरमबाहेकका परस्त्रीहरूसँग एकान्तमा एक्लै भेट्नु पुरुषको लागि अवैध छ, किनभने यसले अश्लीलता र अनैतिकतालाई निम्त्याउँछ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "पुरुष यदि कुनै परस्त्रीसँग एकान्तमा भेट्छ भने त्यहाँ तेस्रो पक्ष शैतान हुन्छ (जसले दुवैलाई कुकर्मको निमन्त्रणा दिन्छ)।" (तिर्मिजी : २१६५)

### ४ पर्दा–

अल्लाहले नारीलाई पर्दा गर्ने अथवा आफ्नो शरीरलाई छोप्ने आदेश दिनुभएको छ, किनकि तिनीहरूको शरीरलाई आकर्षक र सुन्दर बनाइएको छ, जसले पुरुषलाई प्रलोभनमा पार्न सक्छ।



> पर्दामा महिलाले मान-मर्यादाका साथ समाज निर्माण कार्यमा योगदान पुर्याउन सक्छिन्।

अल्लाहले विभिन्न उद्देश्यहरूले गर्दा पर्दा अनिवार्य गर्नुभएको छ, तीमध्ये केही यस प्रकार रहेका छन्–

- महिलाले पनि मान-मर्यादाका साथ आफ्नो व्यक्तिगत तथा सामाजिक जीवनमा शैक्षिक र व्यवहारिक क्रियाकलापहरूमा केही योगदान पुर्याउन सकून् ।
- एकातिर अनैतिक सम्बन्ध, बलात्कार र महिलामाथि हुने हिंसात्मक घटनाहरूबाट समाजलाई पवित्र राख्न सकिन्छ भने अर्कोतिर महिलाको मान-मर्यादालाई जोगाउन सकिन्छ ।
- महिलाको हकहितको लागि काम गर्नेहरूलाई यसबाट सहयोग मिल्छ र नारीसँग सभ्य व्यवहार गर्ने अवसर मिल्छ । यसरी उनीहरूसँग भएका ज्ञान, विज्ञान र प्रतिभाबाट समाज सुधार कार्यमा टेवा पुर्याउन सकिन्छ, किनकि उनीहरू यौन तृष्णा मेटाउने र रमाउने कुनै खेलौना होइनन् ।

## पर्दाको सीमा–

महिलाले पर पुरुषको अगाडि अनुहार र हात बाहेक सम्पूर्ण शरीरलाई छोप्नु पर्दछ । अल्लाहले भन्नुभएको छ– "महिलाहरूले आफ्नो श्रृङ्गारलाई जाहेर नगरुन्, मात्र त्यो बाहेक जो स्वतः जाहेर हुन्छ ।" (कुरआन : २४/३०-३१) उपर्युक्त श्लोकमा स्वतः जाहेर हुनको अभिप्राय– हात र अनुहार हो, तर हात र अनुहारलाई नछोप्दा यौन दुराचारको डर छ भने त्यसलाई पनि छोप्नु पर्दछ ।

### पर्दाका केही नियमहरू–

महिलाहरूले जुनसुकै रङ्ग र आकारको बुर्का लगाउन सक्छन्, तर निम्नलिखित शर्त हुनुपर्दछ–

१ शरीरका जे जति अङ्गहरू छोप्नु पर्ने हुन्छ त्यसलाई बुर्काले छोप्नु पर्दछ ।

२ फराकिलो र खुकुलो हुनुपर्दछ, त्यसैले छोटो वा कसिलो कपडा लगाउनु हुँदैन ।

३ पातलो र अङ्ग देखिने पारदर्शी लुगा लगाउनु हुँदैन ।

# > इस्लाममा विवाहको महत्व

इस्लामले विवाह गर्न र सुन्दर संसार बसाउन हौसला प्रदान गरेको छ । यसलाई महान सत्कर्म र रसूलहरूको तरिका भनेको छ । (पृष्ठ न०: २१८ हेर्नुहोस्)

इस्लामले विवाह, वैवाहिक सिद्धान्त तथा श्रीमान र श्रीमतीका हकहितका विधानहरूलाई विस्तृत रुपमा बयान गरेको छ । यसरी पारिवारिक सम्बन्ध सुदृढ र गतिशील रहन्छ । बाल-बालिकालाई राम्रो वातावरणमा हुर्कने, सुखको सास फेर्ने, इस्लाममा कायम रहने र जीवनको हरेक क्षेत्रमा सफलता प्राप्त गर्ने सुवर्ण अवसर प्राप्त हुन्छ ।



> इस्लामले विवाह गर्न र सुन्दर संसार बसाउन प्रेरणा दिएको छ ।

## विवाह सम्बन्धी केही विधि-विधानहरू–

इस्लामले विवाह तथा श्रीमान-श्रीमतीको सुनौलो भविष्यको लागि केही शर्तहरू अनिवार्य गरेको छ, तीमध्ये केही यस प्रकार रहेका छन्–

### श्रीमतीमा हुनुपर्ने शर्तहरू–

१ मुस्लिम वा अहले-किताब (यहूदी र ईसाइ) महिला हुनुपर्छ । तर इस्लामले आचरणले परिपूर्ण मुस्लिम महिलालाई प्राथमिकता दिन प्रेरित गर्छ, ताकि आफ्नो सन्तानलाई उच्च विचार, राम्रो संस्कार र इस्लाममा अडिग रहने शिक्षा दिन सकुन् । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "उच्च आचरणले परिपूर्ण महिलालाई प्राथमिकता देऊ, नत्र तिमी नोक्सान उठाउने छौ ।" (बुखारी : ४८०२, मुस्लिम : १४६६)

२ सति सावित्री र चरित्रवान हुनुपर्छ। व्यभिचार र अश्लील चरित्र भएकी महिलासित विवाह गर्न अवैध छ। अल्लाहले भन्नुभएको छ– "तिमीहरूका लागि चरित्रवान मुस्लिम तथा चरित्रवान अहले-किताब (यहूदी र ईसाइ) स्त्रीहरू वैध गरिएका छन्।" (कुरआन : ५/५)

३ महरममध्ये नहोस्, जोसँग सदाको लागि विवाह गर्न अवैध छ। त्यसैगरी श्रीमती र उनकी बहिनी वा फुपू वा सानी आमालाई एकसाथ बिहे गर्नु मिल्दैन। (पृष्ठ न०: २२३ हेर्नुहोस्)



## श्रीमानमा हुनुपर्ने शर्तहरू–

श्रीमान मुस्लिम नै हुनुपर्छ, किनकि मुस्लिम महिलाले काफिर (यहूदी, क्रिस्चियन, हिन्दू, बौद्ध आदि) सित बिहे गर्नु अवैध छ। यदि युवकमा दुईवटा गुणहरू छन् भने इस्लामले विवाह गर्न प्रेरणा दिएको छ–

- इस्लाममा अडिग रहनु।
- उच्च आचरण।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जब कुनै असल र उच्च आचरणले भरिपूर्ण केटा बिहेको प्रस्ताव राख्छ भने उसको बिहे गराई देऊ।" (तिर्मिजी : १०८४, इब्ने माजा : १९६७)

# > श्रीमान-श्रीमतीका हक अधिकारहरू

अल्लाहले श्रीमान र श्रीमती दुवैलाई अनिवार्य रुपमा केही जिम्मेवारीहरू सुम्पिनु भएको छ। दुवैले एक अर्कालाई मद्दत गरी दाम्पत्य जीवनलाई गाढा, बलियो, सुन्दर र सफल बनाउनु पर्दछ। दाम्पत्य जीवनमा ग्रहण लगाउने सम्पूर्ण क्रियाकलापहरूबाट सचेत हुनुपर्दछ र दुवैमध्ये कसैले पनि असम्भव कुराको माग गर्नु हुँदैन। अल्लाहले भन्नुभएको छ– "महिलाहरूलाई पनि पुरुषहरूलाई जस्तै सामान्य अधिकार प्रदान गरिएका छन्।" (कुरआन : २/२२८) त्यसैले सुखमय जीवनको लागि समझदारी, सहनशीलता र त्यागको भावना हुनु आवश्यक छ।

## श्रीमतीका हक अधिकारहरू–

१ निर्वाह-खर्च र बस्ने घर–

- श्रीमानले श्रीमतीको लागि खान लगाउन तथा दैनिक आवश्यक कुराहरू र प्रचलित बास बस्ने घर (गाँस, बास र कपास) अनिवार्य रुपमा दिनु पर्छ, यद्यपि श्रीमती धनवान किन नहोस्।
- निर्वाह-खर्चको परिमाण : श्रीमानको आयश्रोत अनुसार फजुलखर्च र कन्जुस्याइँ नगरिकन प्रचलित तरिका अनुसार पालन-पोषण खर्च दिनु पर्छ। अल्लाहले भन्नुभएको छ– "सम्पन्न व्यक्तिले आफ्नो क्षमता अनुसार र कम आयश्रोत भएको व्यक्तिले आफ्नै हिसाबले अल्लाहले प्रदान गर्नुभएको धनबाट खर्च गर्नुपर्दछ।" (कुरआन : ६५/७)
- श्रीमानले निर्वाह-व्यय तथा पालन-पोषणको खर्च बेहोर्दा श्रीमतीलाई अपमान गर्नु वा श्रीमतीमाथि उपकार गरेको कदापि ठान्नु हुँदैन, किनकि यो त उसले गर्नु पर्ने कर्तव्य र दिनु पर्ने निर्वाह-खर्च हो, जसलाई राम्रो तरिकाले निर्वाह गर्नुपर्दछ।



> श्रीमानले श्रीमती र सन्तानका सम्पूर्ण निर्वाह-खर्च, प्रचलित तरिका अनुसार दिनु अनिवार्य छ।

- इस्लामले श्रीमती र घरपरिवारको निर्वाह-खर्चलाई महा पुण्य घोषित गरेको छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "यदि मुस्लिमले शुद्ध मनसायले घरपरिवारको खर्च बेहोर्छ भने यसमा पनि पुण्य (सवाब) पाइन्छ।" (बुखारी : ५०३६, मुस्लिम : १००२)



> करार अनुसार श्रीमानले श्रीमतीका सम्पूर्ण शर्तहरू पूरा गर्नु अनिवार्य छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले अर्को हदीसमा भन्नुभएको छ– "अल्लाहलाई खुशी पार्ने नीयतले घरपरिवारको लागि जति खर्च गर्छौ अल्लाहले त्यसमा त्यति पुण्य प्रदान गर्नु हुनेछ। यहाँसम्म कि श्रीमतीलाई आफ्नै हातले एक गाँस खुवाउछौ भने त्यसमा पनि पुण्य निहित छ।" (बुखारी : ५६, मुस्लिम : १६२८)

यदि कसैले जानीजानी निर्वाह-खर्च बेहोर्दैन वा त्यसमा अनियमित कटौती गर्छ भने उसलाई पाप लाग्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अनिवार्य निर्वाह-खर्च नदिनु ठूलो पाप हो।" (अबु-दाऊद : १६९२)

## २ सुखमय दाम्पत्य जीवन–

असल चरित्र, माया, नम्रता र श्रीमतीको मर्म बुझ्ने र भूलचूकलाई माफी दिने एउटा आदर्श पति हुनुपर्छ। अल्लाहले पुरुषहरूलाई सम्बोधन गर्दै भन्नुभएको छ– "उनीहरूसँग राम्रो तरिकाले जीवन निर्वाह गर। तिमी जसलाई घृणा गर्छौ, त्यसैमा अल्लाहले तिम्रो प्रशस्त फाइदा राखेको हुन सक्छ।" (कुरआन : ४/१९)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "तिमीहरूमध्ये पूर्ण आस्थावान त्यो हो, जसको आचरण सबैभन्दा राम्रो छ र तिमीहरूमध्ये उत्कृष्ट व्यक्ति त्यो हो जो आफ्नो घरपरिवारको लागि चरित्रवान छ।" (तिर्मिजी : ११६२)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “तिमीहरूमध्ये पूर्ण आस्थावान त्यो हो, जसको आचरण सबैभन्दा राम्रो छ र आफ्नो घरपरिवारको लागि विनम्र छ ।” (तिर्मिजी : २६१२, अहमद : २४६७७)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “तिमीहरूमध्ये सबैभन्दा राम्रो त्यो हो, जो आफ्नो घरपरिवारसँग भद्र व्यवहार गर्दछ र म पनि आफ्नो घरपरिवारसित भद्र व्यवहार गर्दछु ।” (तिर्मिजी : ३८९५)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित श्रीमतीको हक अधिकारको बारेमा सोधिदा उहाँले जवाफ दिनुभयो– “तिमी जे खान्छौ, त्यही खान देऊ, तिमी जे लगाउछौ, त्यस्तै लगाउन देऊ, गाली कहिल्यै नगर, अनुहारमा कहिल्यै नपिट र गल्ती गर्छिन् भने बिना बोलचाल घरमै बेवास्ता गर ।” (अबु-दाऊद : २१४२)

## ३ शिष्टाचार तथा सहनशीलता–

पुरुष र महिलाको स्वभाव र आचरणमा भिन्नता भएको कारणले त्यसको ख्याल राख्नु आवश्यक छ । श्रीमतीको कुनै एउटा गलत स्वभावलाई मनमा राखेर आफूलाई कमजोर पार्नु हुँदैन, बरु जीवनको सम्पूर्ण पक्षलाई सकारात्मक दृष्टिले हेर्नु पर्छ र सानोतिनो गल्तीलाई माफ गर्नुपर्छ । अल्लाहले भन्नुभएको छ– “तिमीहरू बीच एक अर्कामाथि जुन श्रेष्ठता प्रदान गरिएको छ, त्यसलाई नबिर्स ।” (कुरआन : २/२३७)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “आस्थावान पुरुषले आस्थावान महिलालाई कदापि घृणा गर्दैन, किनभने उसको एउटा स्वभाव मन परेन भने अर्को स्वभावले प्रसन्न पार्छ ।” (मुस्लिम : १४६९)

महिलाको स्वभाव पुरुषको स्वभाव भन्दा फरक हुन्छ । त्यसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले तिनीहरूसँग भद्र व्यवहार गर्ने, उनीहरूको गल्तीलाई माफी दिने र धैर्य गर्ने आदेश दिनुभएको छ । सानोतिनो विवादलाई झगडामा परिणत गर्नु र छोडपत्र गर्नु कदापि हुँदैन ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “महिलाहरूलाई सत्कर्मको उपदेश देऊ, उनीहरूलाई बाङ्गो करङबाट सृष्टि गरिएका छन्, जुन कहिल्यै पनि सीधा हुन सक्दैन । त्यसैले तिनीहरूबाट फाइदा प्राप्त गर । यदि सीधा गर्न खोज्छौ भने भाँचिन्छ । भाँचिनुको तात्पर्य– तलाक (पारपाचुके) हो ।” (बुखारी : १९१०, मुस्लिम : ७६०)

## ४ रात बिताउनु–

श्रीमानले श्रीमतीसँग रात बिताउनु पर्छ । चार दिनमा एक दिन श्रीमतीको लागि समर्पण गर्नुपर्दछ । यदि बहु विवाहित पुरुष हो भने तिनीहरू बीच न्याय गर्नुपर्छ ।

### ५ श्रीमतीको रक्षा गर्नु–

श्रीमानले श्रीमतीको इज्जत र मर्यादालाई ज्यान गुमाएर भए पनि सुरक्षा गर्नुपर्छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “परिवारको रक्षा गर्ने क्रममा कसैको मृत्यु भयो भने त्यो शहीद हो ।” (तिर्मिजी : १४२१, अबु-दाऊद : ४७७२)

### ६ पति-पत्नी बीचको सम्बन्धलाई भन्डाफोर नगर्नु–

पति-पत्नी बीच कायम भएको सम्बन्ध र माया पिरतीलाई मानिसहरूमा फैलाउनु वा भन्डाफोर गर्नु हुँदैन । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “कयामतको दिन सबैभन्दा बढी घृणित व्यक्ति त्यो हुनेछ, जो श्रीमतीसँग रात बिताउँछ र दिनमा उसको गोपनीयतालाई सर्वसाधारणमाझ प्रस्तुत गर्दछ ।” (मुस्लिम : १४३७)

### ७ महिलामाथि अन्याय र अत्याचार नगर्नु–

इस्लामले पारिवारिक समस्यालाई समाधान गर्ने केही सिद्धान्तहरू दिएको छ, जस्तै–

- कुराकानी र सदुपदेशको माध्यमबाट गल्तीलाई सुधार्न सकिन्छ ।
- बोलचाल नगरी तीन दिनसम्म बेवास्ता गर्नु, त्यसपछि घरैमा उनको ओछ्यान अलग गरी बेवास्ता गर्नु ।
- आईशा (रजियल्लाहु अन्हा) ले भन्नुभएको छ– “रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले न त कुनै महिलालाई कुट्नु भयो, न कुनै नोकरलाई नै । अँ, अल्लाहको लागि धर्म युद्ध गर्नुभयो ।” (मुस्लिम : २३२८)

### ८ शिक्षा र उपदेश दिनु–

श्रीमानले श्रीमतीलाई सत्कर्मको उपदेश र नराम्रो कामबाट रोक्नु पर्छ । स्वर्ग जाने र नरकको आगोबाट बच्ने प्रेरणा दिनु पर्छ । त्यसैगरी श्रीमतीले पनि आफ्नो श्रीमानलाई बेलाबखत सत्कर्मतिर डोर्याउनु र अवैध कार्यबाट टाढा राख्नु पर्छ । दुवैले आफ्नो सन्तानलाई गतिलो र असल संस्कार दिनु पर्दछ । अल्लाहले भन्नुभएको छ– “हे आस्थावानहरू हो ! आफू अनि आफ्ना घरपरिवारलाई नरकको आगोबाट बचाऊ ।” (कुरआन : ६६/६) पुरुष आफ्नो घरको अभिभावक हो र ऊसित उसको जिम्मेवारीबारे सोधिनेछ ।” (बुखारी : २४१६, मुस्लिम : १८२९)

### ९ श्रीमतीका शर्तहरूलाई पूरा गर्नु–

यदि श्रीमतीले बिहेको बन्धनमा बाँधिने बेला कुनै वैध शर्त, जस्तै– विशेष घर वा निर्वाह खर्चको शर्त राखेकी छ भने श्रीमानले त्यसलाई अनिवार्य रुपमा पूरा गर्नुपर्छ, किनभने वैवाहिक सम्बन्ध सबैभन्दा ठूलो सन्धि र बाचा बन्धन हो । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “शर्तहरूमध्ये सबैभन्दा महत्वपूर्ण शर्त वैवाहिक शर्त हो, जसले श्रीमतीसँगको सम्भोग वैध भएको छ ।” (बुखारी : ४८५६, मुस्लिम : १४१८)

## श्रीमानका हक अधिकारहरू–

१ जायज कुरामा श्रीमानको अनुसरण गर्नु–

अल्लाहले पुरुषलाई घरपरिवारको अभिवावक र जिम्मेवार व्यक्ति बनाउनु भएको छ। जसरी राजा आफ्नो रैतीको रेखदेख गर्छ, त्यसरी पुरुषले आफ्नो घरपरिवारको पूर्ण जिम्मेवारी वहन गर्नुपर्दछ। त्यसैले अल्लाहले पुरुषलाई केही विशेषताहरू प्रदान गर्नुभएको छ। अल्लाहले भन्नुभएको छ– "पुरुषहरू महिलाहरूका अभिभावक हुन्, किनभने अल्लाहले एक अर्कामाथि श्रेष्ठता प्रदान गर्नुभएको छ र पुरुषहरू नै आफ्ना सम्पत्ति खर्च गर्छन्।" (कुरआन : ४/३४)

२ श्रीमानलाई सर्वस्व सुम्पिनु–

श्रीमतीले श्रीमानलाई सर्वस्व सुम्पिनु पर्छ, ताकि श्रीमानले हरेक प्रकारको जायज आनन्द र सम्भोग गर्न सकोस्। आफ्नो श्रीमानको लागि श्रृङ्गार गर्नुपर्छ र बिना कुनै कारण श्रीमानलाई सम्भोग गर्नबाट रोक्नु हुँदैन नत्र पाप लाग्छ। जस्तै– महिनावारी र फर्ज ब्रत, रोग इत्यादि।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जुन बेला श्रीमानले श्रीमतीलाई ओछ्यानमा बोलाउँछ, तर उनी इन्कार गर्छिन् र श्रीमान रिसाएर रात बिताउँछ भने बिहान हुन्जेलसम्म फरिश्ताले त्यस महिलामाथि धिक्कार गरिरहन्छ।" (बुखारी : ३०५६, मुस्लिम : १४३६)

३ श्रीमानले मन नपराएको व्यक्तिलाई घर भित्र आउन नदिनु–

श्रीमानले मन नपराउने व्यक्तिलाई घर भित्र आउन दिनु हुँदैन।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "श्रीमानको उपस्थितिमा बिना अनुमति महिलाले नफ्ली ब्रत बस्नु हुँदैन र बिना अनुमति कसैलाई पनि घर भित्र आउन दिनु हुँदैन।" (बुखारी : ४८९९)

४ श्रीमानको अनुमति बिना घरबाहिर ननिस्कनु–

श्रीमतीले श्रीमानको अनुमति बिना घर बाहिर जानु हुँदैन। यदि घरको काम वा कुनै खास कुराको लागि अनुमति दिएको छ भने जान सकिन्छ।

५ श्रीमानको सेवा गर्नु–

गाउँ घरमा प्रचलित तरिका अनुसार पतिको सेवा र घरेलु काम धन्दा, जस्तै खाना बनाउनु र बच्चाहरूको हेरचाह गर्नु।

# > बहु विवाह

बिहे सम्बन्धी इस्लामको असल नियम के छ भने पुरुषले एउटै महिलासँग बिहे गर्नुपर्दछ, ताकि एक अर्कालाई माया गरुन् र सुखमय संसार बसाउन् । तर इस्लामले सामाजिक र व्यक्तिगत हकहितको लागि बहु विवाहलाई वैध गरेको छ जसरी अघिल्लो धर्महरूमा जायज थियो । तथापि बहु विवाहलाई बिना कुनै नियम छाडा छोडिएको होइन, बरु यसलाई कानूनको नत्थी लगाएर नियन्त्रित र मर्यादित गरिएको छ । नारीका सम्पूर्ण अधिकार र हकहितहरू सुरक्षित गरिएका छन् । तिनीहरूमाथि हुने अन्याय, अत्याचार र दमनलाई रोकथाम गर्ने कडा शर्तहरू लगाइएका छन् ।

बहु विवाह गर्ने शर्तहरू यस प्रकार रहेका छन्–

## १ न्याय–

श्रीमतीहरू बीच भौतिक कुराहरूमा न्याय गर्नुपर्छ, जस्तै– निर्वाह-खर्च, शारीरिक सम्बन्ध इत्यादि र जसले श्रीमतीहरू बीच न्याय गर्न सक्दैन भने उसको लागि बहु विवाह अवैध छ । अल्लाहले भन्नुभएको छ– "यदि तिमीहरू (पत्नीहरू बीच) न्याय गर्न सक्दैनौ भने एउटीमा मात्र सीमित रह ।" (कुरआन : ४/३)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसको दुईवटा श्रीमतीहरू छन्, तर ऊ एकातिर झुक्छ भने महाप्रलयको दिन उसको शरीरको एकातिरको भाग झुकेको हुनेछ ।" (अबु-दाऊद : २१३३)

तर आध्यात्मिक मायामा न्याय गर्नु अनिवार्य छैन, किनभने मुटुलाई नियन्त्रण गर्न सकिदैन र यही नै अल्लाहको भनाईको तात्पर्य हो । अल्लाहले भन्नुभएको छ– "तिमीहरूले चाहेर पनि पत्नीहरू बीच न्याय गर्न सक्दैनौ ।" (कुरआन : ४/१२९)



> इस्लामले बहु विवाहलाई कानूनको नत्थी लगाएर नियन्त्रित र मर्यादित गरेको छ ।

## २ पत्नीहरूलाई निर्वाह-खर्च दिने क्षमता–

सम्पूर्ण श्रीमतीहरूका लागि निर्वाह-खर्च जुटाउने शक्ति हुनुपर्दछ । किनभने निर्वाह-खर्च पहिलो विवाहको लागि शर्त छ भने बहु विवाह गर्दा त झन् अनिवार्य छ ।

## ३ चार भन्दा बढी नहोस्–

इस्लाममा चार भन्दा बढी महिलाहरूसँग विवाह गर्न अवैध छ । अल्लाहले भन्नुभएको छ– "तिमीहरू आफूलाई मन परेकी स्त्रीहरूमध्ये दुई-दुई, तीन-तीन वा चार जनासँग बिहे गर, तर पत्नीहरू बीच न्याय गर्न न सक्ने डर छ भने एउटीमा मात्र सीमित रह ।" (कुरआन : ४/३)

यदि कसैले इस्लाम ग्रहण गरेको छ र ऊसँग चार भन्दा अधिक पत्नीहरू छन् भने चार बाहेक बाँकीलाई अनिवार्य रुपमा तलाक दिनु पर्छ ।

## ४ केही महिलाहरूलाई एकसाथ विवाह बन्धनमा राख्न अवैध छ–

- श्रीमती र उसकी दिदीबहिनी (साली) लाई एकसाथ वैवाहिक बन्धनमा राख्नु अवैध छ ।
- श्रीमती र उसकी सानी आमा (खाला) लाई एकसाथ वैवाहिक बन्धनमा राख्नु अवैध छ ।
- श्रीमती र उसकी फुपूलाई एकसाथ वैवाहिक बन्धनमा राख्नु अवैध छ ।



## > तलाक (पारपाचुके)




> इस्लामले दाम्पत्य जीवनलाई निरन्तरता दिन प्रेरणा दिन्छ। तैपनि यदि दुवैको जीवन नरक झैं हुन्छ अनि छोडपत्र वाहेक अरु कुनै विकल्प छैन भने यस्तो अवस्थामा इस्लामले तलाक (पारपाचुके) लाई वैध गरेको छ।

वैवाहिक सम्बन्ध सदा कायम रहोस्, दुवैको सफल जीवनमा कसैको आँखा नलागोस् र सुखमय दाम्पत्य जीवन मृत्युसम्म बाँकी रहोस् भन्ने कुरा इस्लामले घोषणा गरेको छ। अल्लाहले विवाहलाई बलियो सन्धिको संज्ञा दिनुभएको छ। त्यसैले सीमित अवधिको लागि इस्लाममा बिहे गर्नु वैध छैन।

इस्लामले यस्तै सुखमय दाम्पत्य जीवनको प्रेरणा दिन्छ । तर यस पृथ्वीमा बसोबास गरिरहेका विभिन्न स्वभाव र नानाथरीका मानिसहरूलाई एक अर्काबाट छुटकारा दिलाउन कानून पारित गरिएको छ । जुन बेला जीवनका पलहरू बिताउन गाह्रो हुन्छ, बाटो साँघुरो हुँदै जान्छ, समाधानका सम्पूर्ण युक्तिहरू विफल हुन जान्छ र दाम्पत्य जीवन नरकमा परिणत हुन्छ, त्यतिबेला महिला र पुरुषलाई अलग गराउनु नै न्यायपूर्ण हुनेछ। यदि सम्बन्ध विच्छेद भएन भने आपसमा अझै घृणा र समस्याहरू उत्पन्न हुन सक्छन्। त्यसैले अन्तिम विकल्पको रुपमा तलाकलाई रोज्न वैध गरिएको छ, किनभने बिहेको उद्देश्य पूरा नभइरहेको बेला अलग हुनुमा नै साथ रहनु भन्दा कम हानि बेहोर्नु पर्छ।

त्यसैले इस्लामले यस्तो नाजुक अवस्थाबाट निस्कन तलाकलाई वैध गरेको छ । हरेकले आफ्नो नयाँ जीवन साथी रोज्न सक्छ र प्राप्त

नभएको सुख र आनन्द प्राप्त गर्न सक्छ । अल्लाहले भन्नुभएको छ– "यदि पति-पत्नी एक अर्कासँग अलग हुन्छन् भने अल्लाहले दुवैलाई आफ्नो कृपाले आत्मनिर्भर तुल्याउनु हुनेछ । अल्लाह अत्यन्तै कृपालु र तत्वदर्शी हुनुहुन्छ ।" (कुरआन : ४/१३०)

**तर यसलाई नियन्त्रण गर्न धेरै नियम कानूनहरू पारित गरिएका छन्, जस्तै–**

- जसरी पुरुषलाई तलाक दिने अधिकार छ त्यस्तै महिलालाई (खोलअ्) सम्बन्ध विच्छेद गर्ने अधिकार दिइएको छ ।
- यदि पतिसँग जीविका निर्वाह गर्न गाह्रो भयो र पतिले तलाक दिन मानेन भने पत्नीलाई अदालतको ढोका ढकढक्याउने अधिकार छ । त्यसपछि न्यायाधीशले सत्य-तथ्य पत्ता लगाई छोडपत्र दिलाउनेछन् ।
- दुई पटकसम्म तलाक दिएपछि पत्नीलाई फर्काउन सकिन्छ । तर तेस्रो तलाकपछि फर्काउन सकिन्न । यदि अर्को पुरुषले उनीसँग इस्लामी विधि अनुसार विवाह गर्छ र कथम कदाचित उसले तलाक दियो भने पहिलो श्रीमानसित पुनः नयाँ विवाह हुन सक्छ ।

वैधानिक तलाक– जुन महिनावारीबाट पवित्र भएपछि पतिले पत्नीलाई सम्भोग गरेको छैन, त्यसबेला तलाक दिनु ।

## > आमा-बुवाका हक अधिकारहरू

आमा-बुवाको सेवा र हेरचाह गर्नु उत्कृष्ट पुण्य हो– इस्लामले आमा-बुवाको सेवा र उनीहरूसित भद्र व्यवहारलाई उत्कृष्ट सत्कर्म घोषित गरेको छ । अल्लाहले आफ्नो उपासनासँगै आमा-बुवाको सेवालाई वर्णन गर्नुभएको छ ।

आमा-बुवाको सेवा र हेरचाहलाई स्वर्गमा जाने ठूलो माध्यम बताइएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "बुवा स्वर्गको बीचको ढोका हो, चाहे यसलाई खेर फाल वा सुरक्षित राख ।" (तिर्मिजी : १९००)



- **आमा-बुवाको अवज्ञा र अपमानको परिणाम–**

इस्लामलगायत सम्पूर्ण धर्महरूले आमा-बुवाको अवज्ञा र अभद्र व्यवहार नगर्ने आदेश दिएका छन् । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले आफ्ना सहाबीहरूलाई सम्बोधन गर्दै भन्नुभएको छ– “तिमीहरूलाई महापापको बारेमा नभनुँ ? उनीहरूले जवाफ दिए– भन्नुहोस्, हे अल्लाहका रसूल, उहाँले भन्नु भयो– शिर्क गर्नु र आमा-बुवाको अवज्ञा गर्नु ।” (बुखारी : ५९१८)

- **अल्लाहको अवज्ञामा उनीहरूको आज्ञापालन नगर्नु–**

आमा-बुवाका सम्पूर्ण आदेशहरूमा आज्ञापालन गर्नु अनिवार्य छ । यदि उनीहरूले शिर्क वा कुफ्र गर्न अथवा अल्लाहको अवज्ञा गर्न आदेश दिन्छन् भने यस्तो अवस्थामा उनीहरूको आज्ञापालन गर्नु हुँदैन, किनभने अल्लाहको अवज्ञामा कसैको कुरालाई मान्नु हुँदैन । अल्लाहले भन्नुभएको छ– “हामीले मनुष्यलाई आफ्ना माता-पितासँग भद्र व्यवहार गर्ने आदेश दिएका छौं, यदि तिनीहरूले तिमीलाई शिर्क गर्न दबाव दिन्छन्, जुन तिमीलाई थाहा छैन भने उनीहरूको आज्ञापालन नगर ।” (कुरआन : २९/८)

- **उनीहरूसित भद्र व्यवहार गर्नु, विशेष गरी बुढेसकालमा–**

अल्लाहले भन्नुभएको छ– “तिम्रो सृष्टिकर्ताले निर्णय गरिसक्नु भएको छ कि उहाँ बाहेक अरु कसैको उपासना नगर र आफ्नो माता-पितासँग भद्र व्यवहार गर; यदि दुवै वा दुवैमध्ये एक तिम्रो उपस्थितिमा बुढेसकालमा पुग्छन् भने उनीहरूलाई न ‘उफ’ सम्म भन, न हप्काउ नै, बरु उनीहरूसँग आदरपूर्वक कुरा गर ।” (कुरआन : १७/२३)

आमा-बुवालाई आफू भन्दा बढी माया र भद्र व्यवहार गर्नुपर्दछ, उनीहरूलाई कदापि गाली गर्नु वा अपमान गर्नु हुँदैन भन्ने कुराको अल्लाहले हामीलाई आदेश दिनुभएको छ । विशेष गरी बुढेसकालमा धेरै ध्यान दिनु पर्दछ ।

- **गैर-मुस्लिम माता-पिता–**

आमा-बुवाले इस्लाम ग्रहण नगरे पनि उनीहरूसँग भद्र व्यवहार र आज्ञापालन गर्ने इस्लामले आदेश दिएको छ । अल्लाहले भन्नुभएको छ– “यदि माता-पिताले तिमीलाई शिर्क गर्ने दबाव दिन्छन्, जुन तिमीलाई थाहा छैन भने उनीहरूको आज्ञापालन नगर र दुनियाँमा उनीहरूसँग भद्र व्यवहार गर ।” (कुरआन : ३१/१५)

बुद्धि र विवेकले आमा-बुवालाई इस्लामतिर आह्वान गर्नु नै उनीहरूका लागि सबैभन्दा ठूलो सत्कार र माया हो ।

# > सन्तानका हक अधिकारहरू



- **सुशील श्रीमती रोज्नु,** ताकि असल आमा हुन सकुन् । बुवाले आफ्नो सन्तानलाई दिनु पर्ने उत्कृष्ट कोसेली सुशील आमा हो ।
- **सुन्दर नाम राख्नु,** किनभने यो उसको छोराको पहिचान हुनेछ ।
- **गतिलो संस्कार तथा इस्लामका आधारभूत कुराहरूको शिक्षा दिनु,** रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "तिमीहरू सबै जिम्मेवार व्यक्ति हौ र तिमीहरू आफ्नो जिम्मेवारीबारे सोधिनेछौ, मुस्लिमको इमाम (हाकिम)

सम्पूर्ण मुस्लिमहरूको जिम्मेवार व्यक्ति हो र ऊसित उसको जिम्मेवारीबारे सोधिनेछ, पुरुष आफ्नो घरको अभिभावक हो र ऊसित उसको जिम्मेवारीबारे सोधिनेछ, श्रीमती आफ्नो श्रीमानको घरको जिम्मेवार हुन् र उनीसित उनको जिम्मेवारीबारे सोधिनेछ, नोकर मालिकको धन-सम्पत्तिको जिम्मेवार व्यक्ति हो र ऊसित उसको जिम्मेवारीबारे सोधिनेछ।" (बुखारी : ८५३, मुस्लिम : १८२९)

त्यसैले सन्तानलाई सर्वप्रथम महत्वपूर्ण कुराहरूको ज्ञान दिनुपर्छ, जस्तै– आस्थाको ज्ञान, त्यसपछि विस्तारै-विस्तारै सलाहको शिक्षा, इस्लामी संस्कार, भद्र व्यवहार र सत्कारको तरिका इत्यादि सिकाउनु पर्दछ, किनकि यी सबै अल्लाहको दृष्टिमा महान कार्यहरू हुन्।

- **उनीहरूको खर्च बेहोर्नु,** बुवाले छोरा-छोरीका सम्पूर्ण खर्च बेहोर्नु अनिवार्य छ। त्यसमा न कटौती गर्नु जायज छ न उनीहरूलाई अलपत्र पार्नु नै, बरु आफ्नो आयश्रोत अनुसार उत्तम तरिकाले निर्वाह खर्च दिनु पर्दछ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अनिवार्य निर्वाह-खर्च नबेहोर्नु ठूलो पाप हो।" (अबु-दाऊद : १६९२)




रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले विशेष गरी छोरीहरूको सन्दर्भमा भन्नुभएको छ– "जसले आफ्ना छोरीहरूलाई राम्रो तरिकाले हुर्काई, बढाई राम्रो जीवन व्यवस्था मिलाई दिन्छ, उसको लागि ती छोरीहरू नरकका बाधक बन्नेछन् ।" (बुखारी : ५६४९, मुस्लिम : २६२९)


- **सम्पूर्ण सन्तानहरूमा न्याय गर्नु,** छोरा र छोरीमा रहेको असमानताको पर्खाललाई भत्काउनु पर्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "अल्लाहसित डराऊ, आफ्ना सन्तानहरूमा न्याय-निसाफ गर।" (बुखारी : २४४७, मुस्लिम : १६२३)

त्यसैले सन्तानहरूमध्ये कुनै पनि लिङ्गलाई अर्कोमाथि प्राथमिकता दिनु हुँदैन, किनकि यसको परिणाम नराम्रो हुन सक्छ जसको सही ज्ञान अल्लाहलाई नै छ।





# इस्लाममा तपाईको आचरण



# ११

आचरण इस्लामको महत्वपूर्ण गहना हो। यो कुनै विलासी कुरा वा पुरक होइन, यो त इस्लामको एउटा अभिन्न अङ्ग हो। इस्लाममा आचरणले ठूलो स्थान र उच्च श्रेणी पाएको छ। यो इस्लामको सम्पूर्ण विधि-विधान र सिद्धान्तहरूमा छर्लङ्ग हुन्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई यसै महान कार्यको शिक्षा र असल चरित्र निर्माणको लागि पठाइएको थियो।

अध्याय सूची


### इस्लाममा आचरणको स्थान

- आचरणको निर्माण नै दूतत्वको लक्ष्य हो
- आचरण, आस्था र विश्वासको अभिन्न अङ्ग हो
- आचरण, सम्पूर्ण उपासनासँग गाँसिएको छ
- अल्लाहले आचरणको लागि अत्यधिक प्रतिफल तयार पार्नु भएको छ

### इस्लाममा आचरणका विशेषताहरू

- आचरण कुनै विशेष व्यक्तिमा सीमित छैन
- आचरण मात्र मानिसको विशेषता होइन
- जीवनको सम्पूर्ण क्षेत्रहरूमा आचरण
- आचरण सम्पूर्ण अवस्थाहरूमा

### रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को आदर्श जीवन र आचरणका केही झलकहरू

- नम्रता
- करुणा
- न्याय-निसाफ
- परोपकार र दया

# इस्लाममा आचरणको स्थान



> आचरणको निर्माणकै लागि मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई पठाइएको थियो।

१ आचरणको निर्माणकै लागि मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई पठाइएको थियो– अल्लाहले भन्नु भएको छ– "उहाँले नै अनपढहरुमा अल्लाहले भन्नुभएको छ– "उहाँले नै अनपढहरूमा उनीहरूमध्येबाट एउटा रसूल पठाउनु भयो, जसले उनीहरूलाई कुरआन पढेर सुनाउनु हुन्छ र शुद्धिकरण गर्नुहुन्छ।" (कुरआन : ६२/२)

अल्लाहले आफ्नो रसूललाई पठाएर मानवमाथि ठूलो उपकार गर्नुभएको छ, किनकि उहाँद्वारा नै मानिसहरूको शुद्धिकरण भयो। उहाँले मानिसहरूलाई शिर्क, इर्ष्या र नराम्रो स्वभावबाट पवित्र पार्नुभयो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले आफ्नो उद्देश्यलाई प्रष्ट पार्दै भन्नुभएको छ– "उच्च आचरणकै शिक्षा दिनको लागि मलाई पठाइएको छ।" (बैहिकी : २१३०१) उहाँको प्रमुख उद्देश्य नै व्यक्ति र समाजलाई उच्च आचरणको शिक्षा प्रदान गर्नु हो।

२ आचरण, आस्था र विश्वासको अभिन्न अङ्ग हो–

जुन बेला रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सोधियो– आस्थावानहरूमध्ये कुन आस्थावान उत्कृष्ट हो ? उहाँले जवाफ दिनुभयो– "आचरणले भरिपूर्ण आस्थावान ।" (तिर्मिजी : ११६२, अबु-दाऊद : ४६८२)

अल्लाहले आस्थालाई पुण्य घोषित गर्दै भन्नुभएको छ– "पूर्व वा पश्चिमतिर मुख फर्काउनु पुण्य होइन, अल्लाह, कयामतको दिन, ग्रन्थ, फरिश्ता र सम्पूर्ण रसूलहरूमाथि विश्वास गर्नु नै ठूलो सत्कर्म हो ।" (कुरआन : २/१७७) आचरण र बचनका सम्पूर्ण क्रियाकलापहरूमा पुण्य प्राप्त हुन्छ । त्यसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "आचरण नै पुण्य हो ।" (मुस्लिम : २५५३)

यो कुरा रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को भनाईबाट अझ प्रष्ट हुन्छ, उहाँले भन्नुभएको छ– "आस्थाका साठी भन्दा अधिक शाखाहरू छन्; 'ला इलाहा इल्लल्लाह' को घोषणा गर्नु सबभन्दा उत्तम र 'सार्वजनिक बाटोबाट काँडा हटाउनु' सबभन्दा तल्लो शाखा हो । त्यसैगरी लाज आस्थाको एउटा शाखा हो ।" (मुस्लिम : ३५)




३ आचरण, सम्पूर्ण उपासनासँग गाँसिएको छ–

सलाह– "सलाह कायम गर, किनभने यसले अश्लीलता र कुकर्मबाट बचाउँछ ।" (कुरआन : २९/४५)

जकात– "हे सन्देष्टा, उनीहरूको धन-सम्पत्तिबाट दान लिदै गर, यसैद्वारा तिनीहरूलाई शुद्धता तथा पवित्रता प्रदान गर।" (कुरआन : ९/१०३) दानले जसरी गरीबहरूको सहानुभूति र उद्धार हुन्छ, त्यसरी नै धनवानहरूको शुद्धिकरण हुन्छ।

ब्रत– "तिमीहरूमाथि ब्रत अनिवार्य गरिएको छ, जसरी तिमीहरू भन्दा अघिका मानिसहरूमाथि अनिवार्य गरिएको थियो । यसबाट तिमीहरूमा तक्वा (ईश्-भय) उत्पन्न हुनेछ ।" (कुरआन : २/१८३) अत: मन भित्र अल्लाहको भय उत्पन्न गर्नु नै ब्रतको प्रमुख उद्देश्य हो। त्यसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जुन व्यक्ति झूठो बोल्न र कुकर्म गर्न छोड्दैन, उसले ब्रत बस्नुको कुनै औचित्य छैन ।" (बुखारी : १८०४) तसर्थ ब्रतबाट मानिसको आचरणमा केही प्रभाव परेन भने फेरि ब्रतको के औचित्य ?



## ४ अल्लाहले आचरणको लागि अत्यधिक प्रतिफल तयार पार्नु भएको छ–

कुरआन र हदीसमा यसका धेरै प्रमाणहरू छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

■ कयामतको दिन तराजुमा सबैभन्दा भारी सत्कर्म आचरण नै हुनेछ–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "तराजुमा आचरण भन्दा बढी भारी अरु कुनै सत्कर्म हुने छैन। आचरणले भरिपूर्ण व्यक्ति ब्रत बस्ने र सलाह पढ्ने व्यक्तिको दर्जामा पुग्नेछ।" (तिर्मिजी : २००३)

■ स्वर्गमा जाने ठूलो माध्यम हो–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "स्वर्गमा बढी प्रवेश गराउने कर्महरूमध्ये अल्लाहको भय र आचरण हुनेछ।" (तिर्मिजी : २००४, इब्ने माजा : ४२४६)

■ आचरणले भरिपूर्ण व्यक्ति कयामतको दिन रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को नजिक ठाउँ पाउनेछ–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "तिमीहरूमध्ये जसको आचरण जति राम्रो हुन्छ, कयामतको दिन ऊ मदेखि त्यत्तिकै नजिक हुनेछ।" (तिर्मिजी : २०१८)

■ आचरणले भरिपूर्ण व्यक्तिलाई स्वर्गको उच्च स्थानको वाचा गरिएको छ–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "म जमानत दिन्छु, जुन व्यक्तिले सत्य भएर पनि प्रतिवादीसँग लडाई झगडा गरेन उसको लागि स्वर्गको सामान्य स्थान हो, जुन व्यक्तिले ख्याल-ठट्टामा पनि झूठो कुरा गरेन उसको लागि स्वर्गको बीचको भाग हो र आचरण भएको व्यक्तिको लागि स्वर्गको उच्च स्थान हुनेछ।" (अबु-दाऊद : ४८००)



> आचरण इस्लामको महत्वपूर्ण पक्ष हो। यसले मानिसलाई सुख र शान्ति प्रदान गर्दछ।

## इस्लाममा आचरणका विशेषताहरू

इस्लाममा आचरणले जुन विशेषता र गुणहरू ओगटेको छ, त्यो अन्य धर्महरूमा बिरलै पाइन्छ, तीमध्ये केही यस प्रकार रहेका छन्–

### १- आचरण कुनै विशेष व्यक्तिमा सीमित छैन–

अल्लाहले नै मानिसहरूलाई विभिन्न रुप, रङ्ग र अनगिन्ती भाषाहरू दिएर सृष्टि गर्नुभएको छ। अल्लाहको दृष्टिमा न कोही ठूलो छ, न कोही सानो नै, सबै समान छन्। जसको आस्था र स्वभाव उच्च कोटिको हुन्छ, ऊ नै अल्लाहको नजरमा महान र प्रतिष्ठित हुन्छ।

अल्लाहले भन्नुभएको छ– "हे मानव, हामीले तिमीहरूलाई एक पुरुष र एक स्त्रीबाट सृष्टि गर्यौं र तिमीहरूका विभिन्न जाति-बंश बनायौं, ताकि तिमीहरू एक अर्कालाई चिन्न सकौ। वास्तवमा अल्लाहको नजरमा सर्वाधिक प्रतिष्ठित व्यक्ति त्यो हो, जो तिमीहरूमध्ये सबैभन्दा धेरै ईश-भय राख्छ।" (कुरआन : ४९/१३)




> एउटा मुस्लिम आफ्नो-बिरानो सबैसँग राम्रो व्यवहार गर्छ।

आचरण नै मस्लिुमको पहिचान हो । इस्लाममा धनी-गरीब, ठूलो-सानो, गोरो-कालो र अरबी-गैरअरबी बीच कुनै भेदभाव, छुवाछुत र घृणा छैन ।

**गैर-मुस्लिमसितको व्यवहार–**

अल्लाहले हामीहरूलाई मुस्लिम, गैर-मुस्लिम, परिचित, अपरिचित मानिस, जनावर तथा सम्पूर्ण प्राणीहरूसँग भद्र व्यवहार र परोपकार गर्ने आदेश दिनुभएको छ, किनभने मुस्लिमको आचरणले नै गैर-मुस्लिमहरू इस्लामतिर लम्किरहेका छन् ।

अल्लाहले भन्नुभएको छ– "जसले तिमीहरूसित धर्मको मामिलामा युद्ध गरेनन् र तिमीहरूलाई घरबाट निस्कासन गरेनन्, त्यस्ता व्यक्तिहरूसित भद्र व्यवहार र न्याय गर । अल्लाह न्याय गर्नेहरूलाई मन पराउनु हुन्छ ।" (कुरआन : ६०/८)

अल्लाहले गैर-मुस्लिमको मित्रता, उनीहरूको कुफ्र र शिर्कको आस्थासित प्रेम गर्नुबाट मनाही गर्नुभएको छ ।

अल्लाहले भन्नुभएको छ– "अल्लाहले त यस्ता व्यक्तिहरूसित मित्रता गर्न रोक्नु हुन्छ, जसले तिमीहरूसँग धर्मको लागि युद्ध गरे, तिमीहरूलाई तिमीहरूको घरदैलोबाट निस्कासन गरे र तिमीहरूको निष्कासन कार्यमा शत्रुको सहयोग गरे । तिनीहरूसित मित्रता गाँस्ने व्यक्तिहरू नै अत्याचारी हुन् ।" (कुरआन : ६०/९)

## २- आचरण मानिससित मात्र सीमित छैन

**जनावरसितको व्यवहार–**

इस्लामले आचरणलाई मानिससित मात्र सीमित नराखी जनावरप्रति पनि देखाउन आदेश दिएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले बिरालो मार्नेलाई नरकको चेतावनी र कुकुरसित असल व्यवहार गर्नेलाई स्वर्गको शुभ सुचना दिनुभएको थियो । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "एउटी महिलाले बिरालोप्रति गरेको नराम्रो व्यवहारले गर्दा नरकमा गइन् । ती महिलाले बिरालोलाई बाँधेर राखिन्, न त त्यसलाई खानेकुरा दिइन्, न त स्वतन्त्र गरिन् ।" (बुखारी : ३१४०, मुस्लिम : २६१९)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "एउटा यात्रीलाई बाटोमा हिंडिरहेको बेला धैरै तिर्खा लाग्यो । उसले बल्ल एउटा कुवा भेटायो र तल झरेर आफ्नो तिर्खा मेटायो । बाहिर निस्कने बित्तिकै उसले तिर्खाले माटो खाइरहेको एउटा कुकुरलाई देख्यो र मनमा सोच्न थाल्यो– सायद, यो कुकुरलाई पनि मलाई जस्तै बेस्सरी तिर्खा लागेको होला । ऊ पुनः कुवामा झर्यो र छालाको मोजामा पानी भरी त्यसलाई मुखमा च्यापेर बल्ल तल्ल बाहिर ल्याएर कुकुरलाई पिलायो र अल्लाहको कृतज्ञता व्यक्त गर्यो र अल्लाहले उसका सम्पूर्ण पापहरूलाई पखालि दिनुभयो । सहाबीहरूले सोधे– के जनावरहरूप्रति गरिएको सद-व्यवहारमा पनि पुण्य पाइन्छ र ? उहाँले जवाफ दिनुभयो– "प्रत्येक प्राणीहरूप्रति असल

व्यवहारमा पुण्य पाइन्छ ।" (बुखारी : ५६६३, मुस्लिम : २२४४)

**पर्यावरणलाई सुरक्षित राख्नमा आचरणको भूमिका–**

इस्लामले हामीलाई भूमि निर्माण एवम् विकास कार्य गर्न, वृक्ष रोपण र सभ्यता निर्माण गर्न आदेश दिएको छ । तर सम्पूर्ण मानव, जनावर, वनस्पति, वातावरण तथा पर्यावरणलाई विनाश नगरिकन नै उक्त विकासका कार्य गर्नुपर्दछ, किनभने अल्लाहले आतंक मच्चाउनु वा वातावरणलाई विनाश गर्नुलाई कदापि मन पराउनु हुन्न । अल्लाहले भन्नुभएको छ– "अल्लाह दंगा-फसाद र आतंकलाई कदापि मन पराउनु हुन्न ।" (कुरआन : २/२०५)

यहाँसम्म कि रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले कठिन परिस्थितिमा पनि भूमि निर्माणमा सक्रिय रहने आदेश दिनुभएको छ– "बोट बिरुवा तथा बीऊ रोपण गर्दा-गर्दै कयामत (महाप्रलय) भयो भने पनि सकेसम्म वृक्ष रोपण गर्नुपर्दछ, ताकि यो उसको लागि पुण्य साबित होस् ।" (अहमद : १२९८१)



> इस्लामले पर्यावरणलाई सुरक्षित राख्ने प्रेरणा दिन्छ ।

## ३- जीवनका सम्पूर्ण क्षेत्रहरूमा आचरण–

**घरपरिवार–**

इस्लामले परिवारका सम्पूर्ण सदस्यहरूसँग भद्र व्यवहार गर्न प्रेरणा दिएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भयो– "तिमीहरूमध्ये प्रतिष्ठित व्यक्ति ऊ हो, जो आफ्नो घरपरिवारसँग भद्र व्यवहार गर्दछ र म पनि आफ्नो घरपरिवारसित भद्र व्यवहार गर्दछु ।" (तिर्मिजी : ३८९५)

- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) संसारकै सर्वश्रेष्ठ व्यक्ति हुन्, तथापि उहाँ आफ्नो परिवारलाई घरेलु कामहरूमा सघाउनु हुन्थ्यो । उहाँकी श्रीमती आईशा (रजियल्लाहु अन्हा) ले बयान गर्नुभएको छ– "उहाँ घरेलु काम-काजमा आफ्नो परिवारलाई सघाउनु हुन्थ्यो ।" (बुखारी : ५०४८)
- उहाँ आफ्नो परिवारसँग ख्याल-ठट्टा पनि गर्नु हुन्थ्यो । आईशा (रजियल्लाहु अन्हा) ले भन्नुभएको छ–

"एउटा यात्रामा म उहाँको साथमा थिएँ, त्यतिबेला मेरो शरीर दुब्लो र पातलो थियो । उहाँले आफ्ना साथीहरूलाई "तिमीहरू अघि बढ्दै जाऊ, भन्नु भयो र उनीहरू अगाडि बढ्दै रहे । त्यसपछि मलाई भन्नु भयो– "आऊ, हामी दौडमा प्रतिस्पर्धा गरौं र दौड्दा-दौड्दै म नै विजेता भएँ । धेरै दिनपछि फेरि एक पटक उहाँको साथमा यात्रामा निस्कने मौका पाएँ । त्यतिबेला म अलि मोटी भएकी थिएँ । फेरि पनि उहाँले दौडमा प्रतिस्पर्धा गर्ने कुरा गर्नुभयो र हामी दौड्यौं तर यस पाली म हारें । उहाँले हाँस्दै भन्नु भयो– मन सानो नगर, यो त्यसको बदला हो । तब मलाई प्रथम दौडको सम्झना भयो ।" (अहमद : २६२७७)



**व्यापार–**

कहिले काही उद्योगपति र व्यापारीहरू धन-सम्पत्तिको लोभमा अवैध र अनैतिक काम पनि गर्छन् । त्यसलाई रोक्नको लागि इस्लामले आचरणका केही सिद्धान्तहरू लागू गरेको छ–

- इस्लामले नाप-तौलमा कमी गर्नु वा धोका दिनु अवैध गरेको छ । अल्लाहले भन्नुभएको छ– "नाप-तौलमा घटाएर दिनेहरू सर्वनाश होऊन्, मानिसहरूबाट लिदा पूरा-पूरा लिन्छन्, तर उनीहरूलाई तौलेर दिदा कम दिन्छन् ।" (कुरआन : ८३/१-३)
- किनबेचमा क्रेता र बिक्रेता दुवैलाई सहनशीलता र नम्रता अपनाउन उत्साहित गरिएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जुन व्यक्तिले किनबेच वा पैसा लेन-देन गर्ने क्रममा नम्रता र सहनशीलता अपनाउँछ, अल्लाहले उसलाई माया गर्नुहुन्छ ।" (बुखारी : १९७०)

**व्यवसाय–**

इस्लामले उद्योगपति तथा व्यवसायीहरूलाई व्यवहारिक र गुणस्तर कामको प्रेरणा दिन्छ, जस्तै–

- कुशलतापूर्वक र गुणस्तर वस्तु उत्पादित गर्नु, रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "कुशलतापूर्वक गरिएको कामलाई अल्लाहले धैरै मन पराउनु हुन्छ ।" (अबु-याला : ४३८६, बैहिकी फि शुओबिल-ईमान : ५३१३)
- ग्राहकहरूसँग गरेको वाचा अनुसार काम पूरा गर्नु, रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "छलकपटीका तीन पहिचानहरू छन्; तीमध्ये एउटा– वाचा पूरा नगर्नु हो ।" (बुखारी : ३३)

### ४- आचरण सम्पूर्ण अवस्थाहरूमा–

इस्लामले कठिन परिस्थितिमा पनि आचरण र उच्च व्यवहारसँग सम्झौता नगरी त्यसैमा अडिग रहन आदेश दिएको छ । यहाँसम्म कि युद्धको मैदान र द्वन्द्वको बेलामा पनि आचरणलाई नै प्राथमिकता दिन आदेश दिएको छ, किनकि कुनै पनि उद्देश्य वा स्वार्थको लागि अवैध साधन कदापि प्रयोग गर्नु हुँदैन ।

त्यसैले इस्लामले आचरणका यस्ता नियम र सिद्धान्तहरू पारित गरेको छ, जसले मुस्लिमहरूको क्रियाकलापलाई युद्धको बेलामा पनि अनुशासित गरेको छ । मानिसको रिस, घृणा, डाह, कठोरता र मनमानी गर्ने कुनै ठाउँ नै छैन ।



# रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को आदर्श जीवन र आचरणका केही झलकहरू



> रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सम्पूर्ण मानवमध्ये आचरणले परिपूर्ण हुनुहुन्थ्यो।

कुरआन नै उहाँको आचरण हो– रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मानव समाजको लागि एउटा अतुलनीय र उच्च स्वभाव प्रस्तुत गर्नुभयो। त्यसैले कुरआनले उहाँको असल व्यवहार र आदर्श जीवनको अनुसरण गर्न हाम्रो लागि अनिवार्य गरेको छ। उहाँको आचरणलाई वर्णन गर्दै उहाँकी श्रीमती आईशा (रजियल्लाहु अन्हा) भन्नु हुन्छ– "कुरआन नै उहाँको आचरण हो।"। अर्थात उहाँको व्यवहारिक जीवन नै कुरआनको पूर्ण व्याख्या र अनुपम शिक्षा हो।

## नम्रता–

- कसैले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई उभिएर मान र सम्मान गरोस्, भन्ने कुरा पनि उहाँलाई मन्जुर थिएन। उहाँ आफ्ना सहाबी (साथी) हरूलाई उभिएर सम्मान गर्न रोक्नु हुन्थ्यो। त्यसैले उहाँका सहाबी (साथी) हरू उहाँलाई आएको देखेर उहाँको लागि उभिन चाहँदा-चाहँदै पनि बसेर नै उहाँलाई सम्मान गर्थे, किनकि उहाँको लागि उभिनु उहाँलाई कदापि मन पर्दैनथ्यो।" (अहमद : १२३४५, बज्जार : ६६३७)

- अरबको प्रतिष्ठित व्यक्ति हातिमको पुत्र अदी (रजियल्लाहु अन्हु) ले इस्लाम पूर्व रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को वास्तविकता जान्नको लागि उहाँलाई भेट्नुभयो । उहाँको साथमा एउटी महिला र केही नानीहरू बसेका थिए । उहाँले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को नम्रता र आचरण देखेर भन्नु भयो– उहाँ कोही रोम र इरानको राजा होइन, नम्रता सम्पूर्ण इश्दुतहरूको स्वभाव हो ।" (अहमद : १९३८१)
- उहाँ आफ्ना साथीहरूसँग मिलेर बस्नु हुन्थ्यो । उहाँको लागि कुनै विशेष ठाउँ खास गरिएको थिएन । यहाँसम्म अपरिचित व्यक्तिले उहाँलाई चिन्न गाह्रो हुन्थ्यो र सोध्नु पर्थ्यो– "तपाईंहरूमध्ये मुहम्मद को हुनुहुन्छ ?" (बुखारी : ६३)
- अनस (रजियल्लाहु अन्हु) ले भन्नुभएको छ– "मदीनाकी एउटी दासी (बालिका) ले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को हात समातेर इच्छा अनुसार चाहेको ठाउँमा लाने गरेकी थिइन् ।" (बुखारी : ५७२४) अर्थात– उहाँ कमजोर र स-साना बाल-बालिकाहरूको इच्छालाई पनि कदर गर्नु हुन्थ्यो । बिना कुनै भेदभाव दासीलाई पनि माया गर्नु हुन्थ्यो । यसमा उहाँको नम्रताको प्रमाण छ । महिला र दासी समाजका सबैभन्दा कमजोर पक्ष हुन् त्यसैले यसको विशेष उदाहरण दिएको छ ।
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसको हृदयमा कण बराबर घमण्ड हुनेछ ऊ कदापि स्वर्गमा जान सक्दैन ।" (मुस्लिम : ९१)



# दया–

- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "दयावानहरूमाथि अल्लाहले दया गर्नुहुन्छ, पृथ्वीमा रहेकाहरूमाथि दया गर, आकाशमा रहेकाले तिमीहरूमाथि दया गर्नु हुनेछ।" (तिर्मिजी : १९२४, अबु-दाऊद : ४९४१)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) का दयाका अनेकौं पक्षहरू छन्, केही यस प्रकार रहेका छन्–

## बाल-बालिकाहरूसँगको माया–

- एउटा गाउँलेले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सोध्यो– "के तपाईंहरू आफ्ना बाल-बालिकाहरूलाई म्वाइँ खानु हुन्छ ? हामीले त यसरी कहिल्यै पनि माया गर्दैनौं, रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले जवाफ दिनुभयो– "अल्लाहले तिम्रो हृदयबाट माया झिकिदिनुभएको छ कि क्या हो ?" (बुखारी : ५६५२, मुस्लिम : २३१७)

अर्कोले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई आफ्नो नाति हसनलाई म्वाइँ खाँदै गरेको देख्यो र भन्यो– "अल्लाहले मलाई १० वटा सन्तान दिनुभएको छ, तर मैले अहिलेसम्म एउटालाई पनि म्वाइँ खाएको छैन। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले जवाफ दिनुभयो– "जसले अरुलाई माया गर्दैन, ऊलाई पनि कसैले माया गर्दैन ।" (मुस्लिम : २३१८)



- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले एक दिन आफ्नी नातिनी; उमामा पुत्रि जैनबलाई बोकेर सलाह पढाउनु भयो । सज्दा गर्दा भुइँमा राख्नु हुन्थ्यो र उभिदा बोक्नु हुन्थ्यो ।" (बुखारी : ४९४, मुस्लिम : ५४३)
- उहाँले सलाह पढाउने क्रममा कुनै बच्चाको रुने-कराउने आवाज सुन्नु हुन्थ्यो भने सलाह छिटो-छिटो गरी पूरा गर्नु हुन्थ्यो । अबु-कतादह (रजियल्लाहु अन्हु) ले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को भनाईलाई उध्रित गर्दै भन्नुभएको छ, उहाँले भन्नु भयो– "म यता सलाहलाई अलि लामो गर्ने सोचमा हुन्छु, उता बच्चाको रुने आवाज आउँछ, उसकी आमालाई अप्ठ्यारो नहोस् भनेर म अलि छिटो-छिटो सलाह पूरा गर्छु ।" (बुखारी : ६७५, मुस्लिम : ४७०)

### महिलाहरूसँगको माया–

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले छोरीहरूको राम्रो रेखदेख र भद्र व्यवहार गर्न प्रेरित गर्नुभएको छ, उहाँले भन्नुभएको छ– "जसले आफ्ना छोरीहरूलाई राम्रो तरिकाले हुर्काई, बढाई राम्रो जीवन व्यवस्था मिलाई दिन्छ, उसको लागि ती छोरीहरू नरकका बाधक बन्नेछन् ।" (बुखारी : ५६४९, मुस्लिम : २६२९)



इस्लाममा तपाईंको आचरण

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले श्रीमतीको हकहित र मर्मलाई बुझिदिन र उनीहरूमाथि विशेष ध्यान दिन आदेश दिनुभएको छ– "महिलाहरूसित राम्रो व्यवहार गर।" (बुखारी : १९१०)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले आफ्नो घरपरिवारको साथ गर्नुभएको माया पुरै संसारबासीको लागि एउटा अनुपम उदाहरण हो। उहाँ ऊँटको नजिक बसेर घुँडा थाप्नु हुन्थ्यो र उहाँकी श्रीमती सफिया (रजियल्लाहु अन्हा) उहाँको घुँडामाथि आफ्नो खुट्टा टेकेर ऊँटमाथि चढ्नु हुन्थ्यो।" (बुखारी : २१२०) जब उहाँकी प्यारी छोरी फातिमा (रजियल्लाहु अन्हा) उहाँलाई भेट्न आउने गर्थिन्, तब उनको हात थामेर चुम्नु हुन्थ्यो र आफू बसेको ठाउँमा बसाउनु हुन्थ्यो।" (अबु-दाऊद : ५२१७)

■ **दीनदु:खीहरूसँगको माया–**

- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले टुहुरो (यतीम) लाई पालन-पोषण गर्ने प्रेरणा दिनुभएको छ। उहाँले भन्नुभएको छ– "म र टुहुरोलाई पालन-पोषण गर्ने व्यक्ति स्वर्गमा यसरी सँगै रहनेछौं। उहाँले चोर औंला र बीचको औंलालाई फटाएर संकेत गर्नुभयो।" (बुखारी : ४९९८)
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले विधुवा र दीन-दु:खीहरूको हेरचाह गर्ने व्यक्तिलाई जिहाद (धर्म युद्ध) गर्ने, दिउँसो ब्रत बस्ने र राती सलाह पढ्ने व्यक्ति बराबरको स्थान दिनुभएको छ।" (बुखारी : ५६६१, मुस्लिम : २९८२)
- दीनदु:खीहरूमाथि दया गर्नु तथा उनीहरूको हक दिनुलाई रोजीमा अभिवृद्धि र शत्रुमाथि विजय प्राप्तिको कारण घोषित गर्दै भन्नुभएको छ– "मेरो लागि दीनदु:खीहरू खोजेर ल्याऊ, वास्तवमा तिमीहरू उनीहरूको कारणले विजयी हुनेछौ र रोजी पाइरहेका छौ।" (अबु-दाऊद : २५९४)



> रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले विधुवा र दीन-दु:खीहरूको हेरचाह गर्ने व्यक्तिलाई जिहाद (धर्म युद्ध) गर्ने व्यक्ति बराबरको स्थान दिनुभएको छ।



> रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले एउटा चरालाई आफ्नो बच्चाको वियोगमा यता-उता खोज्दै उदास हेर्नु भयो अनि भन्नु भयो– "कसले यो चराको बच्चालाई खोसेको छ ? उसको बच्चालाई फिर्ता गरि देऊ।"



■ **जनावरहरूसितको माया–**

- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले जनावरहरूसित दया गर्न, तिनीहरूको शक्ति भन्दा बढी भारी नबोकाउन तथा दु:ख नदिन आदेश दिनुभएको छ। उहाँले भन्नुभएको छ– "अल्लाहले हरेक कुराहरूमा सदव्यवहार गर्न आदेश दिनुभएको छ। यदि तिमी मृत्युदण्ड दिन्छौ भने त्यसमा सदव्यवहार गर, यदि जनावरहरू जबह गर्छौ भने सदव्यवहार गर र आफ्नो छुरीलाई धारिलो पार, ताकि जनावरलाई बढी पीडा नहोस्।" (मुस्लिम : १९५५)
- एकजना सहाबीले कमिलाको बस्ती खरानी भएको देखेर सोध्नु भयो– "कसले यसलाई आगो लगाएर खरानी बनायो ?" उनीहरूले जवाफ दिए– "हामीले नै त्यस्तो गर्यौं" फेरि उहाँले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को भनाईलाई उध्रित गर्दै भन्नु भयो– "हामीले आगोद्वारा कसैलाई यातना दिनु हुँदैन, किनकि यो अल्लाहको लागि मात्र खास हो।" (अबु-दाऊद : २६७५)

## न्याय-निसाफ–

- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) अत्यन्तै न्यायी हुनुहुन्थ्यो। अल्लाहको आदेश अनुसार आफ्नो-बिरानो हरेकसँग न्याय-निसाफ गर्नु हुन्थ्यो। अल्लाहले भन्नुभएको छ– "हे आस्थावानहरू हो ! निसाफ कायम गर्नेवाला र अल्लाहका लागि साक्षी बक्नेवाला बन, यद्यपि त्यो स्वयम् तिमीहरू, तिम्रा आमा-बाबु वा नातेदारहरूकै विरुद्धमा किन नहोस्।" (कुरआन : ४/१३५)
- केही सहाबीहरूले चोरीको अपराधमा समातिएकी एउटी प्रतिष्ठित महिलाको बारेमा रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित सिफारिस गर्दै भने, 'उनीमाथि हद (दण्ड) कायम नगर्नुहोस्' यो सुनेर उहाँले जवाफ दिनुभयो– "अल्लाहको कसम जसको हातमा मेरो प्राण छ ! यदि मेरी छोरी फातिमाले चोरी गरेकी भए, म उसको पनि हात काटिदिन्थेँ।" (बुखारी : ४०५३, मुस्लिम : १६८८)
- जुन बेला ब्याज अवैध भयो, उहाँले सर्वप्रथम आफ्नै काका (अब्बास) लाई ब्याजको कारोबारबाट मनाही गर्नुभयो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भयो– "आजदेखि ब्याजको कारोबार अवैध छ र सर्वप्रथम म अब्बासका सम्पूर्ण अवैध कारोबारलाई रद्द गर्दछु।" (मुस्लिम : १२१८)
- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले विश्वकै समुदायको सभ्यता र उत्थानको मापदण्ड पारित गर्दै यसरी भन्नुभएको छ– "जबसम्म गरीबहरू धनीहरूबाट नडराइकन आफ्नो हक अधिकार असुल्दैन, तबसम्म कुनै पनि राष्ट्रको विकास र उत्थान सम्भव छैन।" (इब्ने माजा : २४२६)



> रसूल (सल्लल्लाहु अलैहि व सल्लम) आफ्नो-बिरानो सँग एकैनास न्याय-निसाफ गर्नु हुन्थयो।



## परोपकार र दया–

- रसूल (सल्लल्लाहु अलैहि व सल्लम) पुण्यको कार्यमा सधैं अग्रसर हुनुहुन्थ्यो। विशेष गरी रमजान महिनामा जुन बेला जिब्रील (अलैहिस्सलाम) सित भेट्नु हुन्थ्यो। उहाँ जिब्रील (अलैहिस्सलाम) सित रमजानको प्रत्येक रात भेट्नु हुन्थ्यो र उहाँलाई कुरआन सुनाउनु हुन्थ्यो। जुन बेला जिब्रील (अलैहिस्सलाम) भेट्नु हुन्थ्यो त्यस बेला गतिशील हावा भन्दा पनि बढी पुण्य गर्न तल्लीन हुनुहुन्थ्यो।" (बुखारी : १८०३६, मुस्लिम : २३०८)
- उहाँले भिक्षुलाई कहिल्यै पनि खाली हात फर्काउनु भएन। उहाँले एकजनालाई दुवै पर्वतको बीचमा रहेका सम्पूर्ण भेंडा-बाख्रा दान गर्नुभयो। त्यो व्यक्तिले आफ्नो समुदायमा गएर सबैलाई यसरी इस्लामको निमन्त्रणा दियो– हे मेरा साथीभाइहरू हो, इस्लाम ग्रहण गर, मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) एकदम ठूलो दानी हुनुहुन्छ। कहिल्यै समाप्त न हुने धन-सम्पत्ति दिनुहुन्छ।" (मुस्लिम : २३१२)
- बाहिर कतैबाट ८० हजार दिरहम (चाँदीको सिक्का) प्राप्त भयो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले त्यसलाई गुन्द्रीमा राखेर केही क्षणमै माग्नेहरूमा बाँडि दिनुभयो। कुनैपनि भिक्षुलाई खाली हात फर्काउनु भएन।" (हाकिम : ५४२३)

- एकजना आएर उहाँसित केही माग्यो । उहाँले भन्नु भयो– "मसँग त अहिले केही पनि छैन, तै पनि तिमी आफ्नो आवश्यक समान मेरो नाममा किन, म पछि चुक्ता गरुँला" यो सुनेर उमर (रजियल्लाहु अन्हु) ले भन्नु भयो– "जुन कुरा तपाईंसँग छैन, त्यसलाई गर्नु पर्ने अल्लाहले आदेश दिनुभएको छैन" तर उहाँलाई यो कुरा मन परेन र मगन्तेले भन्यो– "नडराइकन खुब खर्च गर्नुहोस्, सिंहासनमाथि रहेको अल्लाहले बढी दिनु हुनेछ" यो सुनेर रसूल (सल्लल्लाहु अलैहि व सल्लम) मुसुक्क हाँस्नु भयो र उहाँको अनुहार खुशीले गदगद भयो ।" (अहादीस मुख्तारह : ८८)
- हुनैन युद्ध (गज्वा हुनैन) बाट जब रसूल (सल्लल्लाहु अलैहि व सल्लम) फर्कनु भयो, त्यस बेला गाउँले र नयाँ मुस्लिमहरू आएर युद्धबाट बरामद धन-सम्पत्ति माग्न थाले । यथाशीघ्र उनीहरूको ठूलो भेला जम्मा भयो र रसूल (सल्लल्लाहु अलैहि व सल्लम) एउटा रुखमा अडेस लिन बाध्य हुनु भयो र उहाँको खास्टो भुइँमा झर्यो । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भीडलाई सम्बोधन गर्दै भन्नु भयो– "मेरो खास्टो देऊ, यदि मसँग यी रुखहरू बराबर धन-सम्पत्ति भएको भए म त्यसलाई तिमीहरूमा नै बाँडीदिने थिएँ अनि तिमीहरूले मलाई कन्जुस, झूठो र कायर पाउने थिएनौ ।" (बुखारी : २९७९)

यसरी रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले जीवनको सम्पूर्ण क्षेत्रहरूमा उच्च आचरण र स्वभावका उत्कृष्ट एवम् अतुलनीय उदाहरणहरू प्रस्तुत गर्नुभएको छ ।





# तपाईको नयाँ जीवन



# १२

इस्लाममा प्रवेश गरेको क्षण मानिसको जीवनको सबैभन्दा महत्वपूर्ण क्षण हुन्छ । निश्चय नै, यो उसको वास्तविक जन्म हो, जसलाई उसले आफ्नो अस्तित्वको बारेमा थाहा पाएपछि हासिल गरेको छ । अब इस्लामको महान विधान र आदेश अनुसार कसरी जीवन यापन गर्न सकिन्छ ?

अध्याय सूची


इस्लाममा कसरी प्रवेश गर्न सकिन्छ ?

तौबा (प्रायश्चित)

तौबा र पथप्रदर्शनको कृतज्ञता

इस्लामतिर आह्वान

- आह्वानको महत्व
- प्रभावकारी आह्वानका गुणहरू
- घरपरिवारलाई आह्वान

तपाईंको घरपरिवार र छरछिमेक

- बाल-बालिकाहरूको इस्लाम

इस्लामपछिको नाम परिवर्तन

प्राकृतिक तरिकाहरु (सुननुल-फित्रह)

# > इस्लाममा कसरी प्रवेश गर्न सकिन्छ ?

मानिस कलिमा (दुवै गवाहीहरू) भनेर इस्लाममा प्रवेश गर्न सक्छ । अर्थात यसलाई हृदयदेखि मानेर, मुखले घोषणा गरेर र त्यसै बमोजिम कर्म गरेर जो कोही पनि मुस्लिम बन्न सक्छ ।

## दुवै गवाहीहरू निम्न छन्–

१ 'अश्हदु अल्ला इलाह इल्लल्लाह' (म गवाही दिन्छु, अल्लाह बाहेक अरु कोही सत्य उपास्य छैन, म उहाँको साथमा कसैलाई साझेदार नगरि उहाँकै उपासना गर्छु) ।

२ 'व अश्हदु अन्न मुहम्मदर् रसूलुल्लाह' (म गवाही दिन्छु, मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम समस्त संसारका लागि अल्लाहका सन्देष्टा हुन्, उहाँको पूर्ण अनुसरण गर्नेछु र उहाँको विधि-विधान अनुसार अल्लाहको उपासना गर्नेछु) । (यस बारे अधिक जानकारीको लागि अध्याय एक पृष्ठ न० ४६-५४ हेर्नुहोस्)

### नयाँ मुस्लिमको स्नान–

इस्लाममा प्रवेश गरेको क्षण मानिसको जीवनको सबैभन्दा महत्वपूर्ण पल हुन्छ । निश्चय नै, यो उसको लागि एउटा नयाँ र वास्तविक जीवन हो । जसलाई उसले आफ्नो अस्तित्वको बारेमा थाहा पाएपछि हासिल गरेको छ । त्यसैले इस्लाममा प्रवेश गरिसकेपछि नुहाउनु पर्छ । जसरी उसले आफ्नो आत्मालाई शिर्क र पापबाट पवित्र गरेको छ, त्यसरी नै आफ्नो शरीरलाई नुहाएर सफा-सुग्घर गर्नु बेस हुन्छ ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले अरबका एकजना सरदारलाई, जब उसले इस्लाम ग्रहण गर्ने इच्छा व्यक्त गर्यो, तब नुहाउने आदेश दिनुभयो । (बैहकी : ८३७)



## > तौबा (प्रायश्चित)

तौबाको अर्थ– अल्लाहतिर फर्केर आउनुलाई तौबा (प्रायश्चित) भनिन्छ। जसले पनि आफ्नो पाप र कुफ्रको लंकालाई छोडेर साँचो मनले अल्लाहतिर फर्केर आँउछ उसले तौबा गर्यो भन्ने बुझिन्छ।

एउटा मानिसलाई जीवनको पाईला-पाईलामा तौबा र माफीको आवश्यकता पर्दछ, किनभने मानिसबाट गल्ती हुन्छ, जहिले पनि गल्ती भयो भने अल्लाहसित माफी माग्नु र तौबा गर्नुपर्छ।

### प्रभावकारी तौबाका शर्तहरू–

शिर्क, कुफ्र र अन्य पापहरूबाट तौबा (प्रायश्चित) गर्न केही शर्तहरू आवश्यक छन्, ती यस प्रकार रहेका छन्–

### १ पापलाई पूर्ण रुपमा छोड्नु–

लगातार पाप गरिरहनुले तौबा मान्य हुँदैन। त्यसैले समस्त पापलाई पूर्ण रुपमा छोड्नु पर्दछ। यदि अन्जानमा फेरि केही गल्ती वा पाप गरियो भने पहिलेको तौबा भङ्ग हुँदैन तर तौबाको नवीकरण गर्नुपर्दछ।



## २ पुरानो पापमाथि पछुतो गर्नु–

तौबाको कल्पना त्यो व्यक्तिसित मात्र गर्न सकिन्छ, जसलाई आफूले गरेको पापमाथि पछुतो हुन्छ, तर जो कोही अरुसित आफ्नो पापको बखान गर्दै हिंड्छ वास्तवमा उसले पछुतो गरेको छैन। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "पछुतो गर्नु र लज्जित हुनु तौबा हो।" (इब्ने माजा : ४२५२)

## ३ आइन्दा नगर्ने दृढ संकल्प गर्नु–

तौबापछि पनि पापको दुनियाँमा फर्कने नीयत छ भने तौबा स्वीकृत हुँदैन।

### दृढ संकल्पलाई साकार पार्ने पाइलाहरू–

- जस्तो सुकै परिस्थिति र बाध्यता भए पनि पापको दुनियाँमा कहिल्यै पनि फर्किन्न दृढ संकल्प लिनु पर्छ। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जो व्यक्तिमा यी तीनवटा गुणहरू



> जसरी आगोमा होमिनुलाई घृणा गर्छ त्यसरी नै कुफ्रको दुनियाँमा फर्किनुलाई घृणा गर्छ भने ईमानको मिठास प्राप्त हुन्छ।

पाइन्छन् भने त्यसले ईमानको मिठास पायो; त्यसमध्ये एउटा व्यक्ति त्यो हो जो फेरि कुफ्र (पुरानो धर्म) मा फर्कन त्यसरी घृणा गर्छ जसरी आगोमा होमिनु।" (बुखारी : २१, मुस्लिम : ४३)

- पापको अवसर दिने र ईमानलाई कमजोर पार्ने व्यक्ति र ठाउँदेखि टाढा बस्नु पर्दछ।
- इस्लाममाथि मृत्युसम्म कायम रहन अल्लाहसित बढी दुआ गर्नुपर्छ, चाहे जुनसुकै भाषामा किन नहोस्। तीमध्ये कुरआन र हदीसका केही दुआहरू यस प्रकार रहेका छन्–
  - (रब्बना ला तुजिग् कुलूबना बा'द इज् हदैतना)
    अर्थ : "हे अल्लाह ! सत्य मार्ग देखाएपछि कुबाटोतिर नमोड।" (कुरआन : ३/८)
  - (या मुकल्लिबल् कूलूब ! सब्बित कल्बी अला दीनक्)

अर्थ : "हे हृदयलाई फेर्नेवाला ! मेरो मनलाई आफ्नो धर्ममाथि स्थिर गरि देऊ।" (तिर्मिजी : २१४०)

## तौबापछि के गर्नुपर्छ ?

जुन बेला मानिसले स्वच्छ मनले तौबा गर्छ, अल्लाहले उसका सम्पूर्ण पापहरूलाई पखालि दिनुहुन्छ, चाहे त्यो जतिसुकै ठूलो पाप किन नहोस्, किनकि उहाँको करुणा र दयाले हरेक वस्तुलाई घेरेको छ। अल्लाहले भन्नुभएको छ– "हे मेरा भक्तहरू ! जसले आफूमाथि अन्याय गरेको छ अल्लाहको कृपादेखि निराश नहोऊ, निश्चय नै अल्लाहले सम्पूर्ण पापहरूलाई क्षमा गरि दिनु हुनेछ। उहाँ अत्यन्त क्षमाशील तथा करुणामय हुनुहुन्छ।" (कुरआन : ३९/५३)

साँचो तौबापछि एउटा मुस्लिम यसरी पापमुक्त हुन्छ, मानौं उसले कुनै पाप गरेको थिएन। बरु अल्लाहले उनीहरूमाथि एउटा अर्को उपकार गर्नुहुन्छ; त्यो के हो भने यिनीहरूका समस्त पापहरूलाई पुण्यमा परिणत गरिदिनुहुन्छ।

अल्लाहले भन्नुभएको छ– "तर जसले प्रायश्चित गर्यो, ईमान ल्यायो र सत्कर्म गर्यो भने अल्लाहले उनीहरूका पापलाई पुण्यमा परिणत गरिदिनुहुन्छ। निश्चय नै उहाँ अत्यन्त क्षमाशील एवम् परम दयालु हुनुहुन्छ।" (कुरआन : २५/७०)

जसले यस्तो सुवर्ण अवसर पाएको छ, उसले आफ्नो तौबालाई जसरी भएपनि शैतानको जालबाट सुरक्षित राख्न सचेत हुनुपर्दछ, चाहे त्यसको लागि जतिसुकै ठूलो मूल्य चुकाउनु परोस्।

## ईमानको मिठास–

जसको मनमा अल्लाह र रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को जति माया र आदर हुन्छ, उसले त्यत्ति नै अल्लाहका सच्चा भक्तहरूलाई माया र आदर गर्दछ । जसरी आगोमा होमिनुलाई घृणा गर्छ, त्यसरी कुफ्र, शिर्क र पापको दुनियाँमा फर्कनुलाई घृणा गर्छ भने उसले ईमानको मिठास प्राप्त गर्यो । उसले आफूलाई अल्लाहदेखि नजिक पाउनेछ । अल्लाहको आदेश र पथप्रदर्शनको वरदानबाट मन सन्तुष्ट र आनन्दित हुनेछ ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– “जो व्यक्तिमा यी तीनवटा गुणहरू पाइन्छन् भने त्यसले ईमानको मिठास पायो । अल्लाह र उहाँको रसूलसित सबैभन्दा बढी माया गर्छ, अल्लाहकै लागि कसैसित माया गर्छ र कुफ्रबाट निस्केपछि फेरि त्यसमा जानु आगोमा होमिनु जस्तै घृणा गर्छ ।” (बुखारी : २१, मुस्लिम : ४३)



## > तौबा र पथप्रदर्शनको कृतज्ञता

प्रायश्चित र इस्लामको वरदान पाएकोमा निम्न तरिकाले कृतज्ञता व्यक्त गर्न सकिन्छ–



### १ इस्लाममाथि कायम रहनु र यसमा आउने कष्टहरूमाथि धैर्य गर्नु–

जो कोही एउटा बहुमूल्य खजानाको मालिक भयो भने उसले आफ्नो धनराशिलाई चोर, डाँका र हिनामिनाबाट सुरक्षित राख्न सचेत हुन्छ। इस्लाम समस्त मानवजातिको लागि अमूल्य वरदान हो । यो कुनै विचारधारा र मानिसको व्यक्तिगत रुचि मात्र होइन, यो त ईश्वरको साँचो धर्म तथा सम्पूर्ण जीवन व्यवस्था हो । यसले हाम्रो जीवनका सम्पूर्ण क्रियाकलापहरूलाई सन्तुलित गर्छ । त्यसैले अल्लाहले आफ्नो प्रिय सन्देष्टालाई इस्लाम र कुरआनलाई बल पूर्वक थामि राख्न र यसमा कुनै सम्झौता नगर्न आदेश दिनुभएको छ । अल्लाहले भन्नुभएको छ– "तिमीलाई जुन कुरआन प्रदान गरिएको छ त्यसलाई दृढताका साथ समात, निश्चय नै तिमी सीधा मार्गमा छौ।" (कुरआन : ४३/४३)

इस्लामपछि दु:ख र कष्ट हुन्छ भने आत्तिनु हुँदैन, किनभने यो अल्लाहको नियम हो । हामी भन्दा उत्कृष्ट व्यक्तिहरूले इस्लामको बाटोमा धेरै दु:ख पाए तर उनीहरूले धैर्य राखे र प्रयास गर्दै गरे । हेर्नुहोस्, यी अल्लाहका सन्देष्टा र खास भक्तहरू हुन् । उनीहरूले शत्रु भन्दा पहिले आफ्नै घरपरिवार र नातेदारहरूबाट अनेकौं प्रकारका कष्टहरू पाए, तर उनीहरू हरेस खाएर कहिल्यै पनि आफ्नो जिम्मेवारीबाट विमुख भएनन्, बरु चट्टान झैं इस्लाममाथि कायम रहे। हो साथीहरू ! यो हाम्रो ईमानको जाँच हो, यसमा हामीले पूर्ण रुपमा सफलता प्राप्त गर्नुपर्छ र सफलताको लागि निम्न दुआ पनि गर्नुपर्छ– (या मुकल्लिबल कूलूब ! सब्बित कल्बी अला दीनक) अर्थ : हे हृदयलाई फेर्नेवाला, मेरो मनलाई आफ्नो धर्ममाथि स्थिर गरि देऊ।" (तिर्मिजी : २१४०)

यस सन्दर्भमा अल्लाहले भन्नुभएको छ– "के मानिसहरू ईमान ल्याए भन्दैमा उनीहरूलाई परीक्षा नलिइकन त्यतिकै छोडिनेछ भन्ने ठानेका छन् ? वास्तवमा, हामीले यिनीहरू भन्दा पहिलेका मानिसहरूलाई कठिन परीक्षा लिइसकेका छौं। अनि को सत्यवादी हो र को मिथ्यावादी अल्लाहले अवश्य नै चिन्नु हुनेछ।" (कुरआन : २९/२-३)

२ बुद्धि र प्रभावकारी उपदेशद्वारा इस्लामतिर आह्वान गर्नु–

इस्लाम पाएकोमा अल्लाहको प्रशंसा व्यक्त गर्न र दृढताका साथ यसमाथि कायम रहन इस्लामको आह्वानले मद्दत पुर्याउँछ। मानौं, कुनै व्यक्तिलाई भयानक रोगले निकै सतायो, रोगी बनायो, दिनरातलाई व्यर्थ बनायो, यस्तो रोगबाट स्वास्थ्यलाभको सही ओखती पत्ता लगायो भने ऊ त्यसलाई अरु मानिसहरूसम्म पुर्याउन आतुर हुन्छ, विशेष गरी आफ्नो घरपरिवार, नातेदार र हितैषीलाई। यसको विवरण यस प्रकार छ–

## > इस्लामतिर आह्वान

### आह्वानको महत्व–

इस्लामतिर आह्वान गर्नु उत्कृष्ट सत्कर्म हो। कुरआन र हदीसका पृष्ठहरू यसको महत्वले ओतप्रोत छन्, तीमध्ये केही यस प्रकार रहेका छन्–

१ इस्लामतिर आह्वान गर्नु लोक-परलोक दुवै जीवनको सफलताको बाटो हो। अल्लाहले भन्नुभएको छ– "तिमीहरूमध्ये एउटा यस्तो समूह हुनुपर्छ, जसले इस्लामतिर आह्वान गरुन्, सत्कर्मको आदेश र कुकर्मबाट मनाही गरुन्। याद राख, यिनीहरू नै सफल हुने छन्।" (कुरआन : ३/१०४)

२ मार्गदर्शकको कुरा सबैभन्दा उत्तम र प्रिय छ। अल्लाहले भन्नुभएको छ– "त्यस व्यक्तिको कुरा भन्दा उत्तम कुरा अरु कसको हुन सक्छ, जसले अल्लाहको मार्गतिर आह्वान गर्छ, सत्कर्म गर्छ र भन्छ– "म मुस्लिम (अल्लाहको आज्ञाकारी भक्त) हुँ।" (कुरआन : ४१/३३)

त्यसैले सिङ्गो संसारमै मार्गदर्शकको कुरा भन्दा उत्तम कुरा अरु कसैको हुनै सक्दैन, किनकि उसले मानिसलाई मानिसको गुलामीबाट मुक्ति प्रदान गर्दछ र असल मालिकको दरबारमा ल्याउने प्रयास गर्दछ। शिर्क र कुफ्रको अँध्यारोबाट निकालेर ईमान र तौहीदको उज्यालोमा ल्याउने सीधा मार्गदर्शन गर्दछ।

३ इस्लामतिर आह्वान गर्नु उहाँको आदेशको अनुसरण हो। अल्लाहले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई सम्बोधन गर्दै भन्नुभएको छ– "हे सन्देष्टा, अल्लाहको मार्गतिर बुद्धि र प्रभावकारी उपदेशद्वारा आह्वान गर र उनीहरूसँग राम्रो तरिकाले तर्क वितर्क गर।" (कुरआन : १६/१२५)

मार्गदर्शकले बुद्धि र प्रभावकारी उपदेशद्वारा इस्लामतिर आह्वान र उनीहरूसँग तर्क वितर्क

गर्नुपर्दछ। उनीहरूको स्थितिको जानकारी, कुन कुरा उनीहरूका लागि उचित छ/छैन ध्यान दिनु पर्दछ र सुमधुरताका साथ सम्झाउनु पर्छ।

४ यो समस्त सन्देष्टाहरूको कर्तव्य थियो र उनीहरूका सरदार मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) हुनुहुन्छ । अल्लाहले उहाँलाई सिङ्गो संसारमाथि गवाह, आस्थावानलाई स्वर्गको शुभ सूचना दिन, काफिर (अवज्ञाकारी) हरूलाई नरकको आगोबाट सचेत गर्न र अल्लाहको मार्गतिर आह्वान गर्न प्रकाशमान दीप बनाएर पठाउनु भएको थियो।

अल्लाहले भन्नुभएको छ– "हे सन्देष्टा, हामीले तिमीलाई समस्त संसार बासीका लागि गवाह, आस्थावानलाई स्वर्गको शुभ सूचना दिन, गैर-मुस्लिम तथा काफिर (अवज्ञाकारी) हरूलाई नरकको आगोबाट सचेत गर्न र अल्लाहको मार्गतिर आह्वान गर्न प्रकाशमान दीप बनाएर पठाएका छौं । आस्थावानहरूलाई अल्लाहको तर्फबाट ठूलो वरदानको शुभ सूचना देऊ।" (कुरआन : ३३/ ४५-४७)

५ यो कहिल्यै समाप्त नहुने पुण्यको सागर हो । जो कोही तपाईंको आह्वानले इस्लाम ग्रहण गर्छ भने तपाईंको लागि उसको जतिकै सलाह, उपासना र अन्य कर्मको पुण्य हुनेछ।


रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "जसले इस्लामको निमन्त्रणा दिन्छ, उसलाई पनि इस्लाममा आउने व्यक्ति जति नै पुण्य प्राप्त हुनेछ, तर कसैको पुण्यमा केही कमी हुने छैन।" (मुस्लिम : २६७४)

६ मार्गदर्शकको पुण्य अल्लाहले स्वयम् दिनु हुनेछ । अल्लाहले आफ्नो कृपाले कति दिनु हुन्छ यसलाई कोही पनि अनुमान गर्न सकदैन। अल्लाहले सन्देष्टाहरूको भनाईलाई उध्रित गर्दै भन्नुभएको छ– "यदि तिमीहरू विमुख हुन्छौ भने मैले तिमीहरूसित प्रतिदान मागेको छैन। मेरो प्रतिदान अल्लाहकहाँ रहेको छ र मलाई मुस्लिम (आज्ञाकारी) बन्ने आदेश दिएको छ।" (कुरआन : १०/११२)

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "यदि तिम्रो प्रयासले एउटा मानिसलाई पनि सीधा मार्ग प्राप्त भयो भने यो तिम्रो लागि रातो (महँगो) ऊँट भन्दा उत्तम छ।" (बुखारी : २८७४, मुस्लिम : २४०६)

## प्रभावकारी आह्वानका गुणहरू–

अल्लाहले प्रभावकारी आह्वानका केही शर्तहरू बयान गर्नुभएको छ, तीमध्ये केही निम्नलिखित छन्–



१ विवेक र परिज्ञान–

मार्गदर्शकले जुन कुरातिर आह्वान गरिरहेको छ त्यसको बारेमा पूर्ण ज्ञान हुनुपर्छ र कोसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने ज्ञान हुनुपर्छ। अल्लाहले भन्नुभएको छ– "भनिदेऊ, मेरो मार्ग यही हो। म र मेरा अनुयायीहरू पूर्ण ज्ञान र चेतनशीलताका साथ अल्लाहतर्फ आह्वान गर्दछौं।" (कुरआन : १२/१०८) अल्लाहले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई सम्बोधन गरेर हामीलाई पाठ सिकाउनु भएको छ कि पूर्ण ज्ञान र चेतनशीलताका साथ नै इस्लामतिर आह्वान गर्नुपर्छ।

ज्ञानको अर्थ यो पनि होइन कि सिङ्गो इस्लाम नसिकुन्जेल इस्लामतिर आह्वान गर्नु हुँदैन। बरु तपाईंसँग जति ज्ञान छ, यहाँसम्म कि कुरआनको एक आयतको पनि ज्ञान छ भने त्यसतिर आह्वान गर्नुपर्छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "इस्लामको प्रचार-प्रसार गर, चाहे इस्लामको एउटा मात्र कुरा किन नै होस्।" (बुखारी : ३२७४)

यसरी सहाबीहरू इस्लाम ल्याउने गर्थे अनि थोरै दिनमा इस्लामका आधारभूत कुराहरू सिकेर आफ्नो समुदायमा फर्केर मानिसहरूलाई इस्लामतिर आह्वान गर्थे र इस्लाम आत्मसात गर्न प्रेरित गर्दथे। उनीहरूको आचरण र मिठो बोलीले मानिसहरू प्रभावित भएर खुरूखुरू इस्लामलाई आत्मसात गर्थे।

२ बुद्धि र प्रभावकारी उपदेश–

अल्लाहले भन्नुभएको छ– "हे सन्देष्टा, अल्लाहको मार्गतिर बुद्धि र प्रभावकारी उपदेशद्वारा आह्वान गर र उनीहरूसँग राम्रो तरिकाले तर्क वितर्क गर।" (कुरआन : १६/१२५) अर्थात बुद्धि पुर्‍याएर स्थिति र स्थान अनुसार इस्लामतिर आह्वान गर्नुपर्दछ।

मानिसहरूको बिचार, सोच्ने र बुझ्ने शक्ति अलग-अलग हुन्छ। मार्गदर्शकले मौका अनुसार उपयुक्त साधन अपनाउनु पर्छ र समयको सदुपयोग उसको लागि अत्यन्तै प्रभावकारी हुन्छ।

निमन्त्रित व्यक्तिहरूलाई प्रभावकारी उपदेश दिनुका साथ नम्र व्यवहार, शान्त वातावरणमा तर्क वितर्क, उनीहरूको चित्त नदुखाइकन र रिसलाई उत्तेजित नगरिकन इस्लामतिर आह्वान गर्नुपर्छ। अल्लाहको यसै वरदानले गर्दा रसूल (सल्लल्लाहु अलैहि व सल्लम) मानिसहरूका साथ अत्यन्त विनम्र हुनुहुन्थ्यो। यदि कठोर र निर्दयी भएको भए मानिसहरू उहाँदेखि टाढा हुन्थे।

अल्लाहले भन्नुभएको छ– "हे मुहम्मद, तिमीले अल्लाहको अपार कृपाले नै उनीहरूप्रति उदार गरेका छौ। यदि तिमी क्रुर एवम् कठोर हृदयी भएको भए यिनीहरू तिम्रो वरिपरिबाट तितर-बितर हुने थिए।" (कुरआन : ३/१५९)



## घरपरिवारलाई आह्वान–

अल्लाहले जसलाई इस्लाममा प्रवेश गर्न सुवर्ण अवसर प्रदान गर्नुभएको छ, उसले आफ्नो घरपरिवार तथा नातेदारहरूलाई इस्लामतिर आह्वान गर्नुपर्छ, किनभने उनीहरू उसका नजिक र प्यारा व्यक्तिहरू हुन् । आह्वानको क्रममा उनीहरूबाट पाएको कष्टमाथि धैर्य गर्दै चाहिने सबै साधनहरूलाई समय र स्थान अनुसार बुद्धि पुर्याएर प्रयोग गर्नुपर्छ । अल्लाहले भन्नुभएको छ– “आफ्नो घरपरिवारलाई सलाहको आदेश देऊ र त्यसमा अडिग होऊ ।” (कुरआन : २०/१३२)

कतिपय मार्गदर्शकहरूको आह्वानले आफन्तहरू इस्लाम स्वीकार गर्दैनन्, तर टाढाका व्यक्तिहरू स्वीकार गर्छन् जसले गर्दा ऊ निराश हुन्छ, तर प्रभावकारी मार्गदर्शक त्यो हो, जुन सम्पूर्ण सामग्रीहरूलाई प्रयोगमा ल्याएर नयाँ-नयाँ तरिका अपनाएर उनीहरूको पथप्रदर्शनको लागि प्रयासरत हुन्छ, उनीहरूको मार्गदर्शनको लागि अल्लाहसित प्रार्थना गर्छ र कठिन भन्दा कठिन परिस्थितिमा पनि हरेस खाँदैन ।

जसरी रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले आफ्नो काका अबु-तालिबलाई इस्लामतिर आह्वान गर्दा हरेस खानु भएन । जसले उहाँको



मद्दत गर्नु हुन्थ्यो र कुरेशको सामु हरेक जटिल परिस्थितिमा सघाउनु हुन्थ्यो, तर इस्लाम ल्याउनु भएन । के रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले हार मान्नु भयो ? किन हार मान्नु ? उहाँ काकाको जीवनको अन्तिम क्षणसम्म प्रयासरत रहनु भयो । उहाँले भन्नु भयो– "ए काका, एक चोटि (ला इलाहा इलल्लाह) भनि दिनुस् म तपाईंको लागि यसलाई प्रमाण बनाउँछु ।" (बुखारी : ३६७१, मुस्लिम : २४) तर उहाँले भतिजाको आह्वानलाई स्वीकार गर्नु भएन र कुफ्रको अवस्थामा नै मर्नु भयो ।

त्यसपछि अल्लाहले यो श्लोक अवतरण गर्नुभयो– "हे मुहम्मद, तिमीले जसलाई माया गर्छौ त्यसलाई सत्य मार्गमा डोर्याउन सक्दैनौ । तर अल्लाहले जसलाई चाहनुहुन्छ, सत्य मार्गमा डोर्याउनु हुन्छ । उहाँ सत्य मार्ग ग्रहण गर्नेहरूलाई राम्ररी चिन्नु हुन्छ ।" (कुरआन : २८/५६)



मार्गदर्शकले इस्लामको आह्वानमा बुद्धि पुर्याएर सकेसम्म प्रयास गर्नुपर्छ । तर हृदयको ताल्चा अल्लाहको हातमा छ, जसलाई चाहनुहुन्छ, सत्य मार्गमा डोर्याउनु हुन्छ ।

नयाँ मुस्लिमले इस्लाममा पाईला टेकेको दिनदेखि नै मुस्लिम, गैर-मुस्लिम, परिचित-अपरिचित, नातेदार, नजिकका वा टाढाका व्यक्तिहरूसित भद्र व्यवहार गर्नुपर्छ र आफ्नो सम्बन्ध गाढा बनाउनु पर्छ । किनभने इस्लामले कहिल्यै पनि साथीभाइ सबैबाट अलग भएर एक्लै बस्न भन्दैन ।

मानिसहरूसित परोपकार, उच्च व्यवहार र सदभाव नै इस्लामको असल परिचय र आह्वान हो । यसैलाई पूर्णता दिन अल्लाहले रसूल (सल्लल्लाहु अलैहि व सल्लम) लाई सन्देष्टा बनाएर पठाउनु भएको थियो ।

उच्च स्वभाव र आदर्श व्यवहारलाई कार्यान्वयन गर्न घरपरिवार नै पहिलो खुड्किलो हो । (पृष्ठ न०: २४५ हेर्नुहोस्)

**कुन अवस्थामा काफिरका बाल-बालिकाहरूलाई मुस्लिम भन्न सकिन्छ ?**





## बाल-बालिकाहरुको इस्लाम-

सम्पूर्ण मानिसहरुको सृष्टि प्रकृति र इस्लाममाथि नै हुन्छ। अन्य धर्महरु वातावरण, अन्धविश्वास र आमाबुवाको शिक्षा-दिक्षाले पछि उत्पन्न भएको छ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भएको छ– "सम्पूर्ण नवजात शिशुहरुका सृष्टि प्रकृति अनुसार नै हुन्छ, तर आमाबुवाहरुले उनीहरुलाई यहूदी, क्रिस्चियन वा मजुसी (आगो पुज्ने) बनाईदिन्छन् ।" (श्रोत- बुखारी : १२९२, मुस्लिम : २६५८)

तर काफिरका मृतक बाल-बालिकाहरुसँग दुनियाँमा काफिर जस्तै मामिला गर्नुपर्छ । ती बाल-बालिकाहरु मुस्लिम हुन् वा होइनन् यसको ज्ञान अल्लाह बाहेक अरु कसैलाई पनि छैन । उहाँ कसैमाथि अन्याय गर्नु हुन्न । अल्लाहले ती बाल-बालिकाहरुलाई कयामतको दिन परीक्षा लिनु हुनेछ। सफल हुने बाल-बालिकाहरु स्वर्गमा जानेछन् भने असफल हुने बाल-बालिकाहरु नरकमा जानेछन् ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) सित काफिरका बाल-बालिकाहरुको बारेमा सोधिदा उहाँले भन्नु भएको छ– "अल्लाहले जुन बेला उनीहरुलाई सृष्टि गर्नु भयो, उनीहरुले के गर्नेछन् भन्ने कुरा उहाँलाई राम्ररी थाहा थियो ।" (बुखारी : १३१७)

## निम्न अवस्थामा बाल-बालिकाहरूलाई मुस्लिम भन्न सकिन्छ–

१ आमाबुबा दुवै वा कोही एकले इस्लाम ग्रहण गर्छन् भने उनीहरूको बाल-बालिकाहरूलाई मुस्लिम भन्न सकिन्छ।

२ आमाबुबाले इस्लाम स्वीकार नगरे पनि काफिरका नाबालक चेतनशील बाल-बालिकाहरूले इस्लाम ग्रहण गर्छन् भने उनीहरूलाई मुस्लिम भन्न सकिन्छ।

एउटा यहूदी बालक रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को घरमा काम गर्थ्यो। एक दिन ऊ बिरामी भयो। रसूल (सल्लल्लाहु अलैहि व सल्लम) उसलाई भेट्न र सन्चो बिसन्चो सोध्न उसको घर जानु भयो। उसको टाउकोको नजिक बसेर भन्नु भयो– "मुस्लिम बन" त्यो बालक आफ्नो बुवालाई हेर्न थाल्यो र उसको बुवाले जवाफ दियो– हेर बाबु, सक्छस् भने उहाँ (अबुल-कासिम) को कुरा मान, त्यसपछि उसले इस्लाम ग्रहण गर्यो। त्यहाँबाट रसूल (सल्लल्लाहु अलैहि व सल्लम), "अल्लाहको कृपा छ, जसले उसलाई नरकबाट जोगाई दिनुभयो भन्दै बाहिर निस्कनु भयो।" (बुखारी : १२९०)





के आमाबुबा दुवैले वा कोही एकले इस्लाम ग्रहण गर्यो ?

हो

उसको बालबच्चा मुस्लिम हो र त्यसमाथि इस्लामको हुकुम लाग्छ ।

होइन

के बाल-बालिकाले घरबाट अलग भएर इस्लाम ग्रहण गरेको छ ?

हो

यदि चेतनशील छ भने ऊ मुस्लिम हो र उसको इस्लामले परलोकमा नाफा पुर्याउनेछ भन्ने कुरामा मुस्लिम समुदायको सर्व सम्मति छ ।

होइन

काफिरका मृतक बाल-बालिकाहरूसँग दुनियाँमा काफिर जस्तै मामिला गर्नु । ती बाल-बालिकाहरू मुस्लिम हुन् वा होइनन् यसको ज्ञान अल्लाह बाहेक अरु कसैलाई पनि छैन । उहाँ कसैमाथि अन्याय गर्नु हुन्न । अल्लाहले ती बाल-बालिकाहरूलाई कयामतको दिन परीक्षा लिनु हुनेछ । सफल हुने बाल-बालिकाहरू स्वर्गमा जानेछन् भने असफल हुने बाल-बालिकाहरू नरकमा जानेछन् ।

# > के इस्लामपछि नाम परिवर्तन गर्नुपर्छ ?




इस्लामपछि नाम परिवर्तन गर्नु जरुरी छैन। पुरानो नामलाई निरन्तरता दिनु नै उचित हो, किनभने सहाबाहरूको युगमा नाम परिवर्तन गर्ने चलन थिएन । धेरैजसो मानिसहरू इस्लामपछि आफ्नो गैर-अरबी नाम नै बाँकी राखे। तर नामले गलत अर्थ बोकेको छ भने परिवर्तन गर्नुपर्छ।

## यी अवस्थाहरूमा नाम परिवर्तन गर्नुपर्छ–

१ यदि नामले ईमान विपरीत कुराहरू वा अल्लाह बाहेक अरु कसैको उपासना गरिरहेको कुरा छर्लङ्ग हुन्छ भने परिवर्तन गर्नुपर्छ,

जस्तै– अब्दुल-मसीह (इशुको भक्त) अब्दुन्नबी (नबीको भक्त) वा गलत अर्थ बोकेको छ, जस्तै– विष्णु, राम, शंकर आदि।

वा अल्लाहको खास नाम वा गुणको संज्ञा दिएको छ,

जस्तै– सम्पूर्ण मालिकहरूका मालिक, दाताहरूका दाता, राजाहरूका राजा आदि।

२ गलत अर्थ ओगटेका नामहरू, जसले गर्दा अरुले घृणा गर्छ।

अल्लाहले खानपिन तथा जीवनको सम्पूर्ण पक्षमा घृणात्मक कुराहरूलाई अवैध गर्नुभएको छ। त्यसैले गलत अर्थ ओगटेका नामहरू राख्नु हुँदैन। अल्लाहले भन्नुभएको छ– "ईमानपछि सीमा उल्लंघनकारीमा नाम कमाउनु निकृष्ट नाम हो।" (कुरआन : ४९/११)

के नामको अर्थ इस्लाम र आस्था विपरीत छ ?

हो → यसलाई अनिवार्य रुपमा परिवर्तन गर्नुपर्छ।

होइन ↓

के गैर-मुस्लिमहरूको कुनै धार्मिक पहिचान वा प्रतीकको रुपमा प्रसिद्ध नाम छ ?

हो → शंका निवारण र उनीहरूको समान हुनबाट जोगिनको लागि परिवर्तन गर्नु आवश्यक छ।

होइन ↓

गलत अर्थ भएको नाम त होइन, जसले गर्दा अरुले घृणा गर्छ ?

हो → राम्रो अर्थ लाग्ने सुन्दर इस्लामी नाम राख्नु मुस्तहब हो।

होइन → यदि पुरानो नामले कुनै गलत अर्थ प्रकट हुँदैन भने त्यसलाई परिवर्तन गर्नु पर्दैन, किनभने सहाबाहरूको युगमा नाम परिवर्तन गर्ने चलन थिएन। धेरैजसो मानिसहरू इस्लामपछि आफ्नो गैर-अरबी नाममा नै बाँकी रहे। बिना कारण पनि नाम परिवर्तन गर्न सकिन्छ, जस्तै– अब्दुल्लाह र अब्दुर्रहमान, राम्रो अर्थ बोकेको अरबी नाम राख्नु।

## नाम परिवर्तन गर्नु उत्तम हो–

अल्लाहले मन पराउने नामहरू, जस्तै– अब्दुल्लाह र अब्दुर्रहमान आदिको रूपमा आफ्नो नाम परिवर्तन गर्नु उत्तम हो। अल्लाहले यी नामहरूलाई धेरै मन पराउनु हुन्छ, तर इस्लाममा प्रवेशसित यसको कुनै सम्बन्ध छैन।

- सस्मरण रहोस् ! बिना कारण पनि नाम परिवर्तन गर्न सकिन्छ, जस्तै– राम्रो अर्थ बोकेको अरबी नाम राख्नु।

# > प्राकृतिक तरिकाहरू



> इस्लामले मुस्लिमलाई सुन्दर र चिटिक्क हुने प्रेरणा दिन्छ ।

## प्राकृतिक तरिकाहरू के के हुन् ?

प्राकृतिक तरिकाहरू (सुननुल-फित्रह) ती स्वभावहरू हुन्, जसमाथि अल्लाहले मानिसहरूलाई सृष्टि गर्नुभएको छ । यसले मुस्लिमहरूलाई राम्रो रुप, आकार, सौन्दर्य र पूर्णता प्रदान गर्दछ, किनकि इस्लामले सुन्दरता र रुपको रेखदेख पनि गर्छ । ताकि उसको बाहिर र भित्र दुवै पूर्ण होस् ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "यी पाँच प्राकृतिक कुराहरू हुन्; खतना गर्नु, गुप्ताङ्गका रौं खौरनु, जुँगा छोटो पार्नु, नङ्ग काट्नु र काखीका रौं उखेल्नु ।" (बुखारी : ५५५२, मुस्लिम : २७५)

**खतना गर्नु**– लिङ्गको माथिल्लो भागमा रहेको अनावश्यक छालालाई काटेर फ्याल्नुलाई खतना गर्नु भनिन्छ । सामान्यतया जन्मेको केही दिनमा खतना गर्ने गरिन्छ ।

खतना गर्नु सुन्नत हो, किनभने यसमा धेरै स्वास्थ्यलाभहरू छन् तर यो इस्लाममा प्रवेश गर्ने कुनै शर्त होइन । यदि कोही व्यक्ति डरले वा कुनै कारणले खतना गर्दैन भने कुनै पाप लाग्दैन ।

**गुप्ताङ्गको रौं खौरनु**– गुप्ताङ्गहरूको वरपर रहेको रौंहरूलाई खौरनु वा कुनै तरिकाले सफा गर्नु ।

**जुँगा छोटो पार्नु**– जुँगा पाल्न सकिन्छ, तर लामो पार्नु हुँदैन, बरु यसलाई बेला-बेलामा छोटो पार्नु पर्दछ ।

**दाह्री पाल्नु**– इस्लामले दाह्री पाल्न प्रेरित गर्छ । यो दुवै गाला र चिउँडोमा उम्रेको कपाल हो ।


**दाह्री पाल्नुको अर्थ**– रसूल (सल्लल्लाहु अलैहि व सल्लम) को अनुसरण गर्दै दाह्रीलाई आफ्नो रुपमा बाँकी राख्नु ।

**नङ्ग काट्नु**– बेला-बेलामा नङ्ग काटी रहनु पर्दछ, फोहोर-मैला जम्मा हुने भएकोले नङ्ग लामो राख्नु हुँदैन ।

**काखीको रौं उखेल्नु**– बेला-बेलामा काखीका रौंहरू उखेलेर वा कुनै अन्य तरिकाले सफा-सुग्घर गर्नुपर्छ, नत्र त्यहाँबाट दुर्गन्ध निस्कन्छ ।



# शेष कुराहरू




## तपाईंको दोस्रो खुड्किलो ?

यो पुस्तकलाई अध्ययन गरेर तपाईंले जान्नु पर्ने धार्मिक आधारभूत कुराहरूको पहिलो खुड्किलो तय गरिसक्नु भयो। अब त्यसलाई कार्यान्वयनमा ल्याउनेतिर लाग्नुहोस् र त्यसलाई आफ्नो जीवनको वास्तविकता बनाउनु होस्, किनभने बिना कर्मको ज्ञान महाप्रलयको दिनमा उसको लागि फाँसीको फन्दा हुनेछ।

त्यसैगरी यो किताबमा नभएका कुराहरूलाई भरपर्दो श्रोतबाट सिक्नु आवश्यक छ।

मुस्लिम आस्थाको शिखरमा पुगे पनि उसले अझै पथप्रदर्शन प्राप्तिको दुआ गर्नु आवश्यक छ। त्यसैले मुस्लिमहरू सलाह पढ्दा बारम्बार यो दुआलाई दोहोर्याई रहन्छन्– ‘इह्दी नस्सिरातल मुस्तकीम’ हे अल्लाह, हामीलाई सोझो मार्ग देखाऊ।” (कुरआन : १/६)

## यथासम्भव अल्लाहदेखि डराऊ–

त्यसैगरी प्रत्येक स्थिति, वाद-प्रतिवाद, घट्ना र दिनहुँ आइपर्ने समस्याहरूको सम्पूर्ण जवाफ यो र यस्तै अरु किताबहरूमा पाउन सक्नु हुन्न, त्यसैले सकेसम्म धर्म गुरुहरूसँग सोध्नु जरुरी छ। तर असल धर्म गुरुहरूसित सम्पर्क गर्न असमर्थ हुनुहुन्छ भने मनमानी नगरिकन सकेसम्म अल्लाहसित डराउनु पर्दछ। अल्लाहले भन्नुभएको छ– “यथासम्भव अल्लाहसँग डराऊ।” (सुरह तगाबुन : ६४/१६)

## मुस्लिम दाजुभाइहरूको नजिक बस्न प्रयास गर्नु–

मुस्लिम दाजुभाइहरूको नजिक बस्नु, इस्लामी संघ-संस्थाहरूमा जाने गर्नु र उनीहरूको खुशी र शोकमा सामेल हुनु अति आवश्यक छ। अल्लाहले सर्वप्रतिष्ठित व्यक्ति मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई पनि आफ्ना साथीहरूसँग मिलेर बस्न र उनीहरूको दु:खमा सामेल हुन आदेश दिनुभएको थियो– "जुन व्यक्तिहरू अल्लाहलाई खुशी पार्नको लागि बिहान-बेलुका पुकार्ने गर्छन्, तिनीहरूका साथ धैर्यतापूर्वक बस।" (कुरआन : १८/२८)

त्यसैगरी रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले मुस्लिम समुदायबाट टाढा भएर बस्नेहरूलाई सचेत गर्नुभएको छ, किनभने त्यो पथभ्रष्ट हुने कारण हो। बथानदेखि टाढा रहेको भेंडा-बाख्रामाथि ब्वाँसोको आक्रमणको संभावना बढी हुन्छ।

रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ– "सामुहिकरुपमा बस, किनभने ब्वाँसोले बथानबाट टाढा रहेको बाख्रालाई नै शिकार गर्छ।" (मुस्तदरक : ५६७)

त्यसैले मुस्लिमहरू आफ्ना दाजुभाइहरू नजिक बसोबास गर्ने गर्छन्। यसले इस्लाममाथि दृढतापूर्वक कायम रहन ठूलो टेवा पुर्याउँछ।

त्यो व्यक्ति, जो आफ्नो जीवनको नयाँ यात्राको आरम्भमा नै छ, जसलाई घुलमिल हुने र हातेमालो गर्ने व्यक्तिको आवश्यकता छ, ऊ एक्लै कसरी बस्न सक्छ !

अल्लाहले तपाईंलाई सत्कर्म गर्ने साहस दिउन्, इस्लाममाथि कायम राखुन् र प्रत्यक्ष-अप्रत्यक्ष कृपाको पात्र बनाउन् (आमीन)।




دليل المسلم الجديد

The New Muslim **Guide**

**Guide** du converti musulman

ለአዲስ ሰለምቴዎች መመሪያ

**Ang Gabay** Para sa Bagong Muslim

**Vodič** novom muslimanu

新改宗者のためのガイドブック

**La guida del nuovo musulmano**

**새내기 무슬림을 위한 지침서**

**Handbuch für den neuen Muslim**

नव मुस्लिम मार्गदर्शिका

**Guia para o novo muçulmano**

新穆斯林指南

**Руководство** для принявшего ислам

**Guía para el Nuevo Musulmán**

U.K -Birmingham
B11 1AR
Tel : +441214399144

K.S.A-Riyadh
Tel : +966112922240
Fax: +966112922205

www.newmuslimguide.com
www.guide-muslim.com
info@modern-guide.com